



**बेसीशहर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बेसीशहर, लमजुङ**

बेसीशहर नगरपालिका
पञ्चवर्षीय शिक्षा योजना
(२०८२/०८३ - २०८६/०८७)

“बेसीशहर नगरपालिकाको इच्छा, सामाजिक न्यायमा आधारित गुणस्तरीय र प्रविधिमैत्री शिक्षा”

# बेसीशहर नगरपालिकाको
# पञ्चवर्षीय शिक्षा योजना
## (२०८२/०८३ - २०८६/०८७)



**बेसीशहर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बेसीशहर, लमजुङ**

बेसीशहर नगरपालिकाको

# पञ्चवर्षीय शिक्षा योजना

(२०८२/०८३ - २०८६/०८७)


**बेसीशहर नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

बेसीशहर, लमजुङ

गण्डकी प्रदेश, नेपाल

**बेसीशहर नगरपालिकाको**

# पञ्चवर्षीय शिक्षा योजना

**(२०८२/८३ - २०८६/८७)**

**सल्लाहकार**

श्री गुमानसिंह अर्याल, नगरप्रमुख
श्री पद्मा गुरुङ, नगर उपप्रमुख
श्री चेतनाथ अर्याल, निवर्तमान प्रमुख प्रशासकीय अधिकृत
श्री सुमन अधिकारी, प्रमुख प्रशासकीय अधिकृत

**शिक्षा योजना निर्माण समिति**

श्री मदन राना, संयोजक
श्री हिरालाल विश्वकर्मा, सदस्य
श्री सूर्यबहादुर अधिकारी, सदस्य
श्री दिना अधिकारी, सदस्य
श्री किसानराज चिलुवाल, सदस्य सचिव,
(निवर्तमान शाखा प्रमुख, शिक्षा, युवा तथा खेलकुद शाखा)
श्री सिर्जना पाण्डे चिलुवाल, सदस्य सचिव
शाखा प्रमुख, शिक्षा, युवा तथा खेलकुद शाखा

**शिक्षा योजना मस्यौदा लेखन उपसमिति**

श्री किसानराज चिलुवाल, निवर्तमान शिक्षा शाखा प्रमुख
श्री हिरालाल विश्वकर्मा, कार्यपालिका सदस्य
श्री विनोद न्यौपाने, शिक्षा विज्ञ सदस्य
श्री सूर्यबहादुर अधिकारी, प्रधानाध्यापक

**कार्यपालिकाबाट स्वीकृत मितिः** २०८३/०१/२४

**सर्वाधिकारः** © बेसीशहर नगरपालिकामा निहित

**प्रकाशक**
बेसीशहर नगरपालिका
बेसीशहर, लमजुङ

# शुभकामना

नेपालको संविधानको अनुसूची-८ मा स्थानीय तहलाई आधारभूत र माध्यमिक तहको शिक्षा सम्बन्धमा एकल अधिकार दिइएको छ । स्थानीय सरकार सञ्चालन ऐनको दफा २४ (१) ले स्थानीय तहलाई आवधिक र क्षेत्रगत योजना निर्माण र कार्यान्वयन गर्ने सम्बन्धमा नीतिगत व्यवस्था गरेको छ । शिक्षाको गुणस्तर सुधार गर्नका लागि स्थानीय स्रोतको उपयोग गरी शिक्षक व्यवस्थापन गर्न तथा बालबालिकाहरुको शिक्षामा पहुँच सुनिश्चित् गर्न स्थानीय तहलाई शसक्त बनाएको छ ।

स्थानीय तहलाई संवैधानिक रुपमा आधारभूत र माध्यमिक तहको शिक्षा व्यवस्थापनको अधिकार प्राप्त भएको तथा स्थानीय सरकार सञ्चालन ऐनले समेत शिक्षाका अधिकार क्षेत्रहरु तोकेर आवधिक तथा क्षेत्रगत योजना निर्माण तथा कार्यान्वयन गर्ने नीतिगत व्यवस्था भए बमोजिम बेसीशहर नगरपालिकाभित्रको आधारभूत तथा माध्यमिक तहको शिक्षा सुधारका लागि बेसीशहर नगरपालिका आवधिक शिक्षा योजना (२०८२/८३ - २०८६/८७) निर्माण गरिएको छ । यस योजनामा आदर्श भनाइ **"बेसीशहर नगरपालिकाको इच्छा, सामाजिक न्यायमा आधारित गुणस्तरीय र प्रविधिमैत्री शिक्षा"** लाई दुरदृष्टि तय गरिएको छ । योजनामा लक्ष्य निर्धारण गरी उद्देश्यहरु किटान गरिएका छन् । यस योजनाले विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरुमा प्रारम्भिक बालविकास र शिक्षा, आधारभूत तथा अनिवार्य शिक्षा, माध्यमिक शिक्षा र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम र अन्तर सम्बन्धित अन्य विषय क्षेत्रहरु पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन, शिक्षक व्यवस्थापन र विकास, शैक्षिक समता र समावेशीकरण, विद्यालय सुरक्षा, विपत न्यूनीकरण तथा उत्थानशीलता, विद्यालयको भौतिक पूर्वाधार विकास, विद्यालयमा सूचना तथा सञ्चार प्रविधि र सुशासन तथा व्यवस्थापनका सम्बन्धमा वर्तमान अवस्थाको पहिचान गरी उद्देश्यहरु, रणनीतिहरु तथा योजनाको कार्यान्वयन पश्चात् प्राप्त हुने प्रमुख उपलब्धि तथा नतिजा प्रस्तुत गरिएको छ ।

बेसीशहर नगर  शिक्षा योजनाको कार्यान्वयनबाट विद्यालय शिक्षा क्षेत्रका सबै विषय क्षेत्रहरुमा मानवीय आर्थिक र भौतिक लगायतका सबै साधन र स्रोतहरुको आवश्यकता अनुसार न्यायोचित वितरण तथा परिचालन भइ शिक्षा योजनाले तय गरेको दुरदृष्टिमा पुग्ने अपेक्षा गरेको छु । शिक्षा योजना निर्माण कार्यमा अहोरात्र खटेर सहयोग गर्ने शिक्षा योजना निर्माण समितिका संयोजक तथा सामाजिक विकास समितिका संयोजक श्री मदनबहादुर राना, शिक्षा, युवा तथा खेलकुद शाखाका निवर्तमान प्रमुख श्री किसानराज चिलुवाल तथा वर्तमान शाखा प्रमुख श्री सिर्जना पाण्डे चिलुवाल, शिक्षा योजना निर्माण समितिका सदस्यहरु नगर कार्यपालिकाका सदस्य श्री हिरालाल बि.क., श्री जनकल्याण माध्यमिक विद्यालय, उदिपुरका प्र.अ. श्री सूर्यबहादुर अधिकारी, श्री जनविकास माध्यमिक विद्यालय, चण्डीडाँडाकी प्र.अ. श्री दिना अधिकारी तथा योजना निर्माणमा शिक्षाविद्को रुपमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने शिक्षा विज्ञ सदस्य श्री विनोद न्यौपाने तथा आवश्यक तथ्याङ्क र सूचना उपलब्ध गराइ प्रकाशनमा सहयोग पुऱ्याउने बेसीशहर नगरपालिका अन्तर्गतका विद्यालयहरुका प्रधानाध्यापकहरुलाई धन्यवाद दिन चाहन्छु । यस कार्यमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले सहयोग गर्नुहुने सम्पूर्ण नगरकार्यपालिकाका सदस्यहरुप्रति पनि कृतज्ञ छु । आशा गरौं, हामी सबैको साथ र सहयोगले यसको सफल कार्यान्वयन हुनेछ ।

गुमानसिंह अर्याल
नगर प्रमुख

# शुभकामना

शिक्षा विकासको मूल पूर्वाधार मात्र नभई सभ्य र सुसंस्कृत समाज निर्माणको अनिवार्य शर्त पनि हो । कुनै पनि समाजको भविष्य त्यहाँका शैक्षिक संस्थाहरुको अवस्था त्यहाँका विद्यार्थीहरुले प्राप्त गर्ने शिक्षाको गुणस्तरमा निर्भर रहन्छ । बेसीशहर नगरपालिकाभित्र रहेका सामुदायिक तथा संस्थागत विद्यालयहरुको शैक्षिकस्तर वृद्धि गर्ने, भौतिक पूर्वाधारलाई प्रविधिमैत्री बनाउने र शिक्षण सिकाइ प्रकृयालाई व्यवहारिक र जीवनोपयोगी बनाउने हाम्रो मुख्य लक्ष्य रहेको छ । बेसीशहर नगर क्षेत्रका बालवालिकाहरुलाई गुणस्तरीय शिक्षा प्रदान गरी भोलिका लागि असल नागरिक निर्माण गर्नु नगरपालिकाको जिम्मेवारी हो । राज्यले प्रत्यायोजन गरेको विद्यालय शिक्षाको नीति निर्माण तथा व्यवस्थापकीय सुदृढीकरणको लागि आवधिक शिक्षा योजना निर्माण गरिएको छ । नगरपालिकाको शिक्षाको दूरदृष्टि तथा लक्ष्य निर्धारण गरी सोही अनुरुप आवश्यक रणनीति र कार्यनीति यस योजनामा तर्जुमा गरिएको छ । यस योजनाले सीमान्तकृत, विपन्न र पछाडि पारिएका समुदायका बालबालिकाहरुको शिक्षामा पहुँच सुनिश्चित् गर्दै सबैको सहभागिता हुने किसिमको वातावरण निर्माण गर्न ठोस योगदान पुऱ्याउने विश्वास मैले लिएको छु । यसै तथ्यलाई आत्मसात् गर्दै बेसीशहर नगरपालिकाले नगरको शैक्षिक सुधारका लागि स्पष्ट मार्गचित्र सहित शिक्षा योजना जारी गरेकोमा म अत्यन्त हर्षित छु ।

बालविकास शिक्षादेखि माध्यमिक तह, प्राविधिक तथा व्यवसायिक शिक्षा र सीपदेखि अनौपचारिक शिक्षाका रणनीतिले नगर क्षेत्रको शिक्षाको समग्र विकास सम्भव हुने अपेक्षा गरिएको छ । शिक्षालाई बालमैत्री, लैङ्गिकमैत्री तथा प्रविधिमैत्री बनाइ एक्काइसौं शताब्दीका चुनौतीहरुको सामना गर्दै विश्वबजारमा प्रतिस्पर्धा गर्न सक्ने नागरिक निर्माणका लागि बलियो जगको रुपमा विद्यालय शिक्षालाई सुदृढ गर्न यो योजना कोशेढुङ्गा हुने विश्वास मैले गरेको छु । योजना आफैंमा राम्रो भएपनि कार्यान्वयन प्रभावकारी हुन सकेन भने गुणस्तरीय शिक्षाको हाम्रो प्रयत्न अपुरो हुन सक्छ । यस कुरालाई मध्यनजरमा राखी योजनाको सफल कार्यान्वयनमा विद्यालय, अभिभावक, शिक्षक, विद्यार्थी तथा अन्य सरोकारवालाहरुको साथ र सहयोग नगरपालिकालाई हुनेछ । नगरपालिकाले पनि स्रोत र साधनको उच्चतम प्रयोग गरी नगर क्षेत्रको शिक्षाको विकासमा विशेष जोड दिइनेछ । यस आवधिक शिक्षा योजना निर्माणमा महत्वपूर्ण भुमिका निर्वाह गर्नुहुने शिक्षा योजना निर्माण समिति, शिक्षा विज्ञ सहित मस्यौदा लेखन समिति, नगरशिक्षा शाखाका कर्मचारी तथा सम्पूर्ण सरोकारवालाहरुको सहयोगप्रति हार्दिक धन्यवाद प्रकट गर्न चाहन्छु ।

पद्मा गुरुङ
उपप्रमुख

# शुभकामना

शिक्षा प्राप्त गर्नु व्यक्तिको आधारभूत आवश्यकता र मौलिक हक अन्तर्गतको विषय हो । लोकतान्त्रिक मूल्य र मान्यतामा रहेर समाजवाद उन्मुख राष्ट्र निर्माणमा शिक्षाको महत्वपूर्ण भूमिका रहेको हुन्छ । शिक्षाले हरेक व्यक्तिको आचरण र व्यवहारमा परिवर्तन गरी सामाजिकीकरणतर्फ उन्मुख गर्दै सबैका लागि शिक्षा सहज, पहुँच र निरन्तरताको सुनिश्चितताका साथै शिक्षालाई सर्वसुलभ, जीवनोपयोगी, प्रतिष्पर्धी एवम् गुणस्तरीय बनाइनु अत्यावश्यक छ । शिक्षाको समग्र पक्षको सुधार र विकासका लागि स्पष्ट शिक्षा नीति, लगानीमा वृद्धि, शिक्षा सुधारका कार्यक्रमहरुको छनौट र कार्यक्रमहरुको कार्यान्वयन गर्नु जरुरी हुन्छ । शिक्षाका राष्ट्रिय र तहगत उद्देश्यहरु पूरा गर्नका लागि सबै तहका सरकारले शिक्षा योजना बनाइ त्यसलाई कार्यान्वयन गर्नुपर्ने हुन्छ ।

आम नागरिकलाई गुणस्तरीय र सर्वसुलभ शिक्षा प्रदान गर्नु स्थानीय सरकारको प्रमुख जिम्मेवारी अन्तर्गत पर्दछ । यसै विषयलाई आत्मसात् गर्दै बेसीशहर नगरपालिकाले आफ्नो शिक्षा नीति तथा कार्यक्रमहरु प्रस्तावित गरी आ.व. २०८२/८३–२०८६/८७ को शिक्षा योजनाको दस्तावेज तयार गरेको छ । यस शिक्षा योजनाले कक्षाकोठामा शिक्षण कलाको प्रयोग र विकास गर्न प्रेरित गर्नुका साथै आवश्यक पर्ने विद्यालयको भौतिक सुधार, शिक्षक तालिमको व्यवस्थापन, शिक्षकहरुमा उत्प्रेरणा र आत्मवल विकास, शिक्षण सामग्रीको उपलब्धता, विद्यालय प्रशासन तथा व्यवस्थापन सुधार, अभिभावक शिक्षा र समुदाय परिचालन जस्ता अन्य शैक्षिक क्षेत्रको विकासमा पनि सहयोग पुग्नेछ भन्ने आशा लिएको छु । शिक्षाको विकासका लागि आवश्यक पर्ने सबै आधारहरुलाई एकीकृत रुपमा हेर्ने दृष्टिकोणको विकास र त्यसको कार्यान्वयनमा शिक्षा योजना सफल होस् भन्ने शुभेच्छा प्रकट गर्न चाहन्छु । योजनाको सफल कार्यान्वयनका लागि विद्यालयका सम्पूण प्रधानाध्यापक, शिक्षकहरु, विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघका पदाधिकारीहरु, शिक्षाप्रेमी, बुद्धिजीवी, व्यक्तित्वहरु, समाजसेवीहरु, राजनैतिक दलका पदाधिकारीहरु, सामाजिक संघसंस्थाका पदाधिकारीहरु र नगरपालिका शिक्षा शाखाका कर्मचारीहरु लगायत सरोकारवाला सबैको निरन्तर सकारात्मक भूमिका अपरिहार्य हुन्छ । यस योजना तर्जुमा गर्दा कतिपय कार्यक्रमहरु छुट्न वा प्राथमिकतामा नपरेका हुन सक्छन् तथापि प्रस्तावित कार्यक्रमहरुबाट बेसीशहर नगर क्षेत्रको शैक्षिक विकासमा उल्लेखनीय सहयोग पुग्नुका साथै सामाजिक आर्थिक विकासमा समेत सकारात्मक प्रभाव पार्नेछ भन्ने आशा लिएको छु ।

अन्त्यमा, शिक्षा योजना जस्तो बहुआयामिक योजना तयार गर्नु एवम् सफल कार्यान्वयन गर्नु आफैंमा चुनौतीपूर्ण कार्य हो । यो पञ्चवर्षीय शिक्षा योजना कार्यान्वयन गर्न संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, जनप्रतिनिधि लगायत सरकारी तथा गैरसरकारी संघसंस्थाहरुको महत्वपूर्ण भूमिका रहने अपेक्षा गरेको छु । योजना निर्माण कार्यका लागि अहोरात्र खटिनुहुने बेसीशहर नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखाका निवर्तमान प्रमुख किसानराज चिलुवाल, नगरशिक्षा योजना निर्माण समिति र नगरशिक्षा योजना मस्यौदा निर्माण समितिका सम्पूर्ण सदस्यहरु, योजना निर्माणमा संयोजकको भूमिका निर्वाह गर्नुहुने शिक्षा, युवा तथा खेलकुद शाखाका शाखा प्रमुख लगायत यस योजना निर्माणका क्रममा सल्लाह सुझाव दिनुहुने सम्पूर्ण शिक्षाप्रेमी महानुभावहरुमा कृतज्ञता प्रकट गर्दछु ।

धन्यवाद !

सुमन अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

# योजनाको अन्तिमीकरण

## पञ्चवर्षीय शिक्षा योजना (२०८२/८३-२०८६/२०८७) अन्तिमीकरण

बेसीशहर नगरपालिकाले निर्माण गरेको नगर शिक्षा आवधिक योजना (२०८२/८३ - २०८६/२०८७) स्थानीय तहको शिक्षा योजना निर्माणसम्बन्धी मार्गदर्शन, २०७९ (परिमार्जित संस्करण, २०८१) को प्रारुपको आधारमा नेपालको संविधान २०७२, सोह्रौं आवधिक योजना, राष्ट्रिय शिक्षा नीति २०७६, अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ र नियमावली २०७७, विद्यालय शिक्षा क्षेत्र योजना लगायतका शिक्षासम्बद्ध दस्तावेजहरुको सोच र मर्म अनुसार निर्माण गरिएको छ । एक्काइसौं शताब्दीको नागरिकहरुलाई विश्वबजारमा प्रतिस्पर्धा गर्नसक्ने योग्यता र दक्षता प्रदान गर्न, अधिकारमा आधारित विद्यालय शिक्षाको प्रबन्धका साथै स्थानीय तहले हेर्नुपर्ने शिक्षाका सबै आयाम समेटिने गरी योजना निर्माणमा समसामयिक मुद्धाहरु जस्तै लैङ्गिक पक्ष, लैङ्गिक समता, समावेशिता, वातावरण संरक्षण, हरित विद्यालय निर्माण, जलवायु परिवर्तन आदिलाई यस आवधिक योजनामा समेटिएको छ । यसका अतिरिक्त नगर क्षेत्रका विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि योजनामा समावेश गरेका दूरदृष्टि, लक्ष्य, तथा अल्पकालीन र दीर्घकालीन रणनीतिहरु सान्दर्भिक र अपरिहार्य छन् । नेपालको संविधान २०७२ ले विद्यालय तहको शिक्षाको जिम्मा स्थानीय सरकारलाई दिएको परिप्रेक्ष्यमा यस नगर शिक्षा योजनाले बेसीशहर नगरपालिकाले विद्यालयीय शिक्षा अन्तर्गत प्रारम्भिक बालविकासदेखि माध्यमिक तहको शिक्षा, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम र अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका उद्देश्यहरु, रणनीतिहरु तथा कार्यनीतिहरुलाई स्पष्ट रुपमा योजनामा समावेश गरेको छ । यसका अलवा सिकाइलाई प्रविधिसँग जोड्ने कार्यक्रम अन्तर्गत प्रविधिमैत्री शिक्षा, शिक्षणलाई अनुसन्धानसँग जोड्न नगरस्तरीय अनुसन्धान सम्मेलन, STEAM मा आधारित सिकाइ योजना, विद्यार्थीहरुमा कितावी ज्ञानको अतिरिक्त स्थानीय रैथाने ज्ञान र सीपको विकासमा जोड, पठन संस्कृतिको विकासका लागि एक विद्यालय एक पुस्तकालय कार्यक्रम तथा सामुदायिक सिकाइकेन्द्रहरुको सुदृढीकरण, शिक्षामा समावेशीकरण, चुस्त र दुरुस्त विद्यालय प्रशासनमा जोड, शिक्षकहरुलाई पेशागत विकासका अवसर सुनिश्चित् गर्दै पेशाप्रति जिम्मेवार बनाउने, स्थानीय भाषा, धर्म तथा संस्कृतिको सम्वर्धन गर्दै नगर क्षेत्रका सबै विद्यालयहरुमा एउटै भाषिक नीतिको कार्यान्वयन, पारदर्शी मूल्याङ्कन प्रणाली, शिक्षक तथा प्रधानाध्यापकहरुबीच असल शैक्षिक अभ्यासको आदानप्रदान, विद्यालयमा खेलकुद तथा अतिरिक्त क्रियाकलापको लागि पूर्वाधार विकासमा जोड तथा विद्यालयलाई लैङ्गिकमैत्री तथा अपाङ्गमैत्री बनाइ समावेशी शिक्षाको कार्यान्वयनमा जोड दिने जस्ता असल कार्ययोजनाले यस नगरको शैक्षिक विकासमा नगर शिक्षा योजना कोशेढुंगा बन्ने अपेक्षा मैले गरेको छु । अन्त्यमा, बेसीशहर नगरपालिकाको आवधिक नगर शिक्षा योजना पूर्णतः स्थानीय तहको शिक्षा योजना निर्माणसम्बन्धी मार्गदर्शन, २०७९ (परिमार्जित संस्करण, २०८१) मा आधारित रही निर्माण गरिएको, आवश्यक बजेटको समेत प्रक्षेपण गरिएको र स्थानीय आवश्यकताको आधारमा निर्माण गरिएकोले बाह्य विज्ञको हैसियतले यो पञ्चवर्षीय शिक्षा योजनालाई प्रमाणिकीकरण गर्दै सफल कार्यान्वयनको शुभकामना समेत व्यक्त गर्दछु ।

बसन्त कडेल, पि.एच.डी.
सहप्राध्यापक, आदिकवि भानुभक्त क्याम्पस
दमौली, तनहुँ ।
मिति : २०८२ चैत्र ७ गते

# योजनाको सारांश

बेसीशहर नगरपालिकाको योजनाबद्ध शैक्षिक विकासका लागि निर्माण गरिएको पञ्चवर्षीय शिक्षा योजना (२०८२/८३-२०८६/८७) ले नगरपालिका क्षेत्रको औपचारिक तथा अनौपचारिक शिक्षा विकासका लागि अधिकतम् स्रोत र साधनको परिचालन गरी "बेसीशहर नगरपालिकाको इच्छा, सामाजिक न्यायमा आधारित गुणस्तरीय र प्रविधिमैत्री शिक्षा" दूरदृष्टि राखेको छ । नेपालको संविधान २०७२ मा उल्लेखित शिक्षा सम्बन्धी हक, मौजुदा संघीय शिक्षा ऐन, स्थानीय सरकार सञ्चालन ऐन, राष्ट्रिय शिक्षा नीति २०७६, सोह्रौं आवधिक योजना, अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ र नियमावली २०७७, विद्यालय शिक्षा क्षेत्र योजना लगायत शिक्षा सम्बद्ध विभिन्न योजनाहरुले तर्जुमा गरेका नीति तथा कार्यनीतिसँग नबाझिने गरी स्थानीय सरकारको शिक्षा योजना निर्माणसम्बन्धी मार्गदर्शन, २०७९ (परिमार्जित संस्करण, २०८१) लाई आधार बनाइ यो योजना निर्माण गरिएको छ ।

यस योजनामा अधिकारमा आधारित विद्यालय शिक्षाको प्रबन्धका साथै स्थानीय तहले हेर्नुपर्ने शिक्षाका सबै आयाम समेटिने गरी यो योजना निर्माण गरिएको छ । शिक्षासम्बद्ध लैङ्गिक पक्ष, लैङ्गिक समता, समावेशिता, वातावरण संरक्षण, उत्थानशील शिक्षा, जलवायु परिवर्तन लगायतका समसामयिक मुद्धाहरुमा स्थानीय सरकारले योजना तर्जुमा गरी सरोकारवालाको हितमा अनुकूल शिक्षामा सामाजिक न्यायलाई शिक्षा योजनामार्फत आत्मसाथ गरिएको छ । यस अन्तर्गत आठवटा परिच्छेदमा संरचित यस योजनाको परिच्छेद १ मा नगरपालिकाको शिक्षाक्षेत्रको वर्तमान अवस्थाको समीक्षा गर्दै SWOT विश्लेषण गरिएको छ । परिच्छेद २ मा नगरको शिक्षा योजनाको लागि दूरदृष्टि, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति निर्माणका साथै अपेक्षित उपलब्धिको विश्लेषण गरिएको छ । परिच्छेद ३ मा शिक्षाका मुख्य उपक्षेत्र अन्तर्गत प्रारम्भिक बालविकास र शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, प्राविधिक तथा व्यवसायिक तालिमका अतिरिक्त अनौपचारिक शिक्षा र आजीवन सिकाइसम्बन्धी योजना समावेश गरिएको छ । परिच्छेद ४ मा शिक्षाका अन्तरसम्बन्धित विषय तथा क्षेत्र जस्तै पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन, शिक्षक व्यवस्थापन, शैक्षिक समता र समावेशीकरण, विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम, विद्यालय सुरक्षा, विपद् न्यूनीकरण तथा उत्थानशीलता, भौतिक पूर्वाधार विकास र विद्यालय सूचना तथा सञ्चार प्रविधि सम्बन्धी योजनालाई समावेश गरिएको छ । त्यसै गरी परिच्छेद ५ मा अन्य उपक्षेत्र, परिच्छेद ६ मा सुशासन र व्यवस्थापन, परिच्छेद ७ मा लगानी र स्रोत व्यवस्थापन तथा परिच्छेद ८ मा अनुगमन तथा मूल्याङ्कन सम्बन्धी विस्तृत योजना समावेश गरिएको छ ।

यस शिक्षा योजनाले नगर क्षेत्रको शैक्षिक विकासका लागि स्पष्ट रुपरेखा निर्माण गरेको छ । नगरबासीको अभिभावकीय जिम्मेवारी निर्वाह गर्दै गुणस्तरीय विद्यालयीय शिक्षादेखि नगर क्षेत्रका सामुदायिक उच्चशिक्षा प्रदायक संस्थाहरुको शैक्षिक उन्नयनमा समेत जोड दिएको छ । अनिवार्य र निःशुल्क शिक्षा, गुणस्तरीय सार्वजनिक शिक्षा, निजी तथा सामुदायिक शैक्षिक संस्थाहरुको साझेदारी र असल अभ्यास आदानप्रदान, उच्चशिक्षामा विपन्न वर्गको पहुँचको सुनिश्चितता तथा शिक्षालाई बालमैत्री र प्रविधिमैत्री बनाउँदै व्यवहारकुशल र स्थानीय रैथाने ज्ञान र सीपमा जोड दिनु यो योजनाको सबल पक्ष रहेको छ । एक विद्यालय, एक पुस्तकालय, एक विद्यालय, एक ICT ल्याब, एक विद्यालय, एक विज्ञान प्रयोगशाला, मेयर शैक्षिक सुधार योजना, बुक कर्नरको स्थापना, सूचना तथा सञ्चार प्रविधिलाई कक्षाकोठासम्म पुऱ्याउने नीति, अनुसन्धान केन्द्रित शिक्षण तथा सार्वजनिक शिक्षाको गुणस्तर विकासमा शिक्षक, वि.व्य.स. तथा स्थानीय समुदायलाई जिम्मेवार बनाउने गरी तर्जुमा गरिएको योजनागत रणनीतिले सार्वजनिक शिक्षाको गुणस्तर सुधने अपेक्षा गर्न सकिन्छ । नगरकार्यपालिका, सम्बन्धित शाखा, वडाहरु तथा विद्यालय सम्बद्ध सरोकारवालाहरुको समन्वय र अपनत्वले यस योजनाको अन्त्यसम्ममा सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित् हुने, अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा र

निःशुल्क माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित् भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने अपेक्षा गरिएको छ । यसै गरी सबै नगरबासीहरु साक्षर हुने, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त गरेको हुने, विशेष शिक्षा र समावेशी शिक्षाका माध्यमबाट अपाङ्गता भएका बालबालिकाहरुले उपयुक्त शैक्षिक अवसरहरु प्राप्त गर्ने, केन्द्र तथा प्रदेश सरकारसँगको समन्वयमा शिक्षामा लगानी बढाउने र विद्यालयको निरीक्षण, अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी र नतिजामूलक बनाउने अपेक्षा यस योजनाले राखेको छ । समग्रमा योजनाले बेसीशहर नगरपालिकालाई उत्कृष्ट शिक्षा केन्द्रको रुपमा विकास गर्ने सोच राखेको छ ।

# कृतज्ञता

बेसीशहर नगरपालिकाको योजनाबद्ध शैक्षिक विकासको लागि निर्माण गरिएको ***बेसीशहर नगरपालिकाको पञ्चवर्षीय शिक्षा योजना*** यस नगर क्षेत्रको समग्र शैक्षिक गुणस्तर अभिवृद्धिका लागि एक महत्वपूर्ण दस्ताबेज हुनेछ भन्ने विश्वास हामीले गरेका छौँ । योजना निर्माणको क्रममा नगरपालिकाका नगरप्रमुख श्री गुमानसिंह अर्याल, उपप्रमुख श्री पद्मा गुरुङ, निवर्तमान प्रमुख प्रशासकीय अधिकृत श्री चेतनाथ अर्याल, वर्तमान प्रमुख प्रशासकीय अधिकृत श्री सुमन अधिकारी, तत्कालीन शिक्षा, युवा तथा खेलकुद शाखाका प्रमुख श्री किसानराज चिलुवाल लगायत सम्पूर्ण नगरकार्यपालिकाका पदाधिकारीहरु, नगर शिक्षा समिति, ११ वटा वडाकै वडा अध्यक्षहरुको सहयोग महत्वपूर्ण रह्यो । नगर शिक्षा समितिबाट हामीलाई शिक्षा योजना निर्माणको जिम्मेवारी दिनुभएकोमा नगर शिक्षा समितिका अध्यक्ष एवम् नगरप्रमुखप्रति हार्दिक आभार प्रकट गर्दछौं । त्यसैगरी शिक्षा योजना निर्माण समितिको निर्णयबाट योजना मस्यौदा लेखनमा अहोरात्र खट्नुहुने योजना मस्यौदा समितिका तत्कालीन संयोजक श्री किसानराज चिलुवाल तथा सदस्यहरु श्री हिरालाल विश्वकर्मा, शिक्षा विज्ञ श्री विनोद न्यौपाने, श्री सूर्यबहादुर अधिकारी एवम् संयोजकको भूमिकामा रही योजनाको अन्तिमीकरणको कार्यमा विशेष भूमिका निर्वाह गर्नुहुने शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख श्री श्रृजना पाण्डे चिलुवालप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछौँ ।

मस्यौदा लेखनका क्रममा आवश्यक तथ्याङ्कहरु उपलब्ध गराइ सहयोग गर्नुहुने नगरपालिकास्थित विभिन्न विद्यालयका प्रधानाध्यापकहरु धन्यवादको पात्र हुनुहुन्छ । यसैगरी मस्यौदा उपर रायसुझाव संकलनमा संलग्न नगरकार्यपालिकाका सदस्यहरु, नगरशिक्षा समितिका पदाधिकारीहरु, स्थानीय शिक्षाप्रेमी बुद्धिजीवी, विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु, विद्यालयका प्रधानाध्यापकहरु, शिक्षक, अभिभावक, विद्यार्थी लगायत समस्त व्यक्तित्वहरुप्रति कृतज्ञ छौँ । यहाँहरुको अमूल्य राय र सुझावले मस्यौदा लेखन कार्यमा पृष्ठपोषण प्रदान गर्‍यो जसले शिक्षा योजना थप व्यवहारिक र परिष्कृत भएको छ । अन्त्यमा, यस शिक्षा योजनाको मस्यौदालाई बाह्य विशेषज्ञको रुपमा सुझाव दिएर अन्तिमीकरण गर्नुहुने शिक्षाविद् डा. बसन्त कडेँललाई हार्दिक धन्यवाद प्रदान गर्दछौँ ।

मदनबहादुर राना

संयोजक, शिक्षा योजना निर्माण समिति

# विषयसूची

क) विषय प्रवेश ........................................................................................ १
ख) शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य ....................................................... १
ग) नगर शिक्षा योजना निर्माणको औचित्य .................................................................. २
घ) शिक्षा योजना निर्माणका आधारहरु.......................................................................... २
ङ) नगर शिक्षा योजना निर्माण प्रक्रिया ........................................................................ ३
च) नगर शिक्षा योजनाको लेखाजोखा ......................................................................... ३
छ) नगर शिक्षा योजनाको दस्तावेजको स्वरुप ............................................................... ५

**परिच्छेद १** : परिचय ................................................................................... ६
१.१ वर्तमान अवस्था ........................................................................................ ६
१.२ विगतको योजनाको प्रगति समीक्षा............................................................................ १०
१.३ शिक्षा क्षेत्रको वर्तमान क्षेत्रगत अवस्था विश्लेषण ........................................................ ११
१.४ मुख्य समस्या तथा चुनौतीको विश्लेषण ................................................................... १४
क) समस्या वृक्ष (Problem Tree) र विश्लेषण वृक्ष ........................................................ १४
ख) शिक्षा क्षेत्रका चुनौतीको SWOT विश्लेषण ............................................................ १४
१.५ अपेक्षित मुख्य उपलब्धि .................................................................................. २०

**परिच्छेद २ :** दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण .................................................. २०
२.१ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनुपर्ने आधार ................................................ २१
२.१.१ संवैधानिक प्रावधान ..................................................................... २१
२.१.२ स्थानीय सरकार सञ्चालन सम्बन्धी ऐन, २०७४ ........................................ २२
२.१.३ सङ्घ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन, २०७७ .............. २३
२.१.४ अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ र नियमावली २०७७ ...................... २३
२.२ दूरदृष्टि .................................................................................................. २४
२.३ लक्ष्य...................................................................................................... २४
२.४ उद्देश्य.................................................................................................... २४
२.५ रणनीति .................................................................................................. २६
२.६ कार्यनीति................................................................................................. २८
२.७ अपेक्षित उपलब्धि ....................................................................................... ३२
२.८ स्थानीय तहको शिक्षा योजनामा रहनुपर्ने मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण ...... ३२
२.९ परिमाणात्मक लक्ष्य ...................................................................................... ३३
२.९.१ प्रमुख उपलब्धि सूचक तथा परिमाणात्मक लक्ष्य ........................................ ३३

**परिच्छेद ३ :** विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र ...... ३९
३.१ प्रारम्भिक बालविकास र शिक्षा ...... ३९
३.१.१ वर्तमान अवस्था ...... ३९
३.१.२ रणनीति तथा कार्यनीति योजना ...... ४१
३.१.३ प्रमुख उपलब्धि तथा नतिजा ...... ४१
३.१.४ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ...... ४२
३.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ...... ४२
३.२ आधारभूत शिक्षा ...... ४३
३.२.१ वर्तमान अवस्था ...... ४३
३.२.२ उद्देश्य ...... ४५
३.२.३ रणनीति तथा कार्यनीतिहरू ...... ४५
३.२.४ प्रमुख उपलब्धि तथा नतिजा ...... ४६
३.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ...... ४२
३.३ माध्यमिक शिक्षा ...... ५०
३.३.१ वर्तमान अवस्था ...... ५०
३.३.२ उद्देश्य ...... ५१
३.३.३ रणनीति ...... ५२
३.३.४ प्रमुख उपलब्धि तथा नतिजा ...... ५३
३.३.४. प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ...... ५४
३.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ...... ४२
३.४ प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम ...... ५६
३.४.१ वर्तमान अवस्था ...... ५६
३.४.२ उद्देश्य ...... ५६
३.४.३ रणनीति ...... ५७
३.४.४ प्रमुख उपलब्धि तथा नतिजा ...... ५७
३.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ...... ५७
३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ ...... ५८
३.५.१ वर्तमान अवस्था ...... ५९
३.५.२ उद्देश्य ...... ६०
३.५.३ रणनीति ...... ६०
३.५.४ प्रमुख उपलब्धि तथा नतिजा ...... ६१
३.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ...... ६१

**परिच्छेद ४ :** अन्तरसम्बन्धित विषय तथा क्षेत्र ........ ६३
४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन ........ ६३
४.१.१ वर्तमान अवस्था ........ ६३
४.१.२ उद्देश्य ........ ६४
४.१.३ रणनीति ........ ६४
४.१.४ प्रमुख उपलब्धि र नतिजा ........ ६५
४.१.५ नतिजा तथा परिमाणात्मक लक्ष्य ........ ६५
४.१.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ ६६
४.२ शिक्षक व्यवस्थापन र विकास ........ ६६
४.२.१ वर्तमान अवस्था ........ ६७
४.२.२ उद्देश्य ........ ६७
४.२.३ रणनीति ........ ६७
४.२.४ प्रमुख उपलब्धि तथा नतिजा ........ ६८
४.२.५ नतिजा तथा परिमाणात्मक लक्ष्य ........ ६८
४.२.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ ६९
४.३ शैक्षिक समता र समावेशीकरण ........ ७०
४.३.१ उद्देश्य ........ ७०
४.३.२ रणनीति ........ ७१
४.३.३ उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप ........ ७१
४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम ........ ७२
४.४.१ वर्तमान अवस्था ........ ७२
४.४.२ उद्देश्य ........ ७३
४.४.३ रणनीति ........ ७३
४.४.४ उपलब्धि र मुख्य परिणाम ........ ७४
४.४.५ प्रमुख क्रियाकलाहरु तथा लक्ष्यहरु ........ ७५
४.५ विद्यालय सुरक्षा, विपद् न्यूनीकरण तथा उत्थानशीलता ........ ७६
४.५.१ वर्तमान अवस्था ........ ७६
४.५.२ उद्देश्य ........ ७७
४.५.३ रणनीति ........ ७७
४.५.४ प्रमुख उपलब्धि तथा नतिजा ........ ७७
४.५.५ नतिजा तथा परिमाणात्मक लक्ष्य ........ ७८
४.५.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ ७८
४.६ विद्यालय भौतिक पूर्वाधार विकास ........ ७९
४.६.१ वर्तमान अवस्था ........ ७९
४.६.२ उद्देश्य ........ ७७

४.६.३ रणनीति ..... ७७
४.६.४ प्रमुख उपलब्धि तथा नतिजा ..... ८१
४.६.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ..... ८१
४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि ..... ८२
४.७.१ वर्तमान अवस्था ..... ८२
४.७.२ उद्देश्य ..... ८३
४.७.३ रणनीति ..... ८३
४.७.४ प्रमुख उपलब्धि तथा नतिजा ..... ८४
४.७.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ..... ८५

**परिच्छेद ५ :** अन्य उपक्षेत्र ..... ८६
५.१ उच्च शिक्षा ..... ८६
५.२ पुस्तकालय तथा वाचनालय ..... ८८
५.३ मातृभाषामा शिक्षा ..... ९०
५.४ समावेशी शिक्षा तथा समता ..... ९०
५.५ विविधता व्यवस्थापन ..... ९०

**परिच्छेद ६ :** सुशासन तथा व्यवस्थापन ..... ९७
६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास ..... ९७
६.१.१ वर्तमान अवस्था ..... ९७
६.१.२ उद्देश्य ..... ९८
६.१.३ रणनीति ..... ९८
६.१.४ प्रमुख उपलब्धि तथा नतिजा ..... ९८
६.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ..... ९९
६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध ..... १००
६.२.१ वर्तमान अवस्था ..... १००
६.२.२ उद्देश्य ..... १००
६.२.३ रणनीति ..... १०१
६.२.४ प्रमुख उपलब्धि तथा नतिजा ..... १०१
६.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ..... १०२

**परिच्छेद ७ :** लगानी र स्रोत व्यवस्थापन ..... १०३
७.१ वर्तमान अवस्था ..... १०३
७.२ उद्देश्यहरु ..... १०४
७.३ रणनीति ..... १०५

७.४ प्रमुख उपलब्धि ...... १०५
७.५ नतिजा तथा परिमाणात्मक लक्ष्य ...... १०६
७.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ...... १०६
७.७ प्रस्तावित कार्यक्रम र बजेट अनुमान ...... १०७
७.८ विभिन्न उपक्षेत्र तथा विषयमा प्रस्तावित बजेट ...... १०७
७.९ योजनाको वार्षिक बजेट तर्जुमा प्रक्रिया ...... १११

**परिच्छेद ८ :** अनुगमन र मूल्याङ्कन ...... ११३
८.१ वर्तमान अवस्था ...... ११३
८.२ उद्देश्य ...... ११४
८.३ रणनीतिहरु ...... ११४
८.४ मुख्य उपलब्धि तथा अपेक्षित नतिजा ...... ११४
८.५ प्रमुख क्रियाकलापहरु तथा लक्ष्य ...... ११५

**अनुसूचीहरु :** ...... ११३

## क) विषय प्रवेश

कुनै पनि क्षेत्रमा गरिने योजना सफल कार्यान्वयनको प्रमुख आधार हो । असल योजना निर्माणले प्रभावकारी कार्यान्वयन र सकारात्मक परिणाम ल्याउँदछ । अझ शिक्षा क्षेत्रमा गरिने योजना दूरदर्शी, व्यवहारिक र परिणाममुखी हुनुपर्दछ । नेपालको संविधान २०७२ ले विद्यालय तहको शिक्षाको व्यवस्थापन, विकास तथा अनुगमनको जिम्मा स्थानीय सरकारलाई प्रत्यायोजन गरेको वर्तमान परिप्रेक्ष्यमा स्थानीय सरकारले शिक्षासम्बन्धी बृहत् योजना निर्माण गरी कार्यान्वयन गर्दै आएका छन् । स्थानीय सरकार सञ्चालन ऐन २०७४ जारी भएपश्चात् आधारभूत तथा माध्यमिक शिक्षाका कार्यक्रम स्थानीय तहमार्फत कार्यान्वयन भइरहेका छन् । अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षा हासिल गर्नका लागि ७५३ ओटै स्थानीय तहले सङ्घीय र प्रदेश सरकारका योजनालाई आधार मानी आफ्ना आवश्यकतालाई प्राथमिकतामा राखी स्थानीय तहस्तरीय शिक्षा योजना निर्माण गर्नुपर्ने आवश्यकता रहेको छ । यसले स्थानीय परिवेशमा पाठ्क्रम विकास केन्द्रले निर्माण गरेको पाठ्क्रमलाई लागु गर्दै स्थानीय भाषा, धर्म, संस्कृति तथा रैथाने ज्ञान र सीपलाई संरक्षण र प्रवर्द्धन गरी एक्काइसौं शाताब्दीको विश्व बजारमा प्रतिस्पर्धा गर्नसक्ने नागरिक उत्पादन गर्न स्थानीय सरकारलाई बलियो आधार निर्माण गर्दछ । यसै सन्दर्भमा बेसीशहर नगरपालिकाले यस नगर क्षेत्रका विद्यालयहरुको शैक्षिकस्तर सुधार्न, शैक्षिक पूर्वाधारको विकास गर्न, शिक्षामा समता, समावेशीकरण र प्रविधिमैत्री वातावरणमा असल नागरिक निर्माण गर्ने लक्ष्यका साथ यो पाँच वर्षे शिक्षा योजना निर्माण गरेको छ ।

## ख) शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य

नेपालको संविधान, राष्ट्रिय शिक्षा नीति, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन तथा नियमावली, दिगो विकास लक्ष्य सोह्रौं पञ्चवर्षीय योजनाको अवधारणा तथा विद्यमान विद्यालय शिक्षा सम्बन्धी ऐन कानुनले प्राथमिकतामा राखेका नीति, कार्यक्रम तथा लक्ष्यलाई सङ्घीय संरचना अनुरूप कार्यान्वयन गर्न र विद्यालय शिक्षा क्षेत्रको विकासलाई दिशानिर्देश गर्न सङ्घीय, प्रदेश र स्थानीय तहमा विद्यालय शिक्षा योजनाको निर्माण गर्न आवश्यकता देखिएको छ । विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तनलाई आत्मसात् गर्न र सृजनशील, सक्रिय तथा नेपालको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि उपयोगी नागरिक तयार गर्नका लागि र शिक्षाको योगदानलाई समय सापेक्ष बनाउन पनि विद्यालय शिक्षा क्षेत्रको योजना मार्फत समग्र शिक्षा प्रणालीमा सुधार गर्नुपर्ने देखिएको छ । नेपालको संविधानको अनुसूची ८ अनुसार स्थानीय तहलाई आधारभूत र माध्यमिक शिक्षासम्बन्धी एकल अधिकार प्रदान गरिएको छ। यसले शिक्षाको क्षेत्रलाई समृद्ध, समावेशी र स्थानीय आवश्यकतासँग अनुकूल बनाउन स्थानीय तहलाई महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्षम बनाउँछ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) अनुसार आधारभूत र माध्यमिक तहका लागि २३ वटा अधिकार तोकिएको छ । यी अधिकारहरूले शिक्षाको गुणस्तर सुधार, स्थानीय स्रोतको उपयोग, शिक्षक व्यवस्थापन, र बालबालिकाको शिक्षामा पहुँचलाई सुनिश्चित् गर्न स्थानीय तहलाई सशक्त बनाएको छ । यस्तै, ऐनको दफा २४ (१) ले स्थानीय तहलाई आवधिक तथा क्षेत्रगत योजना निर्माण र कार्यान्वयन गर्न नीतिगत व्यवस्था गरेको छ । यसले प्रत्येक नगर र गाउँपालिकालाई आफ्नो क्षेत्रको शैक्षिक आवश्यकता र चुनौतीहरूको पहिचान गरी दीर्घकालीन योजना बनाउने र कार्यान्वयन गर्ने दायित्व प्रदान गरेको छ । यस व्यवस्थाले शिक्षामा समानता र समावेशिता

सुनिश्चित् गर्दै स्थानगत स्रोत र आवश्यकता अनुसारको योजना निर्माणलाई प्रभावकारी बनाउँछ । यसरी, शिक्षा क्षेत्रको दिगो विकासका लागि स्थानीय तहको भूमिका अझै महत्वपूर्ण बनेको छ । मूलतः शिक्षा क्षेत्रमा उपलब्ध सीमित स्रोत, साधन र समयको अधिकतम् सदुपयोग गर्दै निश्चित शैक्षिक लक्ष्यहरू प्राप्त गर्नका लागि शिक्षा योजनाको अपरिहार्य आवश्यकता रहन्छ । यसले शैक्षिक क्षेत्रमा रहेका अस्पष्टताहरूलाई चिर्दै शिक्षण सिकाइ प्रक्रियालाई व्यवस्थित, उद्देश्यमूलक र परिणाममुखी बनाउन मार्गदर्शन गर्दछ । देशको समग्र विकासका लागि आवश्यक पर्ने दक्ष, प्रतिस्पर्धी र नैतिकवान जनशक्ति उत्पादन गर्न, शैक्षिक गुणस्तरमा एकरुपता ल्याउन र सामाजिक-आर्थिक असमानता हटाई समावेशी शिक्षाको सुनिश्चितता गर्न शिक्षा योजनाको मुख्य औचित्य रहन्छ जसले भविष्यमा आउन सक्ने चुनौतीहरुको पूर्व आँकलन गरी शिक्षा प्रणालीलाई समयानुकूल, प्रविधिमैत्री र गतिशील बनाउन ठोस आधार दिन्छ ।

## ग) बेसीशहर नगरपालिकामा शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य

स्थानीय तहको शिक्षालाई व्यवस्थित, गुणस्तरीय र समावेशी बनाउन बेसीशहर नगरपालिकामा शिक्षा योजना अत्यन्तै आवश्यक छ । स्थानीय तहको शिक्षामा विविध समस्या जस्तै कमजोर पूर्वाधार, शैक्षिक असमानता, दक्ष जनशक्तिको अभाव र शिक्षामा पहुँच नपुगेका समुदायहरूको समस्या समाधान गर्न यो योजना अपरिहार्य मानिन्छ । यस योजनाले स्थानीय स्रोतसाधन र जनशक्तिको समुचित उपयोग गर्दै सबै उमेर समूहका बालबालिका, किशोरकिशोरी र वयस्कहरूको शिक्षामा पहुँच सुनिश्चित् गर्दछ । साथै शिक्षालाई स्थानीय आवश्यकता, संस्कृति, र आर्थिक सन्दर्भसँग अनुकूल बनाउँछ । शिक्षा योजना स्थानगत आवश्यकतामा आधारित भएकाले यसले शिक्षालाई गुणस्तरीय र समावेशी बनाउन मद्दत पुऱ्याउँछ । योजनाको प्रभावकारी कार्यान्वयनले स्थानीय तहको समग्र शैक्षिक विकासमा महत्वपूर्ण योगदान दिन्छ । शिक्षा योजनाको उद्देश्य विभिन्न शैक्षिक चुनौतीहरूको समाधान गर्न, शिक्षाको गुणस्तर सुधार गर्न र समावेशी शिक्षाको सुनिश्चितता गर्न स्थानीय तहको भूमिकालाई बलियो बनाउनु हो । यस योजना अन्तर्गत सबै उमेर समूहका विद्यार्थीहरूलाई शिक्षाको पहुँच दिलाउन र स्थानीय आवश्यकता, स्रोतसाधन तथा संस्कृति अनुसारको शिक्षण प्रणाली विकास गर्न विशेष ध्यान दिइन्छ । यस नगरपालिकाको शिक्षा योजना निर्माणको औचित्य निम्नानुसार छन् ।

१. स्थानीय तहको शिक्षालाई प्रदेश तथा संघसँगको सहकार्यमा व्यवस्थित गर्न ।
२. संघ र प्रदेश सरकारबाट यस नगरपालिकामा प्रदान गरिने स्रोतहरूलाई योजनामा आधारित बनाई व्यवस्थापन, परिचालन र उपयोग गर्न ।
३. आवश्यकताका आधारमा साझा विषयमा लागत साझेदारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन ।
४. नेपाल सरकारको शिक्षासम्बन्धी राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता हासिल गर्न ।
५. शिक्षा क्षेत्रलाई बलियो, समावेशी र प्रभावकारी बनाउँदै सरकार र समुदायको साझेदारीद्वारा प्रभावकारी रूपमा कार्यान्वयन गर्न ।
६. स्थानीय तहले आफ्नो स्रोत, साधन र क्षमता अनुसार शिक्षाको गुणस्तर सुनिश्चित् गर्न ।

## घ) शिक्षा योजना निर्माणका आधार

बेसीशहर नगरपालिकाको शिक्षा योजना निर्माण गर्दा विभिन्न नीतिगत र कानुनी दस्तावेजलाई आधार मानिएको छ । यी दस्तावेजहरूले शिक्षा क्षेत्रलाई दिगो, समावेशी, र स्थानगत आवश्यकतामा आधारित बनाउन मार्गदर्शन प्रदान गर्छन् । यस अन्तर्गत नेपालको संविधान, सोह्रौं आवधिक योजना, स्थानीय सरकार

सञ्चालन ऐन-२०७४, संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन २०७७, अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन-२०७५, विद्यालय शिक्षा क्षेत्र योजना, शिक्षा नीति र सोचपत्र, विद्यालय शिक्षामा समता रणनीति, दिगो विकास लक्ष्य, स्थानीय तहको योजना तर्जुमा निर्देशिका २०७८, मध्यकालीन खर्च संरचना, राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन, विद्यालय सुधार योजना र अन्य कार्यसूचीहरू आदिलाई केन्द्रमा राखेर सोको अध्ययन र विश्लेषण गरी स्थानीय आवश्यकता अनुसार यो शिक्षा योजना निर्माण गरिएको छ । यसका अतिरिक्त स्थानीय नगर क्षेत्रको स्थिति विश्लेषण, नगरभित्रको शैक्षिक अवस्थाको तथ्याङ्क संकलन गरी विद्यार्थी संख्या, शिक्षालयको अवस्था, शिक्षकको स्थिति र शिक्षा सम्बन्धी समस्या पहिचान, समुदायको सहभागिता, नीति र उद्देश्य निर्धारण, शिक्षामा सुधार ल्याउन आवश्यक कार्यक्रमहरू निर्धारण, बजेट व्यवस्थापन, तथा कार्यान्वयन र अनुगमन जस्ता पक्षलाई योजना निर्माणको आधार बनाइएको छ ।

## ङ) शिक्षा योजना निर्माण प्रक्रिया

बेसीशहर नगरपालिकाको शिक्षा योजना निर्माणको प्रमुख निकाय नगर शिक्षा समिति रहेको छ । शिक्षा योजना निर्माणका लागि नगर शिक्षा समितिका सदस्य तथा सामाजिक विकास समितिका संयोजकको संयोजकत्वमा ५ सदस्यीय शिक्षा योजना समिति गठन गरिएको थियो । उक्त समितिले बेसीशहर नगरपालिकाको शिक्षा योजना मस्यौदा लेखनका लागि शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखको संयोजकत्वमा नगर शिक्षा समितिका सदस्य एकजना, माध्यमिक विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट दुईजना सदस्यको रुपमा चयन गरियो भने योजना निर्माण र मस्यौदा लेखन कार्यको सहजीकरण गर्नका लागि नगर शिक्षा समितिको परामर्श बमोजिम शिक्षा योजना निर्माण समितिले एकजना शिक्षा विज्ञ नियुक्त गरी मस्यौदा लेखनको कार्यलाई प्रारम्भ गरियो । उक्त मस्यौदा लेखन समितिले मस्यौदा तयार पार्ने क्रममा निम्नलिखित प्रक्रियाहरु अपनाएर यो शिक्षा योजना निर्माण गरेको हो ।

१. नगरसभा र कार्यपालिका स्तरीय बैठक
२. शिक्षा योजना निर्माण समितिको गठन
३. स्थानीय तहको शिक्षाक्षेत्रको अवस्था विश्लेषण
४. स्थानीय तह तथा विद्यालयस्तरीय छलफल
५. योजनाको मस्यौदा तयारी
६. मस्यौदामाथि सरोकारवालाको सुझाव सङ्कलन र पृष्ठपोषण
७. योजनाको संयोजन र अन्तिमीकरण
८. बाह्य विज्ञद्वारा योजनाको लेखाजोखा र समायोजन
९. स्थानीय कार्यपालिकाबाट योजना स्वीकृति र कार्यान्वयन

## च) योजनाको लेखाजोखा

हरेक योजनाका कार्यान्वयन गर्नुपूर्व गरिने एक महत्वपूर्ण कार्य वा योजनाको अभिन्न अङ्गको रुपमा सो योजनाको लेखाजोखालाई लिन सकिन्छ । स्थानीय तहको शिक्षा योजना निर्माण गरिसकेपछि सो योजना विश्वसनीय, वस्तुनिष्ठ, दिगो र लगानी योग्य छ कि छैन भन्नका लागि यस योजनाको विविध पक्षहरु समेटेर लेखाजोखा गरिनुपर्छ । यस नगरशिक्षा योजनाको लेखाजोखा मिति २०८२/०६/०२ को नगरशिक्षा समिति, नगरकार्यपालिका सदस्यहरु, स्थानीय शिक्षाविद्, समाजसेवी, जानकार व्यक्तित्वहरु तथा शैक्षिक

सरोकारवालाहरुको संयुक्त भेलामा पेश गरी आवश्यक छलफल गरी लेखाजोखा गरिएको थियो । सो मस्यौदा समितिलाई प्राप्त सुझाव तथा सल्लाहलाई समेत यस योजनामा लिपिबद्ध गरिएको छ ।

| क्र.सं. | लेखाजोखाका पक्ष | विस्तृत विवरण |
|---|---|---|
| १ | नेतृत्त्व तथा सहभागिता (Leadership and participation) | • शिक्षा योजना निर्माण समिति गठनदेखि मस्यौदाको अन्तिम तयारीसम्मको कार्यमा नगरप्रमुखद्वारा समन्वय कर्ता र मार्गनिर्देशकको रुपमा भूमिका निर्वाह गर्नुभएको थियो ।<br>• स्थानीय शिक्षाविद समाजसेवी जनप्रतिनिधि लगायतका सरोकारवालाहरु बीच बैठक तथा भेलामार्फत प्रस्तावित शिक्षा योजनाको वस्तुनिष्ठता र वैधतामाथि विश्लेषण र लेखाजोखा गरियो।<br>• मस्यौदा लेखन कार्यदलद्वारा निर्मित मस्यौदालाई स्थानीय सरोकारवालाहरुको उपस्थितिमा पटक पटक विषयवस्तु प्रस्तुतीकरण विश्लेषण गरिनुका साथै प्राप्त राय सुझावलाई पनि समावेश गरी मस्यौदाको अन्तिमीकरण गरियो । |
| २ | पर्याप्तता र सान्दर्भिकता (Adequacy and relevance) | • योजनामा समावेश भएका रणनीति, कार्यक्रम तथा क्रियाकलाप शिक्षा क्षेत्रका मुख्य समस्या तथा चुनौतीलाई सम्वोधन गर्नका लागि पर्याप्त तथा सान्दर्भिक छन् । |
| ३ | समता, सक्षमता तथा गुणस्तर (Equity, efficiency and quality) | • शिक्षा क्षेत्रको समग्र प्रदर्शन बढाउनका लागि योजनामा समता, सक्षमता, तथा सिकाइ र गुणस्तर अभिवृद्धिसम्बन्धी प्रमुख मुद्दाहरूको सम्बोधन भएको छ । |
| ४ | अन्तरसम्बन्ध र तादात्म्य (Coherence) | • शिक्षा योजनामा बेसीशहर नगरपालिकाले निर्माण गरेका योजना अन्तर्गत कृषि, स्वास्थ्य, पूर्वाधार विकास, पर्यटन, भाषा, साहित्य, अनुसन्धान, आदि क्षेत्रसँग अन्तरसम्बन्धित हुनुका साथै विद्यालय सुधार योजना तथा विद्यालय विकास योजना जस्ता विभिन्न योजनाबीच तादात्म्यता रहेको छ ।<br>• शिक्षाका अन्तर्राष्ट्रिय लक्ष्य अन्तर्गत नि:शुल्क र गुणस्तरीय विद्यालय शिक्षा, वाल्यकालको प्रारम्भिक विकास, प्राविधिक तथा व्यवसायिक शिक्षामा समान पहुँच, शिक्षामा समानता र समावेशीता जस्ता विषयहरु समावेश गरिएको छ ।<br>• शिक्षाका राष्ट्रिय, प्रदेश र स्थानीय दूरदृष्टि, उद्देश्य र लक्ष्यहरुलाई समेटेर यस योजना बनाइएको छ ।<br>• शिक्षा योजनाका समावेश भएका विभिन्न उपक्षेत्र तथा विषयबीच अन्तर्सम्बन्ध कायम भएको छ । |
| ५ | सम्भाव्यता र कार्यान्वयन योग्यता तथा सान्दर्भिकता | • योजनामा भएका विषयहरुको भौत्तिक पूर्वाधार, शिक्षक तथा कर्मचारी व्यवस्थापन, शिक्षण सिकाइ प्रक्रिया, विद्यालय व्यवस्थापन आदि पक्षसँग तादात्म्यता रहेको छ।<br>• योजनाका लक्ष्य प्राप्तिका लागि सञ्चालन गरिने क्रियाकलाप कार्यान्वयन गर्न सकिने व्यवहारिक र सान्दर्भिक हुनुका साथै सोको अनुगमन र मूल्याङ्कनका संयन्त्र पर्याप्त छन् । |

| क्र.सं. | लेखाजोखाका पक्ष | विस्तृत विवरण |
|---|---|---|
| | | • योजनालाई स्थानीय विशिष्ट आवश्यकता, विशेष गरी जनसङ्ख्या, जातजाति, आर्थिक, भाषिक, पिछडिएका वर्ग र क्षेत्रका आधारमा सान्दर्भिक बनाउने दृष्टिकोणका साथ विकास गरिएको छ ।<br>• योजनाले शिक्षा क्षेत्रका प्रमुख चुनौतीलाई यथार्थपरक सम्बोधन गरेको छ । |
| ६ | स्रोतको प्रबन्ध | • शिक्षा योजनामा समावेश भएका विभिन्न कार्यक्रम तथा क्रियाकलापका आवश्यक स्रोतको प्रबन्ध गरिएको छ ।<br>• लक्ष्य प्राप्तिका लागि सञ्चालन गरिने क्रियाकलापमा पर्याप्त बजेट विनियोजन गर्ने लक्ष्य लिइएको छ ।<br>• योजनामा प्रस्तावित कार्यक्रम तथा बजेटबीच आपसी तालमेलको अपेक्षा गरिएको छ ।<br>• स्रोतको प्रबन्धका लागि विभिन्न सरकारी तथा गैरसरकारी संस्थासँग सहकार्य र साझेदारी भएको छ । |
| ७ | संस्थागत क्षमता | • योजनाको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तहभित्र विभिन्न चरणमा संरचनात्मक र संस्थागत व्यवस्था गरिएको छ ।<br>• कार्यान्वयनका लागि तालिम तथा क्षमता विकासका कार्यक्रम तथा संयन्त्र तय गरिएको छ । |
| ८ | कार्यान्वयनमा तत्परता | • योजनाको कार्यान्वयनका लागि स्थानीय तहभित्रका सरोकारवालाको सहभागिता र अपनत्व कायम गरिएको छ।<br>• योजनाको कार्यान्वयनका लागि वार्षिक रणनीतिक योजना तथा बजेट तथा कार्यक्रम तयार गरिएको छ ।<br>• योजनाको कार्यान्वयनका लागि जिम्मेवार पक्षलाई लक्ष्य, उद्देश्य र कार्यान्वयन प्रक्रियाको पर्याप्त प्रबोधीकरण तथा अभिमुखीकरण भएको छ । |
| ९ | तथ्याङ्क विश्लेषण र प्रक्षेपण | • स्थानीय तहभित्रका शैक्षिक सूचक र अन्य तथ्याङ्क सङ्कलन गरिएको छ।<br>• तथ्याङ्क तथा सूचनाबीच तादात्म्यताको विश्लेषण तथा प्रक्षेपण गरिएको छ । |
| १० | अनुगमन र प्रतिवेदन | • अनुगमन तथा मूल्याङ्कनको संयन्त्र र जिम्मेवारी निर्धारण गरिएको छ<br>• आवधिक रूपमा अनुगमन र मूल्याङ्कन गर्ने प्रक्रिया निर्धारण गरिएको छ ।<br>• अनुगमन सूचकको प्रयोग गरिएको छ ।<br>• प्रतिवेदन प्रणाली एकीन गरिएको छ । |

**छ) योजनाको दस्तावेजको स्वरूप**

स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन २०७९ (परिमार्जित तथा अद्यावधिक संस्करण २०८१) मा उल्लेख भए बमोजिमको ढाँचा (विषयसूची, परिच्छेद, शीर्षक, उपशीर्षक) मा आधारित भई तयार गरिएको छ ।

# परिच्छेद १
# परिचय

शिक्षा विकासको प्रमुख आधार हो । शिक्षाको विकासले समाज विकासका हरेक पक्षहरुको ढोका खोल्न सक्छ । व्यक्तित्व विकासदेखि समाज र राष्ट्रको चौतर्फी विकासमा शिक्षाको महत्वूर्ण भूमिका रहेको हुन्छ । व्यक्तिको व्यक्तित्व विकास गरी श्रमबजारमा उपलब्ध रोजगारीका अवसर प्राप्त गर्न, मर्यादित र सम्मानजनक जीवन जिउन तथा एक असल नागरिकको रुपमा देश र समाजको उत्थानको लागि प्रतिवद्ध नागरिक निर्माण गर्न शिक्षाले महत्वपूर्ण सारथीको भूमिका निर्वाह गरेको हुन्छ । त्यसैगरी देशको आर्थिक एवं सामाजिक रुपान्तरण गरी ***समृद्ध नेपाल र सुखी नेपाली*** भन्ने आदर्श वाक्यलाई सार्थक बनाउन हरेक नागरिकले गुणस्तरीय शिक्षाको सुनिश्चित् गर्न नेपालको संविधानले शिक्षालाई मौलिक हकको रुपमा प्रत्याभूत गरी राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरुमा शिक्षालाई नेपाली नागरिकका आधारभूत आवश्यकताको रुपमा स्थापित गरेको छ । प्रत्येक नेपाली नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक सुनिश्चित् गरेको छ । यसै सन्दर्भमा बेसीशहर नगरपालिकाले पनि नगरपालिकाको स्रोत र साधनको समुचित परिचालन गरी गुणस्तरीय, समावेशी तथा समतामूलक शिक्षाका माध्यमबाट नागरिकको अनिवार्य तथा निःशुल्क शिक्षा पाउने हकको संरक्षण गर्दै शिक्षा सम्बन्धी योजना तर्जुमा र त्यसको प्रभावकारी कार्यान्वयनको लागि दीर्घकालीन सोचका साथ पाँचवर्षे (२०८२/८३-२०८६/८७) शिक्षा योजना निर्माण गरेको छ । यसका लागि यस नगरपालिकाले संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने स्रोत र साधनको समुचित प्रयोग गरी सन् २०३० सम्म दिगो विकासको लक्ष्य बमोजिम समावेशी र समन्यायमा आधारित गुणस्तरीय शिक्षाको पहुँच तथा निरन्तर सिकाइ र सीप विकासका अवसर सबै नगरबासीमा पुऱ्याउने सोचका साथ यो योजना निर्माण गरिएको छ ।

## १.१ वर्तमान अवस्था

बेसीशहर नगरपालिकाद्वारा बिगतदेखि शिक्षा क्षेत्रमा सुधारका लागि नगर शिक्षा तथा नियमावली जारी गरी शैक्षिक गुणस्तर सुधारका कार्यक्रमहरु लागु गरिदैं आएको छ जसको मुख्य उद्देश्य शैक्षिक अवसरहरुलाई विस्तार गरी समतामूलक वातावरण निर्माण गर्नु रहेको थियो। सङ्घीय र प्रदेश सरकारबाट प्राप्त बजेट र बेसीशहर नगरपालिकाको आन्तरिक बजेटबाट कार्यक्रम तर्जुमा गरी लागु गर्नुपर्ने व्यवस्था रहेको छ। शिक्षा क्षेत्रको सुधारको लागि नगरपालिकासँग भएको स्रोत र साधनलाई आवश्यकताको आधारमा समस्या समाधान तथा कार्यान्वयनका लागि योजनाबद्ध रुपमा अघि बढ्नुपर्ने महसुस गरिएको छ। राज्यको लक्ष्य उद्देश्य तथा नीति कार्यक्रम पूरा गर्नका लागि नगरपालिकाले पाँच वर्षे शिक्षा योजना तयार गर्नु सान्दर्भिक रहेको छ। विद्यमान शैक्षिक क्षेत्रको अवस्थामा सुधार ल्याउन दीर्घकालीन योजनाको आवश्यकता रहेको छ। यस नगरपालिकाको शिक्षा क्षेत्रमा पनि समस्याहरुका साथमा थुप्रै अवसर र सम्भावनाहरु छन् ।

**क) भौगोलिक अवस्थितिको विश्लेषण**

नेपालको गण्डकी प्रदेश अन्तर्गत लमजुङ जिल्लाका आठ स्थानीय तहहरुमध्ये जिल्ला सदरमुकाम बेसीशहरमा रहेको बेसीशहर नगरपालिका जिल्लाकै पहिलो नगरपालिका हो । नेपाल सरकारको मन्त्री परिषद्को मिति २०७१ वैशाख २५ गतेको निर्णयानुसार साविकका बेसीशहर, गाउँशहर, उदीपुर, चण्डीस्थान, नाल्मा र पुरानोकोट गाउँ विकास समितिहरुलाई समेटेर नगरपालिका घोषणा गरेबमोजिम वि.सं.२०७१ जेठ १ गतेबाट नगरपालिका स्थापना भई सञ्चालनमा आएको हो । नयाँ संविधान जारी भएपश्चात् २०७३ मा साविकका गा.वि.स.हरु चिति, बाँझाखेत, बाग्लुङपानीको केही भाग र हिलेटक्सार (एक वडा) समेत समेटेर बेसीशहर नगरपालिका स्थापना भएको हो । जिल्ला सदरमुकाम समेत रहेको यस बेसीशहर नगरपालिकामा हाल ११ वटा वडाहरु रहेका छन् ।

बेसीशहर नगरपालिका राजधानी काठमाडौंबाट १७८ कि.मी. पश्चिम तथा प्रदेश राजधानी पोखराबाट १०८ कि.मी. पूर्वमा एवम् व्यापारिक केन्द्र नारायणगढबाट १०२ कि.मि. उत्तरमा अवस्थित छ । क्षेत्रफलको हिसाबले लमजुङ जिल्लाको कुल भूभागको ७.५४ प्रतिशत वर्ग कि.मि. भू-भाग यस नगरपालिको ओगटेको छ । यस नगरपालिकाको कुल क्षेत्रफल १२७.६४ वर्ग कि.मि. रहेको छ । भौगोलिक अवस्थिति अनुसार यो नगरपालिका २८ डिग्री ८ मिनेट उत्तरी अक्षांशदेखि २८ डिग्री १६ मिनेट उत्तरी अक्षांशसम्म तथा ८४ डिग्री २० मिनेट पूर्वीय देशान्तरदेखि ८४ डिग्री २६ मिनेट पूर्वीय देशान्तरसम्म फैलिएको छ । नगरपालिकाको केन्द्र बेसीशहर समुद्री सतहबाट ८२० मिटरको उचाइमा रहेको छ । मध्यपहाडी क्षेत्रमा अवस्थित यहाँको औषत तापक्रम २५ डिग्री सेल्सियस र हावापानी समशीतोष्ण प्रकारको रहेको छ । यस नगरपालिका समुद्री सतहबाट ६५० मिटरदेखि १९५८ मिटरसम्मको उचाइमा रहेको पाइन्छ । यहाँको वार्षिक औषत वर्षा २८०० मिलिमिटर मापन गरिएको छ । मर्स्याङ्दी र दोर्दी यहाँको मुख्य नदी हुन् । अन्य स-साना खोलाहरुमा भलामखोला, भाचोकखोला, खहरेखोला, किरिञ्चेखोला, पुमाखोला, मजुवाखोला, धुवाखोला, भिङ्गेखोला, गाइखुरेखोला, राक्सेखोला, आदि रहेका छन् । यस नगरपालिकाको पूर्वमा दोर्दी गाउँपालिका, पश्चिममा क्व्होलासोथार गाउँपालिका र मध्यनेपाल नगरपालिका, उत्तरमा मर्स्याङ्दी गाउँपालिका र दक्षिणमा सुन्दरबजार नगरपालिका पर्दछन् । नगरपालिकाको केन्द्र वडा नं. ८ बेसीशहर बजारस्थित फूलबारीमा रहेको छ ।

**ख) जनसाङ्ख्यिक संरचनाको विश्लेषण**

बेसीशहर नगरपालिका जनसंख्याको दृष्टिकोणले लमजुङ जिल्लाको सबैभन्दा बढी जनसंख्या भएको नगरपालिका हो । वि.सं. २०७८ को राष्ट्रिय जनगणना अनुसार यस नगरको जनसंख्या ३८,२३२ रहेको छ । वि.सं. २०६८ को जनगणनासँग तुलना गर्दा यहाँको जनसंख्या ऋणात्मक छ । अर्थात् २०६८ सालमा कुल जनसंख्या ४०, ५९९ रहेकोमा पछिल्लो जनगणना अनुसार २,३६७ ले कमी देखिन्छ । यो १० वर्षको नगरको जनसंख्या परिवर्तन -०.७७% रहेको देखिन्छ । नगरको जनघनत्व २९९.५ प्रतिवर्ग कि.मि. रहेको छ । (केन्द्रीय तथ्याङ्क विभाग, २०७८) ।

लैङ्गिक आधारमा नगरपालिकामा पुरुषको तुलनामा महिलाको जनसंख्या बढी देखिन्छ । राष्ट्रिय जनगणना २०७८ अनुसार महिलाको जनसंख्या २०,३५३ (५३.२%) र पुरुषको संख्या १७,८७९ (४६.८%) छ । उमेर समूहको आधारमा यस नगरपालिकामा १४ वर्ष उमेर समूहको जनसंख्या ८,८००, १५ देखि ६४ वर्षसम्मको २५,७७७ र ६५ वर्ष माथिको जनसंख्या ३,६५५ रहेको छ (केन्द्रीय तथ्याङ्क विभाग, २०७८) । तालिका १ ले उमेर समूहको आधारमा नगरको जनसंख्याको वितरण देखाएको छ ।

**तालिका १ : उमेर समूहको आधारमा जनसंख्याको वितरण**

| क.सं. | उमेर समूह | संख्या |
|---|---|---|
| १ | ९० वर्ष माथि | ८९ |
| २ | ८० देखि ८९ वर्षसम्म | ५८८ |
| ३ | ७० देखि ७९ वर्षसम्म | १,६३१ |
| ४ | ६० देखि ६९ वर्षसम्म | ३,०२२ |
| ५ | ५० देखि ५९ वर्षसम्म | ४,१५५ |
| ६ | ४० देखि ४९ वर्षसम्म | ४,२३८ |
| ७ | ३० देखि ३९ वर्षसम्म | ५,५७० |
| ८ | २० देखि २९ वर्षसम्म | ६,५५४ |
| ९ | १० देखि १९ वर्षसम्म | ७,०७६ |
| १० | ० देखि ९ वर्ष | ५,३०९ |

(केन्द्रीय तथ्याङ्क विभाग, २०७८)

तालिका १ बमोजिम १० देखि १९ वर्ष समूहको जनसङ्ख्या सबैभन्दा बढी ८० देखि ८९ वर्ष सम्मको जनसङ्ख्या कम र ९० देखि माथिको जनसङ्ख्या सबैभन्दा कम रहेको पाइयो ।

**तालिका २ : वडागत आधारमा जनसंख्याको वितरण**

| वडा | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| १ | १,१६० | १,३०३ | २४६३ |
| २ | १,५५७ | १,८५८ | ३४१५ |
| ३ | १,३०९ | १,५०५ | २८१४ |
| ४ | ३८२ | ४४९ | ८३१ |
| ५ | ६९२ | ७४१ | १४३३ |
| ६ | १,०५१ | १,२२९ | २२८० |
| ७ | ३,७२८ | ४,३५५ | ८०८३ |
| ८ | ३,६९९ | ४,१८४ | ७८८३ |
| ९ | ८६४ | ९७६ | १८४० |
| १० | १,३८२ | १,४८२ | २८६४ |
| ११ | २,०५५ | २,२७१ | ४३२६ |
| जम्मा | १७,८७९ | २०,३५३ | ३८,२३२ |

(केन्द्रीय तथ्याङ्क विभाग, २०७८)

तालिका २ बमोजिम नगरपालिकाको सबै वडामा महिलाको जनसंख्या बढी देखिएको छ ।

**तालिका ३ : अपाङ्गता भएका जनसंख्या**

| विवरण | प्रतिशत |
|---|---|
| जम्मा अपाङ्गता भएका जनसंख्या | २.७ |
| पुरुष अपाङ्गता भएका जनसंख्या | २.४ |
| महिला अपाङ्गता भएका जनसंख्या | ३.० |

(केन्द्रीय तथ्याङ्क विभाग, २०७८)

तालिका ३ को अनुसार बेसीशहर नगरपालिकामा अपाङ्गता भएका जनसंख्या पुरुषको तुलनामा महिलाको बढी देखिन्छ ।

### ग) सामाजिक तथा सांस्कृतिक अवस्थाको विश्लेषण

बेसीशहर नगरपालिकामा फरक फरक जातजाति तथा भाषा, धर्म र संस्कृति मनाउने मानिसहरु छन् । मुख्यतया यस नगरपालिकामा ब्राम्हण, क्षत्री, गुरुङ, तामाङ, नेवार, मगर, कामी, दमाइ, सार्की, चेपाङ तथा केही संख्यामा मुसलमानहरु बसोबास गर्दछन् । यी सबै जातजातिको भेषभुषा, रहनसहन तथा रीतिरिवाज आ-आफ्नै खालको छ । यस किसिमको सांस्कृतिक विविधताले समाजलाई रंगीबिरंगी फूलहरुको साझा फूलबारी जस्तो बनाएको छ । बालुन, भजन, सोरठी, कौरा, घाँटु, कृष्णचरित्र, धाननाच, लाखेनाच आदि संस्कृति यहाँ प्रसिद्व छन् । प्राकृतिक सौन्दर्यताको साथै धार्मिक महत्वका धरोहरहरु जस्तै लमजुङ कालिका, उदीपुर कालिका, कर्पुरेश्वर मन्दिर, भीमसेनस्थान मन्दिर, नारायणस्थान मन्दिर, सेतो गुम्बा, हेल्स्यो गुम्बा तथा चर्च र मस्जिदहरुले नगरपालिकामा सांस्कृतिक र धार्मिक सहिष्णुताको वातावरण निर्माण गरेको छ ।

### घ) आर्थिक अवस्थाको विश्लेषण

अन्नपूर्ण पदमार्गको प्रवेशद्वार बेसीशहर हो । शाहवंशको उद्गमस्थल गाउँशहरको लमजुङ दरबार यसै नगरपालिकाको वडा नं. ३ मा पर्दछ । गोरखा राज्यमा शाहवंशको स्थापना (द्रव्य शाह) भन्दा अघि नै लमजुङ जिल्लामा शाहवंशीय राजाहरुले राज्य गरेका थिए । गाउँशहरसँगै ऐतिहासिक र पुरातात्विक महत्व बोकेको पुरानोकोटगढी रहेको छ । काउलेपानी, खासुर, नरुवल लगायतका प्रख्यात होमस्टे गाउँहरु, मध्यमर्स्याङ्दी जलविद्युत आयोजनाको जलाशय क्षेत्र यसै नगरपालिकामा रहेका छन् । लमजुङ कालिका, उदीपुर कालिका, चितीको निशान कालिका, बेसीशहरस्थित नारायणस्थान, कर्पुरेश्वर महादेव, हेल्स्यो गुम्बा लगायतका शक्तिपीठहरु यसै नगरपालिकामा रहेका छन् । यहाँको ऐतिहासिक, प्राकृतिक, सांस्कृतिक तथा धार्मिक धरोहरका कारण पर्यटन व्यवसाय आयआर्जनको प्रमुख आधार भएको छ । होमस्टेका माध्यमबाट ग्रामीण पर्यटनको प्रवर्द्धन भएको छ । त्यसैगरी यहाँका मानिसहरुको आयआर्जनको स्रोतको रुपमा कृषि, पशुपालन, नोकरी, व्यापार तथा वैदेशिक रोजगारीलाई लिन सकिन्छ । यो नगरपालिका प्रसिद्ध पर्यटकीय गन्तव्य अन्नपूर्ण पदमार्गको प्रवेश मार्ग भएकोले पनि पर्यटन व्यवसाय आम्दानीको आधार बनेको छ । यसको साथै जिल्ला सदरमुकाम बेसीशहर बजार जिल्लाको व्यपारिक केन्द्र समेत रहेकोले व्यापार व्यवसायबाट पनि आर्थिक उपार्जनको माध्यम बनेको छ ।

### च) शैक्षिक अवस्थाको विश्लेषण

नेपालमा वि.सं. २००७ सालको राजनीतिक परिवर्तनसँगै शिक्षाको विकासले गति लिन थाल्यो । यसको प्रभाव गाउँगाउँसम्म पर्न थाल्यो । तत्कालीन समयमा लमजुङ जिल्लाको सदरमुकाम कुन्छामा रहेकोले पनि सदरमुकाम भन्दा केही पर रहेको हालको नगर क्षेत्रमा शिक्षाको विकास हुन सकेको थिएन । गुरुकुल शिक्षा र भाषा पाठशालाबाट शिक्षा प्रदान गरिने भएतापनि सबैलाई यो अवसर थिएन । अझ औपचारिक विद्यालय शिक्षाका उपल्लो कक्षा पढ्न टाढाटाढा जानुपर्ने अवस्था थियो । प्रजातन्त्रको स्थापना पछि जिल्लाका केही ठाउँहरु जस्तै गाउँशहर, दुराडाँडा, खुदी, आदि क्षेत्रमा औपचारिक विद्यालय स्थापना भएपश्चात यस क्षेत्रका विद्यार्थीहरु पनि शिक्षाको लागि त्यहाँसम्म पुग्ने गर्थे । पछि क्रमशः वेसीशहरको चण्डीडाँडामा वि.सं. २०१२ मा जनविकास प्राथमिक विद्यालय स्थापना भयो । साविकको बेसीशहर वरिपरीका गाउँहरुमा पनि विद्यालयहरु खुल्न थाले । वि.सं. २०२८ मा जिल्ला सदरमुकाम बेसीशहरको फाँटमा सरेपछि बजार बिस्तारसँगै विद्यालय खुल्ने, विद्यालयहरुको स्तरोन्नति हुन थाल्यो जसले विद्यालय तहको शिक्षामा सबैको पहुँच पुग्न थाल्यो । पछि प्रजातन्त्रको पुर्नस्थापना पश्चात् यसक्षेत्र लगायत समग्र जिल्लाबासीहरुको उच्च शिक्षाको उत्कट चाहनालाई पूरा गर्न जिल्लाको शिक्षाप्रेमी, बुद्धिजीवी, सामाजिक अगुवा तथा जिल्लाबासीहरुको साझा प्रयासबाट वि.सं. २०४७ सालमा मर्स्याङ्दी बहुमुखी क्याम्पसको स्थापना भयो । हाल बेसीशहर नगरपालिकामा सामुदायिक र संस्थागत गरी कूल ४६ वटा विद्यालयहरु सञ्चालनमा रहेका छन् । यसमध्ये १३ संस्थागत विद्यालय, १ सामुदायिक क्याम्पस, १ निजी क्याम्पस, १ सीप विकास प्रतिष्ठान तथा नेपाली सेनाद्वारा सञ्चालित १ कृषि विकास प्रतिष्ठान रहेका छन् ।

## १.२ विगतको योजनाको प्रगति समीक्षा

नेपालमा शिक्षाको योजनाबद्ध विकासको थालनी राष्ट्रियस्तरमा राष्ट्रिय शिक्षा योजना २०११ बाट सुरु भयो । क्रमशः सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति योजना २०१८, राष्ट्रिय शिक्षा प्रणाली योजना २०२८, राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन र यसका सीफारिसहरूको कार्यान्वयन २०४९, उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदनमा आधारित शैक्षिक विकास कार्यक्रमहरू २०५५, सबैका लागि शिक्षा, माध्यमिक शिक्षा परियोजना, विद्यालय क्षेत्र सुधार कार्यक्रम र विद्यालय क्षेत्र विकास योजना जस्ता योजनाहरूको निरन्तर कार्यान्वयनबाट शिक्षा क्षेत्रको विकास भइरहेको छ । यसैगरी सरकारका पहिलो पञ्चवर्षीय योजना देखि हाल लागु भइरहेको सोर्‍हौं पञ्चवर्षीय योजनासम्मले पनि शिक्षा क्षेत्रको विकासमा योगदान पुर्‍याएको छ । नेपाल सरकारले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्चहरूमा गरेका प्रतिबद्धताहरूलाई राष्ट्रिय योजना तथा कार्यक्रममा समेटेर योजनाबद्ध रूपमा कार्यान्वयन गरी शिक्षा क्षेत्रमा पहुँच, सहभागिता, गुणस्तर र समावेशिताका पक्षमा प्रगति भएको छ । हाल दिगो विकासका लक्ष्य २०३० को प्रभावकारी कार्यान्वयनका लागि योजनाबद्ध रूपमा शैक्षिक विकासका कार्यक्रमहरू सञ्चालन भइरहेका छन् ।

नेपालको संविधानले माध्यमिक शिक्षालाई स्थानीय तहको मातहतमा रहने व्यवस्था भएबमोजिम बेसीशहर नगरपालिकाले पनि संघीय शिक्षा ऐनसँग नबाझिने गरी नगर शिक्षा ऐन तथा नगर शिक्षा रणनीति निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । नगरको साक्षरता प्रतिशत ८१.१३ रहेको छ, जसमध्ये पुरुषको साक्षरता प्रतिशत ८८.७६ र महिलाको साक्षरता प्रतिशत ७४.५६ रहेको छ (राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७८) ।

## १.३ शिक्षा क्षेत्रको वर्तमान क्षेत्रगत अवस्था विश्लेषण

यस नगरपालिकामा विद्यालय, विद्यार्थी भर्ना दर, विद्यालय छाड्ने दर, विद्यालय विद्यार्थी अनुपात, विद्यार्थी शिक्षक अनुपात, लैङ्गिक समता सुचकाङ्क र प्राविधिक शिक्षा र उच्च शिक्षाको अवस्था निम्नानुसार उल्लेख गरिएको छ ।

**तालिका ४ : शैक्षिक कार्यक्रम एवम् शिक्षण संस्था संख्यात्मक विवरणः**

| शैक्षिक कार्यक्रम एवम् शिक्षण संस्था | सामुदायिक | संस्थागत | जम्मा | कैफियत |
|---|---|---|---|---|
| प्रारम्भिक बालविकास कक्षा | ४५ | १३ | ५८ | एक विद्यालयमा एक भन्दा बढी कक्षाहरु समेत सञ्चालित रहेका |
| आधारभूत विद्यालय कक्षा १-३ | १५ | १ | १६ | |
| आधारभूत विद्यालय कक्षा १-५ | १५ | ३ | १८ | |
| आधारभूत विद्यालय कक्षा १-८ | २ | ३ | ५ | |
| माध्यमिक विद्यालय कक्षा १-१० | ७ | ५ | १२ | |
| माध्यमिक विद्यालय कक्षा १-१२ | ७ | ४ | ११ | |
| गुरुकुल, गुम्बा र मदरसा | | | | |
| खुल्ला विद्यालय कक्षा (९-१०) | १ | - | १ | |
| प्राविधिक धार सञ्चालित माध्यमिक विद्यालय | १ | - | १ | |
| क्याम्पस एवम् कलेज | १ | १ | २ | |

*(स्रोत : EMIS, २०८२)*

तालिका ४ बमोजिम आधारभूत विद्यालय कक्षा १-५ को तुलनामा १-८ को विद्यालय कम रहेको पाइयो साथै समयानुकूल प्राविधिक धारका विद्यालयका संख्या ज्यादै न्यून देखियो।

**तालिका ५ : कक्षागत विद्यार्थी विवरण २०८२**

| कक्षा | जम्मा | | | दलित | | |
|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| प्रारम्भिक बालविकास | ६६७ | ७९६ | १४६३ | १४१ | १९० | ३३१ |
| १ | ३५७ | ४५९ | ८१६ | १९० | ११५ | ३०५ |
| २ | २९९ | ३९३ | ६९२ | ६७ | ८३ | १५० |
| ३ | २९२ | ३८४ | ६७६ | ५३ | ७८ | १३१ |
| ४ | ३०६ | ३९४ | ७०० | ५८ | ८९ | १४७ |
| ५ | ३६५ | ३६९ | ७३४ | ९२ | ८३ | १७५ |
| ६ | ३३६ | ३८० | ७१६ | ६५ | ७६ | १४१ |
| ७ | ३०८ | ३७१ | ६७९ | ७२ | ७४ | १४६ |

| कक्षा | जम्मा | | | दलित | | |
|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| ८ | २९४ | ३५३ | ६४७ | ५८ | ७८ | १३६ |
| आधारभूत तह (बा.वि.के.-८) | ३२२४ | ३८९९ | ७१२३ | ७९६ | ८६६ | १६६२ |
| ९ | ३४८ | ३६० | ७०८ | ६४ | ७५ | १३९ |
| १० | ३६१ | ३४२ | ७०३ | ८३ | ६५ | १४८ |
| ११ | १३७ | ११४ | २५१ | ३६ | १४ | ५० |
| १२ | १३२ | १५५ | २८७ | २४ | २७ | ५१ |
| माध्यमिक तह (कक्षा ९-१२) | ९७८ | ९७१ | १९४९ | २०७ | १८१ | ३८८ |

*(स्रोत : EMIS, २०८२)*

तालिका ५ बमोजिम आधारभूत तहमा अध्ययन गर्ने दलित विद्यार्थीहरुको संख्या तुलनात्मक रुपमा माध्यमिक तहको ११-१२ कक्षामा न्यून देखियो।

**तालिका ६ : अपाङ्गता भएका बालबालिकाको कक्षागत विवरण २०८२**

| कक्षा | छात्रा | छात्र | अन्य | जम्मा |
|---|---|---|---|---|
| प्रारम्भिक बालविकास | ६ | ११ | ० | १७ |
| १ | १ | १ | ० | २ |
| २ | १ | ४ | ० | ५ |
| ३ | १ | ३ | ० | ४ |
| ४ | ० | २ | ० | २ |
| ५ | ० | २ | ० | २ |
| ६ | ० | ० | ० | ० |
| ७ | १ | ० | ० | १ |
| ८ | २ | १ | ० | ३ |
| आधारभूत तह (बालविकास केन्द्र-८) | १२ | २४ | ० | ३६ |
| ९ | ० | ० | ० | ० |
| १० | १ | १ | ० | २ |
| ११ | ० | १ | ० | १ |
| १२ | १ | १ | ० | २ |
| माध्यमिक तह (कक्षा ९-१२) | २ | ३ | ० | ५ |

*(स्रोत : EMIS, २०८२)*

तालिका ६ बमोजिम प्रारम्भिक बालविकास तहमा अपाङ्गता भएका विद्यार्थीहरु प्रतिशतका हिसाबले बढी रहेको देखियो।

**तालिका ७ : सामुदायिक विद्यालयको शिक्षक दरबन्दी विवरण**

| बाल विकास केन्द्र | आधारभूत विद्यालय (१-५) | | | उच्च आधारभूत विद्यालय ( ६-८) | | | माध्यमिक विद्यालय (९-१०) | | | माध्यमिक विद्यालय (११-१२) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जम्मा | राहत | दरबन्दी | जम्मा | राहत | दरबन्दी | जम्मा | राहत | दरबन्दी | जम्मा | राहत | दरबन्दी | जम्मा |
| ४५ | ११ | १७० | १८१ | १२ | ४४ | ५६ | २१ | ३१ | ५२ | ० | ५ | ५ |

*(स्रोत : EMIS, २०८२)*

तालिका ७ बमोजिम माध्यमिक तह कक्षा ११-१२ मा शिक्षक दरबन्दी संख्या विद्यार्थीहरुको दाँजोमा ज्यादै न्यून देखियो।

**तालिका ८ : नगरपालिकाका सामुदायिक विद्यालयको शिक्षक अनुदान कोटा विवरण**

| विवरण | आधारभूत विद्यालय (१-५) | उच्च आधारभूत विद्यालय (६-८) | माध्यमिक विद्यालय (९-१०) | माध्यमिक विद्यालय (११-१२) | सामुदायिक सिकाइ केन्द्र |
|---|---|---|---|---|---|
| संघीय | ० | १ | ३ | ६ | ३ |
| प्राविधिक | ० | २ | २ | ४ | |
| स्वयम् सेवा | ० | ० | ० | १ | |

*(स्रोत : EMIS, २०८२)*

तालिका ८ बमोजिम माध्यमिक तह कक्षा ११-१२ मा अनुदान कोटा सन्तोषजनक रहेको पाइयो।

**तालिका ९: सामुदायिक विद्यालय विद्यार्थी अनुपात**

| तह | विद्यालय संख्या | विद्यार्थी संख्या | विद्यालय विद्यार्थी अनुपात | कैफियत |
|---|---|---|---|---|
| बालविकास केन्द्र | ४५ | ४२२ | १:१० | |
| आधारभूत (१-८) तह | ४६ | १७४१ | १:३८ | |
| माध्यमिक (९-१२) तह | १४ | ९७६ | १:७० | |

*(स्रोत : EMIS, २०८२)*

तालिका ९ बमोजिम माध्यमिक तह कक्षा ९-१२ मा प्रति विद्यालयको आधारमा विद्यार्थी संख्या बढी र बालविकास केन्द्रमा उक्त कम रहेको पाइयो।

**तालिका १०: शिक्षक विद्यार्थी अनुपात (सामुदायिक विद्यालयतर्फ)**

| तह | शिक्षक दरबन्दी | विद्यार्थी संख्या | अनुपात |
|---|---|---|---|
| बालविकास | ४५ | ४२२ | १:१० |
| आधारभूत तह (१-५) | १८१ | ९४४ | १:५ |
| आधारभूत तह (६-८) | ५९ | ११०१ | १:१४ |
| माध्यमिक तह (९-१२) | ७२ | ९७६ | १:१४ |

*(स्रोत : EMIS, २०८२)*

तालिका १० बमोजिम आधारभूत र माध्यमिक तहमा विद्यार्थी शिक्षक अनुपात उपयुक्त देखियो तर बालविकासदेखि कक्षा १-५ सम्म विद्यार्थी संख्याको अनुपातमा शिक्षक संख्या बढी रहेको पाइयो ।

**तालिका ११ : पहुँचमा लैङ्गिक समता सूचाकाङ्क (सामुदायिक विद्यालय)**

| तह | कुल संख्या | छात्रा र छात्रको अनुपात | पहुँचमा लैङ्गिक समता सूचाकाङ्क |
|---|---|---|---|
| बालविकास | १६४९ | ०.७७ | ०.९७ |
| आधारभूत तह (१-८) | २४११ | १.०१ | १.४६ |
| माध्यमिक तह (९-१२) | १४७४ | १.१४ | १.०२ |

*(स्रोत : EMIS, २०८२)*

तालिका ११ बमोजिम बालविकास तहमा लैङ्गिक समता अलि राम्रो देखियो भने अन्य तहमा कमजोर रहेको पाइयो।

**तालिका १२ : पहुँच र समावेशिता**

| तह | सहजै देखिने भर्नादर | खुद भर्नादर |
|---|---|---|
| बालविकास | १०७.९ | ८७.४ |
| आधारभूत तह (१-५) | १११.६ | ९७.५ |
| आधारभूत तह (६-८) | १११.४ | ९६.३ |
| आधारभूत तह (१-८) | १११.२ | ९६.९ |
| माध्यमिक तह (९-१२) | ७८.३ | ५५.५ |

*(स्रोत : EMIS, २०८२)*

तालिका १२ बमोजिम माध्यमिक तहमा विद्यार्थी संख्याको दाँजोमा शिक्षक संख्या ज्यादै कम र आधारभूत तहमा समेत कम नै रहेको देखियो भने बालविकास तहमा पर्याप्त रहेको पाइयो ।

## १.४ मुख्य समस्या तथा चुनौतीको विश्लेषण

बेसीशहर नगरपालिकाको शिक्षा क्षेत्रसँग सम्बन्धित मुख्य समस्या के छन्, समस्याका कारणहरु के हुन सक्छन्, अवसर तथा सवल पक्षहरु के के छन् र शिक्षा क्षेत्रको विकासमा के कस्ता चुनौतीहरु छन् भन्ने विषयमा स्थानीय सरोकारवालाहरुसँगको छलफल र अन्तरक्रिया मार्फत SWOT विश्लेषण गरिएको थियो ।

### क) समस्या वृक्ष (Problem Tree) र विश्लेषण

विद्यालय शिक्षामा बिद्यमान समस्या र तिनका कारण साथै असरको नमुना समस्या वृक्ष (Problem Tree)

**असर**

- सामुदायिक विद्यालयमा विद्यार्थी भर्नादर घट्दै जानु ।
- बिद्यालय र बिद्यार्थीको आन्तरिक सक्षमता कमजोर
- आधारभूत तहबाट मा.वि.तहसम्म पुग्ने दर कम हुनु
- बालबालिकामा विद्यालय र पढाइप्रतिको कम उत्प्रेरित हुनु
- विद्यालय तहका विद्यार्थीको सिकाइ उपलब्धि कमजोर हुनु
- विद्यालय बाहिर हुने बालबालिकाहरुलाई लक्ष्य अनुसार विद्यालयमा समाहित गर्न नसकिनु

**मूल समस्या**

- सबै ECD कक्षा र बालबालिकाहरूमा प्रारम्भिक सिकाइ र विकासका मापदण्डहरू पूरा नहुनु
- शैक्षिक कार्यक्रमको अनुगमन र अन्य व्यवस्थापनमा सरोकारवालाहरुको न्यून सहभागिता
- नवीनतम् शिक्षण पद्धतिको पूर्ण कार्यान्वयन

**कारण**

- सार्वजनिक शिक्षा सुधारमा सबै पक्षहरु उत्तिकै उत्तरदायी र जवाफदेही नहुनु
- गुणस्तरीय शिक्षा र शैक्षिक व्यवस्थापनमा तीनै तहका सरकारबीच समन्वयको अभाव
- परम्परागत शिक्षण शैलीमा पठनपाठन हुनु
- सबै ECD मा बालमैत्री शौचालय र सुरक्षित खाने पानी छैन
- बालबालिकाहरु पढाइ र भविष्यबारे सचेत नहुनु साथै सरोकारवालाहरु शिक्षा प्रणाली सुधारमा पूर्ण सचेत नदेखिनु
- सामुदायिक बिद्यालयका ECD का ३३ प्रतिशतभन्दा बढी बालबालिकाको उमेर अनुसारको विकास नहुनु

माथि देखाइएको समस्या वृक्ष विश्लेषणमा मूल समस्या रूखको डाँठको रूपमा सबै ECD कक्षा र बालबालिकामा प्रारम्भिक सिकाई र विकासका मापदण्ड पूरा हुन सकेका छैनन् (६६% मात्र ECD ले पूरा गरेका छन्) देखिएको छ । सो मूल समस्या देखा पर्नुको कारण जराका रूपमा ६ ओटा पहिचान गरिएको छ भने ती कारणबाट प्रारम्भिक बालविकासका विद्यार्थीमा छओटा असर हाँगाको रूपमा देखिएको छ । स्थानीय शिक्षा योजना निर्माण गर्दा उक्त कारणबाट देखा पर्ने असरको निराकरणका लागि कारण हटाउन सहयोग पुग्ने गरी नीति, योजना र कार्यक्रम निर्माण गर्नुपर्छ ।

माथि देखाइएको समस्या वृक्ष विश्लेषणमा मूल समस्या रूखको डाँठको रूपमा सबै ECD कक्षा र बालबालिकामा प्रारम्भिक सिकाइ र विकासका मापदण्ड पूरा हुन सकेका छैनन् साथै सरोकारवालहरुको चासो र भूमिका कमजोर हुनु तथा अभिभावक तथा बालबालिकाहरु पढाइ र भविष्यप्रति सचेत नहुँदा बीचैमा पढाइ छाड्ने तथा पढाइप्रति आकृष्ट नहुने गरेको देखिएको छ। सो मूल समस्या देखापर्नुको कारण जराका रूपमा पाँचओटा पहिचान गरिएको छ भने ती कारणबाट ६ वटा असरहरु पहिचान गरिएको छ।

उपरोक्त असरहरु निराकरण गर्न यसका कारणहरुको आधारमा विश्लेषण गरी उपयुक्त नीति, योजना र कार्यक्रम निर्माण गर्नुपर्छ।

## ख) शिक्षा क्षेत्रका चुनौतीको SWOT विश्लेषण

बेसीशहर नगरपालिकाको पञ्चवर्षीय शिक्षा योजना निर्माण गर्ने सन्दर्भमा विद्यालय शिक्षासँग प्रत्यक्ष सरोकार राख्ने सरोकारवालाहरु, स्थानीय बुद्धिजीवी तथा नगर शिक्षा समितिसँग शिक्षा योजना मस्यौदा लेखन समितिको अन्तरक्रिया नगरपालिकामा शिक्षा क्षेत्रको चुनौतीको SWOT विश्लेषण र मस्यौदा लेखन समितिको केही विद्यालयहरुको स्थलगत अवलोकन र राय संकलनको आधारमा देहायअनुसारको SWOT विश्लेषण गरिएको छ ।

**सवल पक्ष**

१. विद्यालय तहको शिक्षाको जिम्मा स्थानीय तहको मातहतमा रहने संवैधानिक व्यवस्थाले नगरपालिकाले उपलब्ध स्रोत र साधनको आधारमा स्थानीय आवश्यकता अनुसारको शिक्षा योजना, शिक्षा ऐन तथा अल्पकालीन र दीर्घकालीन शिक्षा रणनीतिहरु निर्माण गरी कार्यान्वयन गर्ने गरेको छ ।
२. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर विकासको लागि संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गरी भौतिक तथा शैक्षिक पूर्वाधार निर्माणमा जोड दिइएको छ ।
३. नगरपालिकाको आन्तरिक स्रोतबाट मेयर शैक्षिक सुधार कार्यक्रम मार्फत विद्यालयको व्यवस्थापन, सुशासन तथा शैक्षिक गुणस्तर अभिवृद्धिमा उत्प्रेरित गर्ने गरिएको छ ।
४. संवैधानिक व्यवस्था अनुसार अनिवार्य र निःशुल्क आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षासम्म जनताको पहुँच पुऱ्याउन र विद्यालय बाहिर कोही केटाकेटी नरहुन् भन्ने उद्देश्यले आर्थिक विपन्नता भएका बालबालिकालाई स्टेशनरी, झोला तथा विद्यालय पोशाक सहयोग गर्ने गरिएको छ ।
५. बालविकास केन्द्रलाई विद्यालयको छानाभित्र ल्याई बालविकास शिक्षाको अनुभव सहित आधारभूत तहको कक्षा १ मा भर्नादर बढाउन बालबालिका सहजकर्ताहरुलाई नगरपालिकाको आन्तरिक स्रोतबाट थप तलबभत्ता, वृत्ति विकासको लागि तालिम तथा बालविकास कक्षाको लागि आवश्यक पूर्वाधार विकासमा सहयोग गरिएको छ ।

६. आधारभूत तह तथा माध्यमिक तहमा विद्यार्थी अनुपातको आधारमा शिक्षकको व्यवस्थापन, विषयगत शिक्षकको व्यवस्था गरिएको छ ।
७. विद्यार्थीको सिकाइ उपलब्धि सुधार्न नगरस्तरीय परीक्षा सञ्चालन, अनुगमन, परीक्षाफल विश्लेषण र आवश्यक पृष्ठपोषण प्रदान गर्ने गरिएको छ ।
८. सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समितिलाई सबल बनाउन समय समयमा विद्यालय व्यवस्थापन सम्बन्धी तालिम तथा गोष्ठीको आयोजना गरिएको छ ।
९. शिक्षकको पेशागत विकास तथा असल शिक्षण अनुभव र अभ्यासलाई आदानप्रदान गर्न विषय शिक्षकहरुको समिति गठन गरिएको छ ।
१०. स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याइएको र शिक्षकहरुलाई स्थानीय पाठ्यक्रम शिक्षणमा सहजीकरण गर्ने उद्देश्यले स्थानीय पाठ्यक्रम शिक्षण सन्दर्भ सामग्री निर्माण गरी प्रत्येक विद्यालयहरुमा उपलब्ध गराइएको छ ।
११. एकीकृत पाठ्यक्रम तथा नयाँ पाठ्यक्रम कार्यान्वयनको लागि पाठ्यक्रम प्रबोधीकरण कार्यक्रम सञ्चालन गरिएको छ ।
१२. सबै माध्यमिक विद्यालयहरुमा सूचना र सञ्चार प्रविधिको पहुँच पुगेको छ । आधारभूत तहमा पनि शिक्षालाई प्रविधिसँग जोडी प्रविधिमैत्री शिक्षाको पहुँचलाई बिस्तार गर्ने रणनीति बनाइएको छ ।
१३. प्राविधिक विषयमा विद्यार्थीको पहुँच बढाउन प्राविधिक धार सञ्चालन भएका विद्यालयहरुलाई पूर्वाधार विकासमा सहयोग गरिएको छ । नियमित विद्यालयमा उपस्थिति हुन नसक्ने, कक्षा १० उत्तीर्ण नगरी विद्यालय छोड्ने विद्यार्थीहरुलाई खुला विद्यालयबाट एस.ई.ई. परीक्षामा सहभागी हुने व्यवस्थाका लागि आवश्यक सहजीकरणमा सहयोग गरिएको छ ।
१४. संस्थागत विद्यालयले सञ्चालनमा ल्याएका पाठ्यपुस्तकहरु नेपाल सरकारले तोके बमोजिम भए नभएको अनुगमन गर्ने, ती विद्यालयहरुले तोकेको शुल्क, विषयगत शिक्षकको अवस्था तथा भौतिक पूर्वाधारको अनुगमन गरी सुधारका लागि आवश्यक सुझाव तथा पृष्ठपोषण प्रदान गरिएको छ ।
१५. कक्षा १ देखि ५ कक्षासम्मको लागि विद्यालय खाजा कार्यक्रमको अनुगमन गरी विद्यालय खाजा कार्यक्रम तथा विद्यालय पोषण कार्यक्रममा अभिभावकको सहभागिताको लागि उत्प्रेरित गरिएको छ ।
१६. विद्यार्थीको चौतर्फी विकासको लागि विद्यार्थी प्रतिभा पहिचान कार्यक्रम, विद्यालय खेलकुद विकासको लागि राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता तथा शिक्षक प्रतिभा पहिचान जस्ता कार्यक्रमको आयोजना तथा समन्वय गरिएको छ ।
१७. नगर क्षेत्रका सामुदायिक सिकाइ केन्द्र, सामुदायिक पुस्तकालय तथा शिक्षासँग सम्बन्धित संघसंस्थालाई शैक्षिक विकासका कार्यक्रमका लागि आवश्यक सहयोग गर्रिदै आएको छ ।
१८. नगरपालिकामा रहेको सामुदायिक क्याम्पसको भौतिक तथा शैक्षिक पूर्वाधार निर्माणमा नियमित सहयोग गरी नगरबासीलाई गुणस्तरीय उच्चशिक्षाको अवसर उपलब्ध गराउन सहयोग गरिएको छ ।

**सुधारापेक्षी पक्ष/कमजोरी**

बेसीशहर नगरपालिकाको शैक्षिक विकासका सबालमा केही सबल पक्षहरु देखिएतापनि SWOT विश्लेषणले केही कमजोरीलाई पनि उजागर गरेको छ, जसलाई निम्नानुसार उल्लेख गरिएको छ ।

१. सामुदायिक विद्यालयहरुमा विद्यार्थी भर्नादर बढाउन नसकिएको ।

२. सबै सामुदायिक विद्यालयको सिकाइ उपलब्धिमा उल्लेख्य सुधार हुन नसकेको र संस्थागत विद्यालयहरुमा गुणात्मक भन्दा परिमाणात्मक पक्षमा जोड दिएको विद्यालय शिक्षाका लागि जिल्ला बाहिर जाने जनशक्ति रोक्न नसकिएको ।

३. नगरपालिकाको शिक्षा शाखामा न्यूनतम् जनशक्तिको अभावका कारण नियमित विद्यालय सुपरीवेक्षण, अनुगमन र पृष्ठपोषण प्रदान गर्न नसकिएको ।

४. कक्षा १-३ मा एकीकृत पाठ्यक्रम र निरन्तर मूल्याङ्कनलाई प्रभावकारी ढंगमा कार्यान्वयन गर्न नसकिएको ।

५. नयाँ पाठ्यक्रम लागु हुनुपूर्व प्रभावकारी ढंगबाट नगरपालिकाका शिक्षकहरुलाई प्रबोधीकरणको व्यवस्था गर्न नसकिएको ।

६. शिक्षणलाई प्रविधिमैत्री बनाइ सूचना र सञ्चार प्रविधिलाई शिक्षणमा एकीकृत गर्न विद्यालयहरुमा प्रविधिमा दक्ष कम्प्युटर शिक्षकको व्यवस्था गर्न नसकिएको ।

७. ठूलो संख्यामा विद्यालय शिक्षाका लागि ठूला शहरहरुमा स्थानान्तरण हुने विद्यार्थीहरुलाई नगरपालिकाभित्रकै विद्यालयहरुमा रोक्न नसकिएको ।

८. विषयगत शिक्षक समूह गठन भएतापनि बजेटको अभाव तथा स्पष्ट योजनाको कमीका कारण सक्रिय रुपमा कार्यान्वयनमा आउन नसकेको ।

९. सबै सामुदायिक विद्यालयहरुमा विषयगत शिक्षकको व्यवस्था गर्न नसकिएको, शिक्षकको पेशागत विकासका लागि निरन्तर शिक्षक विकास कार्यक्रम कार्यान्वयनमा ल्याउन नसकिएको ।

१०. विद्यालयका पूर्वाधारहरुलाई पूर्णरुपमा अपाङ्गमैत्री, विपद् जोखिमबाट बच्च सक्ने तथा उत्थानशील शिक्षाको लागि तयार बनाउन नसकिएको ।

११. विद्यालय छोड्ने दर घटाउन, अपाङ्गता तथा आर्थिक रुपले विपन्न एवम् पिछडिएका वर्गका बालबालिकाहरुको शिक्षामा पहुँच बढाउन विशेष कार्यक्रम ल्याउन नसकिएको ।

१२. अभिभावक लक्षित सचेतनामूलक अभिभावक शिक्षा कार्यक्रम लागु गर्न नसकिएको ।

१३. विद्यालय व्यवस्थापन समिति, विद्यालय प्रशासन तथा शिक्षकहरुमा अपनत्व, सुशासन, जिम्मेवारी तथा जवाफदेहिताको प्रत्याभूति गराउन नसकिएको ।

१४. कतिपय विद्यालयहरुको अभिलेखीकरणलाई प्रभावकारी बनाउन नसकिएको ।

१५. संस्थागत विद्यालयहरुमा लगाइएको पाठ्यक्रम, पाठ्यपुस्तक, परीक्षा प्रणालीको प्रभावकारी अनुगमन हुन नसकेको, आवश्यक योग्यता पुगेका शिक्षकहरुको व्यवस्था र शिक्षकहरुको पेशागत सुरक्षालाई सम्बोधन हुने कार्यक्रम तथा उपलब्ध सुविधाको आधारमा वैज्ञानिक ढंगले शुल्क निर्धारण गर्ने व्यवस्था गर्न नसकिएको ।

**अवसर**

१. नगरपालिकाको विद्यालय शिक्षाको विकासका लागि वैधानिक तथा कानुनी आधारहरु प्राप्त हुनु ।

२. स्थानीय शिक्षा सञ्चालन ऐनले शिक्षाका अधिकार स्थानीय तहमा प्रदान गर्नु ।

३. तीन तहको सरकार तथा अन्य संघसंस्थाबाट शिक्षामा लगानी गर्न सकिने वातावरण हुनु ।

४. सूचना र सञ्चार प्रविधिको प्रयोगमा बिस्तार हुनु, संघ तथा प्रदेश सरकारले पनि विभिन्न कार्यक्रम मार्फत सूचना र सञ्चार प्रविधिलाई सहयोग गर्ने परियोजनाहरु कार्यान्वयनमा ल्याउनु ।

५. नगरपालिकाले स्थानीय आवश्यकता, शिक्षा सम्बन्धी समस्या पहिचान गरी योजनाबद्ध विकासको लागि शिक्षा योजना निर्माण गरी कार्यान्वयन गर्न सक्ने ।
६. बेसीशहर नगर क्षेत्रमा रहेका संस्थागत र सामुदायिक विद्यालयहरुबीच Public-Private Partnership कार्यक्रम मार्फत शैक्षिक गुणस्तर उकास्न सकिने ।
७. स्थानीय पाठ्यक्रममा वातावरण संरक्षण, हरित विद्यालय निर्माण, जलवायु परिवर्तनसम्बन्धी विषयवस्तु समावेश गरी निर्माण र कार्यान्वयनको अवसर हुनु ।
८. स्थानीय तहमा भएको रैथाने ज्ञान, सीप र प्रविधिलाई आन्तरिकीकरण गर्नु ।

**चुनौती**

१. विद्यालय शिक्षालाई स्थानीय सरकारको मातहतमा रहेको संवैधानिक र कानुनी व्यवस्था भएपनि संघीय सरकारको शिक्षा ऐन निर्माण हुन नसकेको अवस्थामा स्थानीय सरकारले निर्माण गरेका शिक्षा सम्बन्धी रणनीतिलाई कार्यान्वयनमा ल्याउन ।
२. प्रदेश सरकारको निजामती सेवा ऐन निर्माण हुन नसकेकोले नगरपालिकाको शिक्षा शाखामा आवश्यक विद्यालय निरीक्षक तथा प्राविधिक ज्ञान भएको जनशक्ति व्यवस्थापन गर्न ।
३. सामुदायिक विद्यालयहरुमा आर्थिक व्यवस्थापन तथा निजी शिक्षक व्यवस्थापनका लागि विभिन्न शीर्षकमा अभिभावकहरुसँग आर्थिक सहयोग लिनुपर्ने अवस्थाका कारण संविधानले व्यवस्था गरेबमोजिम निःशुल्क शिक्षाको प्रबन्ध गर्न ।
४. नगर क्षेत्रमा केही बालबालिकाहरु अझपनि विद्यालयबाट बाहिर रहेका, विद्यालय छोड्ने दर घटाउन तथा कक्षा १ मा भर्ना भएकामध्ये कक्षा १० सम्म पुग्न नसक्ने विद्यार्थीहरुको संख्यामा उल्लेख्य सुधार गर्न ।
५. सामुदायिक विद्यालयप्रति अभिभावकहरुको आकर्षण बढाउन, निजी विद्यालयलाई नाफामुखी भन्दा बढी सेवामुखी बनाउन, शिक्षामा समता र समावेशीकरणको सुनिश्चितता गर्न ।
६. सबै विद्यालयमा इन्टरनेट तथा सूचना प्रविधिको पहुँच पुऱ्याउन, शिक्षालाई प्रविधिमैत्री बनाउन शिक्षकहरुको क्षमता विकास गर्न तथा दिवा खाजा व्यवस्थापनलाई स्थानीय उत्पादनसँग जोड्न ।
७. लैङ्गिक, भाषिक, भौगोलिक, आर्थिक, शारीरिक अपाङ्गता, जातजाति आदिको विविधताका कारण सबै बालबालिकालाई गुणस्तरीय शिक्षा प्रदान गर्न कठिन ।
८. विपद्को अवस्थाको व्यवस्थापन र त्यस्ता समयमा वैकल्पिक माध्यमबाट सिकाई अवसर प्रदान गर्न आपतकालीन स्रोतसाधनको कमी ।
९. जनसाङ्ख्यिक समूहहरुको विविधताका कारण आजीवन सिकाइको पहिचानमा विविधता र समान अवसर सुनिश्चित् गर्न कठीन ।
१०. स्थानीय परिवेशमा भैरहेको विद्यालय शिक्षक दरबन्दीलाई न्यायोचित वितरण गर्न कठिन ।
११. नगर क्षेत्रका संस्थागत विद्यालयहरुमा न्यूनतम् योग्यता पुगेका र अध्यापन अनुमतिपत्र भएका विषयगत शिक्षकहरुको व्यवस्थापन गर्न ।

### १.५ अपेक्षित मुख्य उपलब्धि

योजनाको अन्त्य सम्ममा निम्नानुसारको उपलब्धि प्राप्त हुने अपेक्षा गरिएको छ ।

१) सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित् भएको हुने ।

२) अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित् भई गुणस्तर अभिवृद्धि भएको हुने ।

३) माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित् भई सान्दर्भिकता र गुणस्तरमा सुधार भएको हुने ।

४) नगर क्षेत्रमा बसोबास गर्ने सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त भएको हुने ।

५) शिक्षा प्रशासन सञ्चालन गर्ने निकाय तथा सबै विद्यालयहरूमा सुशासन प्रवर्द्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीमा विकास भएको हुने ।

६) राष्ट्रिय तथा स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन भएको हुने ।

७) सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइ सुधार भएको हुने ।

८) विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागिता सहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित् भएको हुने ।

९) बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार भई सिकाइमा सुधार हुन सहयोग भएको हुने ।

१०) आपत्कालीन तथा सङ्कटपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित् भएको हुने ।

११) सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक अवस्थासहितको विद्यालयमा अध्ययन गर्ने अवसर प्राप्त भएको हुने ।

१२) विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी, गुणस्तरीय तथा सान्दर्भिक बनाउन सहयोग भएको हुने ।

१३) प्राविधिक तथा व्यवसायिक शिक्षामा इच्छुक नागरिकको सहजै पहुँच पुगेको हुने ।

१४) उच्च शिक्षा प्रदायक संस्थाहरूको सञ्चालन तथा व्यवस्थापनमा आवश्यक पर्ने सहयोग र समन्वय प्राप्त भएको हुने ।

१५) अपाङ्गता भएका बालबालिकाहरूले विशेष शिक्षा र समावेशी शिक्षाका माध्यमबाट उपयुक्त शैक्षिक अवसरहरू प्राप्त भएको हुने ।

१६) विद्यालयको निरीक्षण, अनुगमन तथा मूल्याङ्कन प्रभावकारी र नतिजामूलक भएको हुने ।

१७) विद्यालयमा कार्यरत शिक्षकहरूलाई पेसागत विकास र निरन्तर सहयोगको अवसर प्राप्त भएको हुने ।

१८) संस्थागत विद्यालयहरूको प्रभावकारी र न्यायसंगत ढङ्गले नियमन गरिएको हुने ।

१९) सम्पूर्ण तहमा आवश्यक पर्ने न्यूनतम् विषयगत शिक्षकको व्यवस्थापन भएको हुने ।

२०) नक्साङ्कनका आधारमा विद्यालयहरूको स्थापना, पुर्नवितरण तथा समायोजन भएको हुने ।

# परिच्छेद २
# दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

## २.१ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनुपर्ने आधार

बेसीशहर नगरपालिकाको पञ्चबर्षीय शिक्षा योजना निर्माण गर्दा नेपालको संविधान २०७२ ले राखेको शिक्षा सम्बन्धी प्रावधान, स्थानीय सरकार सञ्चालन सम्बन्धी ऐन, २०७४ को दफा ११ (२) ज मा व्यवस्था भएको स्थानीय तहका शिक्षासम्बन्धी काम, कर्तव्य र अधिकार, संघ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन, २०७७, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ र नियमावली २०७७, आदि दस्तावेजलाई आधार मानिएको छ। यसका अतिरिक्त शिक्षा सम्बन्धी विभिन्न परियोजनाहरु जस्तै विद्यालय क्षेत्र विकास योजना (SSDP) आदिले नेपालको समग्र शिक्षाको विकासमा राखेको कार्यक्रम र स्थानीय तहको भूमिका सम्बन्धी विषयवस्तुलाई पनि शिक्षा योजनामा समावेश गरिएको छ। उल्लेखित नीति, ऐन, नियम र अन्य दस्तावेजको प्रावधानलाई योजनाको लक्ष्यमा प्रतिबिम्वित गरिएको छ।

### २.१.१ संवैधानिक प्रावधान

**धारा ३१**

१. प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ ।

२. प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ ।

३. अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुनबमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ ।

४. दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइसम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानुनबमोजिम निःशुल्क शिक्षा पाउने हक हुने छ ।

५. नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ ।

**धारा ५१ राज्यका नीतिः** <u>(ज) नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीतिः</u>

१. शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यवसायिक, सिपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने ।

२. शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने ।

३. उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँचयोग्य बनाई क्रमशः निःशुल्क बनाउँदै लैजाने ।

४. नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्द्धन गर्ने ।

यसै गरी धारा ३८ को महिलाको हकसम्बन्धी उपधारा ५, धारा ३९ को बालबालिकाको हकसम्बन्धी उपधारा २, ३, ७ र ९, धारा ४० को दलितको हकसम्बन्धी उपधारा २, धारा ४२ को सामाजिक न्यायको हकसम्बन्धी उपधारा २ र ५ मा पनि लक्षित समूहका लागि शिक्षासम्बन्धी विशेष व्यवस्था गरिएको छ।

## २.१.२ स्थानीय सरकार सञ्चालन सम्बन्धी ऐन, २०७४

दफा ११ (२) ज **(स्थानीय तहका शिक्षा सम्बन्धी काम, कर्तव्य र अधिकार)**

१. प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षासम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन
२. सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन
३. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, अनुमति, अनुगमन, मूल्याङ्कन र नियमन,
४. मातृभाषामा शिक्षा दिने अनुमति, अनुगमन तथा नियमन
५. गाभिएका वा बन्द गरिएका विद्यालयको सम्पत्ति व्यवस्थापन
६. गाउँ तथा नगर शिक्षा समिति गठन तथा व्यवस्थापन
७. विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन
८. विद्यालयको नामकरण
९. सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन
१०. विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्रीको वितरण
११. सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान
१२. विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन
१३. सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन
१४. आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन
१५. विद्यार्थी सिकाइ उपलब्धिको परीक्षण र व्यवस्थापन
१६. निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन
१७. ट्युसन, कोचिङजस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन
१८. स्थानीयस्तरको शैक्षिक ज्ञान, सिप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण
१९. स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन
२०. माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन
२१. सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन
२२. शिक्षण सिकाइ, शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास
२३. अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन

दफा २४ योजना बनाई कार्यान्वयन गर्नेः

क) गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषयक्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाइ लागु गर्नुपर्नेछ ।

ख) योजना बनाउँदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपत् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिनुपर्ने छ ।

ग) योजना बनाउँदा देहायका विषयलाई प्राथमिकता दिनुपर्नेछः

- आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने
- उत्पादनमुलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने
- जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने
- स्थानीय बासिन्दाहरूको सहभागिता जुट्ने, स्वयम्सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने
- स्थानीय स्रोत, साधन र सिपको अधिकतम प्रयोग हुने
- महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने
- लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने
- दिगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुऱ्याउने
- भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुऱ्याउने

घ) योजना तर्जुमा र कार्यान्वयन गर्दा अधिकतम जनसहभागिता गर्नुपर्ने छ ।

ङ) अनुगमन तथा मूल्याङ्कन योजना तयार गर्नुपर्छ ।

### २.१.३ सङ्घ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन, २०७७ (योजना निर्माण सम्बन्धी):

क) आयोजना तर्जुमा र कार्यान्वयनः (दफा १३ मा भएको योजना तर्जुमा सम्बन्धी व्यवस्था)

- स्थानीय तहभित्र पर्ने र स्थानीय तहबाट कार्यान्वयन हुने स्थानीयस्तरीय आयोजनाको तर्जुमा स्थानीय तहले गर्नेछ ।
- प्रदेश र स्थानीय तहले आयोजना तर्जुमा, बजेट व्यवस्था तथा कार्यान्वयन गर्दा सङ्घीय कानूनले निर्धारण गरेको मापदण्डको आधारमा गर्नुपर्नेछ ।
- सङ्घले आयोजना तर्जुमा गर्दा प्रदेश वा स्थानीय तह मार्फत कार्यान्वयन हुने गरी गर्ने सक्नेछ र त्यस्तो आयोजना सम्बन्धित प्रदेश वा स्थानीय तहले कार्यान्वयन गर्नुपर्नेछ ।

### २.१.४ अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ र नियमावली २०७७

१. दफा ६ मा अनिवार्य शिक्षा प्रदान गर्नुपर्ने व्यवस्थाः स्थानीय तह मार्फत राज्यले चार वर्ष पूरा भई तेह्र वर्ष उमेर पूरा नभएको प्रत्येक बालबालिकालाई आधारभूत तहसम्म अनिवार्य शिक्षा प्रदान गर्ने व्यवस्था गर्नुपर्नेछ ।

२. चार वर्ष उमेर पूरा भएपछि कम्तीमा एक वर्षको प्रारम्भिक बाल विकास तथा शिक्षा प्रदान गर्नुपर्नेछ ।

३. दफा १४अनुसार आधारभूत तहसम्म वैकल्पिक शिक्षाको व्यवस्था गर्न सकिने ।
४. दफा १५ अनुसार माध्यमिक तहमा अनौपचारिक तथा खुला शिक्षा प्रदान गर्ने ।
५. दफा १६ अनुसार परम्परागत शिक्षा प्रदान गर्न सकिने
६. दफा १७ मा प्राविधिक शिक्षासम्बन्धी व्यवस्था
७. दफा १८ मा अभिभावक नभएका बालबालिकाको शिक्षा
८. दफा २० माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुने
९. पाठ्यपुस्तक उपलब्ध गराउने, शैक्षिक सामग्री प्रदान गर्ने, छात्रवृत्ति प्रदान गर्ने, स्वास्थ्य उपचारको प्रबन्ध, दिवा खाजाको व्यवस्था मिलाउने आदि व्यवस्था
१०. साक्षरता कार्यक्रम सञ्चालन गर्नेः स्थानीय तहले निरक्षर नागरिकलाई साक्षर बनाउन आवश्यकताअनुसार क) सामुदायिक सिकाई केन्द्र, ख) आधारभूत प्रौढ शिक्षा ग) परम्परागत तथा अनौपचारिक शिक्षाका अन्य माध्यम । (नियम ३)
११. आर्थिक, भौगोलिक, शारीरिक वा मानसिक अवस्था वा अन्य कुनै प्रतिकुलताका कारण विद्यालय जान नसकेका बालबालिका, अभिभावकको पहिचान नभएका वा पत्ता नलागेका बालबालिकाका लागि आवास सुबिधासहित अध्ययनको व्यवस्था मिलाउनुपर्छ । (नियम ४)
१२. माध्यमिक तहसम्मको शिक्षामा शुल्क लिन नहुनेः क) विद्यार्थी भर्ना शुल्क, ख) मासिक पढाई शुल्क, ग) परीक्षा शुल्क, पाठ्यपुस्तक बापतको रकम । (नियम ५)
१३. छात्रवृत्ति तथा विशेष व्यवस्थाः (ब्रेल पाठ्यपुस्तक, सांकेतिक भाषामा पाठ्य तथा सिकाइ सामग्री, स्रोतकक्षा, अशक्तका लागि घुम्ती शैक्षिक सेवा वा आवासीय सुबिधासहितको विद्यालय शिक्षा, दिवा खाजा, विद्यालय पोसाक, शैक्षिक सामग्री आदि) । (नियम ६)
१४. जनआन्दोलन, सशस्त्र संघर्ष, क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने शहिद, बेपत्ता पारिएका व्यक्ति, द्वन्द्व पीडित, घाइते तथा अपाङ्गता भएका व्यक्तिका छोराछोरीलाई आधारभूत तहसम्मको विद्यालय शिक्षामा दिवा खाजा, पोसाक तथा स्टेशनरी वापतको छात्रवृत्तिमा आवश्यकता र उपलब्धताको आधारमा विशेष अवसर प्रदान गर्ने छ ।

## २.२ दूरदृष्टि

“बेसीशहर नगरपालिकाको इच्छा, सामाजिक न्यायमा आधारित गुणस्तरीय र प्रविधिमैत्री शिक्षा ।”

## २.३ लक्ष्य

विद्यालय जाने उमेर समूहका सबै बालबालिकालाई समावेशिता विना भेदभाव, बालमैत्री र भयरहित वातावरणमा गुणस्तरीय शिक्षा प्राप्त गरी दक्ष, प्रतिस्पर्धी, र श्रमलाई सम्मान गर्ने वैज्ञानिक सोच बोकेका सिर्जनशील, रचनात्मक र नैतिकवान नागरिक उत्पादन गर्ने ।

## २.४ उद्देश्य

यस योजनाको प्रमुख उद्देश्य नेपालको संविधानले परिकल्पना गरेअनुसार शिक्षाको पहुँच, गुणस्तर, समता, दक्षता र सुशासनमा सुधार ल्याई संघ र प्रदेश सरकारसँग समन्वय, सहकार्यका माध्यमबाट सबै नागरिकको जीवनोपयोगी र सीपमूलक शिक्षाको अवसर सुनिश्चित् गर्नु हो । यस योजनाका विशिष्ट उद्देश्यहरु निम्नानुसार रहेका छन् ।

१. सबै बालबालिकाहरूका लागि सर्वाङ्गीण विकासमा केन्द्रित गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित् गर्नु ।
२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षामा समतामूलक पहुँच सुनिश्चित् गरी शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी र प्रविधिमैत्री बनाउनु ।
३. आधारभूत तथा माध्यमिक तहको शिक्षामा सुधार गरी पाठ्यक्रमले तोकेबमोजिमका सिकाइ उपलब्धि हासिल गर्न शिक्षामा गुणस्तर सुनिश्चित् गर्नु । आधारभूत तहका कक्षा १-३ मा एकीकृत पाठ्यक्रमलाई प्रभावकारी रुपले कार्यान्वयन ल्याउन र निरन्तर विद्यार्थी मूल्याङ्कनलाई अनिवार्य बनाउन सहजीकरण र अनुगमन गर्नु ।
४. अनौपचारिक शिक्षा र आजीवन सिकाइका अवसर सुनिश्चित् गरी शिक्षालाई सीप विकास र आयआर्जनसँग आवद्ध गर्नु । सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित् गरी सक्षम र प्रतिस्पर्धी नागरिक तयार गर्नु ।
५. विद्यालयलाई आवश्यक पर्ने न्यूनतम् भौतिक पूर्वाधारलाई लैङ्गिकमैत्री र अपाङ्गमैत्री बनाइ बालमैत्री वातावरणमा विना भेदभाव भयरहित वातावरणमा सिक्ने र सिकाउने व्यवस्था मिलाउनु ।
६. प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको विकास एवम् विस्तार गरी उत्पादनमुखी र सक्षम जनशक्ति उत्पादन गर्नु । 'विद्यालयमा सिक्दै कमाउने' कार्यक्रम लागु गरी विद्यार्थीहरुमा उद्यमशीलता सम्बन्धी सीप र धारणा विकास गर्ने ।
७. सार्वजनिक तथा निजी शैक्षिक क्षेत्रका विद्यमान असल अभ्यासलाई सम्मिलन गर्दै निजी लगानीका शिक्षण संस्थाहरूको प्रभावकारी परिचालन, नियमन एवम् सार्वजनिक शिक्षा प्रणालीको रूपान्तरणको प्रक्रियामा सबलीकरण गर्न Private-Public Partnership कार्यक्रम लागु गर्नु ।
८. नगरपालिकाको शिक्षा हेर्ने निकाय र सबै प्रकारका शैक्षिक संस्थाहरूमा सुशासन प्रवर्द्धन गरी बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास गर्नु ।
९. शिक्षा प्राप्तिको संवैधानिक र कानुनी दायित्व पूरा गर्न नगरपालिकाको प्राथमिकताका आधारमा पर्याप्तता, समन्यायिकता र प्रतिफलमुखी हुने गरी शैक्षिक लगानी सुनिश्चित् गर्नु ।
१०. उच्च शिक्षा प्रदायक संस्थाहरूको संरचनागत तथा कार्यात्मक क्षमता विकासमा सहयोग गर्नु ।
११. नेपाल सरकारबाट स्वीकृत राष्ट्रिय पाठ्यक्रम र नगरपालिकाबाट स्वीकृत स्थानीय पाठ्यक्रम र पाठ्यसामग्रीको प्रभावकारी कार्यान्वयन गर्नु ।
१२. विपद् तथा महामारीका समयमा समेत सिकाइलाई निरन्तरता दिनसक्ने गरी हुनसक्ने उत्थानशील शिक्षा (Resilient Education) को लागि आवश्यक पूर्वाधार निर्माण गर्नु ।
१३. विद्यालय व्यवस्थापनमा सुशासन कायम गर्न नेतृत्व विकास, जवाफदेहिता र उत्तरदायित्वमा सुधार गर्नु ।
१४. संघ र प्रदेश सरकारसंग समन्वय गरी विद्यार्थी संख्याको अनुपातमा तहगत र विषयगत शिक्षक र कर्मचारी व्यवस्थापन गर्नु ।
१५. नगर क्षेत्रका विद्यालयहरुमा शिक्षण भाषा कार्यान्वयनको लागि नगरस्तरीय भाषिक नीति निर्माण गर्नु ।
१६. शिक्षालाई अनुसन्धानसँग जोडी शिक्षण र सिकाइलाई अनुसन्धानमूलक बनाउनु ।
१७. नगरपालिकाभित्रका उच्च शैक्षिक संस्थाहरुको अनुसन्धान एकाई र विद्यालयबीच समन्वय गरी शिक्षकहरुलाई आफ्नो विषयसँग सम्बन्धित अनुसन्धान जस्तै कार्यमूलक अनुसन्धान गरी शिक्षणमा सुधार उत्प्रेरित गर्नु ।

## २.५ रणनीति

### १. बालविकास र पोषण

- बालविकास केन्द्रका बालबालिकाहरुलाई पोषण, स्याहार र मनोरञ्जन सहितको एक वर्षको गुणस्तरीय शिक्षा अनिवार्य गराउने ।
- लोपोन्मुख, अपाङ्गता भएका, विपन्न, द्वन्द्व प्रभावित र जोखिमयुक्त बालबालिकालाई विशेष सुविधा प्रदान गर्ने ।

### २. गुणस्तरीय शिक्षा र आधारभूत पूर्वाधार

- अनिवार्य र निःशुल्क आधारभूत तथा माध्यमिक शिक्षाका गुणस्तर मापदण्ड विकास गरी बालबालिकाको समतामूलक पहुँच सुनिश्चित् गर्ने ।
- अपाङ्गतामैत्री विद्यालय वातावरण निर्माण गर्दै अपाङ्ग बालबालिकाको शिक्षामा पहुँच सुनिश्चित् गर्ने ।
- विपद् तथा महामारीमा शिक्षाको निरन्तरता सुनिश्चित् गर्न उत्थानशील पूर्वाधार विकास गर्ने ।

### ३. विद्यालय सुधार

- आधारभूत पूर्वाधार, दक्ष जनशक्ति र स्रोत साधनले सम्पन्न विद्यालयको प्रतिस्पर्धात्मक तथा प्रभावकारी सिकाइ वातावरण सुनिश्चित् गर्ने ।
- नगरस्तरीय आवधिक परीक्षा सञ्चालन गरी विद्यार्थी मूल्याङ्कन गर्ने र विद्यार्थीको सिकाइ उपलब्धिको विश्लेषण गरी पृष्ठपोषण प्रदान गर्ने । संस्थागत विद्यालयलाई पनि नगरस्तरीय मूल्याङ्कन प्रक्रियाभित्र ल्याउने ।

### ४. पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षणको माध्यम भाषा

- नगरस्तरीय स्थानीय पाठ्यक्रम र शिक्षण सहजीकरण सामग्री निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्ने ।
- सामुदायिक तथा संस्थागत विद्यालयमा लागु गरिएका पाठ्यपुस्तकहरु पाठ्यक्रम विकास केन्द्रले तोकेबमोजिम भए/नभएको अनुगमन गर्ने ।
- नगरपालिकाका विद्यालयहरुमा शिक्षणको माध्यम भाषा सम्बन्धी भाषिक नीति निर्माण गरी सामुदायिक विद्यालयमा एकै किसिमको माध्यम भाषा लागु गर्ने ।

### ५. संस्थागत सुधार

- विद्यालय व्यवस्थापन समितिहरुलाई सशक्त बनाउँदै पारदर्शी र जिम्मेवार बनाउने ।
- शिक्षक नियुक्ति प्रणालीलाई निष्पक्ष र प्रभावकारी बनाउँदै योग्यतम जनशक्तिको व्यवस्थापन गर्ने ।

### ६. प्रविधिमैत्री शिक्षा

- सूचना तथा प्रविधिको पहुँच बिस्तार गरी प्रविधिमैत्री शिक्षण प्रणालीलाई प्रवर्द्धन गर्ने ।

### ७. सीप र उद्यमशीलता

- प्राविधिक तथा व्यवसायिक शिक्षाको अवसर सिर्जना गरी आवश्यकताअनुसार सीपयुक्त र उद्यमशील जनशक्ति विकास गर्ने ।
- फुर्सदका समयमा विद्यार्थीहरुलाई लक्षित गरी अल्पकालीन व्यवसायिक तालिम तथा प्राविधिक सीप सिकाई स्वरोजगारतर्फ उन्मुख हुन उत्प्रेरित गर्ने ।

**८. समुदायमा निरन्तर शिक्षा र आयआर्जनका कार्यक्रमहरू**

- प्रत्येक वडामा निरन्तर शिक्षा र आयआर्जनका अवसर प्रदान गर्न सामुदायिक शिक्षा केन्द्रहरूको सुदृढीकरण गर्ने ।
- स्थानीय श्रम बजारमा पहुँच विस्तार गरी स्वरोजगार सिर्जना गर्न आयआर्जनसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने ।

**९. सामाजिक न्याय र जागरण**

- विभेद, हिंसा, दुर्व्यवहार र गलत परम्पराको अन्त्यका लागि विद्यालय र समुदायस्तरीय अभिभावक जागरण कार्यक्रम सञ्चालन गर्ने ।

**१०. शिक्षा र अनुसन्धान**

- हरेक शिक्षकले वर्षमा कम्तीमा एउटा सूक्ष्म अनुसन्धान गरी प्रतिवेदन तयार गर्नसक्ने क्षमताको विकास गर्न नगरस्तरीय अनुसन्धान सम्मेलन आयोजना गर्ने र ती अनुसन्धानमूलक प्रतिवेदनहरुलाई लेखको रुपमा विकास गरी शैक्षिक जर्नल प्रकाशन गर्ने ।
- शिक्षण र सिकाइलाई अनुसन्धानसँग जोड्न शिक्षकहरुलाई अनुसन्धनात्मक तालिम तथा कार्यशाला गोष्ठीको आयोजना गर्ने । हरेक वर्ष नगरस्तरीय अनुसन्धान सम्मेलन आयोजना गर्ने । शिक्षकहरुलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय अनुसन्धान सम्मेलनमा अनुसन्धानात्मक प्रस्तुतीकरणका लागि उत्प्रेरित गर्न आवश्यक सहयोग गर्ने ।

**११. नीति र कार्यक्रम कार्यान्वयन**

- संघ र प्रदेश सरकारका नीति तथा कार्यक्रमहरूसँग समन्वय गरी पालिकाका योजना र कार्यान्वयनमा तालमेल मिलाउने ।
- अभिभावक शिक्षा र शैक्षिक सहायता कार्यक्रमहरुको सञ्चालन गर्ने ।

**१२. शिक्षकको पेशागत विकास**

- शिक्षकको पेशागत विकास र वृत्तिविकासको लागि मागमा आधारित शिक्षक तालिम, विषयगत शिक्षकहरुको सम्मेलन आयोजना गर्ने ।
- पाठ्यक्रम कार्यान्वयन र मूल्याङ्कनको लागि निरन्तर प्रबोधीकरण कार्यक्रम आयोजना गर्ने ।

**१३. शिक्षक सहकार्य कार्यक्रम**

- शिक्षणमा एकरुपता ल्याउन तथा असल शिक्षण अनुभवलाई साटसाट गर्न अन्तरविद्यालय तथा अन्तरपालिकामा अल्पकालीन असल शिक्षण आदानप्रदान कार्यक्रम संचालन गर्ने ।

**१४. सिक्दै कमाउँदै कार्यक्रम**

- विद्यार्थीहरुलाई श्रमप्रति सम्मान गर्दै "सिक्दै कमाउँदै" कार्यक्रम अन्तर्गत स्थानीय स्रोत र साधनको परिचालन गर्दै रैथाने ज्ञान र सीपको प्रबर्द्धन गरी "Learn and Earn" कार्यक्रम संचालन गर्ने ।

**१५. उच्च शिक्षा**

- नगर क्षेत्रका उच्च शिक्षा प्रदायक सामुदायिक संस्थाहरुको स्तरोन्नति तथा पूर्वाधार विकासमा नियमित सहयोग गर्ने । नगर क्षेत्रका गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई उच्चशिक्षा अध्ययनको लागि छात्रवृत्तिको व्यवस्था गर्ने ।

## २.६ कार्यनीति

### क) प्रारम्भिक बालविकास

१. प्रारम्भिक बालविकासको अवस्था पहिचान गरी प्रारम्भिक बालविकास उमेर समूहका सबै बालबालिकाको सहज पहुँच सुनिश्चित् गर्न मापदण्डको आधारमा बालविकास केन्द्रहरू सञ्चालन गरिनेछ ।

२. प्रारम्भिक बालविकास केन्द्र सञ्चालनका लागि पोषण, स्याहार, मनोरञ्जन सहितको न्यूनतम् मापदण्ड विकास गरी खेलमा आधारित सिकाइ क्रियाकलापमा जोड दिन सहजकर्ताहरुलाई आवश्यक सहजीकरण गरिनेछ ।

३. प्रारम्भिक बालविकास केन्द्रलाई पर्याप्त सिकाइ सहजीकरणका सामग्रीहरु उपलब्ध गराइ अपेक्षित सीप विकासका लागि सक्षम बनाइनेछ ।

### ख) आधारभूत शिक्षा

१. प्रत्येक बालबालिकाले अनिवार्य र निःशुल्क आधारभूत शिक्षा प्राप्त गर्ने अधिकारको सुनिश्चित् गर्न गुणस्तरीय आधारभूत शिक्षा प्रदान गर्न आवश्यक वडास्तरीय कार्ययोजना निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।

२. अपाङ्गता भएका, सिमान्तकृत, लोपन्मुख एवम् अति बिपन्न समुदायका बालबालिकाकाको पहिचान गरी उनीहरुको वैयक्तिक क्षमताको आधारमा सिकाइ योजना निर्माण गरी सिकाइमा सहजीकरण गरिनेछ । विद्यालयका भौतिक संरचनालाई अपाङ्गमैत्री बनाइनेछ ।

३. कक्षा १-३ मा लागु भएको एकीकृत पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन तथा निरन्तर मूल्याङ्कनलाई व्यवस्थित गरिनेछ ।

४. ढिलो सिकाइ क्षमता भएका बालबालिकाहरुको शैक्षिक निरन्तरताको लागि आवश्यक उपचारात्मक सिकाइको अवसर सुनिश्चित् गरिनेछ ।

५. प्रत्येक विद्यालयमा *एक विद्यालय, एक पुस्तकालय*को अवधारणा अनुसार पुस्तकालयको प्रबन्ध गरी पठन संस्कृतिलाई प्रोत्साहन गर्ने कार्यक्रम ल्याइनेछ ।

६. आधारभूत तहदेखि नै प्रविधिमैत्री सिकाइलाई प्रोत्साहन गर्न एक विद्यालय, एक कम्प्युटर ल्याबको अवधारणा अनुसार संघ तथा प्रदेश सरकारसँगको समन्वय तथा नगरपालिकाको आन्तरिक स्रोतबाट प्रविधिसँग नगरप्रमुख कार्यक्रममार्फत प्रविधि विकासको लागि आवश्यक सहयोग गरिनेछ ।

७. हरेक महिनाको अन्तिम शुक्रबारलाई 'बुक फ्रि दिन' घोषणा गरी बालबालिकालाई पुस्तकभन्दा बाहिरका रैथाने ज्ञान र सीप सिक्ने प्रबन्ध मिलाइनेछ ।

८. स्थानीय मूल्य मान्यता, परम्परागत ज्ञान प्रविधि, सामाजिक तथा सांस्कृतिक पहिचान, संरक्षण तथा सम्वर्द्धन गर्न स्थानीय पाठ्यक्रमको कार्यान्वयनलाई प्रभावकारी बनाइनेछ ।

९. आधारभूत तहदेखि नै बालबालिकाहरूको प्रतिभाको खोजी गरी प्रतिभा प्रष्फुटनको लागि विभिन्न अतिरिक्त क्रियाकलाप सञ्चालन गरिनेछ ।

१०. समावेशी शिक्षण सिकाइका लागि आधारभूत ज्ञान र सीप विकास गरी समावेशी, लैङ्गिकमैत्री तथा बालमैत्री शिक्षण सिकाइको वातावरण सिर्जना गरिनेछ ।

११. आधारभूत तहमा विषयगत शिक्षक दरबन्दी मिलाइनेछ । संस्थागत विद्यालयहरुमा समेत न्यूनतम् विषयगत योग्यता पुगेका र अध्यापन अनुमतिपत्र लिएका शिक्षकहरुको व्यवस्था गर्न अनिवार्य बनाइनेछ ।

**ग) माध्यमिक शिक्षा**

१. माध्यमिक तहमा विषयगत शिक्षकको व्यवस्था गर्न शिक्षक दरबन्दी मिलान गर्दा प्रस्तावित मा.वि.को आवश्यकतालाई समेत मध्यनजरमा राखी शिक्षकहरुको व्यवस्थापन गरिनेछ । उच्च शैक्षिक योग्यता भएका तल्लो तहका शिक्षकहरुलाई विषय शिक्षकको आवश्यकता बमोजिम केही सहुलियत सहित माथिल्लो कक्षामा पढाउने व्यवस्था मिलाइनेछ । योग्यता पुगेका, नेतृत्व गर्नसक्ने क्षमता र दूरदृष्टि भएका शिक्षकहरुमध्येबाट प्रधानाध्यापक नियुक्ति गरिनेछ । संस्थागत विद्यालयहरुमा समेत न्यूनतम् विषयगत योग्यता पुगेका र अध्यापन अनुमतिपत्र लिएका शिक्षकहरुको व्यवस्था गर्न अनिवार्य बनाइनेछ ।

२. प्रत्येक माध्यमिक विद्यालयमा "एक विद्यालय, एक पुस्तकालय" र STEAM Education को अवधारणा अनुसार विषयगत प्रयागेशाला र सूचना सञ्चार तथा प्रविधि सम्बन्धी प्रयोगशालाको व्यवस्था गरी गुणस्तरीय शिक्षाको न्यूनतम् वातावरण निर्माण गरिनेछ ।

४. प्रत्येक विद्यालयका भौतिक संरचना तथा शिक्षण सिकाइ कियाकलापलाई अपाङ्गतामैत्री एवम् पहुँचयोग्य बनाइनेछ । हरेक विद्यालयमा लैङ्गिक सम्पर्क शिक्षकको व्यवस्था गरी लैङ्गिकमैत्री वातावरण निर्माण गरिनेछ ।

५. प्रत्येक विद्यालयमा विद्याथीहरूलाई निःशुल्क र सहजरूपमा सेनेटरी प्याड वितरण तथा व्यस्थापनको प्रबन्ध गरिनेछ ।

६. सम्भाव्यता र आवश्यकताका आधारमा नगरपालिकाभित्र प्राविधिक शिक्षा तथा व्यवसायिक धारका विद्यालयहरू सञ्चालन गरिनेछ ।

७. विद्यालयमा अध्ययनरत विद्यार्थीहरूमा श्रमप्रति सकारात्मक धारणा विकास गर्न तथा जीवनोपयोगी ज्ञान एवम् सीप विकासका लागि "सिक्दै कमाउँदै" (लघु कृषि कार्यक्रम) कार्यक्रम सञ्चालन गरिनेछ ।

८. माध्यमिक शिक्षामा अपाङ्गता भएका, सीमान्तकृत तथा अति विपन्न परिवारका बालबालिकालाई आवश्यक शैक्षिक सामग्रीहरू प्रबन्ध गरी माध्यमिक शिक्षासम्मको शिक्षालाई निरन्तरता दिन सहयोग गरिनेछ ।

९. कमजोर सिकाइ क्षमता भएका बालबालिकाहरुलाई सिकाइ समस्या समाधान गर्न र सिकाइ उपलब्धिमा सुधार गर्न उपचारात्मक शैक्षणिक सहयोग कार्यक्रम विकास गरी कार्यान्वयनमा ल्याइनेछ ।

१०. विपद् तथा अन्य महामारीमा सिकाइलाई निरन्तरता प्रदान गर्न सक्ने गरी भवनसंहिता अनुसार शैक्षिक पूर्वाधार निर्माण गरी शैक्षणिक सामग्रीको विकास गरी कार्यान्वयनमा ल्याइनेछ ।

११. प्रत्येक माध्यमिक विद्यालयका प्रधानाध्यापकहरूसँग कार्यसम्पादन करार गरी शैक्षिक व्यस्थापन तथा गुणस्तर सुधारमा जिम्मेवार बनाइनेछ ।

१२. प्रत्येक विद्यालयमा सामाजिक परीक्षण कार्यलाई संस्थागत गरी शैक्षिक प्रशासन तथा व्यवस्थापनप्रति शिक्षक, विद्यालय व्यवस्थापन समिति तथा प्रधानाध्यापकलाई जिम्मेवार र जवाफदेही बनाइनेछ ।

१३. शिक्षक तथा विद्यार्थीहरुबीच शैक्षिक सिकाइ आदानप्रदानको लागि नगरस्तरीय बृहत् शैक्षिक मेलाको आयोजना गरिनेछ ।

**घ) अनौपचारिक तथा वैकल्पिक शिक्षा**

१. प्रत्येक वडामा सामुदायिक सिकाइ केन्द्रको विस्तार गरिनेछ र साक्षरोत्तर कक्षा जीवनोपयोगी शिक्षा तथा अन्य पेसागत सीप हस्तान्तरणको थलोको रूपमा विकास गरिनेछ ।

२. सामुदायिक सिकाइ केन्द्रलाई क्रमशः आधुनिक ज्ञानमा आधारित समाजको अवधारणा अनुसार समुदायका सदस्यहरूलाई सशक्त बनाउन र आधुनिक सूचना, सञ्चार तथा प्रविधिको प्रयोगमा उत्प्रेरित गर्न डिजिटल साक्षरता सीप विकास गरिनेछ ।

३. स्थानीय आवश्यकता अनुसार सम्भावित आयमूलक कार्यक्रमहरू सञ्चालन गरी अनौपचारिक तथा वैकल्पिक शिक्षाका माध्यमबाट सिकाइएका ज्ञान र सीपलाई व्यवसायिक सीपसँग जोड्दै आयमूलक कार्यक्रमहरूको सञ्चालनलाई प्राथमिकता दिइनेछ ।

**ङ) शिक्षामा समावेशीकरण र लैङ्गिक सशक्तीकरण**

१. प्रत्येक विद्यालयमा लैङ्गिक सम्पर्क शिक्षकका रूपमा एकजना महिला शिक्षकलाई तोकी छात्राहरूका समस्याहरू समाधान गर्न आवश्यक परामर्श सेवा प्रदान गर्ने व्यवस्था गरिनेछ ।

२. विद्यालयमा कार्यरत महिला शिक्षकको विद्यालय व्यवस्थापन तथा नेतृत्व विकाससम्बन्धी सक्षमता विकास गरी विद्यालयको नेतृत्वका लागि प्रोत्साहित गरिनेछ ।

३. तोकिएका आधारमा अपाङ्गता भएका, कार्यगत सीमितता भएका, विपन्न, द्वन्द्वपीडित, अति सीमान्तकृत तथा दुर्वलत समुदायका बालबालिकाका लागि उच्च शिक्षासम्म लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

४. विद्यालय र समुदायका बालक्लब, युवा क्लब, तथा अन्य सामुदायिक सञ्जालहरू मार्फत अभिभावक सचेतना तथा सामाजिक जागरणका कार्यक्रमहरू सञ्चालन गरी समाजमा विद्यमान अन्धविश्वास, लैङ्गिक हिंसा, कुरीति, गलत मूल्य मान्यता, बालविवाह, दाइजो प्रथा, घरेलु हिंसा र सबै प्रकारका विभेदलाई निरुत्साहित गरिनेछ ।

**च) सुशासन तथा जवाफदेहिता**

१. विद्यालयहरूबाट सञ्चालित कार्यहरूमा सुशासन कायम गर्न सामाजिक परीक्षण र वित्तीय परीक्षणलाई नियमित गराई, सामाजिक परीक्षण प्रतिवेदन र आय-व्यय विवरणलाई नियमित रूपमा सार्वजनिक गरिनेछ ।

२. वडा शिक्षा समितिलाई आफ्नो वडा भित्रका विद्यालयको अनुगमन, रेखदेख, र सामाजिक परीक्षणमा पारदर्शिता कायम गर्दै जिम्मेवार बनाइ, शैक्षिक सुशासन र जवाफदेहिता अभिवृद्धि गरिनेछ ।

३. विद्यालय तहका कार्यहरूको सही कार्यान्वयन तथा शैक्षिक क्रियाकलापहरूमा सरोकारवालाहरूको सक्रिय सहभागिता सुनिश्चित् गर्न विद्यालय व्यवस्थापन समिति र शिक्षक-अभिभावक संघलाई जिम्मेवार बनाइनेछ ।

४. विद्यालयहरूमा गुनासो व्यवस्थापन प्रणाली लागु गरी गुनासो सुनुवाइ संयन्त्रलाई प्रभावकारी बनाइनेछ ।

### छ) प्राविधिक एवम् व्यवसायिक शिक्षा तथा तालिम

१. माग र आवश्यकताका आधारमा रोजगारी र उद्यमशीलता विकासका लागि प्राविधिक र व्यवसायिक शिक्षा तथा तालिमका अवसर विस्तार गरिनेछ । प्राविधिक तथा व्यवसायिक शिक्षा सञ्चालन गर्ने विद्यालय तथा संस्थाहरूको संस्थागत क्षमता अभिवृद्धि गरिनेछ ।

२. प्राविधिक धारका शिक्षा सञ्चालन गरेका संस्थाहरूको नियमन तथा भौतिक अवस्थाको सुधार गरी गुणस्तरीय शिक्षाको व्यवस्था मिलाइनेछ ।

३. प्राविधिक शिक्षामा दुर्वल, अपाङ्गता भएका व्यक्ति तथा विपन्न वर्गको पहुँच सुनिश्चित् गर्न छात्रवृत्ति उपलब्ध गराइनेछ ।

४. स्वरोजगार तथा उद्यमशीलता अभिवृद्धिका लागि तालिम प्रदायक संस्थाहरूसँग समन्वय र सहकार्य गरी मागमा आधारित छोटो तथा लामो अवधिका शैक्षिक कार्यक्रम र सीपमूलक तालिम सञ्चालन गरिनेछ ।

५. माध्यमिक तहका साधारणधारका विद्यार्थीहरुलाई समेत आवधिक सीप विकास कार्यक्रममा समावेश गरिनेछ ।

### ज) पाठ्यक्रम तथा पाठ्यसामग्री

१. नगरपालिकाभित्रका जातजाति, संस्कृति, विविधता र भौगोलिक विशिष्टतालाई प्रतिबिम्बित हुने गरी स्थानीय विषयको पाठ्यक्रममा आवश्यक परिमार्जन गरी शिक्षक निर्देशिका र पाठ्यसामग्रीहरू विकास गरिनेछ ।

२. सामुदायिक तथा संस्थागत विद्यालयमा स्वीकृत प्राप्त पाठ्यक्रम तथा पाठ्यपुस्तकहरूको प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाइनेछ ।

३. अनलाइन शिक्षण सिकाइका लागि डिजिटल पाठ्यसामग्री विकास गरी शिक्षकको क्षमता अभिवृद्धि र प्रयोगमा विशेष जोड दिइनेछ ।

४. खुला र दूर शिक्षा सिकाइलाई प्रभावकारी बनाउन विद्यालयमा सूचना, सञ्चार, र प्रविधि (ICT) को पहुँच विस्तार र विकास गरिनेछ ।

५. संस्थागत विद्यालय तथा सामुदायिक विद्यालयहरुले अंग्रेजी माध्यमका पाठ्यपुस्तक छनौट गर्दा विद्यार्थीहरुको सिकाइस्तर तथा पाठ्यक्रमसँग मेल खाए नखाएको अनुगमन गरिनेछ ।

### झ) शिक्षक तालिम तथा पेसागत विकास

१. विषयगत समितिहरू निर्माण गरी शिक्षक तालिम र पेसागत क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ । विषयगत शिक्षक समितिलाई तालिम, कार्यशाला गोष्ठी तथा सेमिनार सञ्चालन गर्न सहयोग गरिनेछ ।

२. नयाँ नियुक्त प्रधानाध्यापक, शिक्षक तथा कर्मचारीका लागि सेवा प्रवेश तालिम सञ्चालन गरिने छ । नवप्रवेशी शिक्षकहरुलाई सहजीकरण गर्न मेन्टरिङ कार्यक्रम सञ्चालन गरिनेछ ।

३. माग र आवश्यकताका आधारमा भौतिक उपस्थितिमा तथा भर्चुअल माध्यमबाट शिक्षक तालिम सञ्चालन गरिनेछ । शिक्षक तालिमलाई व्यवस्थित गर्न निजी तथा गैरसरकारी संस्थाहरूको सहकार्यमा जोड दिइनेछ ।

४. कार्यरत शिक्षकहरूको योग्यता अभिवृद्धिका लागि विश्वविद्यालय र खुला विश्वविद्यालयसँग सहकार्य र साझेदारी गरिनेछ ।
५. शिक्षकहरूलाई अनुसन्धानमूलक कार्यमा प्रेरित गर्न नगरस्तरीय अनुसन्धान सम्मेलन, अनुसन्धानात्मक तालिम तथा शिक्षक जर्नल विकास तथा प्रकाशन गरिनेछ ।
६. प्रधानाध्यापक र शिक्षकहरूको लागि असल अभ्यास आदानप्रदान गर्ने अवसर प्रदान गर्न अध्ययन भ्रमण कार्यक्रम सञ्चालन गरिनेछ ।
७. शिक्षकहरूको निरन्तर पेसागत सहयोगका लागि विषयगत समिति र स्वयंसेवी विज्ञहरूको समूह गठन गरी कार्यस्थलमा आधारित सुपरिवेक्षण र सहयोग प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

**ञ) शैक्षिक व्यवस्थापन**

१. सामुदायिक तथा संस्थागत विद्यालयको व्यवस्थापन तथा गुणस्तर सुधारका लागि आवश्यक नीतिगत व्यवस्था तथा पृष्ठपोषणको पद्धति विकास गरिनेछ ।
२. सामुदायिक तथा निजी विद्यालयहरुबीचको खाडल हटाइ असल अभ्यासलाई एकआपसमा आदानप्रदान गरी शैक्षिक व्यवस्थापन तथा सुधारमा Public-Private Partnerhsip कार्यक्रम लागु गरिनेछ ।
३. विद्यालय व्यवस्थापन समितिलाई सक्षम, पारदर्शी तथा थप जिम्मेवार बनाउन समितिका अध्यक्षहरुको नियमित बैठक सञ्चालन गरी अनुभव आदानप्रदान गरिनेछ ।
४. नगरपालिकाभित्र राम्रो शैक्षिक व्यवस्थापन गरेका विद्यालयहरु पहिचान गरी हरेक वर्ष कम्तिमा २ ओटा विद्यालयहरुलाई पुरस्कृत गरिनेछ ।
५. वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघलाई शैक्षिक योजना तथा व्यवस्थापन सम्बन्धी क्षमता विकास गरिनेछ ।
६. विद्यालयहरुले प्राप्त गरेको उपलब्धिको आधारमा पुरस्कार, दण्ड तथा पृष्ठपोषण प्रदान गरिनेछ ।
७. सरोकारवालाको सहभागितामा विद्यालय सुधार योजना निर्माण र अद्यावधिक गरी कार्यान्वयनमा ल्याइनेछ ।
८. संस्थागत विद्यालय वर्गीकरण, शुल्क तथा छात्रवृत्ति वितरणलाई व्यवस्थित र पारदर्शी बनाइनेछ ।
९. नगरपालिकामा सञ्चालित सामुदायिक क्याम्पससँग समन्वय गरी उच्चशिक्षामा छात्रवृत्ति वितरण तथा शैक्षिक तथा भौतिक विकासका कार्यक्रममा सहयोग गरिनेछ ।

## २.७ अपेक्षित उपलब्धि

उल्लिखित रणनीति र सोअनुरूप लिइने कार्यनीति तथा कार्यक्रम सञ्चालन गरेपछि योजनाको अन्त्यमा हासिल गरिने प्रतिफल (Output), असर (Outcome) र प्रभाव (Impact) सम्भव भएसम्म मापनयोग्य आधार तथ्याङ्क (Baseline) र लक्ष्य (Target) समेत खुल्ने गरी उल्लेख गर्नुपर्छ । यसले योजनाको नतिजा खाका तयार गर्न मद्दत पुर्‍याउँदछ ।

## २.८ स्थानीय तहको शिक्षा योजनामा रहनुपर्ने कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

शैक्षिक योजना निर्माणको क्रममा तय गरिएका उद्देश्यलाई मात्रात्मक लक्ष्य किटान गरी निश्चित समयसारणी साथ प्रतिबिम्बित गरिन्छ । अर्को शब्दमा भन्दा राष्ट्रिय शैक्षिक विकासको ढाँचाका आधारमा (नीति, ऐन, नियम र अन्य सम्बन्धित दस्तावेजमा उल्लिखित प्रावधान) योजनाले केके हासिल गर्न खोजेको हो भन्ने

सरोकार र प्रावधानलाई मूल विषय बनाइ आधार वर्षको शैक्षिक अवस्थाको गहन विश्लेषण साथै हाल उपलब्ध स्रोतको प्रारम्भिक मूल्याङ्कनबाट प्राप्त सूचकगत नतिजाको आधारमा भावी लक्ष्य निदान गर्नुपर्छ । लक्ष्य निर्धारण प्रक्रियाले शिक्षा क्षेत्रमा गर्नुपर्ने सुधारहरूको पक्षलाई समग्र विकास ढाँचामा जोड्न योजनाकारको दृष्टिकोणलाई प्रतिबिम्बित गर्छ ।

## २.९. परिमाणात्मक लक्ष्य

आधार वर्ष २०८१ को आधारमा रही आगामी ५ वर्षको विभिन्न सूचकहरु जस्तै पूर्व प्राथमिक तह, आधारभूत तह तथा माध्यमिक तहमा कूल भर्नादर, खुद भर्नादर, विद्यार्थी टिकाउदर, लैङ्गिक सूचकाङ्क तथा कक्षागत, विषयगत र तहगत सिकाइ उपलब्धिस्तर आदिको भावी लक्ष्य प्रक्षेपण गरिएको छ। यसै गरी यस योजनामा भौतिक पूर्वाधार विकास शिक्षणमा प्रविधिको प्रयोग पेशागत विकास लगायत व्यवस्थापकीय सुधारका पक्षमा समेत परिमाणात्मक लक्ष्यहरु निर्धारण गरिएको छ।

### २.९.१ प्रमुख उपलब्धि सूचक तथा परिमाणात्मक लक्ष्य

| क्र. सं. | सूचक | सूचकको तह | आधार वर्ष २०८२ | २०८३ | २०८५ | २०८७ | तथ्याङ्कको स्रोत |
|---|---|---|---|---|---|---|---|
| **१. प्रारम्भिक बालविकास र शिक्षा** | | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कुल भर्ना दर (%) | स्थानीय | ८७.४ | ९०.५ | ९५.० | ९९.० | EMIS |
| | | प्रदेश | १०६.७ | | | | |
| | | राष्ट्रिय | ८६.२ | ८९.५ | ९४.० | ९९.० | |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका (%) | स्थानीय | ८२.१ | ८५.२ | ९०.० | ९६.० | EMIS |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ६८.६ | ७३.० | ८५.० | ९५.० | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर (%) | स्थानीय | ९७.३ | ९८.२ | ९९.५ | १०० | EMIS |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ९६.९ | ९७.५ | ९९.० | १०० | |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कुल प्रवेश दर (%) | स्थानीय | ११३.२ | ११०.० | १०५.० | १०० | EMIS |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | १२१.९ | ११५.० | १०७.० | १०५ | |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर (%) | स्थानीय | ९७.५ | ९९.० | ९९.५ | १०० | EMIS |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ९७.१ | ९९.० | ९९.५ | १०० | |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कुल भर्ना दर (%) | स्थानीय | ११४.६ | ११०.० | १०७.० | १०० | EMIS |
| | | प्रदेश | १३१ | | | | |
| | | राष्ट्रिय | ११९.२ | ११५.० | | | |
| २.५ | आधारभूत तहको कक्षा ५ को खुद | स्थानीय | ९८.४ | ९९.० | ९९.५ | १०० | EMIS |

| क्र. सं. | सूचक | सूचकको तह | आधार वर्ष २०८२ | २०८३ | २०८५ | २०८७ | तथ्याङ्कको स्रोत |
|---|---|---|---|---|---|---|---|
| | प्रवेश दर (%) | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ९८.३ | | | | |
| २.६ | आधारभूत तहको कक्षा ५ को कुल प्रवेश दर (%) | स्थानीय | १०९.२ | १०८.० | १०६.० | १०७ | EMIS |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ११३ | ११० | १०७ | १०५ | |
| २.७ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर (%) | स्थानीय | ९४.७ | ९६.० | ९७.५ | ९८ | |
| | | प्रदेश | ८७.९ | | | | |
| | | राष्ट्रिय | ९३.० | | | | |
| २.८ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर (%) | स्थानीय | ९२.२ | ९४.५ | ९६.० | १०० | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ८५.८ | ९३.१ | ९५.५ | ९५.५ | |
| २.९ | आधारभूत तहमा (प्राथमिक कक्षा १-५) मा भर्ना भएका ५-९ वर्ष उमेरभन्दा माथिका बालबालिका (%) | स्थानीय | २८.४ | २२.० | १५.० | १०.० | EMIS |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | २२.२ | २०.० | १५.० | १०.० | |
| २.१० | आधारभूत तहमा (प्राथमिक कक्षा १-५) कुल भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क | स्थानीय | ०.८६ | ०.९२ | ०.९८ | १.०० | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | १.०६ | | | १.०१ | EMIS |
| २.११ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर (%) | स्थानीय | ९६.३ | ९९.० | ९९.५ | १०० | EMIS |
| | | प्रदेश | ९४.४ | | | | |
| | | राष्ट्रिय | ९३.४ | ९९.० | | १०० | |
| २.१२ | आधारभूत तह (कक्षा १-८) मा कुल भर्ना दर (%) | स्थानीय | १११.२ | १०९.० | १०७.० | १०५ | EMIS |
| | | प्रदेश | १२५.७ | | | | |
| | | राष्ट्रिय | ११०.४ | | | | |
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर (%) | स्थानीय | ८८.४ | ९०.० | ९६.० | ९७.० | EMIS |
| | | प्रदेश | ८६.७ | | | | |
| | | राष्ट्रिय | ७९.३ | | | ९५.० | |
| २.१४ | आधाभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर (%) | स्थानीय | ८४.९ | | ९६.० | ९८ | EMIS |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ७२.३ | | | ९५.० | |
| २.१५ | आधारभूत तह (कक्षा १-८) को कुल भर्ना दरमा लैङ्गिक समता सूचक | स्थानीय | ०.८४ | ०.९२ | ०.९६ | १.० | EMIS |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | १.०१ | १.०१ | | | |

| क्र. सं. | सूचक | | सूचकको तह | आधार वर्ष २०८२ | २०८३ | २०८५ | २०८७ | तथ्याङ्कको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| २.१६ | कक्षा ३ मा न्यूनतम् सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ३ को आधारभूत वा तह २ हासिल भएका) बालबालिकाको संख्या(%) | नेपाली भाषा | स्थानीय | ६२.८ | ६५.० | ६८.५ | ७०.० | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | | | | | |
| | | गणित | स्थानीय | ५४.२ | ५७.० | ६०.५ | ६२ | EMIS |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | | | | | |
| २.१७ | कक्षा ५ मा न्यूनतम् सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ५ को आधारभूत तह हासिल भएका) बालबालिकाको संख्या (%) | नेपाली भाषा | स्थानीय | ५५.६ | ६०.० | ६५.० | ७०.० | EMIS |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | ४५.० | ५२.० | ६०.० | ७०.० | |
| | | गणित | स्थानीय | ४१.२ | ५०.० | ६०.० | ७०.० | EMIS |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | २८.३ | ४०.० | ६०.० | ७०.० | |
| | | अंग्रेजी | स्थानीय | ४६.२ | ५२.० | ६०.० | ६७.० | EMIS |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | | | | | |
| २.१८ | कक्षा ८ मा न्यूनतम् सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ८ को तह ३ हासिल भएका) बालबालिकाको संख्या(%) | नेपाली भाषा | स्थानीय | ६६.८३ | ७०.० | ७३.० | ७५.० | EMIS |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | ६८.५ | ७०.० | ७२.० | ७५.० | |
| | | गणित | स्थानीय | ५५.२७ | ६०.० | ६५.० | ७०.० | EMIS |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | ५३.५ | ६०.० | ६५.० | ७०.० | |
| | | विज्ञान | स्थानीय | ४५.४ | ५५.० | ६६.० | ७०.० | EMIS |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | ४३.८ | ५०.० | ६०.० | ७०.० | |
| २.१९ | विद्यालय बाहिर रहेका बालबालिका (%) | आधारभूत (कक्षा १-५) | स्थानीय | २.० | १.० | ०.५ | ०.० | EMIS |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | २.९ | १.० | ०.५ | ०.० | |
| | | आधारभूत (कक्षा ६-८) | स्थानीय | ४.९ | ३.० | १.० | ०.० | EMIS |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | ६.६ | | १.० | ०.० | |
| २.२० | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कुल शिक्षक मध्ये महिला | | स्थानीय | ५५.१२ | ४५.० | ५०.० | ५०.० | EMIS |
| | | | प्रदेश | | | | | |

| क्र. सं. | सूचक | सूचकको तह | आधार वर्ष २०८२ | २०८३ | २०८५ | २०८७ | तथ्याङ्कको स्रोत |
|---|---|---|---|---|---|---|---|
| | शिक्षकको संख्या (%) | राष्ट्रिय | ४३.७ | ४५.० | ५०.० | ५०.० | |
| **३. माध्यमिक शिक्षा (कक्षा ९-१२)** | | | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर (%) | स्थानीय | ५५.५ | ६०.० | ६८.० | ७०.० | EMIS |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ४७.६ | | ६५.० | | |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कुल भर्ना दर (%) | स्थानीय | ७८.३ | ८५.० | ९९.० | ९९.० | EMIS |
| | | प्रदेश | ८०.३ | | | | |
| | | राष्ट्रिय | ७१.४ | | ९९.० | | |
| ३.३ | माध्यमिक तहमा कुल भर्नादरमा लैङ्गिक समता सूचक (कक्षा ९-१२) | स्थानीय | १.०२ | १.०० | १.०० | १.०० | EMIS |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | १.०२ | १.०० | १.०० | १.०० | |
| ३.४ | आधारभूत तहबाट माध्यमिक तहमा ट्रान्जिसन दर (%) | स्थानीय | ९७.९ | ९८.५ | ९९.० | ९९.० | EMIS |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ९७.५ | | | | |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (%) | स्थानीय | ६६.२ | ७४.० | ८०.० | ८५.० | EMIS |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ६०.३ | | | | |
| ३.६ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर (%) | स्थानीय | ३०.१ | ४०.० | ६०.० | ७५.० | EMIS |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | २४.० | | | | |
| ३.७ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक संख्या (%) | स्थानीय | १९.७ | २२.० | २८.० | ३३.० | EMIS |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | २०.६ | २२.० | २७.० | ३३.० | |
| ३.८ | माध्यमिक तह (कक्षा ९-१२) मा अध्ययनरत विद्यार्थीमध्ये विज्ञान र प्राविधिक तथा व्यवसायिक शिक्षा विषयमा भर्ना भएका विद्यार्थी सख्या(%) | स्थानीय | ३.३६ | १०.० | १५.० | २५.० | EMIS |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | १०.० | १७.० | ३०.५ | | |
| ३.९ | कक्षा १० का विद्यार्थी सिकाइ उपलब्धि (GPA) — नेपाली भाषा | स्थानीय | २.५ | २.८ | ३.० | ३.२ | EMIS |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | | | | |
| | गणित | स्थानीय | २.०२ | २.४ | २.८ | ३.० | EMIS |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | | | | |

| क्र. सं. | सूचक | | सूचकको तह | आधार वर्ष २०८२ | २०८३ | २०८५ | २०८७ | तथ्याङ्कको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | | विज्ञान | स्थानीय | १.९४ | २.४ | २.८ | ३.० | EMIS |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | | | | | |
| | | अंग्रेजी | स्थानीय | २.४३ | २.८ | ३.० | ३.२ | EMIS |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | | | | | |
| | | सबै विषयको औसत सिकाइ उपलब्धि GPA | स्थानीय | २.०२ | २.४ | २.८ | ३.० | EMIS |
| **४. जीवनपर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा** | | | | | | | | |
| ४.१ | साक्षरता दर (६ वर्षभन्दा माथि) (%) | | स्थानीय | ८१.१ | ९०.० | ९५.० | १००.० | EMIS |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | ८२.० | ८९.० | ९५.० | १००.० | |
| ४.२ | साक्षरता दर (१५-६० उमेर समूह) (%) | | स्थानीय | ९१.९१ | ९५.० | ९९.० | १००.० | NHS |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | ९२.० | | ९९.० | | |
| ४.३ | साक्षरता दरमा लैङ्गिक समता (पाँच वर्षभन्दा माथि) | | स्थानीय | ०.८४ | ०.९ | १.० | १.० | EMIS |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | ०.६५ | | ०.८० | | |
| **५. प्राविधिक तथा व्यवसायिक शिक्षा र सीप विकास तालिम** | | | | | | | | |
| ५.१ | प्राविधिक तथा व्यवसायिक सीप विकास तथा तालिम प्राप्त आर्थिक रूपले सक्रिय जनशक्ति (%) | | स्थानीय | ३५.० | ४२.५ | ५०.० | ६५.० | EMIS |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | ३१.० | ४०.० | ५०.० | ७५.० | |
| ५.२ | प्राविधिक तथा व्यवसायिक शिक्षा (कक्षा ९-१२ वा डिप्लोमा वा प्रि-डिप्लोमा वा सो सरह) उत्तीर्ण जनशक्ति (वार्षिक संख्या) | | स्थानीय | ७५ | १५० | २०० | ३०० | EMIS |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | | | | | |
| **६. सुशासन तथा व्यवस्थापन** | | | | | | | | |
| ६.१ | आधारभूत तह (कक्षा १-५) मा विद्यार्थी : शिक्षक अनुपात (सामुदायिक विद्यालय) | | स्थानीय | ७:१ | १५:१ | २०:१ | २५:१ | EMIS |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | २४:१ | | ३०:१ | ३०:१ | |
| ६.२ | आधारभूत तह (कक्षा ६-८) मा | | स्थानीय | १९:१ | २५:१ | ३०:१ | ३०:१ | EMIS |

| क्र. सं. | सूचक | सूचकको तह | आधार वर्ष २०८२ | २०८३ | २०८५ | २०८७ | तथ्याङ्कको स्रोत |
|---|---|---|---|---|---|---|---|
| | विद्यार्थी : शिक्षक अनुपात (सामुदायिक विद्यालय) | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ३०:१ | | ३०:१ | ३०:१ | |
| ६.३ | आधारभूत तह (कक्षा १-८) मा विद्यार्थीः शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | १०:१ | १६:१ | २४:१ | ३०:१ | EMIS |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ३३:१ | ३१.१ | ३०:१ | ३०:१ | |
| ६.४ | माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थीः शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | १८:१ | २४:१ | ३०:१ | ३०:१ | EMIS |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ४०:१ | | ३०:१ | ३०:१ | |
| ६.५ | माध्यमिक तह (कक्षा ९-१२) मा विद्यार्थीः शिक्षक अनुपात | स्थानीय | २०:१ | २५:१ | ३०:१ | ३०:१ | EMIS |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ४१:१ | ३५:१ | ३०:१ | ३०:१ | |
| **७. शिक्षामा लगानी** | | | | | | | |
| ७.१ | कुल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट (%) | स्थानीय | ६.०९ | १२.० | १६.० | २०.० | EMIS |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | १०.६८ | १५.० | १७.० | २०.० | |

# परिच्छेद ३
# विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र

यस परिच्छेदमा विद्यालय शिक्षाका विभिन्न मुख्य उपक्षेत्रहरु जस्तै प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम र अनौपचारिक शिक्षा र आजीवन सिकाइका वर्तमान अवस्थाको समीक्षा गर्दै उद्देश्य, रणनीति, प्रमुख उपलब्धि तथा नतिजाको विश्लेषण गर्दै प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य निर्धारण गरिएको छ । योजनाको खाका तयार गर्दा सान्दर्भिक तथ्य र पृष्ठभूमिको अध्ययन, विद्यालय क्षेत्रको अवस्थाको विश्लेषणले महत्वपूर्ण आधार प्रदान गरेको छ । नेपालको संविधानले निर्दिष्ट गरेका दृष्टिकोण, मौलिक अधिकार, राष्ट्रिय शिक्षा नीति, संरचना, शिक्षा तथा अधिकारसम्बन्धी विविध कानुनी प्रावधान, दिगो विकासका लक्ष्यसम्बन्धी नेपालको कार्ययोजना, अन्तर्राष्ट्रिय सन्धि, सम्झौता तथा नेपालको प्रतिबद्वता, पन्ध्रौँ परियोजनासँग सम्बन्धित पक्षहरूलाई यस योजनाका प्रमुख सन्दर्भका रूपमा लिइएको छ ।

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा

शिक्षा ऐन, २०२८ को आठौं संशोधनले बालविकास केन्द्रलाई विद्यालय संरचनामा एकीकरण गरेपछि आधारभूत शिक्षाको परिभाषामा प्रारम्भिक बाल शिक्षालाई समेत समावेश गरिएको छ । तत्कालीन शिक्षा विभागबाट प्रारम्भिक बालविकास सञ्चालन दिग्दर्शन, २०६१ र प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूतम् मापदण्ड मार्गदर्शक पुस्तिका, २०६७ (पहिलो संशोधन २०७५) तयार गरिएको थियो । राष्ट्रिय शिक्षा नीति, २०७६ ले समेत बालविकासको गुणस्तरमा अभिवृद्धि गर्नका लागि स्पष्ट नीतिगत व्यवस्था गरेको छ । राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ ले चार वर्षको उमेर पूरा भएका बालबालिकालाई एक वर्षको प्रारम्भिक बालविकासको अवसर प्रदान गर्नुपर्ने प्राबधान उल्लेख गरेको छ । उक्त प्रारुप अनुसार चार वर्ष उमेरभन्दा मुनिका बालबालिकालाई शिशु विकास केन्द्रबाट शारीरिक, मानसिक वा बौद्धिक, संवेगात्मक र सामाजिक विकास तथा स्याहारका क्रियाकलाप सञ्चालन गर्न सकिने कुरा उल्लेख छ । प्रारम्भिक बालविकास र शिक्षाको मुख्य उद्देश्य विविध किसिमका मनोरञ्जनात्मक सिकाइ सहजीकरण क्रियाकलापका माध्यमद्वारा बालबालिकाहरूको सर्वाङ्गीण विकासमा सहयोग पुऱ्याउनु र कक्षा एकमा प्रवेशका लागि तयार पार्नु रहेको छ। प्रारम्भिक बालविकास तथा र प्राथमिक शिक्षामा सबैको समतामूलक पहुँच सुनिश्चित् गर्न विभिन्न पृष्ठभूमिका बालबालिकाको सिकाइ आवश्यकता अनुसार अनकुल सिकाइ वातावरणका लागि न्यूनतम् पूर्वाधार सुनिश्चित् गरेर विभिन्न मोडेलका प्रारम्भिक बालशिक्षा तथा विकास र पूर्व प्राथमिक शिक्षा सेवाको बिस्तार गर्नुपर्ने भएकाले स्रोत व्यवस्थापन तथा अन्य तरिकाले पनि तीन तहका सरकारबीचको सहअस्तित्व अझै सशक्त बनाइ कार्यान्वयनमा लैजानुपर्ने आवश्यकता देखिएको छ ।

### ३.१.१ वर्तमान अवस्था

बेसीशहर नगरपालिकामा हाल आठओटा सामुदायिक बालविकास केन्द्रहरु सञ्चालनमा छन् । यसको अतिरिक्त सामुदायिक विद्यालय तथा संस्थागत विद्यालयहरुले समेत बालविकास कक्षा सञ्चालन गरी पूर्व बालविकास र शिक्षाको अनुभव सहित कक्षा १ मा भर्ना हुने राज्यको नीतिलाई कार्यान्वयनमा ल्याएका

छन् । नगरपालिकाले सामुदायिक सिकाइ केन्द्रमा सञ्चालित बालविकास केन्द्रमा कार्यरत सहजकर्ता तथा सहयोगीहरुलाई थप तलब सुविधाका साथै भौतिक पूर्वाधार विकास र सिकाई सामग्रीको व्यवस्थापनमा सहयोग गर्दै आएको छ। शैक्षिक सत्र २०८१ सालमा नगरपालिकाभित्र ४५ ओटा बालविकास (सामुदायिक) केन्द्रमा ५१५ बालबालिकाहरुलाई ४५ जना सहजकर्ताहरुले सहजीकरण गरिरहेका छन् जहाँ सहजकर्ता र बालबालिकाको अनुपात १:११ रहेको छ । यस नगरपालिकामा निजी र सामुदायिक बालविकास केन्द्रबाट बालविकास शिक्षाको अनुभव प्राप्त गरी कक्षा १ मा भर्ना हुने बालबालिकाहरुको प्रतिशत करिब ८५ रहेको छ । प्रारम्भिक बालविकास तहका बालबालिकाहरुलाई सहजीकरण गर्न संघीय सरकारले तोकेको तलबमानमा नगरपालिकाको स्थानीय स्रोतबाट रकम थपेर सहजकर्ताहरुको मनोबल केही हदसम्म बढाउने प्रयास गरिएको छ तथापि उनीहरुलाई पूर्ण तलबी सुविधा तथा आवश्यक तालिम प्रदान गर्न नसक्दा गुणस्तरीय सहजकर्ताको व्यवस्थापनमा चुनौती भएको छ । त्यसै गरी सबै बालविकास केन्द्रलाई न्यूनतम् आधारभूत आवश्यकता जस्तै पोषणयुक्त खाजा, स्टेशनरी, शिक्षण सहजीकरण सामग्री तथा खेलका सामग्रीहरुमा सबैको पहुँच पुऱ्याउन समेत चुनौती छ।

| क्र.सं. | क्षेत्रहरु | आ.व. ०८२/०८३ |
|---|---|---|
| १ | सामुदायिक ECD को संख्या | ४५ |
| २ | संस्थागत ECD को संख्या | १३ |
| ३ | ECD को विद्यार्थी संख्या (समुदायिक तर्फ) | ४२२ |
| ४ | प्रारम्भिक बालविकास र शिक्षामा खुद भर्ना दर (%) | ८६.२ |
| ५ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका (%) | ८६.४ |

| सामुदायिक | संस्थागत | जम्मा | | |
|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा |
| ४२२ | १०४१ | ६६७ | ७९६ | १४६३ |

(EMIS, २०८२)

**प्रमुख समस्या र चुनौती**

**समस्याः**

१. भौतिक पूर्वाधार र शैक्षिक सामग्रीको अभाव हुनु तथा लागत सहभागितामा कमी हुनु।
२. दक्ष र अनुभवी शिक्षक वा सहजकर्ताको अभाव हुनु।
३. नीतिगत र व्यवस्थापकीय पक्षमा कमजोरी हुनु।
४. बालविकास केन्द्रका सहजकर्ताको सेवा सुविधामा ग्यारेन्टी नहुनु।
४. नियमित अनुगमनको कमी हुनु।

**चुनौती**

१. दक्ष जनशक्तिको व्यवस्थापन गर्न नसकिनु।
२. अभिभावक चेतनामा कमी हुनु

३. दिगो बित्तीय व्यवस्थापन हुन नसक्नु।
४. अनुगमन संयन्त्रको अभाव हुनु।

### ३.१.२ उद्देश्य

१. ५ वर्षमुनिका बालबालिकाको शारीरिक, सामाजिक, संवेगात्मक र संज्ञनात्मक क्षमताको विकास गरी गुणस्तरीय प्रारम्भिक बालविकास र पूर्व प्राथमिक शिक्षालाई अधिकार र कर्तव्यको रुपमा स्थापित गर्नु ।
२. सबै बालबालिकाहरुलाई प्रारम्भिक बालविकास र शिक्षाको अनुभव सहित कक्षा १ मा प्रवेश गराउनु ।
३. प्रारम्भिक बालविकास र शिक्षामा सहभागितामूलक पहुँच र सहभागिता सुनिश्चित् गर्नु ।
४. बालविकास केन्द्रलाई प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम् मापदण्डको नघट्ने गरी गुणस्तरीय बनाउनु ।

### ३.१.३ रणनीति

१. प्रारम्भिक बालविकास तथा शिक्षा विद्यालय शिक्षाको अभिन्न अंगको रूपमा विकास गर्ने ।
२. सहयोगी कार्यकर्ताको क्षमता विकासका लागि विभिन्न तालिम कार्यक्रम सञ्चालन गर्ने।
३. प्रारम्भिक बालविकास र शिक्षामा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्नका लागि निर्धारित न्यूनतम् मापदण्ड, पाठ्यक्रम, प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड, नर्म्स र ढाँचाअनुसार प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन गर्ने ।
४. बालविकास केन्द्रको नक्साङ्कन गरी स्थानीय आवश्यकताअनुसार पुनर्वितरण र नयाँ बालविकास केन्द्र स्थापना गर्ने ।
५. प्रारम्भिक बालविकास तथा शिक्षामा लागत सहभागिता अभिवृद्धि गर्ने ।
६. बालकक्षा व्यवस्थापन, कक्षा सजावट, प्रविधिमा आधारित शैक्षिक सामग्री, बाल उद्यानको व्यवस्थापन गर्ने ।

### ३.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. प्रारम्भिक बालविकास उमेरका सबै बालबालिकाहरुलाई प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश हुनेछन् ।
२. सबै प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रले न्यूनतम् मापदण्ड पूरा गरेका हुनेछन् ।
३. सबै बालबालिकालाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित् भएको हुनेछ।
४. सबै बालविकास केन्द्रमा बालबालिकाको संख्याको अनुपातमा कक्षाकोठा तथा तालिम प्राप्त बालविकास सहजकर्ताको व्यवस्था हुनेछ ।
५. आर्थिक अवस्थाले कमजोर, सीमान्तकृत, पछाडि पारिएका वर्ग तथा कार्यगत सीमितता (अपाङ्ग) भएको सबै बालबालिकाहरुको बालविकास केन्द्रमा पहुँच हुनेछ ।
६. सबै बालविकास सहजकर्ताहरुलाई तालिम प्राप्त भएको हुनेछन् ।

७. ५ वर्ष मुनिका सबै बालबालिकाहरुको बालिविकास केन्द्रमा भर्ना शतप्रतिशत भएको हुनेछ।
८. वडा तथा पालिकास्तर बालविकास तथा शिक्षामा पहुँच भएको घोषणा हुनेछ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकासमा कुल भर्ना सङ्ख्या | १६४९ | १७०० | १७९० | १८३० | १९६० | २००० |
| २ | न्यूनतम् मापदण्ड पूरा गरेका बालविकास केन्द्रको सङ्ख्या | १६ | २२ | २५ | ३२ | ३६ | ४० |
| ३ | सेवाकालीन तालिम सहितको सहजकर्ता संख्या | २३ | २८ | ३२ | ३८ | ४२ | ४५ |
| ४ | प्रारम्भिक बालविकास प्रविधिगत सामग्री पहुँच | १६ | २४ | २९ | ३४ | ४० | ४५ |

## ३.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | कार्यक्रम/क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा |
| १ | भर्ना अभियान सञ्चालन | समय | १ | १ | १ | १ | १ | ५ |
| २ | तालिम प्राप्त सहजकर्ताको व्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ |
| ३ | शैक्षिक सत्रको सुरुको महिनामा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ४ | अति विपन्न, पिछडिएका तथा अपाङ्गता भएका बालबालिकाहरुको लागि विशेष शैक्षिक सामग्री तथा छात्रवृत्तिको सहयोग | समय | १ | १ | १ | १ | १ | ५ |
| ५ | बालविकासको सहजकर्ताको पारिश्रमिक र थप प्रोत्साहन भत्ताको व्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ |
| ६ | बालविकास सहजकर्ताको क्षमता विकासको लागि क्षमता विकास तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ७ | वर्षको २ पटक बालबालिकाहरुको स्वास्थ्य नजिकको स्वास्थ्य चौकीबाट स्वास्थ्य परीक्षण कार्यक्रम सञ्चालन | पटक | २ | २ | २ | २ | २ | १० |
| ८ | कार्यथलोमा आधारित शिक्षक सहयोग | पटक | १ | १ | १ | १ | १ | ५ |

## ३.२ आधारभूत शिक्षा

नेपालको विद्यालय तहको शिक्षाको संरचनालाई विद्यालय क्षेत्र सुधार योजना २०६६-२०७२ ले पुर्नसंरचना गरी कक्षा १-८ लाई आधारभूत शिक्षाको रुपमा परिभाषित गरेको छ । आधारभूत तहको शिक्षा समग्र शिक्षाको जग समेत भएको र बालबालिकाहरुको शैक्षिक जगलाई मजबुत बनाउँदै गुणस्तरीय शिक्षाको माध्यमबाट योग्य र दक्ष जनशक्ति उत्पादनमा आधारभूत शिक्षाले महत्वपूर्ण भूमिका खेल्न सक्छ । त्यसै गरी अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ मा संघीय, प्रदेश, र स्थानीय सरकारले आधारभूत तहको शिक्षा प्रदान गर्नुपर्ने उल्लेख छ । साथै आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका, सीमान्तकृत, दलित, जनजाति, र अपाङ्गता भएका बालबालिकासहित सबैलाई विद्यालय पठाउने जिम्मेवारी प्रत्येक नागरिकको कर्तव्य रहेका तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) मा आधारभूत र माध्यमिक तहका २३ अधिकार स्थानीय सरकारअन्तर्गत पर्ने उल्लेख भए बमोजिम बेसीशहर नगरपालिकाले आफ्नो ५ वर्षे शिक्षा योजनामा आधारभूत शिक्षा विकासका कार्यक्रमहरुलाई प्राथमिकताका साथ राखेको छ ।

### ३.२.१ वर्तमान अवस्था

बेसीशहर नगरपालिकाको आधारभूत तहको शिक्षाको वर्तमान अवस्थालाई विश्लेषण गर्दा नगरपालिकाभित्र जम्मा ४५ सामुदायिक विद्यालयहरुमध्ये कक्षा १-३ सञ्चालन भएका विद्यालयहरुको संख्या १४ कक्षा १-५ सञ्चालित विद्यालयहरुको संख्या १५, कक्षा १-८ सञ्चालित विद्यालयहरुको संख्या २, कक्षा १-१० सञ्चालित विद्यालयहरुको संख्या ७ र कक्षा १-१२ सञ्चालित विद्यालयहरुको संख्या ७ रहेको छ । त्यसै गरी यस नगरपालिकामा जम्मा १३ संस्थागत विद्यालयहरुले अनुमति पाएकोमा ८ विद्यालयहरुले माध्यमिक तहका कक्षा सञ्चालन गर्दै आएका छन् । आधारभूत तहको साविकको प्राथमिक तहमा १७० स्वीकृत दरबन्दी र ११ राहत, निम्नमाध्यमिक तहमा ४४ स्वीकृत दरबन्दी र १२ राहत अनुदान गरी जम्मा आधारभूत तहमा २३७ शिक्षक दरबन्दी (राहत समेत) रहेको छ । शैक्षिक सत्र २०८१ को तथ्याङ्क अनुसार कक्षा १ देखि ८ सम्म अध्ययनरत विद्यार्थी संख्या ७५७४ जना रहेकोमा सामुदायिक तर्फ १९९१ जना र संस्थागत विद्यालयतर्फ ३७८५ जना विद्यार्थी देखिन्छ । तुलनात्मक रुपमा सामुदायिक भन्दा संस्थागत विद्यालयमा विद्यार्थी संख्या बढी देखिन्छ जसको कारण जिल्ला सदरमुकाम उन्मुख बसाइँसराइँ तथा अभिभावकहरुको संस्थागत विद्यालयतर्फको बढ्दो आकर्षण हुनसक्छ ।

समतामूलक आधारभूत शिक्षाको पहुँच विस्तारका लागि गरिएको प्रयासको परिणामस्वरूप बेसीशहर नगरपालिकाको भर्ना दरमा केही वृद्धि भएको छ । शैक्षिक सत्र २०८१ मा आधारभूत तहको कक्षा १-५ र १-८ को खुद भर्नादर क्रमशः ९७.५ र ९५.१ पुगेको छ जुन राष्ट्रियस्तरको ९७.१ र ९३.४ भन्दा बढी हो यद्यपि आर्थिक, सामाजिक, र भौगोलिक असमानताका कारण सबै बालबालिकाको शिक्षामा समान पहुँच छैन । विशेष रूपमा आर्थिक रूपमा कमजोर, सीमान्तकृत, दलित, जनजाति, तथा अपाङ्गता भएका बालबालिकाको पहुँच तुलनात्मक रूपमा कमजोर छ । जनसंख्या परिवर्तन, बसाइँसराइँ र बस्ती विस्तारका कारण केही विद्यालयहरू पुर्नवितरण तथा समायोजन आवश्यक देखिएको छ भने कतिपय अवस्थामा वैकल्पिक व्यवस्थासमेत अपनाउनु पर्ने आवश्यकता छ । पूर्ण रूपमा निःशुल्क शिक्षा कार्यान्वयन गर्न स्थानीय शिक्षा ऐन र अन्य कानुनी सुधार आवश्यक छ । शिक्षालाई समावेशी, सुरक्षित र बालमैत्री बनाउन थप प्रयास गर्नुपर्ने देखिन्छ । बालबालिकाको सिकाइलाई प्रभावकारी बनाउन पोषण, स्वास्थ्य, सरसफाइ र दिवा

खाजाजस्ता सेवाहरू विस्तार तथा सुधार आवश्यक छ । योग्य विषयगत शिक्षकको उपलब्धता, विद्यालयको नेतृत्व तथा व्यवस्थापनसम्बन्धी विभिन्न समस्याहरूले पनि आधारभूत शिक्षाको पहुँच र गुणस्तरमा असर पुऱ्याएको छ । बेसीशहर नगरपालिकाको आधारभूत तहको शिक्षाको वर्तमान अवस्था यसप्रकार छ ।

| क्र.सं. | क्षेत्रहरु | तथ्याङ्क |
|---|---|---|
| १ | कक्षा १ देखि ८ सञ्चालित जम्मा संस्थागत विद्यालयको संख्या | ३ |
| २ | कक्षा १ देखि ५ सञ्चालित जम्मा सामुदायिक विद्यालयको संख्या | १५ |
| ३ | कक्षा १ देखि ५ सञ्चालित जम्मा संस्थागत विद्यालयको संख्या | ३ |
| ४ | कक्षा १ देखि ३ सञ्चालित जम्मा सामुदायिक विद्यालयको संख्या | १ |
| ५ | कक्षा १-८ को सामुदायिक विद्यालयका जम्मा विद्यार्थी संख्या | १०५८ |
| ६ | कक्षा १-८ को संस्थागत विद्यालयका जम्मा विद्यार्थी संख्या | १९९१ |
| ७ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा भर्ना भएका बालबालिकाको प्रतिशत | ८५ |
| ८ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर (%) | ९७.३ |
| ९ | आधारभूत तह कक्षा १-५ को खुद भर्ना दर (%) | ९७.५ |
| १० | आधारभूत तह कक्षा ६-८ को खुद भर्ना दर (%) | ९६.३ |
| ११ | आधारभूत तह कक्षा १-८ को खुद भर्ना दर (%) | ९६.९ |
| १२ | कक्षा ५ सम्मको टिकाउ दर | ९४.७ |
| १३ | कक्षा ८ सम्मको टिकाउ दर | ८८.४ |
| १४ | आधारभूत तह कक्षा ५ को सिकाइ उपलब्धि | ४७.६ |
| १५ | आधारभूत तह कक्षा ८ को सिकाइ उपलब्धि | ५५.८ |

(EMIS,२०८२)

**समस्या र चुनौती**

बेसीशहर नगरपालिकाको आधारभूत तहको शिक्षामा देखिएका समस्या तथा चुनौतीहरु यस प्रकार छन् ।

**समस्या**

१. आधारभूत तहमा विद्यालय उमेरका धेरै बालबालिका अझै विद्यालय बाहिर हुनु ।
२. अधारभूत तहमा भर्ना भएका सबै विद्यार्थीलाई विद्यालयमा टिकाइ राख्न नसक्नु ।
३. सामुदायिक विद्यालयमा आधारभूत तह कक्षा १-५ मा न्यून विद्यार्थी संख्या र सामुदायिक विद्यालयप्रतिको आकर्षण बढाउन नसक्नु ।
४. विषयगत रूपमा आवश्यक शिक्षक दरबन्दी उपलब्ध नहुनु ।
५. सबै विद्यालयमा आवश्यक पूर्वाधार विकास गर्न नसक्नु ।
६. सहरी क्षेत्रमा विद्यालय नक्साङ्कन र सेवा क्षेत्र निर्धारण गर्न नसक्नु ।

**चुनौती**

१. विद्यालय बाहिर रहेका सबै बालबालिकालाई विद्यालयभित्र ल्याउनु ।
२. गुणस्तरीय शिक्षाका लागि बालमैत्री, प्रविधिमैत्री, समतामूलक, र समावेशी वातावरण सिर्जना गरी विद्यार्थीलाई विद्यालयमा टिकाइ राख्नु ।
३. विद्यार्थीको रुची, चाहना र क्षमताअनुसार शिक्षण सिकाइलाई सहज बनाउनु ।

४. अपाङ्गता र शारीरिक सीमितता भएका बालबालिकालाई उनीहरूको आवश्यकता अनुसारको सिकाइ वातावरण तयार गर्नु ।
५. विद्यालय र कक्षाकोठालाई बालमैत्री तथा प्रविधिमैत्री बनाउनु ।
६. शैक्षिक क्षेत्रको संस्थागत क्षमता वृद्धि गर्नु र सुशासनको प्रत्याभूति गर्नु ।
७. सबै विद्यालयमा शिक्षाको समान गुणस्तर सुनिश्चित् गर्नु ।

## ३.२.२ उद्देश्य

आधारभूत शिक्षामा पहुँच र गुणस्तर अभिवृद्धि गर्ने यस शिक्षा योजनामा निम्नानुसारको उद्देश्यहरु निर्धारण गरिएको छ :

१. अनिवार्य र निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयनमार्फत सबैलाई समान पहुँच र सहभागिता सुनिश्चित् गर्ने ।
२. आधारभूत तहका सबै उमेर समूहका बालबालिकालाई शिक्षाको पूर्णता सुनिश्चित् गर्ने वातावरण तयार गर्ने ।
३. विद्यालयहरूको भौतिक र शैक्षिक वातावरणलाई बालमैत्री, समावेशी र सुरक्षित बनाउने ।
४. विद्यालयको प्रशासनिक र व्यवस्थापकीय पक्ष सुधार गरी जवाफदेही बनाउने ।

## ३.२.३ रणनीति

१. आधारभूत तहमा शिक्षालाई समावेशी र समतामूलक बनाइ सबैको पहुँच सुनिश्चित् गरिनेछ ।
   क) सबैका लागि निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा उपलब्ध गराइनेछ । विशेष रूपमा जोखिममा परेका, अल्पसंख्यक, लोपोन्मुख, अपाङ्गता भएका तथा अन्य कमजोर समूहका विद्यार्थीलाई विद्यालयमैत्री वातावरण र सिकाइ अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
   ख) अपाङ्गता र शारीरिक सीमितता भएका बालबालिकाहरूको पहिचान तथा अभिलेखीकरण गरी उनीहरूको लागि उपयुक्त सिकाइ सामग्री सहित सिकाइको अवसर सुनिश्चित् गरिनेछ ।
   ग) संघ र प्रदेश सरकारको सहकार्यमा आवश्यकतानुसार आवासीय सुविधा सहितका विद्यालय सञ्चालन गरिनेछ ।
   घ) संघीय तथा प्रदेश सरकारका निकायहरू र गैरसरकारी संस्थाहरूको सहकार्यमा विद्यालय बाहिर रहेका सबै बालबालिकालाई विद्यालयको पहुँचमा ल्याइने छ ।
२. सबै बालबालिकालाई बालमैत्री वातावरणसहित गुणस्तरीय शिक्षाको प्रत्याभूति गरिनेछ ।
   क) गुणस्तरीय शिक्षाका लागि विद्यालयहरूमा बालमैत्री वातावरण निर्माण गरिने छ र सूचना प्रविधिको प्रयोगलाई प्रवर्द्धन गर्न आवश्यक पूर्वाधार विकासमा जोड दिइने छ ।
   ख) “एक विद्यालय, एक कम्प्युटर ल्याब” तथा “एक विद्यालय एक पुस्तकालय” को अवधारणा विकास गरी बालबालिकालाई कम्प्युटर शिक्षा सहित पठन संस्कृतिको विकासमा जोड दिइने छ ।
   ग) भौगोलिक अवस्था र जनसख्या वितरणका आधारमा विद्यालय नक्साङ्कन गरी विद्यालय एकीकरण लगायतका कार्यहरू सरोकारवालाहरूको सहकार्यमा गरिनेछ ।
   घ) विद्यार्थीको सर्वाङ्गीण विकासका लागि खेलकुद तथा अतिरिक्त क्रियाकलापहरू विद्यालयमा प्रवर्द्धन गरिनेछ ।

ङ) हाल सञ्चालनमा रहेका केही विद्यालयहरूलाई नमुना विद्यालयका रूपमा छनोट गरी सञ्चालन गरिनेछ ।

च) प्रधानाध्यापकहरुको प्रशासनिक क्षमता विकासको लागि आवश्यक तालिमको साथै सफल विद्यालयहरुको असल अभ्यास आदानप्रदान गर्न छोटो अवधिको प्रधानाध्यापकहरुको अर्न्तक्रियात्मक शैक्षिक अवलोकन भ्रमण आयोजना गरिनेछ ।

छ) प्रधानाध्यापकहरुसँग सिकाइ नतिजामा आधारित कार्यसम्पादन करार गरिनेछ ।

३. पाठ्यक्रम कार्यान्वयन, विद्यालय पोषण, उत्थानशील शिक्षा तथा भौतिक सुविधा सुनिश्चित् गरिनेछ ।

क) कक्षा ३ सम्म एकीकृत पाठ्यक्रमका आधारमा कक्षा शिक्षणलाई कार्यान्वयन गरिनेछ ।

ख) पाठ्यक्रमले निर्दिष्ट गरेको स्थानीय पाठ्यक्रम वा मातृभाषाका पाठ्यक्रम तथा पाठ्यसामग्री विकास र कार्यान्वयन गरिनेछ ।

ग) निरन्तर मूल्याङ्कन प्रणालीलाई थप प्रभावकारी, व्यवस्थित र सहज बनाइने छ । यसको प्रभावकारी कार्यान्वयनको लागि शिक्षकहरुलाई आवश्यक सहजीकरण गरिनेछ ।

घ) विद्यालयमा खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्धसहित न्यूनतम् भौतिक सुविधा सुनिश्चित् गरिनेछ ।

ङ) विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार ल्याउने कार्यक्रम सञ्चालन गरिनेछ ।

च) विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी र जलवायु परिवर्तन लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कायान्वयन गरिनेछ ।

छ) विद्यालयमा बालउद्यान, फूलबारी, वृक्षारोपण आदि जस्ता कार्यक्रम समावेश गरिनेछ ।

ज) नगर क्षेत्रका सामुदायिक विद्यालयहरुको शिक्षण माध्यम भाषामा एकरुपता ल्याइने छ ।

झ) संस्थागत विद्यालयहरुले प्रयोगमा ल्याएका पाठ्यपुस्तकहरु पाठ्यक्रम अनुसार विद्यार्थीहरुको सिकाइस्तर भए नभएको अनुगमन गरी अभिभावकहरुलाई कम आर्थिक भार पर्ने गरी पाठ्यपुस्तकको प्रयोगमा जोड दिइने छ ।

ञ) हरेक वर्ष नगरस्तरीय शैक्षिक मेला, विद्यार्थी तथा शिक्षकहरुको प्रतिभा पहिचान कार्यक्रम पाठ्यक्रम प्रबोधीकरण कार्यक्रम निरन्तर रुपमा गरिनेछ ।

## ३.२.४ प्रमुख उपलब्धि तथा नतिजा

### क) उपलब्धि

- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित भएको हुनेछ ।
- आधारभूत शिक्षाको गुणस्तर अभिवृद्धि भएको हुनेछ ।
- सबै वर्ग र समुदायका बालबालिकाको अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच, सहभागिता र गुणस्तरमा सुधार गर्ने ।

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा विद्यालय बाहिर रहेका बालबालिकाको सङ्ख्या | ४ | ३ | ० | ० | ० | ० |

| क.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| २ | आधारभूत तह (कक्षा १-५) मा तालिम प्राप्त शिक्षकको प्रतिशत सामुदायिक मात्र | ९८ | ९९ | १०० | १०० | १०० | १०० |
| ३ | न्यूनतम् सिकाइ सबलीकरण मापदण्ड (Minimum Enabling Conditions) पूरा गरेका आधारभूत तहका विद्यालयको सङ्ख्या | १२ | १४ | १५ | १६ | १६ | १६ |
| ४ | नियमित अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने विद्यालय संख्या | ३० | ३५ | ४० | ४२ | ४४ | ४४ |

**ख) नतिजा तथा अपेक्षित उपलब्धि**

१. आधारभूत तह उमेर समूहका बालबालिकाको विद्यालय भर्नादर शतप्रतिशत हुने ।
२. सबै बालबालिकाको पहुँच सुनिश्चित् गर्न विद्यालय दरबन्दी पुनर्वितरण तथा समायोजन गरी विषयगत शिक्षकको व्यवस्था हुने ।
३. सबै विद्यालयमा सिकाइका लागि आधारभूत पूर्वाधारको विकास गरिने ।
४. बालबालिकाको न्यूनतम् सिकाइ उपलब्धिमा सुधार आउने ।
५. निर्धारित पाठ्यक्रम तथा मूल्याङ्कन प्रणाली पूर्णरूपमा कार्यान्वयन गरिने ।
६. स्थानीय पाठ्यक्रमको विकास तथा प्रभावकारी कार्यान्वयन हुने ।
७. शिक्षणलाई बालमैत्री तथा प्रविधिमैत्री बनाउन आवश्यक पूर्वाधारको विकास हुने ।
८. हरेक विद्यालयमा बुक कर्नरको व्यवस्था हुने ।
९. समावेशी शिक्षाका लागि विद्यालयको पूर्वाधार तथा सिकाइ वातावरण सुदृढ गरिने ।
१०. विद्यालयमा खेलकुद तथा अतिरिक्त क्रियाकलाप नियमित र समावेशी रूपमा सञ्चालन गरिने ।
११. विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालन र पौष्टिक तथा स्वस्थकर दिवा खाजाको प्रबन्धबाट बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार हुने ।
१२. विद्यालय शिक्षा प्रणाली प्रकोप, संकट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील हुने ।

### ३.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | विद्यालय नक्साङ्कन, पुर्नवितरण तथा समायोजन | पटक | १ | २ | १ | १ | २ | ७ | संघ, प्रदेश र नगरपालिकाको समन्वय र सहकार्यमा |
| २ | विषयगत शिक्षक व्यवस्थापन र कार्यान्वयन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | संघ, प्रदेश र नगरपालिकाको समन्वय र सहकार्यमा |

| क्र. सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| ३ | विद्यार्थी भर्ना अभियान तथा अभिभावक शिक्षा कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | नगरपालिका र विद्यालय |
| ४ | एक विद्यालय एक पुस्तकालय तथा एक विद्यालय एक कम्प्युटर ल्याव कार्यक्रम | विद्यालय प्रतिशत | २० | २० | २० | २० | २० | १०० | संघ, प्रदेश र नगरपालिकाको समन्वय र सहकार्यमा |
| ५ | उत्कृष्ट विद्यालय अनुदान कार्यक्रम | विद्यालय | ० | १ | १ | १ | १ | ५ | नगरपालिका |
| ६ | छात्रा र दलित विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान | विद्यार्थी प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | संघ, प्रदेश र नगरपालिकाको समन्वय र सहकार्यमा |
| ७ | असहाय, अनाथ तथा विपन्न एवम् जेहेन्दार बालबालिकालाई छात्रवृत्ति | विद्यार्थी प्रतिशत | ५० | ७५ | १०० | १०० | १०० | १०० | संघ, प्रदेश र नगरपालिका तथा विकास साझेदारहरुसंगको समन्वय र सहकार्यमा |
| ८ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम र दिवा खाजाको प्रबन्ध | विद्यार्थी प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | संघ, प्रदेश र नगरपालिकाको समन्वय र सहकार्यमा |
| ९ | नगरस्तरीय परीक्षा सञ्चालन | पटक वर्षमा | ३ | ३ | ३ | ३ | ३ | १५ | नगरपालिका तथा विद्यालयहरुबीचको सहकार्यमा |
| ११ | नमुना आधारभूत विद्यालय स्थापना तथा सञ्चालन | विद्यालय | १ | १ | १ | २ | २ | ७ | नगरपालिका र विद्यालयको समन्वयमा |
| १२ | प्रधानाध्यापकसँग नतिजामा आधारित कार्यसम्पादन करार | विद्यालय प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | नगरपालिका |
| १३ | पाठ्यक्रम प्रबोधिकरण, मेन्टरिङ तथा शिक्षण सिकाइ सहजीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | संघ, प्रदेश र नगरपालिकाको समन्वय र सहकार्यमा |
| १४ | एक आधारभूत विद्यालय, एक सिकाइ कर्नर | २० | २० | २० | २० | २० | १०० | | संघ, प्रदेश र नगरपालिकाको समन्वय र सहकार्यमा |

| क्र. सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १५ | बुक फ्रि डे तथा रैथाने सीप विकास | पटक | ५ | ५ | ५ | ५ | ५ | २५ | नगरपालिका र विद्यालयबीचको समन्वयमा |
| १६ | बृहत शैक्षिक मेला, प्रतिभा पहिचान तथा शैक्षिक प्रदर्शनी | पटक | १ | १ | १ | १ | १ | ५ | नगरपालिका र विद्यालयबीचको समन्वयमा |
| १७ | प्र.अ.हरुबीच असल अभ्यास आदानप्रदान तथा अन्तरक्रियात्मक भ्रमण | पटक | १ | १ | १ | १ | १ | ५ | नगरपालिका र विद्यालयको समन्वयमा |
| १८ | शैक्षिक व्यवस्थापन तथा सूचना प्रणालीको व्यवस्थापन | विद्यालय प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | संघ, नगरपालिका र विद्यालयबीचको समन्वयमा |
| १९ | संस्थागत विद्यालयहरूको वर्गीकरण, शुल्क निर्धारण र छात्रवृत्ति वितरणका मापदण्ड निर्धारण | विद्यालय प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | नगरपालिका तथा सम्बन्धित विद्यालयहरुबीचको समन्वयमा |
| २० | दिवा खाजाको निःशुल्क व्यवस्थापन | विद्यार्थी प्रतिशत | ६० | ७५ | १०० | १०० | १०० | १०० | नगरपालिका तथा विद्यालयबीचको समन्वयमा |
| २१ | छात्रालाई सेनेटरी प्याडको निःशुल्क वितरण तथा व्यवस्थापन | विद्यालय प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | नगरपालिका, स्वास्थ्य सेवा प्रदायक निकाय तथा विद्यालयहरुको समन्वयमा |
| २२ | विद्यार्थीहरुको सामान्य स्वास्थ्य परीक्षण | विद्यार्थी प्रतिशत | ५० | ७५ | १०० | १०० | १०० | १०० | नगरपालिका, स्वास्थ्य सेवा प्रदायक निकाय तथा विद्यालयहरुको समन्वयमा |
| २३ | विद्यार्थी प्रतिभा पहिचान कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | नगरपालिका र विद्यालयको समन्वयमा |

## ३.३ माध्यमिक शिक्षा

नेपाल सरकारले कक्षा ९ देखि १२ सम्मको शिक्षालाई माध्यमिक शिक्षा भनेर परिभाषित गरेको छ। नेपालको संविधान २०७२ अनुसार हरेक नागरिकले माध्यमिक तहसम्मको शिक्षा निःशुल्क प्राप्त गर्ने व्यवस्था मौलिक हकका रूपमा सुनिश्चित् गरेको छ । संविधानले शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक र जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक तथा राष्ट्रहितप्रति समर्पित नागरिक तयार गर्ने नीति लिएको छ। संविधान अनुसार आधारभूत र माध्यमिक शिक्षाको व्यवस्थापन सम्बन्धी जिम्मेवारी स्थानीय सरकारको तोकिएको छ । माध्यमिक तहको शिक्षालाई गुणस्तरीय तथा प्रभावकारी बनाउन शिक्षा सम्बन्धी राष्ट्रिय लक्ष्यहरू निर्धारण गरी राष्ट्रिय पाठ्यक्रमद्वारा विद्यालयस्तरको माध्यमिक शिक्षाको सक्षमता निर्धारण गरिएको छ । बेसीशहर नगरपालिकाको माध्यमिक तहको शिक्षामा पहुँच सन्तोषजनक देखिएतापनि समतामूलक पहुँचको सुनिश्चितता, गुणस्तर तथा सान्दर्भिकतामा सुधार आवश्यक गर्नुपर्ने देखिन्छ ।

### ३.३.१ वर्तमान अवस्था

नगरपालिकामा हाल माध्यमिक तह अन्तर्गत कक्षा ९-१० सञ्चालित सामुदायिक विद्यालयहरु १४ ओटा र संस्थागत विद्यालयहरु ८ ओटा र कक्षा ९-१२ सञ्चालित सामुदायिक विद्यालयहरुको संख्या ७ र संस्थागत विद्यालयहरुको संख्या ४ रहेको छ । शैक्षिक सत्र २०८१ मा माध्यमिक तहमा कुल विद्यार्थी संख्या २२३८ रहेकोमा छात्राको संख्या ११२५ र छात्रको संख्या १११३ रहेको छ भने कक्षा १० को एस.ई.ई. परीक्षाको सिकाइ उपलब्धि २.०२५ जिपिए र कक्षा १२ को अन्त्यमा लिइने एस्.एल्.सी. परीक्षाको सिकाइ उपलब्धि १.५६ जिपिए रहेको छ । नगर क्षेत्रका सामुदायिक विद्यालयहरुमा सबै जातजाति धर्म, सम्प्रदाय र लैङ्गिक समूहका बालबालिकाको पहुँच र सहभागिताको अवस्था सन्तोषजनक भएतापनि केही बालबालिकाहरु विद्यालय बाहिर रहेका, कक्षा छोड्ने दर शून्यमा झार्न नसकिएको तथा अति विपन्न र सिमान्तकृत समूहका केही बालबालिकाहरु अध्ययनलाई बीचमा छोड्ने गरेको पाइएको छ, यसलाई शैक्षिक क्षतिको रुपमा लिई सुधारका कार्यक्रमहरु शिक्षा योजनामा समावेश गर्नुपर्ने आवश्यकता देखिएको छ । तुलनात्मक रुपमा प्राय माध्यमिक विद्यालयहरुमा न्यूनतम् शैक्षिक योग्यता हासिल गरेका शिक्षकहरु रहेता पनि अधिकांश प्रस्तावित माध्यमिक विद्यालयहरुमा माध्यमिक तहमा शिक्षक दरबन्दीको अभाव तथा विषयगत शिक्षकको अभाव देखिएको छ । नगरपालिकाले शिक्षकहरुको विभिन्न विषय समिति निर्माण गरी विषयगत सिकाइ उपलब्धिमा सुधार ल्याउन शिक्षकहरुलाई उत्प्रेरित गरेको छ । नगरस्तरीय परीक्षा सञ्चालन तथा परीक्षाफलको विश्लेषण, शिक्षणमा सूचना तथा सञ्चार प्रविधिको जोड, नियमित विद्यालय जान नसक्ने विद्यार्थीहरुको लागि खुला विद्यालयबाट माध्यमिक तहको शिक्षा प्राप्त गर्ने अधिकार, प्राविधिकधारको शिक्षाको अवसर, न्यून सिकाइ उपलब्धि भएका विषयहरुको सिकाइ उपलब्धि सुधार गर्न अतिरिक्त कक्षा सञ्चालनमा सहयोग, पाठ्यक्रमको प्रबोधीकरण, विद्यार्थी र शिक्षक प्रतिभा पहिचान कार्यक्रम तथा अतिरिक्त क्रियाकलापका कार्यक्रम सञ्चालन हुँदै आएका छन् ।

बेसीशहर नगरपालिकाको माध्यमिक तहको शिक्षाको वर्तमान अवस्था यसप्रकार छ ।

| क्र.सं. | क्षेत्रहरु | तथ्याङ्क |
|---|---|---|
| १ | कक्षा ९ देखि १२ सञ्चालित जम्मा सामुदायिक विद्यालयको संख्या | ७ |
| २ | कक्षा ९ देखि १२ सञ्चालित जम्मा संस्थागत विद्यालयको संख्या | ४ |
| ३ | कक्षा ९ देखि १० सञ्चालित जम्मा सामुदायिक विद्यालयको संख्या | ७ |

| क्र.सं. | क्षेत्रहरु | तथ्याङ्क |
|---|---|---|
| ४ | कक्षा ९ देखि १० सञ्चालित जम्मा संस्थागत विद्यालयको संख्या | ४ |
| ५ | कक्षा ९-१२ को सामुदायिक विद्यालयका जम्मा विद्यार्थी संख्या | १३०२ |
| ६ | कक्षा ९-१२ को संस्थागत विद्यालयका जम्मा विद्यार्थी संख्या | ९१८ |
| ७ | माध्यमिक तह कक्षा ९-१२ को खुद भर्ना दर (%) | ५५.५ |
| ८ | कक्षा १ मा भर्ना भई १० सम्मको टिकाउ दर | ६६.२ |
| ९ | कक्षा १ मा भर्ना भई कक्षा १२ सम्मको टिकाउ दर | ३०.५ |
| १० | माध्यमिक तहको कक्षा १० को सिकाइ उपलब्धि (जिपिएमा) | २.०२५ |
| ११ | माध्यमिक तह कक्षा १२ को सिकाइ उपलब्धि (जिपिएमा) | १.५६ |

(EMIS, २०८२)

**समस्या तथा चुनौती**

**समस्या**

१. विषयगत योग्यता सहित माध्यमिक शिक्षकहरूको अभाव हुनु ।
२. कक्षा शिक्षणलाई प्रविधिमैत्री र व्यवहारिक बनाउन नसक्नु ।
३. शिक्षण प्रक्रियालाई अनुसन्धानमुखी बनाउन नसक्नु ।
४. सबै विद्यालयमा आवश्यक पूर्वाधार तथा सुविधायुक्त वातावरण तयार गर्न नसक्नु ।
५. निःशुल्क तथा समतामूलक माध्यमिक शिक्षाको लागि आवश्यक स्रोतको अभाव ।

**चुनौती**

१. सामाजिक तथा आर्थिक रूपमा पछि परेका, अपाङ्गता भएका, विभेदमा परेका बालबालिकाको सहभागिता तथा गुणस्तरीय शिक्षाको सुनिश्चितता ।
२. विद्यालय छोड्ने दर, कक्षा दोहोऱ्याउने दर कम गर्दै विद्यार्थी टिकाउदर कायम राख्नु ।
३. माध्यमिक तह उत्तीर्ण प्रतिशत तथा सिकाइ उपलब्धि बढाउन ।
४. विद्यार्थीको माग अनुसार कक्षा ११ र १२ मा गुणस्तरीय विज्ञान तथा प्राविधिक र व्यवसायिक विषयमा विद्यार्थी भर्नादर बढाउन ।

## ३.३.२ उद्देश्य

१. माध्यमिक शिक्षालाई निःशुल्क बनाइ समतामूलक पहुँच तथा सहभागिता सुनिश्चित् गर्नु ।
२. माध्यमिक शिक्षामा बालबालिकाहरुको न्यूनतम् सिकाइ उपलब्धि हासिल गर्नु ।
३. विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, प्रविधिमैत्री, सिकाइमैत्री, समावेशी र सुरक्षित बनाउनु ।
४. विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय प्रबन्धमा सुधार गरी विद्यालय पद्धतिलाई विविधता अनुकूल, उत्थानशील र जवाफदेही बनाउनु ।
५. सार्वजनिक तथा निजी शैक्षिक क्षेत्रका विद्यमान असल अभ्यासलाई संलग्न गर्दै निजी लगानीका शिक्षण संस्थाहरूको प्रभावकारी परिचालन र नियमन गर्नु ।

६. माध्यमिक शिक्षा प्राप्तिको संवैधानिक र कानुनी दायित्व पूरा गर्नका लागि शिक्षा सरोकारवाला निकाय र व्यक्तिहरूको क्षमता अभिवृद्धि गर्नु ।

७. माध्यमिक तहमा प्राविधिक तथा व्यवसायिक शिक्षामार्फत विद्यार्थीको आधारभूत सीप प्राप्तिको सुनिश्चित् गरी किशोरकिशोरीहरूलाई विभिन्न सीप हासिल गर्न सहयोग गर्नु ।

### ३.३.३ रणनीतिहरु

१. सबैका लागि निःशुल्क माध्यमिक शिक्षाको सुनिश्चित् गर्न सङ्घ र प्रदेशसँगको समन्वय र सहकार्यमा बजेट तथा कार्यक्रम निर्माण गरी कार्यान्वयन गरिनेछ ।

२. स्थानीय माग, आवश्यकता र औचित्यताको आधारमा माध्यमिक विद्यालयको स्थापना, पुर्नवितरण तथा समायोजन गरिनेछ ।

३. विद्यालय शिक्षामा गुणस्तरीयता वृद्धि गर्न नगरपालिकास्तरमा नमुना माध्यमिक विद्यालय छनौट तथा विकास गरी सञ्चालन गरिनेछ ।

४. अपाङ्गता भएका, आर्थिक, सामाजिक दृष्टिकोणले कमजोर पृष्ठभूमि भएका विद्यार्थीहरूलाई लक्षित गरी आवश्यकतामा आधारित छात्रवृत्ति प्रदान गरी माध्यमिक शिक्षाको पहुँचमा सुनिश्चितता गरिनेछ ।

५. विद्यालयलाई प्रकोप, संकट तथा महामारी र जलवायु परिवर्तन लगायतका परिस्थितिप्रति उत्थानशील बनाइने छ ।

७. माध्यमिक शिक्षालाई प्रविधियुक्त र प्रतिस्पर्धी बनाइनेछ । हरेक विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार गरिनेछ । कक्षा ११-१२ मा विज्ञान विषय अध्ययनका लागि विद्यार्थीलाई आकर्षित गर्न आवश्यक पूर्वाधार तथा छात्रवृत्तिको व्यवस्था गरिनेछ ।

८. माध्यमिक तहमा दक्ष विषय शिक्षकको व्यवस्था, शिक्षाको पेशागत विकासका कार्यक्रम तथा शिक्षकका लागि उत्प्रेरणाका कार्यक्रम सञ्चालन गरिनेछ ।

९. विद्यालय बाहिर रहेका बालबालिकाका लागि वैकल्पिक माध्यमका शैक्षिक कार्यक्रम सञ्चालन गरिनेछ ।

१०. विद्यालयमा शैक्षिक सुशासनको सुनिश्चितता गर्न विद्यालय सञ्चालन तथा विद्यार्थी सिकाइमा जवाफदेहिता, उत्तरदायित्व, पारदर्शिता कायम गर्न कार्यसम्पादन करार, कार्यसम्पादन परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ, गुनासो व्यवस्थापन जस्ता संयन्त्रहरूको विकास गरिनेछ ।

११. माध्यमिक शिक्षामा मानव मूल्य प्रवर्द्धन, परम्परागत संस्कृति, आचरण र अनुशासनको पालना, योग अभ्यास लगायतका विषयको शिक्षण सिकाइ गर्न प्रोत्साहित गरिनेछ ।

१२. एक विद्यालय एक पुस्तकालय, एक विद्यालय एक कम्प्युटर ल्याव तथा एक विद्यालय एक विज्ञान प्रयोगशाला कार्यक्रमलाई प्रभावकारी बनाउन संघ, प्रदेश तथा गैरसरकारी सघसंस्थासँग समन्वय तथा सहकार्य गरी आवश्यक पूर्वाधार निर्माणमा सहयोग गरिनेछ । हरेक माध्यमिक विद्यालयमा भाषा शिक्षण सहजीकरणको लागि भाषा सिकाइ केन्द्रको स्थापनाको लागि विद्यालयहरुलाई प्रोत्साहन गरिनेछ ।

१३. माध्यमिक शिक्षकहरुको विषयगत समूह निर्माण गरी विषयगत सिकाइ उपलब्धि सुधारका लागि प्रोत्साहन गरिनेछ ।

१४. विद्यालय अनुगमन, निरीक्षण तथा सुपरिवेक्षण प्रक्रियालाई नतिजामूलक तथा उपचारात्मक गराई निरीक्षक एवम अनुगमनकर्ताबाट प्राविधिक सहायता प्रदान गर्ने पद्धतिको विकास गरिनेछ ।

१५. आवधिक रुपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइमा जवाफदेही हुने प्रणाली विकास गरिनेछ ।

१६. सक्षम र उत्प्रेरित प्रधानाध्यापकको व्यवस्था गरी विद्यालय विकास तथा व्यवस्थापनप्रति प्रधानाध्यापकलाई उत्तरदायी बनाइनेछ ।

१७. संस्थागत विद्यालयहरूको नियमनलाई प्रभावकारी बनाउँदै संस्थागत विद्यालयबाट प्रदान गरिने शिक्षालाई सेवामूलक बनाउदै लगिनेछ । संस्थागत विद्यालयहरुलाई निश्चित् मापदण्डका आधारमा स्तरीकरण र वर्गीकरण गरी शुल्क निर्धारण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

१८. विद्यालयको शैक्षिक व्यवस्थापन तथा सूचना प्रणालीको समय र आवश्यकतानुसार अद्यावधिक र प्रयोग गर्ने कार्यलाई अनुमानयोग्य र वैज्ञानिक गराइनेछ ।

१९. संस्थागत विद्यालयहरुका शिक्षक र कर्मचारीहरुको क्षमता अभिवृद्धिका निमित्त नगरपालिकाबाट दिइने तालिम, कार्यशाला, गोष्ठी लगायतका विभिन्न शैक्षिक क्रियाकलापमा सहभागी गरिनेछ ।

२०. सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयका असल अभ्यासहरुलाई सामुदायिक निजी साझेदारी मोडेलमा आदान प्रदान गरिनेछ ।

२१. 'पढ्दै कमाउँदै' कार्यक्रम अन्तर्गत नगरपालिकाका विद्यालयहरुलाई व्यवसायिक सीपमार्फत आयआर्जन बढाउने कार्यक्रम अगाडि बढाइनेछ ।

२१. शैक्षिक तथा प्रशासनिक उत्कृष्टता भएका विद्यालयहरुमध्येबाट एक माध्यमिक विद्यालयलाई नगरको नमुना विद्यालय बनाई आवश्यक सहयोग गरिनेछ ।

### ३.३.४ प्रमुख उपलब्धि तथा नतिजा

#### उपलब्धि

१. निःशुल्क माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित् भई खुद भर्नादर र टिकाउदरमा वृद्धि हुनेछ ।

२. सबै माध्यमिक विद्यालयहरुमा विषयगत शिक्षक दरबन्दीको व्यवस्था भएको हुनेछ ।

३. शिक्षण विधि र प्रविधिको विकास र प्रयोगले विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि हुनेछ ।

४. सबै माध्यमिक विद्यालयहरुमा पुस्तकालय, विज्ञान प्रयोगशाला, आइ.सि.टी. प्रयोगशाला तथा भाषा सिकाइ केन्द्रका लागि पूर्वाधार विकास तथा प्रयोग भएको हुनेछ ।

५. शैक्षिक उत्कृष्टता र प्रशासनिक सुधारसहितका नमुनायोग्य माध्यमिक विद्यालयहरु हुनेछन् ।

६. माध्यमिक तहको शिक्षाको पहुँचमा वृद्धि भई खुद भर्ना, टिकाउ दर तथा सिकाइ उपलब्धि दरमा वृद्धि हुने तथा कक्षा छाड्ने र दोहोऱ्याउने दरमा कमी आउनेछ ।

७. सबै माध्यमिक विद्यालयहरुले आधारभूत मापदण्ड पूरा गरेका हुनेछन् ।

८. भर्ना, सहभागिता, सिकाइ उपलब्धिमा लैङ्गिक, सामाजिक र आर्थिक लगायतका समता सूचकमा सुधार हुनेछ ।

### परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक तह (कक्षा ९-१०) मा भर्ना भएका विद्यार्थी सङ्ख्या | १४९४ | १५०० | १५५० | १६०० | १६५० | १७०० |
| २ | माध्यमिक तह (कक्षा ११-१२) मा भर्ना भएका विद्यार्थी सङ्ख्या | ७३० | ७५० | ७८० | ८०० | ९०० | १००० |
| ३ | विज्ञान विषयमा अध्ययनरत विद्यार्थी सङ्ख्या | ० | १५ | ४० | ५० | ६० | ८० |
| ४ | न्यूनतम सिकाइ सबलीकरण मापदण्ड (Minimum Enabling Conditions) पूरा गरेका माध्यमिक तहका विद्यालयको सङ्ख्या | १० | ११ | १२ | १३ | १४ | १४ |

### ३.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | १ | २ | | | | २ | संघ, प्रदेश र नगरपालिकाको समन्वय र सहकार्यमा |
| २ | दरबन्दी मिलान र शिक्षक व्यवस्थापन | पटक | १ | २ | | | | | नगरपालिका र विद्यालय सहकार्यमा |
| ३ | विद्यार्थी भर्ना अभियान सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | नगरपालिका र विद्यालय |
| ४ | एक विद्यालय एक पुस्तकालय तथा एक विद्यालय एक कम्प्युटर ल्याव तथा एक विद्यालय एक विज्ञान प्रयोगशाला कार्यक्रम | विद्यालय प्रतिशत | २० | २० | २० | २० | २० | १०० | संघ, प्रदेश र नगरपालिकाको समन्वय र सहकार्यमा |
| ५ | उत्कृष्ट विद्यालय अनुदान कार्यक्रम | विद्यालय | १ | १ | १ | १ | १ | ५ | नगरपालिका |
| ६ | एस.ई.ई. र कक्षा १२ को परीक्षा सञ्चालन तथा व्यवस्थापनमा सहजीकरण | पटक | २ | २ | २ | २ | २ | १० | संघ, प्रदेश र नगरपालिकाको समन्वय र सहकार्यमा |

| क.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| ७ | असहाय, अनाथ तथा विपन्न एवम् जेहेन्दार बालबालिकालाई छात्रवृत्ति | विद्यार्थी प्रतिशत | ५० | ७५ | १०० | १०० | १०० | १०० | संघ, प्रदेश र नगरपालिका तथा विकास साझेदारहरुसँगको समन्वय र सहकार्यमा |
| ८ | नगरस्तरीय परीक्षा सञ्चालन | पटक वर्षमा | ३ | ३ | ३ | ३ | ३ | १५ | नगरपालिका तथा विद्यालयहरुबीचको सहकार्यमा |
| ९ | पाठ्यक्रम प्रवोधीकरण तथा विषयगत शिक्षक तालिम | पटक | १ | १ | १ | १ | १ | १ | संघ, प्रदेश तथा नगरपालिका तथा विद्यालयहरुबीचको सहकार्यमा |
| १० | नमुना आधारभूत विद्यालय स्थापना तथा सञ्चालन | विद्यालय | १ | १ | १ | २ | २ | ७ | नगरपालिका र विद्यालयको समन्वयमा |
| ११ | प्रधानाध्यापकहरुसँग नतिजामा आधारित कार्यसम्पादन करार | विद्यालय प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | नगरपालिका |
| १२ | कक्षा १० का विद्यार्थीलाई अंग्रेजी, गणित र विज्ञान विषयको भर्चुअल तथा अतिरिक्त सिकाइ सहजीकरण | विद्यलय संख्या | १६ | १६ | १६ | १६ | १६ | ८० | नगरपालिका र विद्यालयको समन्वयमा |
| १३ | बृहत शैक्षिक मेला, प्रतिभा पहिचान तथा शैक्षिक प्रदर्शनी | पटक | १ | १ | १ | १ | १ | ५ | नगरपालिका र विद्यालयबीचको समन्वयमा |
| १४ | प्र.अ.हरुबीच असल अभ्यास आदानप्रदान तथा अन्तरक्रियात्मक भ्रमण | पटक | १ | १ | १ | १ | १ | ५ | नगरपालिका र विद्यालयको समन्वयमा |
| १५ | शैक्षिक व्यवस्थापन तथा सूचना प्रणालीको व्यवस्थापन | विद्यालय प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | संघ, नगरपालिका र विद्यालयबीचको समन्वयमा |
| १६ | संस्थागत विद्यालयहरूको वर्गीकरण, शुल्क निर्धारण र छात्रवृत्ति वितरणका मापदण्ड निर्धारण | विद्यालय प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | नगरपालिका तथा सम्बन्धित विद्यालयहरुबीचको समन्वयमा |
| १७ | छात्रालाई सेनेटरी प्याडको निःशुल्क वितरण तथा व्यवस्थापन | विद्यालय प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | नगरपालिका, स्वास्थ्य सेवा प्रदायक निकाय तथा विद्यालयहरुको समन्वयमा |

| क.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १८ | विद्यार्थीहरुको सामान्य स्वास्थ्य परीक्षण | विद्यार्थी प्रतिशत | ५० | ७५ | १०० | १०० | १०० | १०० | नगरपालिका, स्वास्थ्य सेवा प्रदायक निकाय तथा विद्यालयहरुको समन्वयमा |
| १९ | कमाउँदै सिक्दै कार्यक्रम | विद्यालय | २ | ३ | ३ | ४ | ४ | १६ | नगरपालिका र विद्यालयको समन्वयमा |

## ३.४ प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम

### ३.४.१ वर्तमान अवस्था

नगरबासीलाई प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको माध्यमद्वारा रोजगार तथा स्वरोजगारको अवस्था सिर्जना गर्ने उद्देश्यले प्राविधिक शिक्षा तथा तालिम परिषदद्वारा सञ्चालित विद्यालय तहको कक्षा ९ देखि १२ सम्मको प्राविधिक धारमा आधारित माध्यमिक शिक्षा कार्यक्रम हाल बेसीशहर नगरपालिकामा २ ओटा विद्यालयमा सञ्चालित छन् । प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको माध्यमबाट न्यून तथा मध्यमस्तरका प्राविधिक जनशक्ति उत्पादन गर्न अन्य विद्यालयहरुलाई पनि प्रोत्साहन गर्ने कार्यक्रम नगरपालिकाको छ । यसको अतिरिक्त व्यवसायिक तथा सीप विकासमा आधारित अल्पकालीन तालिमहरु सञ्चालन गरी बेरोजगार युवाहरुलाई स्वरोजगार बनाइ उद्यमशीलता उन्मुख नागरिक निर्माण गर्ने लक्ष्य नगरपालिकाको छ ।

नगरपालिकामा प्राविधिक शिक्षालाई योजनाबद्ध रुपमा सञ्चालन गर्न योग्य र दक्ष जनशक्तिको अभावको कारण कठिन भएको देखिन्छ । सञ्चालित प्राविधिक शिक्षा कार्यक्रमलाई स्थानीय युवाहरुको आकर्षण र पहुँचमा विस्तार गर्न नसक्दा गति लिन सकेका छैनन् । कक्षा ९ देखि १२ सम्म सञ्चालन भएका विद्यालयमा आधारित प्राविधिक शिक्षा तथा तालिम परिषद् मार्फत सञ्चालित शैक्षिक कार्यक्रमहरुका बिचमा एकरुपता कायम गर्दै समान गुणस्तर सुनिश्चितताका लागि समन्वयात्मक भूमिका निर्वाह गर्नु प्रमुख चुनौतीका रुपमा रहेका छन् ।

### ३.४.२ उद्देश्य

१. प्राविधिक तथा व्यवसायिक शिक्षाको पहुँच विस्तार र गुणस्तर अभिवृद्धि गर्न मद्दत गर्नु ।
२. मागका आधारमा सीपमूलक एवम् उद्यमशील तालिम सञ्चालन गर्न सहयोग गर्नु ।
३. सिकाइलाई उद्यमशीलता तथा रोजगारीसँग आवद्ध गर्न मद्दत गर्नु ।
४. प्राविधिक शिक्षालयको नतिजामूलक अनुगमन तथा सुपरिवेक्षण गर्नु ।
५. प्राविधिक तथा व्यवसायिक शिक्षाका माध्यमबाट रोजगारमूलक तालिमको अवसर प्रदान गर्नु ।
६. प्राविधिक तथा व्यवसायिक शिक्षामा लगानी अभिवृद्धि गर्न निजीक्षेत्रसँग पनि साझेदारी गर्नु ।

### ३.४.३ रणनीति

१. रोजगारी र उद्यमशीलता विकास गर्नका लागि प्राविधिक एवं व्यवसायिक शिक्षा र तालिमको विस्तार गरिनेछ । हाल प्राविधिक शिक्षा सञ्चालित विद्यालयहरुको गुणस्तर वृद्धि गरी अन्य विद्यालयहरुमा माग र सम्भाव्यताको अध्ययन गरी थप प्राविधिक शिक्षाको कार्यक्रम सञ्चालन गरिनेछ ।

२. मागमा आधारित अल्पकालीन र दीर्घकालीन सीपमूलक एवम् उद्यमशील तालिम सञ्चालन गरिनेछ । नगरपालिका भित्र आवश्यक निम्न र मध्यमस्तरको जनशक्ति निर्माणमा प्राविधिक तथा व्यवसायिक शिक्षा र सीपसम्बन्धी छोटो र लामो अवधीका कार्यक्रम सञ्चालन गरिनेछ ।

३. प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिमको संस्थागत क्षमता अभिवृद्धि गरिनेछ । लक्षित समूह, विद्यार्थी तथा युवालाई छात्रवृत्तिको व्यवस्था गरी प्राविधिक शिक्षातर्फ आकर्षण गर्दै तालिमको अवसर प्रदान गरिनेछ ।

४. माध्यमिक तहमा अध्ययनरत जम्मा विद्यार्थीमध्ये ३० प्रतिशतलाई प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको कार्यक्रममा पहुँच सुनिश्चित् गरिनेछ ।

५. उत्पादित जनशक्तिलाई स्थानीय तहमै रोजगारीको अवसर प्रदान गर्न श्रम बैंक स्थापना गर्ने ।

६. तालिम प्राप्त प्रशिक्षकहरूलाई आकर्षण गर्नका लागि सेवामा स्थायित्व, विभिन्न सेवासुविधामा बढोत्तरी गर्ने र नियमनकारी इकाइको स्थापना गरिनेछ ।

### ३.४.४ प्रमुख उपलब्धि तथा नतिजा

#### उपलब्धी

१. माध्यमिक तहमा अध्ययनरत जम्मा विद्यार्थीमध्ये १० प्रतिशतले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्राप्त गरेका हुनेछन् ।

२. प्राविधिक शिक्षा अध्ययन गरेका कम्तिमा २५ जना युवाहरूलाई उद्यमशीलता विकासको लागि सहयोग गरिनेछ ।

३. कम्तिमा ५ माध्यमिक विद्यालयहरुमा छोटो अवधिका सीपमूलक तालिमहरू सञ्चालन गरिनेछ ।

४. प्राविधिक तथा व्यवसायिक शिक्षासम्बन्धी नगरस्तरीय आवधिक नीतिको तर्जुमा गरिनेछ ।

५. छात्रवृत्ति लगायत आर्थिक तथा प्राविधिक सहयोगका माध्यमबाट प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिममा लक्षित वर्ग उमेर समूहका विद्यार्थीहरुलाई भर्ना तथा अध्ययन कार्य पूरा गराइनेछ ।

### ३.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | प्राविधिक तथा व्यवसायिक शिक्षासम्बन्धी नगरस्तरीय नीतिको तर्जुमा | पटक | १ | | १ | | १ | ३ | संघ, प्रदेश र नगरपालिकाको समन्वय र सहकार्यमा |
| २ | सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम सञ्चालन | विद्यालय संख्या | | १ | | १ | १ | ३ | प्रदेश र स्थानीय सरकार |

| क्र. सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| ३ | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम प्रदायक संस्थाहरूको अनुगमन तथा नियमन | पटक | १ | १ | १ | १ | १ | ५ | नगरपालिका |
| ४ | प्राविधिक शिक्षा अध्ययन गरेका युवाहरूलाई उद्यमशीलता विकासको लागि सहयोग कार्यक्रम | संख्या | ५ | ५ | ५ | ५ | ५ | २५ | संघ, प्रदेश र नगरपालिकाको समन्वय र सहकार्यमा |
| ५ | छोटो अवधिका सीपमूलक तालिमहरू सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | संघ, प्रदेश र नगरपालिकाको समन्वय र सहकार्यमा |
| ६ | नगरपालिकामा प्राविधिक इकाइ स्थापना | ओटा | | १ | | १ | | २ | संघ, प्रदेश र नगरपालिकाको समन्वय र सहकार्यमा |
| ७ | प्रयोगशाला व्यवस्थापनमा सहयोग | विद्यालय | १ | १ | १ | १ | १ | ५ | नगरपालिका |

## ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

शिक्षा आर्जन गर्ने माध्यमहरु धेरै हुन्छन् । विद्यालय तथा विश्वविद्यालयबाट कुनै निश्चित पाठ्यक्रम, समयतालिका र पद्वतिबाट नियमित दिइने औपचारिक शिक्षाले मात्र सबै नागरिकमा शिक्षाको पहुँच पुग्न सक्दैन । तसर्थ औपचारिक तथा नियमित शिक्षा पद्वतिको अवसरबाट वञ्चित भएका व्यक्तिहरुलाई अनौपचारिक शिक्षाको माध्यमबाट शिक्षाको मूलधारमा ल्याउनुपर्दछ । निरक्षरका लागि साक्षरता, साक्षरका लागि साक्षरोत्तर, सीपविकास, आयआर्जन जस्ता कार्यक्रमहरु अनौपचारिक शिक्षासँग सम्बन्धित हुन्छन् । पठन संस्कृतिको विकास र ज्ञानमा आधारित समाजको निर्माणका लागि अनौपचारिक शिक्षाले महत्वपूर्ण टेवा पुऱ्याउँदै आएको छ । मानव सभ्यताको विकाससँगै मानिसले कुनै न कुनै रुपमा अनौपचारिक शिक्षा पद्धतिको अभ्यास गर्दै आएको छ । सिकाइ मानिसको गर्भावस्थादेखि मृत्युपर्यन्त निरन्तर चलिरहन्छ । ज्ञान, विज्ञान र प्रविधि एक पटक सिकेर जीवनभर रहँदैन । समय र परिस्थिति बमोजिम निरन्तरता आवश्यक छ । विभिन्न क्षेत्रमा ज्ञान, सीप र प्रविधि हासिल गर्नुपर्ने आवश्यकता अझ बढेर गएको छ । प्रत्येक व्यक्तिमा रुचि, क्षमता र आवश्यकता बमोजिम समयानुकूल ज्ञान, सीप र प्रविधिको विकास गर्नु आवश्यक छ । राष्ट्रिय शिक्षा नीति, २०७६ ले नेपाललाई साक्षर मुलुकका रूपमा स्थापित गर्दै अनौपचारिक, वैकल्पिक, परम्परागत र खुला शिक्षाका माध्यमबाट आजीवन सिकाइ क्षमताको विकास गर्ने, अपाङ्गता भएका व्यक्तिहरूलाई समावेशी शिक्षा प्रदान गर्ने तथा जीवनभर सिकाइको अवसर उपलब्ध गराइ आत्मनिर्भर नागरिक तयार गर्ने लक्ष्य निर्धारण गरेको छ । दिगो विकास लक्ष्य नं. ४ अन्तर्गत सबैका लागि समावेशी र गुणस्तरीय शिक्षा तथा आजीवन सिकाइको सुनिश्चितता गर्ने उद्देश्य राखिएको छ । साक्षर नेपाल वर्ष, २०७६ को अवधारणाले सोही वर्ष नेपाललाई साक्षर राष्ट्र घोषणा गर्ने लक्ष्य राखेको थियो ।

### ३.५.१ वर्तमान अवस्था

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा बैकल्पिक शिक्षा, निरन्तर शिक्षा, सामुदायिक सिकाइ केन्द्र सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन गर्ने अधिकार स्थानीय तहलाई प्रदान गरेको छ । यसै सन्दर्भमा बेसीशहर नगरपालिकाले समेत अनौपचारिक तथा आजीवन सिकाइ योजना निर्माण तथा कार्यान्वयनमा समन्वय र सहजीकरण गर्ने जिम्मेवारी बहन गर्दै आएको छ । यस नगरपालिका अन्तर्गत अनौपचारिक तथा आजीवन सिकाइ सम्बन्धी कार्य गर्न हालसम्म नगरपालिकाभित्र ३ स्थानमा सामुदायिक सिकाइ केन्द्रहरु स्थापना भई क्रियाशील रहेका छन भने जनविकास माध्यमिक विद्यालय बेसीशहर ७ मा कक्षा ८ र १० को खुला शिक्षा कार्यक्रम विगत लामो समयदेखि सञ्चालनमा रहेको छ। सिकाइ केन्द्रहरूले सामुदायिक पुस्तकालय र वाचनालय तथा महिला समूह निर्माण गरी विभिन्न तालिमहरू एवम् आयआर्जनका कार्यक्रमहरू समेत सञ्चालन गरिरहेका छन । यसले जीवनपर्यन्त सिकाइलाई समेत सहयोग पुगेको छ । यसका अतिरिक्त नगरपालिकामा विभिन्न संघ, संस्था तथा सहकारी संस्था र बैंकहरूले पनि साक्षरता कक्षा, वित्तीय साक्षरता, व्यवसायिक साक्षरता, कानुनी साक्षरता लगायतका अनौपचारिक कक्षाहरू सञ्चालन गरिरहेका छन् । नेपाल सरकारले आर्थिक वर्ष २०६९/०७० देखि सञ्चालन गरेको साक्षर नेपाल अभियान अन्तर्गत हाल यस नगरपालिकासहित लमजुङ जिल्लालाई साक्षर जिल्ला घोषणा गरिएको छ।

बेसीशहर नगरपालिकाको घरधुरी सर्वेक्षण, २०७६ अनुसार ५ वर्ष माथिको जम्मा साक्षरता प्रतिशत ८१.२ प्रतिशत रहेकोमा पुरुषको साक्षरता प्रतिशत ८८.८ र महिलाको ७४.६ रहेको छ । त्यसै गरी १५ वर्षमाथिको साक्षर जनसंख्या ९१.९१ प्रतिशत रहेको छ। समग्रमा नगरपालिकामा १८.८ प्रतिशत जनसंख्या निरक्षर रहेको देखिन्छ । विशेष गरी दलित र विपन्न समुदायका प्रौढहरु निरक्षर देखिन्छन् । उनीहरुमा शिक्षाप्रति कम सचेतना, उदासिनता, शिक्षाको महत्वको ज्ञानको अभाव र जीवन निर्वाहका लागि निरन्तर काममा व्यस्त हुनुपर्ने कारणले निरक्षर बन्नुपरेको हो । औपचारिक शिक्षाबाट बञ्चित यो समूहलाई अनौपचारिक शिक्षा र आजीवन सिकाइ कार्यक्रममार्फत साक्षर र सीपयुक्त जनशक्ति निर्माण गर्ने जिम्मेवारी केन्द्रदेखि स्थानीय सरकार समेतको हुन्छ । यही अवस्थाको विश्लेषण र जिम्मेवारीबोधका कारण यस नगरपालिकाले आफ्नो ५ वर्षे शिक्षा योजनामा अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ योजना निर्माण गरेको छ।

### चुनौती तथा अवसरहरु

बेसीशहर नगरपालिकामा बसोबास गर्ने सबै नागरिकलाई नवीनतम् मान्यता अनुसार कार्यमूलक साक्षरताको अवधारणा कार्यान्वयनमा गर्न, अनौपचारिक शिक्षा क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी संस्थाहरुसँग प्रभावकारी रुपमा समन्वय गर्न, साक्षरतालाई उत्पादन र उत्पादकत्वसँग जोड्न, औपचारिक शिक्षाबाट बञ्चितहरुका लागि भरपर्दो र सुलभ औपचारिक, खुला तथा वैकल्पिक शिक्षामा पहुँच र निरन्तरता प्रदान गर्न चुनौती छ। यसको साथै सबै वडाहरुमा सामुदायिक सिकाइ केन्द्रहरुको व्यवस्थापन गर्न, अनौपचारिक शिक्षाप्रति सरोकारवालाहरुको अभिरुची बढाउन तथा नीतिगत एवम् संस्थागत संरचना एवम् साधन स्रोतको अभावमा आधारभूत साक्षरता र जीवनपर्यन्त सिकाइका अवसरहरु उपलब्ध गराउन नसक्नुलाई समस्या तथा चुनौतीको रुपमा लिइएको छ।

वर्तमान सन्दर्भमा साझेदारहरूको स्रोत सहितको प्रतिवद्धता र प्राथमिकताका साथै नेपाल सरकारले अन्तर्राष्ट्रिय मञ्चमा गरेका शिक्षासम्बन्धी प्रतिबद्धता, सबैलाई अनिवार्य शिक्षा दिने संवैधानिक व्यवस्था, समृद्ध नेपाल सुखी नेपाली बनाउने सरकारको दीर्घकालीन सोच, साक्षरता अभियान, राष्ट्रिय शिक्षा नीतिमा अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक शिक्षाको व्यवस्थापन, सामुदायिक सिकाइ केन्द्रको स्थापना र सञ्चालन जस्ता कुराको यथोचित उपयोगलाई अवसरका रूपमा लिन सकिन्छ । शिक्षा केन्द्रबाट मात्रै सञ्चालन हुँदै रहेको स्थितिको अन्त्य गरी माध्यमिक शिक्षा सम्मको व्यवस्थापनको अधिकार स्थानीय तहमा दिनुका साथै शिक्षामा तीनै तहका सरकारको साझा अधिकार रहनु पनि अनौपचारिक तथा खुला शिक्षा विकासका लागि सुअवसर हो ।

### ३.५.२ उद्देश्य

१. नियमित र औपचारिक शिक्षाको अवसरबाट बञ्चित समूह, लक्षित वर्ग एवं व्यक्तिलाई अनौपचारिक शिक्षाका कार्यक्रम साक्षरता शिक्षा, साक्षरोत्तर शिक्षा तथा आजीवन सिकाइका माध्यमबाट सामाजिक तथा आर्थिक रुपमा सशक्तीकरण गराइ जीवनयापन सहज र गुणस्तरीय बनाउने ।
२. सबै नागरिकका लागि समावेशी तथा समतामूलक साक्षरता र आजीवन सिकाइका अवसर सुनिश्चित् गर्ने ।
३. प्रत्येक वडामा कम्तीमा एक सामुदायिक सिकाइ केन्द्र स्थापना गरी समुदायमा विभिन्न सीपविकास तथा आयआर्जनमूलक कार्यक्रम सञ्चालन गर्ने ।
४. औपचारिक शिक्षा प्रदान गर्ने माध्यमिक विद्यालयहरुमा पनि छोटो समयको सीपमूलक तालिम सञ्चालन गरी नागरिकलाई सीपका माध्यमबाट आयआर्जनमा जोड्ने ।
५. सामुदायिक सिकाइ केन्द्रहरुको क्षमता विकास गरी निरन्तर शिक्षा र आयआर्जनका कार्यक्रम सञ्चालन गर्ने ।
६. पठनसंस्कृतिलाई जीवनको अभिन्न अङ्ग बनाउन सार्वजनिक पुस्तकालय, इ-पुस्तकालय, थप सामुदायिक सिकाइ केन्द्र र वाचनालयहरूको स्थापना, विकास र विस्तार गर्ने ।
७. नगरभित्रका निरक्षरलाई साक्षर, साक्षरलाई उत्पादनमूलक रोजगारमा जोड्न विद्यालय तथा विश्वविद्यालय तहको साधारण तथा प्राविधिक शिक्षाबाट उत्पादित जनशक्ति परिचालन गर्ने ।

### ३.५.३ रणनीति

१. सामुदायिक सिकाइ केन्द्रलाई स्रोत सम्पन्न पुस्तकालय, सामुदायिक सूचना केन्द्र, एफ.एम. सञ्चालन र सेवा प्रवाह गर्ने, बहुउद्देश्यीय संस्थाका रूपमा सुदृढ गर्दै समावेशी र समानतामा आधारित आजीवन सिकाइ स्थलका रूपमा विकास गरिनेछ ।
२. सामुदायिक सिकाइ केन्द्र, विद्यालय, स्थानीय संघसंस्था, नागरिक समाज, सञ्चार माध्यम र अभिभावकहरूको संलग्नता बढाएर साक्षरता तथा सीपमूलक कक्षा सञ्चालन गरिनेछ ।
३. परम्परागत मौलिक ज्ञान र सीपको पहिचान, संरक्षण, सम्वर्द्धन, आधुनिकीकरण एवं हस्तान्तरणसम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।
४. स्थानीय माग, आवश्यकता र स्रोतका आधारमा स्थानीय समुदायसँगको सहकार्यमा सामुदायिक विकास केन्द्रहरुको स्थापना गरी सञ्चालन गरिनेछ । योजना अवधीभरमा सबै वडाहरुमा कम्तिमा एकओटा सामुदायिक सिकाइ केन्द्र स्थापना र सञ्चालन गरी साक्षरता कार्यक्रम सञ्चालनमा प्रोत्साहन गरिनेछ ।

५. नगरपालिकाको संयोजनमा सामुदायिक सिकाइ केन्द्र, विद्यालय, विकास साझेदार, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक, अन्य साझेदारहरू परिचालन गरी आवश्यक पर्ने स्थानमा साक्षरता तथा साक्षरोत्तर कक्षा र सीपमूलक व्यवसायिक तालिमहरू सञ्चालन गरिनेछ ।
६. सामुदायिक सिकाइ केन्द्रमार्फत विभिन्न सीप विकास, आयआर्जन तथा सीपमूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
७. अनौपचारिक माध्यमबाट सिकिएका ज्ञान तथा सीपहरूको परीक्षण र प्रमाणीकरण गरी राष्ट्रिय योग्यता प्रारूपअनुसार प्रमाणपत्र उपलब्ध गराइनेछ ।
८. विज्ञ समूह निर्माण गरी अनौपचारिक तथा आजीवन सिकाइ र सिकाइ संस्कृतिको नगर अवधारणापत्र तयार गरिनेछ ।

### ३.५.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. सबै नगरबासीका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त हुनेछन् ।
२. नगरपालिकामा सञ्चालित सामुदायिक सिकाइ केन्द्रहरुको सञ्चालन मापदण्ड तयार गरी एकीकृत सेवा प्रवाह गर्नै स्व सिकाइ केन्द्र (Self Learning Zone) को रुपमा विकास हुनेछन् ।
३. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइबाट आर्जित ज्ञान तथा सीपको पहिचान एवम प्रमाणीकरण गर्न नीति/नियमावली/कार्यविधि तयार गरी राष्ट्रिय योग्यता प्रारूपअनुरूप आवधिक समकक्षता प्रदानका लागि समन्वय र सहजीकरण गरिनेछ ।
४. संघ र प्रदेश सरकारसँगको समन्वयमा अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका लागि लागत साझेदारीताको प्रारूप तयार हुने ।
५. निरक्षर साक्षर हुने र साक्षर बेरोजगार युवाहरु उत्पादनमूलक रोजगारीमा संलग्न भइ उत्पादनमा वृद्धि हुने ।
६. स्वरोजगारमूलक व्यावसायहरु जस्तैः ब्युटीपार्लर, कार्पेन्टर, टेलरिङ, बेमौसमी तरकारी खेती, व्यवसायिक पशुपंक्षीपालन, अटोमोबाइल जस्ता व्यावसाय दक्ष सीपयुक्त जनशक्तिद्वारा संचालनमा हुने ।
७. हरेक वडामा सुविधा सम्पन्न कम्तीमा एक सामुदायिक सिकाइ केन्द्र सञ्चालन हने ।

### ३.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | निरक्षरहरुको तथ्याङ्क अद्यावधिक | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | नगरपालिका |
| २ | अनौपचारिक तथा आजीवन स्व-सिकाइ र यसको आगामी मार्ग सम्बन्धी अवधारणापत्रको तर्जुमा तथा अभिमुखीकरण | पटक | | १ | | | | १ | नगरपालिका |

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| ३ | साक्षरता र निरन्तर शिक्षाका लागि लागत सहभागिताको प्रारूपको तर्जुमा | पटक | | १ | | | | १ | प्रदेश र नगरपालिका |
| ४ | एक वडा एक सामुदायिक सिकाइ केन्द्र स्थापना र सञ्चालन | संख्या | १ | २ | २ | २ | २ | ९ | संघ, प्रदेश र नगरपालिकाको समन्वय र सहकार्यमा |
| ५ | सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरण र व्यवस्थापन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | नगरपालिका |
| ६ | सार्वजनिक पुस्तकालय, इ-पुस्तकालय, फ्री वाइफाइ जोन तथा वाचनालयहरू स्थापना | संख्या | १ | | १ | | १ | ३ | प्रदेश र नगरपालिका |
| ७ | युवाहरुका लागि व्यवसायिक सीपमूलक तालिम संचालन | जना | | २५ | २५ | २५ | २५ | १०० | संघ र नगरपालिकाको समन्वय र सहकार्यमा |
| ८ | योग्यता प्रमाणीकरण तथा समकक्षता सम्बन्धी कार्यविधिको तर्जुमा | पटक | | १ | | १ | १ | ३ | संघ र नगरपालिकाको समन्वय |
| ९ | स्थानीय भाषा, कला र संस्कृति तथा परम्परागत सीपको संरक्षण, प्रवर्द्धन र विकास गर्ने कार्यक्रमहरू सञ्चालन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | प्रदेश र नगरपालिकाको समन्वय |

# परिच्छेद ४
# अन्तरसम्बन्धित विषय तथा क्षेत्र

विभिन्न अन्तरसम्बन्धित विषय तथा क्षेत्र (Cross–cutting Subjects and Areas) ले विद्यालय शिक्षाको योजनामा अपेक्षित परिणाम हासिल गर्न सक्षम बनाउने कारकका रूपमा काम गरेका हुन्छन् । शिक्षा योजनामा शिक्षक व्यवस्थापन तथा पेसागत विकास; समता तथा समावेशीकरण; स्वास्थ्य, पोषण तथा दिवा खाजा; आपत्कालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा; शिक्षामा सूचना तथा सञ्चार प्रविधि; विद्यालय भौतिक विकास जस्ता अन्तरसम्बन्धित विषय महत्वपूर्ण हुन्छन् । तसर्थ यस खण्डमा विद्यालय शिक्षासँग सम्बन्धित विषयहरू जस्तै समतामूलक पहुँच र समावेशीकरण, आपत्कालीन शिक्षा, भौतिक पूर्वाधार विकास, तथा शिक्षामा सूचना र सञ्चार प्रविधिको वर्तमान अवस्थाको समीक्षा गर्दै चुनौतीहरूको पहिचान गरिएको छ । तेस्रो अध्यायमा यी विषयहरू समावेश गरिए तापनि, यस खण्डमा ती विषयहरूलाई विशेष रूपमा विश्लेषण गरी योजनामा प्राथमिकता प्रदान गर्ने र विभिन्न क्षेत्रसँग सम्बन्धित गराउन सहयोग पुऱ्याउने उद्देश्यले प्रस्तुत गरिएको छ । यसमा प्रत्येक विषयको अवधारणा, वर्तमान अवस्थाको विश्लेषण र चुनौतीहरूको पहिचान गरिएको छ । साथै ती विषयहरूको उद्देश्य, अपेक्षित नतिजा र योजनाको अवधिभर सञ्चालन गरिने प्रमुख क्रियाकलापहरू पनि समावेश गरिएका छन् । यसै सन्दर्भमा यस परिच्छेदमा समावेश गरिने उपक्षेत्रलाई वर्तमान अवस्था, उद्देश्य, रणनीति, उपलब्धि तथा नतिजा र मुख्य क्रियाकलाप तथा लक्ष्य निर्धारण गरी उपशीर्षकमा विभाजन गरी विश्लेषण गरिएको छ ।

## ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

### ४.१.१ वर्तमान अवस्था

औपचारिक शिक्षाका प्रमुख आधार मानिने पाठ्यक्रम र पाठ्यपुस्तकहरुको विद्यालयसम्म समयमा नै सहजरुपले उपलब्ध गराउन बेसीशहर नगरपालिकाले आवश्यक सहजीकरण गरिरहेको छ । नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाको समन्वयमा परिवर्तित पाठ्यक्रमको बारेमा शिक्षकहरुलाई प्रबोधीकरण गर्ने, विषय शिक्षक समूह निर्माण गरी सम्बन्धित विषयमा सिकाइ उपलब्धि पढाउन योजना निर्माण, अनुभव आदानप्रदान तथा कार्यशाला गोष्ठीको आयोजना गर्रिंदै आएको छ । शैक्षिक सत्र सुरु हुनुपूर्व नै विद्यार्थीहरुको हातमा निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराउन सामुदायिक विद्यालयहरुलाई सहजीकरण गर्ने तथा निजी विद्यालयहरुले लगाउने पाठ्यपुस्तक नेपाल सरकारको पाठ्यक्रम विकास केन्द्रले तोकेबमोजिमको भए/नभएको अनुगमन गर्ने कार्य भइरहेको छ । नगरपालिकाको पहलमा स्थानीय पाठ्यक्रम निर्माण, स्थानीय पाठ्यक्रम शिक्षणका लागि सहजीकरण तथा स्थानीय पाठ्यक्रम शिक्षण सामग्री निर्माण गरी वितरण गरिएको छ । यसको साथै शिक्षण सहजीकरणलाई सहज बनाउन सिकाइ सामग्री निर्माण तथा खरिदका लागि विद्यालयहरुलाई न्यून मात्रामा भएपनि सहयोग गरी प्रोत्साहन गर्ने कार्य गरिएको छ । नगर क्षेत्रका विद्यालयहरुमा विद्यार्थी मूल्याङ्कनमा एकरुपता ल्याउन र विद्यार्थीहरुको बास्तविक सिकाइस्तर मापन गरी पृष्ठपोषण प्रदान गर्न नगरस्तरीय परीक्षा सञ्चालन गर्ने, नतिजा प्रकाशन गर्ने र नतिजाको विश्लेषण गर्ने कार्य प्रारम्भ गरिएको छ ।

स्थानीय तहले स्थानीय पाठ्यक्रम निर्माणको क्रममा वातावरणीय दिगोपनाका लागि वृक्षारोपण, वातावरण संरक्षणको रैथाने ज्ञान र सीपलाई समावेश गर्ने तथा हरित विद्यालय, हरित वडा र हरित समुदायको अवधारणा जस्ता विषयलाई समावेश गरिएको छ । त्यसै गरी विश्वबजारमा प्रतिस्पर्धा गर्नका लागि आवश्यक पर्ने वित्तीय साक्षरता, उद्यमशीलता, सञ्चारसीप, संवेग व्यवस्थापन जस्ता जीवनोपयोगी सीपलाई पाठ्यक्रम तथा अन्य माध्यमबाट प्रवर्द्धन गर्ने खालका विषयको बारेमा ज्ञान दिन विभिन्न वित्तीय संस्था तथा गैरसरकारी संस्थाहरुसँग समन्वय गरी विद्यालयमा तत्सम्बन्धी कार्यशाला गोष्ठी तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको छ । यद्यपि आवश्यक स्रोत साधनको कमी, निरन्तर अनुगमन तथा सहजीकरणको लागि निरन्तर पृष्ठपोषण दिन नसकिएकोले स्थानीय पाठ्यक्रम कार्यान्वयन, कक्षा १-३ मा एकीकृत पाठ्यक्रमको कार्यान्वयन तथा शिक्षणसँगै उद्यमशीलता जस्ता कार्यक्रमलाई प्रभावकारी रुपले अगाडि बढाउन चुनौती देखिएको छ ।

### ४.१.२ उद्देश्य

१. नेपाल सरकारद्वारा जारी विद्यालय शिक्षाको तहगत र कक्षागत पाठ्यक्रम कार्यान्वयनको सुनिश्चितता गर्नु,
२. पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा सिकारुमा ज्ञान, सीप र व्यवहार विकासमा सहजीकरण गर्नु,
३. शिक्षकहरुलाई पाठ्यक्रमको प्रबोधीकरण गरी कार्यान्वयनमा सहजीकरण गर्नु,
४. स्थानीय ज्ञान, सीप र प्रविधिमा आधारित स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण गरी कार्यान्वयन गर्नु,
५. निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्नु,
६. पाठ्यक्रमले तोकेबमोजिम मूल्याङ्कन कार्यान्वयनको अवस्थाको अनुगमन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नु,
७. सिकाइ लक्षित शिक्षण सामग्रीहरुको निर्माण र प्रयोग सम्बन्धी कार्यशाला गोष्ठी आयोजना गर्नु,
८. बहुपाठ्यपुस्तक नीति अवलम्बन गरी विद्यार्थीहरुमा आधुनिक परिवेश सुहाउँदो ज्ञान, सीप र व्यवहार विकासमा सहयोग पुऱ्याउनु ।

### ४.१.३ रणनीति

उल्लेखित उद्देश्य हाँसिल गर्नको लीग नगरपालिकाले निम्न अनुसारको रणनीति अपनाउनेछ ।

१. विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ र त्यस अनुरुप निर्मित पाठ्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गरिनेछ ।
२. पाठ्यक्रम विकास केन्द्रद्वारा विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीको सम्बन्धित शिक्षक तथा सरोकारवालालाई प्रबोधीकरण गरिनेछ ।
३. पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षकहरूको पेसागत क्षमता अभिवृद्धि गरिनेछ ।
४. विपद्, महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न उत्थानशील शिक्षामा जोड दिइनेछ ।
५. शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वाध्ययन तथा सन्दर्भ सामग्री उपलब्ध हुने व्यवस्थाको सुनिश्चितता गरिनेछ ।

६. माध्यम भाषाका रूपमा आवश्यकताअनुसार मातृभाषा, स्थानीय भाषा, बहुभाषा प्रयोग गर्ने व्यवस्था मिलाइनेछ ।

७. विषयगत सिकाइ उपलब्धिलाई बढाउन सिकाइ उपलब्धि कम भएका विषयहरु जस्तै गणित, विज्ञान र अंग्रेजी विषयको अतिरिक्त अन्य विषयहरुको पनि आवश्यकता अनुसार शिक्षकहरुको विषयगत समिति गठन गरी शिक्षण कौशलता तथा अनुभव आदानप्रदान गरिनेछ ।

८. स्थानीय पाठ्यक्रम निर्माण गर्दा समावेशिता, लैङ्गिक पक्ष, हरित विद्यालय निर्माण, जलवायु परिवर्तन, वातावरण संरक्षण जस्ता विषयवस्तुलाई प्राथमिकताका साथ समावेश गरिनेछ ।

९. विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको वृत्ति विकाससँग आबद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सिर्जना गरिनेछ ।

१०. निरन्तर विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइको अभिन्न अङ्गका रूपमा प्रयोग गरिनेछ ।

### ४.१.४ प्रमुख उपलब्धि र नतिजा

**उपलब्धि**

१. नगरपालिकाभित्र सम्पूर्ण विद्यालयहरुमा तोकिएको पाठ्यक्रम कार्यान्वयनमा ल्याइएको ।

२. सम्पूर्ण विद्यालयहरुले परीक्षामा स्तरीकृत प्रश्न प्रयोग गरेका हुनेछन् ।

३. कम्तिमा २ वटा विद्यालयहरुले स्थानीय भाषामा कक्षा सञ्चालन गरेका हुनेछन् ।

४. सम्पूर्ण विद्यालयहरुले निरन्तर विद्यार्थी मूल्याङ्कन र स्थानीय पाठ्यक्रमको कार्यान्वयन पूर्ण रुपमा गरेका हुनेछन् ।

५. सम्पूर्ण विद्यालयहरुले जलवायु परिवर्तन तथा उत्थानशीलता सम्बन्धी सामग्रीको प्रयोग गरेका हुनेछन् ।

### ४.१.५ नतिजा तथा परिमाणात्मक लक्ष्य

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजा देहायअनुसार हनेछ ।

| क.सं. | सूचक (उदाहरण) | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | एकीकृत पाठ्यक्रम लागु गरेका विद्यालय संख्या | ३० | ३५ | ५९ | ५९ | ५९ | ५९ |
| २ | परीक्षामा स्तरीकृत प्रश्न प्रयोग गर्ने विद्यालय संख्या | ३५ | ४५ | ५९ | ५९ | ५९ | ५९ |
| ३ | स्थानीय भाषामा कक्षा सञ्चालन गर्ने विद्यालय | | | | १ | २ | २ |
| ४ | निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने विद्यालय | ३० | ३५ | ५९ | ५९ | ५९ | ५९ |
| ५ | जलवायु परिवर्तन तथा उत्थानशीलता सम्बन्धी सामग्री प्रयोग गर्ने विद्यालय संख्या | १० | २० | ३० | ४० | ५० | ५९ |

### ४.१.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा |
| १ | पाठ्यक्रमको प्रभावकारी रूपमा कार्यान्वयनका लागि शिक्षक तालिम सञ्चालन | पटक | १ | | | १ | | २ |
| २ | कक्षाकोठामा आधारित विद्यार्थी मूल्याङ्कन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ३ | स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन | पटक | १ | | | १ | | २ |
| ४ | एकीकृत पाठ्यक्रम तथा निरन्तर/ मूल्याङ्कनका कार्यान्वयनका लागि कार्यशाला गोष्ठी | पटक | १ | १ | १ | १ | १ | ५ |
| ५ | विद्यालय तहको मूल्याङ्कन प्रक्रियाको अनुगमन तथा सहजीकरण | पटक | २ | २ | ३ | ३ | ३ | १३ |
| ६ | कक्षाकोठामा आधारित विद्यार्थी मूल्याङ्कन | पटक | २ | २ | ३ | ३ | ३ | १३ |
| ७ | शिक्षण सुधार योजना निर्माण र कार्यान्वयन | विद्यालय प्रतिशत | २० | ५० | ७५ | १०० | १०० | |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

शिक्षण सिकाइको महत्वपूर्ण पक्ष भनेको शिक्षक व्यवस्थापन हो । गुणस्तरीय शिक्षकहरुको व्यवस्थापनबाट नै गुणस्तरीय शिक्षा प्रदान गर्न सकिन्छ । विद्यालयीय शिक्षालाई गुणस्तरीय बनाउँदै मध्यम तथा उच्च जनशक्ति निर्माणको आधार बनाउन बेसीशहर नगरपालिकाका विद्यालयहरुमा विद्यार्थी संख्याको आधारमा शिक्षकको व्यवस्थापन, विषयगत दरबन्दी मिलन तथा अपुग विषयका शिक्षकहरुको व्यवस्थापनमा जोड दिइएको छ । शिक्षकलाई पेशाप्रति आकर्षण गर्न र गुणस्तरीय जनशक्तिलाई शिक्षण पेशामा ल्याउन स्थानीय क्याम्पसहरुसँग सहकार्य गरी आवश्यक सहजीकरण गरिएको छ । त्यसै गरी शिक्षकको पेशागत विकास तथा क्षमता विकास कार्यक्रमलाई प्रभावकारी ढंगले अगाडी बढाइएको छ । शिक्षकको नियुक्ति, दरबन्दी व्यवस्थापन तथा सरुवालाई पारदर्शी बनाइएको छ । तथापी युवाहरुमा पढ्दो विदेश मोह तथा शहर केन्द्रित मानसिकताको कारण गणित, अंग्रेजी तथा विज्ञानजस्ता विषयहरुमा योग्य र क्षमतावान शिक्षक व्यवस्थापनमा चुनौती देखिएको छ । सीमित स्रोत र साधनका कारण शिक्षकहरुको क्षमता विकास कार्यक्रमलाई शिक्षकहरुको माग बमोजिम कार्यान्वयनमा कठिनाइ छ ।

### ४.२.१ वर्तमान अवस्था

यस नगरपालिकाको सामुदायिक विद्यालयहरुमा कुल शिक्षक दरबन्दी रहेको छ जसमा १७० प्राथमिक तह, ४४ निम्न माध्यमिक तह र ३१ माध्यमिक तहका दरवन्दी रहेका छन् । विद्यार्थी संख्याको आधारमा उपलब्ध शिक्षक दरबन्दी न्यून भएकोले नेपाल सरकारको राहत कोटा, संघ, प्रदेश तथा स्थानीय तहको अनुदान कोटा र स्वयम्सेवक शिक्षक समेतले शिक्षण गर्दै आएका छन् । यस नगरपालिकामा यस प्रकारका शिक्षक कोटा प्राथमिक तहमा ११, निम्न माध्यमिक तहमा १५, माध्यमिक तहमा २६ छ भने साविकको उच्च माध्यमिक तहमा ११ छ । यस्तै ५ जना प्राविधिक धारका र १ जना स्वयम्सेवक शिक्षक कोटा रहेको छ । यसै गरी समुदायबाट सञ्चालित बालविकास केन्द्रमा ३ जना सहजकर्ता रहेका छन् । शिक्षक क्षमता विकासका लागि समीक्षा बैठक तथा तालिमहरू सञ्चालन गरिए पनि पेशागत विकासका लागि हाल कुनै विशेष प्रणाली लागु गरिएको छैन । अपुग शिक्षक पूर्तिका लागि शिक्षण अनुदानमा शिक्षक व्यवस्थापन र दरबन्दी मिलान गरिएको छ साथै शिक्षकलाई सिकाइ प्रक्रियामा उत्तरदायी बनाउन चुनौती रहिरहेको छ । विद्यमान शिक्षक अभाव पूर्तिको लागि यस योजनाले स्वयंसेवक शिक्षक परिचालन, विद्यालय शिक्षाको गुणस्तर सुधारका लागि क्षमता विकास र शिक्षक सहायता प्रणालीको विकास, शिक्षकले शिक्षण सिकाइमा विताउने समयावधी कार्यान्वयन कार्यविधि कार्यान्वयन, असल अभ्यासहरुको प्रचारप्रसार, तहगत पाठ्यक्रम कार्यान्वयनका लागि अनुगमन, उत्कृष्ट सिकाइ उपलब्धि हासिल गराउने शिक्षकलाई प्रोत्साहन, विषयगत शिक्षक (सिकाइ सञ्जाल) समूह परिचालन, कक्षा अवलोकन, छलफल, मेन्टरिङ नियमित अनुगमन तथा पृष्ठपोषण आदानप्रदान, अस्थायी तथा राहत शिक्षक पदपूर्तिको लागि पारदर्शिता जस्ता कार्यक्रमहरु सञ्चालन गर्ने लक्ष्य लिएको छ ।

### ४.२.२ उद्देश्य

शिक्षक व्यवस्थापन र विकासको लागि निम्न उद्देश्यहरु तर्जुमा गरिएको छ ।

१. शिक्षक व्यवस्थापन तहगत, कक्षागत, तथा विषयगत रूपमा गर्नु,
२. शिक्षक तालिम, शिक्षक सक्षमता प्रारूपको प्रभावकारी कार्यान्वयन गर्नु,
३. सबै तहका शिक्षकलाई निरन्तर पेशागत विकास अवसरको सुनिश्चितता गर्नु,
४. आवश्यक प्रोत्साहन, निरन्तर पेशागत विकास र सिकाइ आदानप्रदान कार्यक्रममार्फत सबै तहमा सक्षम, प्रतिवद्ध र अभिप्रेरित शिक्षकको प्रबन्ध गर्नु,
५. विद्यालय सुपरिवेक्षण तथा पेशागत सहयोग प्रणालीको कार्यान्वयन गर्नु,
६. विषयगत शिक्षक समूह परिचालनमार्फत शिक्षण-सिकाइ अनुभव आदानप्रदानको प्रणाली विकास गर्नु ।

### ४.२.३ रणनीति

उल्लेखित शिक्षक व्यवस्थापन र विकासका लागि निर्माण गरिएको उद्देश्यहरु हासिल गर्न देहायका रणनीतिहरु कार्यान्वयन गरिनेछ ।

१. शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण तथा व्यवस्थापन गरिनेछ ।
२. अस्थायी, राहत तथा अनुदान शिक्षक नियुक्ति प्रक्रियामा एकरुपता र निष्पक्षता कायम गरिनेछ ।

३. शिक्षकको निरन्तर पेसागत विकासका लागि सङ्घ तथा प्रदेशसँगको समन्वयमा शिक्षण सीप विकास लगायतका विषयमा सेवाकालीन तालिम सञ्चालन गरिनेछ । शिक्षक तालिम तथा पाठ्यक्रम प्रबोधीकरण कार्यक्रममा संस्थागत विद्यालयका शिक्षकहरुलाई पनि समावेश गरिनेछ ।

४. विषयगत शिक्षक समूह (सञ्जाल) निर्माण गरी अनुभवी शिक्षकबाट सहयोग तथा मेन्टरिङ पद्वति विकास गरिनेछ ।

५. उपस्थिति, नियमितता र शिक्षकले शिक्षणमा विताउने समयावधि वृद्धि गरी शिक्षकको कार्यसम्पादनमा सुधार गरिनेछ ।

६. शिक्षक तथा प्रधानाध्यापकको वृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्वतिको विकास गरिनेछ ।

७. विद्यमान स्रोत र साधनलाई मध्यनजर गरी स्वयंसेवक शिक्षक परिचालन गरिनेछ ।

८. प्रति विद्यार्थी लागतका आधारमा प्रवाह हुने अनुदान खर्चलाई शिक्षण सिकाइ सामग्री व्यवस्थापनमा आवद्व गरिनेछ ।

९. शिक्षक सरुवा तथा पदस्थापनलाई पारदर्शी बनाइनेछ ।

१०. शिक्षणलाई अनुसन्धानसँग जोड्न सबै तहका शिक्षकहरुलाई उत्प्रेरित गरिनेछ । हरेक शिक्षकले हरेक शैक्षिक सत्रमा कम्तीमा एउटा आफ्नो विषय शिक्षण, पाठ्यक्रम तथा पाठ्यपुस्तकसँग सम्बन्धित अनुसन्धान गर्ने व्यवस्था मिलाइनेछ र उत्कृष्ट अनुसन्धानलाई पुरस्कृत गरिनेछ ।

### ४.२.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. सम्पूर्ण विद्यालयहरुमा दरबन्दी मिलान सम्पन्न भई विषयगत र कक्षागतरुपमा शिक्षकको व्यवस्थापन भएको हुनेछ ।

२. शिक्षकहरुलाई सूचना तथा सञ्चार प्रविधि सीप सहितको पेसागत विकासमा अवसर प्राप्त भएको हुनेछ ।

३. स्थानीय तहबाट शिक्षक पेशागत सहयोग प्रणाली मार्फत शिक्षकलाई निरन्तर पेशागत सहयोग प्राप्त हुनेछ ।

४. आधारभूत तहका कक्षा १ देखि ५ सम्मका विद्यालयमा समेत विषयगत शिक्षकको प्रबन्ध गरिनेछ ।

५. प्रारम्भिक बालविकास शिक्षामा कार्यरत सम्पूर्ण सहजकर्ताहरु निर्धारित योग्यता र दक्षता हासिल गरेका हुनेछन् ।

### ४.२.५ नतिजा तथा परिमाणात्मक लक्ष्य

यो योजना कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजा तलको तालिकामा उल्लेख गरिएको छ ।

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक तथा सहजकर्ताको संख्या | १५ | २० | ३० | ४५ | ४५ | ४५ |

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| २ | आधारभूत तहमा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक (%) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ३ | सूचना तथा प्रविधि सम्बन्धी न्यूनतम् सक्षमता भएका शिक्षक (%) | २० | ३५ | ६० | ७० | ८५ | १०० |
| ४ | शिक्षक पेसागत सहयोग प्रणाली लागु भएका विद्यालय | ६ | ११ | १२ | १२ | १४ | १४ |

## ४.२.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | जम्मा |
| १ | शिक्षक नियुक्ति | पटक | नियमित | नियमित | नियमित | नियमित | नियमित | |
| २ | अपाङ्गता भएका व्यक्ति, महिला, सीमान्तकृत वर्गका व्यक्तिलाई शिक्षण पेसामा सहभागी गराउन क्षमता अभिवृद्धि तालिम | पटक | | १ | | १ | | |
| ३ | विद्यालयमा आधारित शिक्षक पेसागत सहयोग | विद्यालय संख्या | ८ | ८ | १० | २० | २५ | |
| ४ | वार्षिक रुपमा आवश्यकताको आधारमा दरबन्दी मिलान तथा शिक्षक सरुवा | पटक | १ | १ | १ | १ | १ | ५ |
| ५ | विषयगत शिक्षक तालिम, कार्यशाला गोष्ठी | पटक | १ | १ | १ | १ | १ | ५ |
| ६ | नगरस्तरीय अनुसन्धान सम्मेलन, एक शिक्षक एक कार्यमूलक अनुसन्धान तयार र प्रस्तुतीकरण | पटक | १ | १ | १ | १ | १ | ५ |
| ७ | शिक्षण सुधार योजनाको निर्माण र कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ८ | शिक्षकले कक्षाकोठामा बिताउने समयको लागि लगबुक सञ्चालन | विद्यालय संख्या | १० | २० | ३० | ४६ | ४६ | |
| ९ | निश्चित सूचकको आधारमा शिक्षक सम्मान कार्यक्रम | संख्या | २ | ४ | ४ | ४ | ४ | १८ |
| १० | साझेदारीमा एक शिक्षक एक ल्यापटप कार्यक्रम | विद्यालय प्रतिशत | | १० | २० | ३० | ५० | |

| क्र. सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | जम्मा |
| ११ | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्राज्ञिक सम्मेलनमा शिक्षकहरुलाई अनुसन्धान प्रस्तुतीकरणमा सहयोग | शिक्षक संख्या | | ३ | ४ | ५ | ६ | १८ |

## ४.३ शैक्षिक समता र समावेशीकरण

नेपालको संविधानले समावेशी र समानतामूलक समाज निर्माण गर्ने प्रतिबद्धता जनाएको छ । संविधान अनुसार सबै नागरिकलाई आधारभूत तहको शिक्षा निःशुल्क र अनिवार्य उपलब्ध गराइनेछ । अपाङ्गता भएका, आर्थिक रुपमा विपन्न र सामाजिक रुपमा पछाडि परेका समुदायलाई निःशुल्क शिक्षा र छात्रवृत्तिको व्यवस्था गरिएको छ । मातृभाषामा शिक्षा पाउने हक र बहुभाषिक शिक्षाको नीति लागु गरिने उल्लेख छ ।

शिक्षामा समता र समावेशीकरणका लागि विभिन्न कानुन, नीति, र कार्यक्रमहरू लागु गरिएका छन् । विद्यालय शिक्षा, उच्च शिक्षा, र प्राविधिक तथा व्यवसायिक शिक्षामा पहुँच विस्तार गर्न छात्रवृत्ति, दिवा खाजा, र विविध विशेष सहायता कार्यक्रमहरू सञ्चालन गरिएका छन्।आधारभूत र माध्यमिक तहमा भर्ना दरमा वृद्धि भएको छ । लैङ्गिक समानता सूचकमा सुधार आएको र माध्यमिक तह पूरा गर्ने दर पनि बढेको छ । विपन्न तथा पछाडि पारिएका समुदायका बालबालिकाको भर्नादरमा सकारात्मक परिवर्तन आएको छ । अपाङ्गता भएका बालबालिकाले शिक्षामा पहुँच पाउन थालेका छन् । प्रारम्भिक बालविकास, आधारभूत तह र माध्यमिक तहमा दलित विद्यार्थीको संख्या क्रमशः २१.१ र २०.८ प्रतिशत छ तर दलित तथा विपन्न समुदायका बालबालिकामा विद्यालय छाड्ने दर अझै पनि उच्च रहेको छ । माध्यमिक शिक्षा पुरा गर्ने दर कम छ, र विद्यालयमा उपस्थिति तथा सिकाइ प्रक्रियामा सक्रियताको कमी देखिन्छ ।

समता र समावेशीकरण सुनिश्चित् गर्न सामाजिक, भौतिक र मनोवैज्ञानिक बाधाहरू पहिचान गरी हटाउनुपर्ने आवश्यकता छ । यसका लागि सबै बालबालिकालाई भेदभावरहित वातावरणमा शिक्षा प्रदान गर्ने, शिक्षकलाई तालिम दिने र विशेष आवश्यकता भएका बालबालिकालाई सहजीकरण गरिनेछ । शिक्षा पाउनु सबै बालबालिकाको नैसर्गिक अधिकार हो । जात, भाषा, लिङ्ग, धर्म, संस्कृति वा शारीरिक अवस्थाको आधारमा भेदभाव नगरी सबैका लागि सहज अध्ययनको वातावरण सिर्जना गरिनेछ । विशेष आवश्यकताका बालबालिकालाई पनि ध्यानमा राखेर कक्षाकोठाको व्यवस्था गरिनेछ । विपन्न, दलित, पछाडि पारिएका समुदाय र अपाङ्गता भएका बालबालिकाप्रति सकारात्मक व्यवहारको विकास गर्न शिक्षकहरूलाई प्रशिक्षण प्रदान गरिनेछ । सम्भव भएसम्म सहज र समावेशी वातावरण निर्माण गर्न प्रयास गरिनेछ ।

## ४.३.२ उद्देश्य

बेसीशहर नगरपालिका भित्रका विद्यालयहरुमा शिक्षामा समतामूलक पहुँच र समावेशीकरण सुनिश्चितताको लागि देहायका उद्देश्यहरु यस योजनामा तर्जुमा गरिएको छ ।

१. विद्यालय शिक्षामा सबैको समान पहुँच र सहभागिताको सुनिश्चित् गर्ने,
२. लक्षित समूहका बालबालिकाको सक्रिय सिकाइ सहभागितामा वृद्धि गरी शैक्षिक उपलब्धि सुधार गर्ने,

३. विद्यालयमा कुनै पनि प्रकारको विभेद तथा दुर्व्यवहार नहुने वातावरणको सुनिश्चितता गरी हरेक बालबालिकाको नियमित उपस्थिति, सहभागिता र सिकाइ सहज हुने वातावरण सिर्जना गर्नु,
४. विविधता, समता र समावेशी शिक्षाका मूल्य, मान्यता अनुकूलन गुणस्तरीय सेवा प्रवाह गर्न विद्यमान संरचनाहरुलाई जवाफदेही बनाउने ।

## ४.३.३ रणनीति

समतामूलक पहुँच र समावेशीकरणका उद्देश्यहरु हासिल गर्न निम्नलिखित रणनीतिहरु अवलम्बन गरिनेछ ।

१. विद्यालयमा आवश्यक भौतिक पूर्वाधार विकासमा फरक क्षमता भएका विद्यार्थीहलाई पनि मध्यनजरमा राखी अपाङ्गमैत्री तथा लैङ्गिकमैत्री बनाइने छ ।
२. सामान्य किसिमबाट सिक्न नसक्ने फरक क्षमताका विद्यार्थीहरुको पहिचान गरी विशेष कार्यक्रमको माध्यमबाट उपयुक्त समावेशी शिक्षाको व्यवस्थाका साथैआवश्यकतानुसार विशेष विद्यालयको प्रबन्ध गरिनेछ ।
३. छात्रवृत्तिका माध्यमबाट सिकाइमा सबैको पहुँच पुऱ्याउन आर्थिक रूपले विपन्न, सुविधा विहीन, कठीन परिस्थतिमा रहेका र अपाङ्गता भएका बालबालिका सहभागी हुने व्यवस्था गरिनेछ ।
४. विद्यालयमा सरसफाई तथा स्वच्छता सम्बन्धी सेवा तथा शिक्षाको प्रबन्ध तथा किशोरीलक्षित महिनावारी स्वच्छतासम्बन्धी सेवा तथा शिक्षा प्रदान गरिनेछ ।
५. आधारभूत तहमा बहुभाषिक माध्यमबाट सिकाइको अवसर प्रदान गर्नुको साथै स्थानीय भाषा, संस्कृति, भूगोल, इतिहास, ज्ञान र सीप समावेश गरी स्थानीय पाठ्यक्रम विकास गरी कार्यान्वयनमा ल्याइनेछ । सिकाइलाई जीवनोपयोगी सीपसँग आवद्ध गरिनेछ ।
६. सिकाइ क्रियाकलापलाई सहभागितामूलक बनाई विद्यार्थीका आवश्यकता सम्बोधन गर्ने गरी विविधता कायम तथा विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, बहिष्करण र हेपाइ नहुने सुनिश्चितता सहित बालमैत्री वातावरण सिर्जना गरिनेछ ।

## ४.३.४ प्रमुख उपलब्धि र नतिजा

**उपलब्धि**

१. सबै बालबालिकाले विद्यालयमा भर्ना भएर शिक्षाको अवसर पाउनेछन् । सीमान्तकृत समुदायका बालबालिकाको सिकाइमा सहभागिता बढाइ गुणस्तरमा सुधार गरिनेछ ।
२. विविधता, समता र समावेशी शिक्षाका मूल्य र मान्यता अनुरूप शैक्षिक सुशासनलाई सुनिश्चित् गर्न सबै संरचनाहरू जवाफदेही हुनेछन् ।
३. विद्यालयमा हुने सबै प्रकारका हिंसा, भेदभाव, र दुर्व्यवहारको अन्त्य गर्दै बालमैत्री वातावरण सिर्जना गरिनेछ ।
   पाठ्यक्रम, पाठ्यसामग्री, र शिक्षण सिकाइ प्रक्रियामा विविधता, समता, र समावेशिताको अभिवृद्धि गरिनेछ ।

**नतिजा र परिमाणात्मक लक्ष्य**

| क्र.सं. | शिक्षामा समता र समावेशीकरण | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तहमा विद्यालय बाहिर रहेका बालबालिकाको सङ्ख्या | ४ | २ | ० | ० | ० | ० |
| २ | आधारभूत तहमा लैङ्गिक समता सूचकाङ्क | ०.८४ | ०.८८ | ०.९२ | ०.९५ | ०.९८ | १.० |
| ३ | माध्यमिक तहमा लैङ्गिक समता सूचकाङ्क | १.०२ | १.०१ | १.० | १.० | १.० | १.० |
| ४ | लैङ्गिक समता सुनिश्चित् गर्न भूमिका तोक्ने र जिम्मेवार बनाउने विद्यालयहरुको संख्या | ४२ | ४७ | ५२ | ५९ | ५९ | ५९ |
| ५ | विद्यालयका पूर्वाधारहरु अपाङ्गमैत्री, लैङ्गिकमैत्री र बालमैत्री विद्यालयहरुको संख्या | २० | २५ | ३५ | ४५ | ५२ | ५९ |

## ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

पोषणयुक्त खाना बालबालिकाको शारीरिक, मानसिक र शैक्षिक विकासका लागि आवश्यक छ । यसले बालबालिकाको सिकाइ क्षमता, विद्यालय उपस्थिति र जीवनस्तर सुधार गर्न सहयोग पुऱ्याएको छ । नेपाल सरकारले २०७७/२०७८ देखि सामुदायिक विद्यालयका कक्षा ५ सम्मका विद्यार्थीलाई दिवा खाजा उपलब्ध गराउन बजेट व्यवस्था गरेकोमा हाल कक्षा ५ सम्मको लागि दिवा खाजाको व्यवस्था गरेको छ । यसमा स्थानीय तह, संघीय सरकार, विद्यालय र अभिभावकको सहकार्य आवश्यक मानिन्छ । नेपालमा सन १९७४ देखि केही प्राथमिक विद्यालयहरूमा पोषणयुक्त दिवा खाजा कार्यक्रम सुरु भएको थियो । नेपाल सरकारले २००४ मा तयार पारेको पोषण रणनीतिमा १३ वटा स्वास्थ्य तथा पोषणसम्बन्धी नीतिहरू समावेश गरेको थियो । यी नीतिहरूले कुपोषण हटाउने, विद्यालय भर्ना र उपस्थिति बढाउने, र सिकाइ उपलब्धि सुधार गर्ने लक्ष्य लिएका छन् । संविधान अनुसार आधारभूत शिक्षा र गुणस्तरीय पोषण सुनिश्चित् गर्न यो कार्यक्रम महत्वपूर्ण मानिन्छ । यसका साथै विद्यालयमा सरसफाइ, स्वच्छता तथा स्वास्थ्य र पोषणका कार्यक्रम सञ्चालित छन् ।

### ४.४.१ वर्तमान अवस्था

बेसीशहर नगरपालिकामा रहेका ४६ सामुदायिक विद्यालयहरू र ४ सामुदायिक बालविकास केन्द्रमा नेपाल सरकारको वजेट बमोजिम विद्यालयको व्यवस्थापनमा दिवा खाजा कार्यक्रम सञ्चालनमा आएको छ । विद्यालयहरूले आफ्ना स्रोत र मापदण्ड अनुसार पोषणयुक्त दिवा खाजाको व्यवस्था गर्दै आएका छन् । केही विद्यालयहरूले वडा कार्यालयको आर्थिक सहयोगमा यस कार्यक्रमलाई अघि बढाइरहेका छन् । नेपाल सरकारको दिवा खाजा कार्यक्रममा तीनवटा मोडालिटी उल्लेख छन्: विद्यालयबाट दिवा खाजा व्यवस्थापन, चमेना गृहबाट खाजा वितरण, घरबाट तयार गरी पठाउने व्यवस्था । धेरैजसो विद्यालयहरूले पहिलो विकल्पलाई प्राथमिकता दिइरहेका छन । किशोरीहरुको स्वास्थ्यलाई ख्याल गर्दै आइरन चौकी उपलब्ध गराइएको छ । विद्यालयमा सरसफाइ तथा स्वास्थ्य र पोषणका कार्यक्रम मार्फत बालबालिकाहरुमा स्वास्थ्य सम्बन्धी सचेतना विकास गरिएको छ ।

**अवसरहरू :**

१. नेपालले शिक्षा र स्वास्थ्यलाई संवैधानिक अधिकारका रूपमा स्थापित गर्नु ।
२. सरकारद्वारा बालबालिकाको लागि पोषणयुक्त खाजा कार्यक्रमका लागि वार्षिक बजेट छुट्याउनु ।
३. WASH सुविधासहित विद्यालयमा स्वच्छ शौचालय र पानीको उपलब्ध गराउनु साथै किशोरीहरुलाई निःशुल्क आइरन चक्की प्रदान गर्नु ।
४. पोषणयुक्त खाजा व्यवस्थापनले विद्यालयमा विद्यार्थीको नियमितता र सिकाइ उपलब्धिमा सुधार ।
५. आमा समूहहरूको गठन र जनचेतनाको वृद्धिले बालबालिकाको स्वास्थ्य सुधार ।

**चुनौती**

१. खाजा कार्यक्रमको बजेट अपर्याप्त हुनु ।
२. घरबाट ल्याएको खाजा बासी हुने, अर्गानिक तथा पोषणयुक्त हुन नसक्ने ।
३. दुर्गम भेगमा अभिभावकहरूलाई पोषणयुक्त खानाबारे ज्ञानको अभाव हुनु ।
४. कतिपय विद्यालयमा स्वच्छ पिउने पानीको कमी हुनु ।
५. विद्यार्थीबीच विविध प्रकारका खाजाका कारण मानसिक असहजता हुनु ।
६. विद्यालयमा खाजा पकाउने र वितरण गर्ने संरचना र वातावरणको अभाव हुनु ।
७. आमा समूहहरूमा पोषण सम्बन्धी जागरण अभाव हुनु ।
८. बालबालिकाहरु अखाद्य वा पत्रु खानाप्रति आकर्षित हुनु ।

## ४.४.२ उद्देश्य

दिवा खाजा कार्यक्रमका उद्देश्यहरू तल उल्लेख गरिएको छ ।

१. विद्यालय खाजा सेवामा सुधार गरी प्रत्येक विद्यालयमा बालबालिकालाई व्यवस्थित र पोषणयुक्त खाजा निःशुल्क प्रदान गर्ने ।
२. विद्यालयमा बालबालिकाको सरसफाइ र स्वच्छता सम्बन्धी व्यवहारलाई प्रोत्साहन गर्ने ।
२. पोषण, स्वास्थ्य, र सिकाइ उपलब्धिमा सुधार ल्याउन स्थानीय सरकार, सरोकारवालाहरू र अभिभावकसँग समन्वय गर्ने ।
३. विद्यालय उमेरका बालबालिकाको विद्यालय भर्ना दर वृद्धि गर्ने ।
४. पोषणयुक्त खाना पाउन नसक्ने विशेष क्षेत्रका बालबालिकालाई लक्षित गरी शिक्षा सुधार गर्ने ।
५. कक्षा दोहोरिने र विद्यालय छाड्ने दर घटाउने ।
६. सामुदायिक विद्यालयमा विद्यार्थीहरूको आकर्षण बढाउने ।

## ४.४.३ रणनीति

१. नगरपालिकाभित्रका विद्यालयमा पोषणयुक्त दिवा खाजा कार्यक्रम सञ्चालनका लागि तोकिएको मापदण्डअनुसार व्यवस्था गर्ने ।
२. बालबालिकाको लागि सम्भव भएसम्म विद्यालयमै पोषणयुक्त खाजा तयार गर्न विद्यालयहरूलाई आवश्यक सहयोग प्रदान गर्ने ।
३. दिवा खाजा कार्यक्रम विस्तार गर्दै आगामी दिनमा थप व्यवस्थित गर्ने ।

४. विद्यार्थी संख्याको अनुपातमा पिउने पानी, साबुनसहित हात धुने स्थान, स्वच्छ खानेपानी, र विद्यालय परिसर सरसफाइ सुनिश्चित् गर्ने ।
५. प्राथमिक उपचार सामग्री वितरण, स्वास्थ्य जाँचलाई नियमित र प्रभावकारी बनाउने ।
६. किशोरीहरूको लागि महिनावारी स्वच्छता र पोषणसम्बन्धी शिक्षा दिन स्थानीय स्वास्थ्य संस्थाको समन्वयमा कार्यक्रम सञ्चालन गर्ने साथै किशोरीहरुलाई आइरन चक्की नियमित रुपमा खुवाउने ।
७. खाजाको लागि आवश्यक सामग्री स्थानीयस्तरमा उत्पादित वस्तुहरूलाई प्राथमिकता दिने ।
८. हालको खाजा रकमलाई समयानुकुल वृद्धि गर्न पहल गर्ने ।
९. विद्यालयमा गठित आमा समूहलाई पोषण र स्वच्छता सम्बन्धी तालिमको व्यवस्था गर्ने ।
१०. साना बालबालिकादेखि कक्षा ५ सम्मका सबैलाई स्थानीय तहको समन्वयमा खाजा उपलब्ध गराउने ।
११. विद्यालय अनुगमनका लागि वडाका र स्वास्थ्य चौकीका प्रतिनिधिहरूको टोली गठन गर्ने ।
१२. आमा समूहको टोली बनाएर बेला-बेला दिवा खाजा र सरसफाइको अवस्था हेर्ने व्यवस्था गर्ने ।
१३. खाजा आपूर्ति तथा व्यवस्थापनको अनुगमन गर्ने ।
१४. प्रत्येक विद्यालयमा वर्षको एकपटक अभिभावक सचेतना कार्यक्रम सञ्चालन गर्ने ।
१५. विद्यालयस्तरमा दिवा खाजा (पोषण) व्यवस्थापन समिति गठन, क्रियाशिलता र समन्वयलाई प्रोत्साहन गर्ने ।

### ४.४.४ उपलब्धि र मुख्य परिणाम

**उपलब्धि**

१. बेसीशहर नगरपालिका अन्तर्गतका विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य र पोषणको अवस्था सुधार हुनेछ ।
२. शारीरिक, मानसिक, सामाजिक सीप र सिकाइमा सुधार हुँदै रमाइलो वातावरणमा बालबालिकाको सिकाइको पहुँच र सहभागिता वृद्धि हुनेछ ।

**मुख्य परिणाम**

१. विद्यालयमा दिवा खाजा, स्वास्थ्य, पोषण र सरसफाइ सम्बन्धी जिम्मेवारी निर्धारण र कार्यान्वयन हुनेछ ।
२. विद्यालय खाजा कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्न सहयोग प्राप्त हुनेछ ।
३. दिवा खाजाको बजेट वृद्धि भई हालको परिस्थितिमा सुहाउँदो पोषणयुक्त खानाको उचित व्यवस्था गर्न टेवा पुग्नेछ ।
४. प्राथमिक तहदेखि आधारभूत तहसम्मका सामुदायिक विद्यालयमा स्थानीय उत्पादनलाई प्राथमिकता दिँदै पोषणयुक्त खाजाको व्यवस्था हुनेछ ।
५. बाल विकासदेखि कक्षा ५ सम्मका सबै विद्यार्थीले अभिभावकको सहभागितामा खाजा ग्रहण गर्नेछन् ।
६. दिवा खाजाका सम्बन्धमा विद्यालय, वडा कार्यालय र पालिकाको समन्वय र अनुगमन सुनिश्चित् हुनेछ ।

७. विद्यालयमा पिउने पानी, हात धुने साबुन र स्वच्छ पानीको व्यवस्थापनमा सुधार हुनेछ ।
८. हरेक विद्यालयलाई स्वास्थ्य किट वितरण गरी प्राथमिक उपचारको उपलब्धता र बालबालिकाको नियमित स्वास्थ्य जाँच सुनिश्चित् हुनेछ ।
९. विद्यालयमा गठित आमा समूहलाई पोषणयुक्त खाजासम्बन्धी तालिम प्रदान गरिनेछ ।
१०. सबै विद्यालयहरुका किशोरीहरुलाई आइरन चक्की वितरणलाई निरन्तरता दिइएको हुनेछ ।

### ४.४.५ प्रमुख क्रियाकलापहरु तथा लक्ष्यहरु

| क्र.सं. | प्रमुख क्रियाकलाहरु | इकाइ | भौतिक लक्ष्य | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | दिवा खाजा कार्यक्रम कार्यान्वयन सहजीकरण पुस्तिका विकास र वितरण | दस्तावेज संख्या | | | १ | | | १ | संघीय, प्रादेशिक, स्थानीय सरकार |
| २ | स्थानीय तह र समुदायको साझेदारीमा आधारभूत तहमा दिवा खाजा कार्यक्रम सञ्चालन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | संघीय, प्रादेशिक, स्थानीय सरकार |
| ३ | खाजा कार्यक्रम तथा स्वास्थ्य कार्यक्रम सम्बन्धी अभिमुखीकरण कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह तथा विद्यालय |
| ४ | स्वास्थ्य पोषण सम्बन्धी सचेतनामूलक कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | प्रदेश र स्थानीय तह |
| ५ | किशोरी लक्षित आइरन चक्की खुवाउने कार्यक्रम | विद्यालय | १ | १ | १ | १ | १ | ५ | प्रदेश र स्थानीय तह |
| ६ | दिवा खाजा वितरण तथा स्वास्थ्य सम्बन्धी कार्यक्रमहरुको प्रभावकारिताको लागि विद्यालय स्तरमा अनुगमन संयन्त्रको विकास र परिचालन | विद्यार्थी | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | स्थानीय तह तथा विद्यालय |
| ७ | एक विद्यालय एक स्वास्थ्य किट व्यवस्थापन | विद्यार्थी | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | स्थानीय तह तथा विद्यालय |

## ४.५ विद्यालय सुरक्षा, विपद् न्यूनीकरण तथा उत्थानशीलता

नेपालमा बारम्बार आउने प्रकोप जस्तै भूकम्प, महामारी, बाढी, पहिरो, आदिका कारण विद्यालय सुचारु रुपले सञ्चालन हुन नसक्दा शैक्षिक क्षति हुने गरेको छ। शिक्षण सिकाइमा हुने अवरोध वृद्धि भइरहेको छ। यसका साथै विद्यार्थीहरु विद्यालय छोड्न बाध्य हुने अवस्था र स्थानीय समुदायको उत्थानशीलता अभिवृद्धिमा आउने अवरोधहरु सिर्जना भएका छन् । विपद्ले ल्याउने यस्ता समस्या शिक्षा क्षेत्रको उत्थानशीलताका मननयोग्य पक्षहरू हुन जसको परिणाम स्वरूप विद्यार्थीहरुले विद्यालयमा सुरक्षित, निरन्तर, भयरहित र गुणस्तरीय सिकाइको वातावरण प्राप्त गर्न सकिरहेका छैनन् । तसर्थ विपद्को समयमा पनि शैक्षिक क्षतिलाई न्यूनीकरण गर्दै सिकाइ कार्यलाई निरन्तरता दिनसक्ने किसिमको विद्यालयको भौतिक, शैक्षिक तथा सीपयुक्त मानवीय जनशक्तिको व्यवस्थापन गर्ने उद्देश्यका साथ उत्थानशील शिक्षाको अवधारणा आएको हो ।

विद्यालयमा आधारित विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका केही नीतिगत व्यवस्थाहरु भएका छन् । जसमा विद्यालय क्षेत्र विकास योजना (२०१६/१७ - २०२२/२३) भाग ७ अन्तरसम्बन्धित विषयहरु ७.४ विपद् जोखिम न्यूनीकरण र विद्यालय सुरक्षाको व्यवस्था, नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४, वृहत विद्यालय सुरक्षा न्यूनतम् प्याकेज २०७४, वृहत् विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधि २०७५, वृहत् विद्यालय सुरक्षाका लागि सञ्चार तथा सम्प्रेषण रणनीति २०७५ र विद्यालय सुधार योजना निर्माण सहयोगी पुस्तिका २०७४ ले सुरक्षित विद्यालयको अवधारणाका साथ उत्थानशील शिक्षामा जोड दिएको छ ।

आपतकालीन र संकटपूर्ण अवस्थाहरूमा शिक्षाको अवधारणा बालअधिकारको रूपमा स्वीकार गरिएको छ, जसलाई अझ प्रभावकारी बनाउनका लागि विभिन्न कानुनी र अन्तर्राष्ट्रिय घोषणाहरूको पालन गर्दै यसको कार्यान्वयन गरिएको छ। बालअधिकार सम्बन्धी अन्तराष्ट्रिय कानुन, घोषणाहरू र संविधानहरुको आधारमा विभिन्न देशहरूले आफ्ना नीति, कानुनी व्यवस्था र योजनामा आपतकालीन अवस्थाहरूमा शिक्षा समावेश गरेका छन् । नेपालमा पनि प्राकृतिक प्रकोप र संकटका अवस्थाहरूमा बालबालिकाको शिक्षा र अधिकार सुनिश्चित् गर्न विभिन्न कानुनी र नीतिमा आधारित योजनाहरू तयार पारिएका छन् । विशेष रूपमा, २०७२ को विनासकारी भूकम्प, विभिन्न प्राकृतिक प्रकोपहरू र कोभिड-१९ महामारीका कारण बालबालिकाको शिक्षा प्रभावित भएको छ। यसका समाधानका लागि २०२१–२०३० का लागि शिक्षा योजना बनाइएको छ, जसमा आगामी १० वर्षको लागि नीति र कार्यान्वयनका उपायहरू समावेश छन् ।

बेसीशहर नगरपालिकाको अवस्था नेपालको अन्य क्षेत्रसँग मिल्दो छ। बजार क्षेत्रका विद्यालयहरूमा सुरक्षित स्थान कम छन् भने कतिपय विद्यालयहरू भिरालो जमिन, उच्च क्षेत्र र नदी किनारमा रहेका कारण भूकम्प, चट्टयाङ्ग, पहिरो आदिको जोखिममा पर्न सक्छन् । यसमा पनि विद्यालयहरूको अवस्थासँगै आपत्कालीन परिस्थितिहरूका लागि फरक योजनाहरू बनाउनुपर्ने देखिन्छ।

### ४.५.१ वर्तमान अवस्था

नेपालका अन्य क्षेत्रहरुमा जस्तै बेसीशहर नगरपालिकामा पनि प्राकृतिक प्रकोप तथा महामारीका कारण लामो समयसम्म विद्यालय सञ्चालन हुन नसक्दा शैक्षिक क्षति भएको छ। उदाहरणको लागि वि.सं. २०७२ सालको विनाशकारी भूकम्प र वि.सं. २०७७ सालदेखि फैलिएको कोभिड-१९ महामारीको प्रभावले यस

नगरपालिका पनि प्रभावित भएको छ । २०७२ को भूकम्पले केही विद्यालयहरूमा आंशिक र पूर्ण रूपमा क्षति पुऱ्याएको थियो र तिनीहरू पुर्ननिर्माण भइसकेको छ । त्यसैगरी कोभिड-१९ महामारीका कारण महिनौँसम्म विद्यालयहरू बन्द रहे, जसका कारण बालबालिकाको शैक्षिक वातावरण प्रभावित भयो । यस अवधिमा प्रभावकारी र सुरक्षित शिक्षाको वैकल्पिक माध्यमको प्रयोग गर्न नसकेको कारण विद्यालय तहका बालबालिकाहरू शिक्षाबाट बञ्चित भए ।

नेपाल सरकारले २०७७ सालको असार १ गतेदेखि वैकल्पिक माध्यमबाट शिक्षा सञ्चालन गर्नका लागि आह्वान गरे पनि नगरपालिकामा प्रभावकारी रूपमा शिक्षाको सञ्चालन भएको थिएन । विभिन्न विद्यालयहरूले फरक-फरक प्रयास गरे तर नगरपालिकाले यस सम्बन्धमा कुनै ठोस योजना तयार गर्न सकेको छैन । यसले आगामी दिनहरूको लागि शिक्षा संरचना, भौतिक पूर्वाधार, सिकाइको वातावरण, आवश्यक साधन र आपतकालीन अवस्थाका लागि शिक्षा निरन्तरताका उपायहरूको तयारीमा ध्यान दिनुपर्ने आवश्यकता देखाउँछ ।

## ४.५.२ उद्देश्य

यस पालिकाको विपद्को अवस्थामा शिक्षाको उद्देश्य निम्नलिखित रुपमा हुनेछ ।

१. सम्भावित जोखिमको कम गर्ने उपायः आपत्कालीन र अनौपचारिक शिक्षाका माध्यमबाट पूर्व सावधानी र तयारीको वातावरण तयार गर्नु ।
२. सम्भावित संकटको सामना गर्ने तयारीः भौतिक, मानव र आर्थिक स्रोतको तयारी गर्नु ।
३. संकटको व्यवस्थापन र संरचनाको तयारी संकटको प्रभाव कम गर्नका लागि संरचनागत तयारी र योजना निर्माण गर्नु ।

## ४.५.३ रणनीति

योजनाको उद्देश्यलाई पूरा गर्नका लागि निम्नलिखित रणनीतिहरू अपनाइनेछ ।

१. संघीय सरकारद्वारा संकटको व्यवस्थापनका लागि बनाइएका नियम र कानुनी प्रावधानहरूको पूर्ण पालना गरिनेछ ।
२. संकटको सम्भावित प्रभावको मूल्याङ्कन र विश्लेषण गरिनेछ ।
३. भौतिक तथा संरचनागत योजना तयार गर्नका लागि विद्यालयहरूको योजना तयार गरिनेछ ।
४. शैक्षिक सेवाको सुनिश्चितता र पुनर्निर्माणमा समुदाय र अन्य सरोकारवालाको भूमिका सुनिश्चित् गरिनेछ ।
५. परम्परागत ज्ञान र सीपको खोज र संरक्षण गरिनेछ ।
६. संकटको व्यवस्थापनमा अन्य पालिकामा भएका सफल अभ्यासहरूको अनुसरण गरिनेछ ।
७. स्थानीय राजनीतिक दल, पेशागत संगठन, नागरिक समाज र अन्य सामाजिक समूहको सहभागिता बढाइनेछ ।
८. प्राकृतिक प्रकोपको जोखिम व्यवस्थापन, हरित विद्यालय अभियान, जलवायु परिवर्तन र दीगो विकासका अवधारणाको समावेश गरिनेछ ।
९. शैक्षिक सेवाको निरन्तरता सुनिश्चित् गर्नका लागि आवश्यक यन्त्र, उपकरण, खाद्यान्न, पोशाक र अन्य राहत सामग्रीको प्रबन्ध गरिनेछ ।

१०. केन्द्रमा सहजीकरण समिति र स्थानीय तहमा विद्यालय पूर्वाधार विकास समिति गठन, विद्यालय निर्माण, लैङ्गिक समता, समावेशीकरण, विपद् जोखिम न्यूनीकरण, सुरक्षा र सेफगार्ड पक्षमा काम गर्नु ।

### ४.५.४ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धि बुँदागत रूपमा उल्लेख गरिएको छ ।

१. विपद् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास भएको हुनेछ ।
२. सम्भावित विपद्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासका लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन भएको हुनेछ ।
३. आपतकालीन अवस्थामा वैकल्पिक सिकाइका विधि प्रयोग गरी बालबालिकाको सिक्न पाउने अधिकारको सुनिश्चित् भएको हुनेछ ।

### ४.५.५ नतिजा तथा परिमाणात्मक लक्ष्य

यो योजना कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजा तलको तालिकामा उल्लेख गरिएको छ ।

| क्र.सं. | सूचक (उदाहरण) | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | बालबालिकालाई आधारभूत जीवन सीपसहित कोभिड जस्ता महामारी तथा विपद् जोखिम न्यूनीकरणसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने माध्यमिक विद्यालय सङ्ख्या | ३ | ५ | १० | १५ | २५ | ४६ |
| २ | हरित विद्यालय संख्या | २ | ४ | ६ | ८ | १० | १५ |
| ३ | जलवायु परिवर्तन तथा दिगो विकासका निम्ति शिक्षा जस्ता कार्यक्रम कार्यान्वयन गर्ने विद्यालय संख्या | ३ | ५ | १० | १५ | २५ | ४६ |
| ४ | शिक्षक पेसागत सहयोग प्रणाली लागु भएका विद्यालय | ५ | ८ | १२ | १८ | २५ | ४६ |

### ४.५.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा |
| १ | विपद् तथा प्रकोप व्यवस्थापन नीति तथा मापदण्ड पुनरावलोकन तथा निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ |

| क्र. सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा |
| २ | स्थानीय तह र विद्यालयको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ |
| ३ | विपद् पूर्वतयारी प्रतिकार्य पुनर्स्थापना तथा उत्थानशीलताका लागि सचेतना कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ |
| ४ | शिक्षक तथा वि.व्य.स. तालिम | पटक | १ | १ | १ | १ | १ | ५ |
| ५ | विपद् प्रतिरोधी विद्यालय संख्या | विद्यालय संख्या | १० | १५ | २० | ३० | ४६ | |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

विद्यालयमा विद्यार्थीहरूको भलाइका लागि सुरक्षित वातावरण आवश्यक छ, जसको लागि विद्यालयले उचित भौतिक संरचनाहरूः जस्तै कक्षाकोठा, खेलमैदान, चमेनागृह, शौचालय र सफा खानेपानी जस्ता आधारभूत सुविधा उपलब्ध गराउनुपर्छ । शिक्षा नियमावली २०५९ विद्यालयमा विद्यार्थीहरूको भलाइका लागि सुरक्षित वातावरण आवश्यक छ, जसको लागि विद्यालयले उचित भौतिक संरचनाहरू जस्तै कक्षाकोठा, खेलमैदान, चमेनागृह, शौचालय र सफा खानेपानी जस्ता आधारभूत सुविधा उपलब्ध गराउनुपर्छ । शिक्षा नियमावली २०५९ अनुसार, बालविकास र आधारभूत तहका लागि ०.७५ वर्ग मिटर र उच्च आधारभूत तथा माध्यमिक तहका लागि १.०० वर्ग मिटर स्थानको व्यवस्था आवश्यक गरिएको छ ।

राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयमा विपत जोखिम न्यूनीकरणका लागि भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, खानेपानी, शौचालय, पुस्तकालय र अन्य भौतिक पूर्वाधारहरूको विकासको प्रावधान राखेको छ । देश संघीय संरचनामा गएपछि राष्ट्रिय शिक्षा नीति र कार्यक्रमअनुसार बेसीशहर नगरपालिकाले विद्यालयहरूको सम्पूर्ण भौतिक पूर्वाधार विकासमा ध्यान दिएको छन् । वि.सं. २०७२ को भूकम्पपछि नेपाल सरकारको पुनर्निर्माण प्राधिकरणद्वारा सञ्चालित शैक्षिक पुनर्निर्माण कार्यक्रम अन्तर्गत नगर क्षेत्रका विपद्ग्रस्त विद्यालयहरूको पुनर्निर्माण भएको छ ।

### ४.६.१ वर्तमान अवस्था

बेसीशहर नगरपालिकामा सामुदायिक र संस्थागत विद्यालयका सबै भौतिक संरचना विपद् जोखिमको दृष्टिकोणले उत्थानशील, अपाङ्गतामैत्री तथा लैङ्गिकमैत्री छैनन् । अर्थात् भएका भवनहरू पनि सबैका लागि पहुँचयोग्य छैनन् । विद्यालयहरूमा शौचालय भएको भए पनि विद्यार्थीको अनुपातमा कम रहेको छ र धेरैजसो विद्यालयहरूमा पानीको आपूर्ति व्यवस्था राम्रो छैन । स्वास्थ्यको लागि पिउने पानीको व्यवस्था, Changing Room, पुस्तकालय, विज्ञान प्रयोगशाला लगायतका भौतिक पूर्वाधारको अभाव छ । अधिकांश विद्यालयहरूमा छात्राहरूका लागि सेनेटरी प्याडयुक्त शौचालयको व्यवस्था गर्न सकिएको छैन । राष्ट्रिय शिक्षा नीति, २०७६ ले विद्यालयमा तहगत र विद्यार्थीहरूको आवश्यकता अनुसार भौतिक संरचनाहरू बनाउनुपर्ने कुरा उल्लेख गरेको छ ।

**अवसर**

१. भौतिक पूर्वाधार भएका विद्यालयहरुको ठूलो संख्या ।
२. विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण, मर्मत तथा विकासमा नगरपालिकाको जोड ।
३. सिकाइमा सूचना प्रविधिको प्रयोगलाई बिस्तार गर्न विद्यालयहरुलाई ICT प्रयोगशाला तथा आवश्यक उपकरणहरुको व्यवस्थापनमा नियमित सहयोग ।

**चुनौती**

विद्यालयको भौतिक संरचनालाई सुधार्नका लागि संघ र स्थानीय सरकारले निरन्तर सहयोग गरेको छ । विभिन्न परियोजना र संघसंस्थाले पनि सहयोग गर्दै आइरहेका छन्, तर यस क्षेत्रमा केही प्रमुख चुनौतीहरू पाइएको छ ।

१. भौतिक संरचनाको गुणस्तरीयता, पारदर्शिता र जवाफदेही कायम राख्नु ।
२. मापदण्ड अनुसारको भौतिक संरचना निर्माण गर्नु ।
३. विद्यालयलाई आवश्यक भौतिक संरचना तयार गर्नु ।
४. भौतिक पुनर्निर्माणका लागि आवश्यक स्रोत साधनको व्यवस्थापन गर्नु ।
५. भएका भौतिक संरचनामा पहुँच सुधार गर्नु ।

### ४.६.२ उद्देश्य

यस योजनाले भौतिक पुनर्निर्माणसँग सम्बन्धित केही मुख्य उद्देश्यहरू राखेको छः

१. विद्यालयमा आवश्यक मापदण्ड अनुसारको सुरक्षित विद्यालय भवनको निर्माण गर्नु ।
२. सबै विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक सुविधा सुनिश्चित् गर्न पूर्वाधार विकास, मर्मत सम्भार तथा सबलीकरण गर्नु ।
३. भौतिक पूर्वाधार विकास एवं विस्तारका लागि पारदर्शी तथा जवाफदेही प्रणालीको विकास गर्नु ।
४. गणित, सामाजिक विषयको ल्याब तथा भाषिक विषय सिकाइको पूर्वअभ्यास सिकाइ कक्षा विकास गर्ने ।

### ४.६.३ रणनीति

यस योजनामा भौतिक पुनर्निर्माणसँग सम्बन्धित विभिन्न रणनीतिहरू पनि राखिएका छन् :

१. भौतिक पूर्वाधार विकासका लागि सञ्चालित विद्यालयको तह, विद्यार्थी संख्याको प्रक्षेपण र भौगोलिक क्षेत्रको आधारमा मापदण्ड विकास गरिनेछ ।
२. विद्यालय पूर्वाधार विकासका लागि संघ, प्रदेश र स्थानीय तहको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापन गरी सरोकारवालाको सहभागितामा कार्यान्वयन हुने प्रबन्ध गरिनेछ ।
३. विद्यालयलाई सुरक्षित बनाउन आवश्यकतानुसार सबलीकरण तथा पुनःनिर्माण एवम् मर्मत सम्भार गरिनेछ ।
४. पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवम् वातावरणीय पक्षलाई एकीकृत गरिनेछ ।
५. भौतिक निर्माणको स्रोत परिचालनमा तीन तहका सरकारबीच समन्वय कायम गरी एकद्वार प्रणाली अपनाइनेछ ।
६. विद्यालयको भौतिक पूर्वाधार विकासमा स्थानीय समुदाय, सरकारी एवम् गैरसरकारी तथा समुदायमा आधारित संघसंस्थाको परिचालन गरी साझेदारीमा निर्माण कार्य गरिनेछ ।

## ४.६.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

योजनाको कार्यान्वयनबाट निम्नलिखित उपलब्धिहरु हासिल गरिनेछ ।

१. सबै विद्यालयमा मापदण्ड पूरा भएको भौतिक संरचना उपलब्ध गराउनुका साथै भौतिक अवस्थाको सुधार पनि भएको छ ।
२. विद्यालयका भौतिक संरचना बालमैत्री, अपाङ्गतामैत्री र सुरक्षित हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजा देहाय अनुसारको हुनेछ ।

| क्र. सं. | सूचक (उदाहरण) | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | भूकम्प प्रतिरोधी विद्यालय | १४ | १६ | २२ | २८ | ३५ | ४२ |
| २ | नयाँ निर्माण गर्नुपर्ने कक्षाकोठा संख्या | ६० | १० | १० | १५ | १५ | १० |
| ३ | नयाँ निर्माण गर्नुपर्ने शौचालय संख्या | २२ | २ | ४ | ५ | ५ | ६ |
| ४ | बाढी पहिरो लगायतका प्रकोप न्यूनीकरणका लागि कार्य गर्नुपर्ने विद्यालय संख्या | ९ | १ | २ | २ | २ | २ |

## ४.६.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा |
| १ | विद्यालय भवन निर्माण | ३० | २ | २ | २ | २ | २ | ४० |
| २ | विद्यालयको सवलीकरण तथा प्रवलीकरण | २४ | ३ | ३ | ३ | ४ | ३ | ४० |
| ३ | विद्यालयमा बनेका संरचनाको सम्वर्द्धन तथा मर्मत सम्भार र फर्निचर व्यवस्थापन समेत | २२ | ३ | ४ | ५ | ४ | २ | ४० |
| ४ | छात्र र छात्रालाई अलग्गै शौचालय, पानी तथा सरसफाइको प्रबन्ध | २४ | ३ | ३ | ३ | ४ | ३ | ४० |
| ५ | प्रारम्भिक बालविकासका लागि पानी तथा सरसफाइका साथै अलग्गै शौचालय | १६ | ५ | ५ | ५ | ५ | ४ | ४० |
| ६ | अपाङ्गता मैत्री संरचना निर्माण | ९ | ६ | ७ | ७ | ६ | ५ | ४० |

## ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

विद्यालयमा सूचना तथा सञ्चार प्रविधि (Information and Communication Technology-ICT) भन्नाले शिक्षण सिकाइमा कम्प्युटर र इन्टरनेटका तथा अन्य विद्युतीय सामग्रीहरुको प्रयोग गरी छापा, श्रव्य, दृश्य, श्रव्यदृश्य, मल्टिमिडिया तथा वेभमा आधारित शिक्षण सिकाइमा सामग्रीको प्रयोग भन्ने बुझिन्छ । एक्काइसौं शताब्दीको शिक्षालाई सूचना तथा सञ्चार प्रविधिसँग जोड्नु आवश्यक छ । हरेक स्थानीय तहले प्रदान गर्ने शिक्षा सोही स्थानको लागि मात्र नभइ विश्वबजारका हरेक क्षेत्रमा प्रतिस्पर्धा गर्न सक्ने हुनुपर्छ । शिक्षण तथा सिकाइमा सूचना र सञ्चारको उचित प्रयोगले सिकाइ सहजीकरणमा सहज हुने, आवश्यक सिकाइ सामग्रीहरु उपलब्ध हुने, मूल्याङ्कन तथा अभिलेखीकरणमा सहज हुने तथा ज्ञान तथा सीपको आदानप्रदान गर्न सजिलैसँग गर्न सकिन्छ । इन्टरनेटको विकास र गुणस्तरमा सुधारसँगै रेडियो, टेलिभिजन, र मल्टिमिडियामा आधारित शैक्षिक सामग्रीहरू अनलाइनमा रूपान्तरण भएका छन् र प्रत्यक्ष कक्षाहरू भर्चुअल कक्षामा परिणत भएका छन् । सन् २०३० सम्म दिगो विकास लक्ष्य प्राप्त गर्नका लागि सूचना तथा सञ्चार प्रविधिको सहायताले गुणस्तरीय शिक्षा प्रदान गर्न आवश्यक छ । यसले शिक्षा प्रणालीलाई सुदृढ बनाउन, ज्ञान प्रसार सुधार गर्न, गुणस्तरीय शिक्षामा पहुँच बढाउन, र सेवा प्रवाहलाई प्रभावकारी बनाउन महत्वपूर्ण भूमिका खेल्दछ । पाठ्यक्रम, पाठ्यपुस्तक र सन्दर्भ सामग्रीजस्ता शैक्षिक स्रोतहरू इन्टरनेटमा व्यापक रूपमा उपलब्ध छन् ।

इन्टरनेट सेवाको तीव्र गति र ग्रामीण क्षेत्रमा यसको पहुँच विस्तारले विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको उपयोगका लागि नयाँ सम्भावना सिर्जना गरेको छ । प्राकृतिक विपद् तथा महामारीको समयमा सिकाइलाई निरन्तरता दिनुसक्ने एउटा भरपर्दो माध्यम सूचना तथा सञ्चारको प्रयोग हुनसक्छ । कोभिड-१९ महामारीले शिक्षा र मानव जीवनमा नकारात्मक प्रभाव पारेको भएपनि शिक्षण-शिक्षा प्रक्रियामा सूचना तथा सञ्चार प्रविधिको महत्वलाई उजागर गर्ने अवसर प्रदान गरेको छ । विद्यालयमा सूचना तथा सञ्चार प्रविधिलाई आत्मासाथ गर्ने नीति बेसीशहर नगरपालिकाले लिएको छ र यसको पूर्वाधार विकासका लागि नगरपालिकाको स्थानीय स्रोत, प्रदेश तथा केन्द्र सरकारसँगको समन्वयमा नगर क्षेत्रका सामुदायिक विद्यालयहरुलाई प्रविधिमैत्री शिक्षणको लागि उत्प्रेरित गर्ने र संस्थागत विद्यालयहरुमा समेत यसका लागि आवश्यक पूर्वाधार व्यवस्था गरी समयको माग बमोजिमको प्रविधिको प्रयोग गर्न निर्देश दिँदै आएको छ ।

### ४.७.१ वर्तमान अवस्था

विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धी संघीय सरकारसँग स्पष्ट कानुनी आधारहरू रहेका छन् । यस अन्तर्गत बोर्ड बैंक नीति २०७१, नेपालको सूचना तथा प्रविधि नीति २०७२, डिजिटल नेपालको कार्यढाँचा २०७६, राष्ट्रिय शिक्षा नीति २०७६ र शिक्षा क्षेत्रमा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी गुरु योजना २०१३-२०१७ ले प्रविधिको स्थापना, सञ्चालन, व्यवस्थापन, अनुगमन र मूल्याङ्कनका सम्बन्धी प्रावधान बनाएको छ । बेसीशहर नगरपालिकाले सूचना सञ्चार सम्बन्धी आफ्नै नीति वा कानुन नभएतापनि संघीय सरकारकै नीतिअनुसार कार्यक्रमहरू सञ्चालन भइरहेका छन् । विद्यालय सुधार विकास कार्यक्रम अन्तर्गत विभिन्न विद्यालयमा पूर्वाधार विकास, सूचना प्रविधि व्यवस्थापन प्रणालीको स्थापना तथा सञ्चालनका लागि ठोस कामहरू भएका छन् । यसै क्रममा नगरपालिकाका

सामुदायिक विद्यालयहरुमा नगरप्रमुख शिक्षा सुधार कार्यक्रम मार्फत केही सामुदायिक विद्यालयहरुलाई सूचना तथा सञ्चारका अवश्यक पूर्वाधार निर्माण तथा प्रयोगशाला व्यवस्थापनामा सहयोग गरिएको छ । यसका साथै राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम तथा प्रदेश सरकारबाट प्रदान गरिने सहयोग कार्यक्रममा पनि यस नगरपालिकाका विद्यालयहरुलाई प्रस्तावना पेश गर्न आवश्यक सहजीकरण गरिएको छ । प्रदेश सरकार र नगरपालिकाको संयुक्त लगानीमा शिक्षकहरुलाई ICT तालिम मार्फत प्रविधिलाई सिकाइसम्म जोड्ने तथा प्रशासनिक कार्य र अभिलेखीकरणमा समेत ICT को प्रयोग गर्न उत्प्ररित गर्ने कार्य भएको छ ।

### अवसर र चुनौती

#### अवसर

१. नगर क्षेत्रका शिक्षकहरुमा ICT सीपको आधारभूत ज्ञान विकास भएको छ ।
२. EMIS तथा अन्य अभिलेखीकरणमा ICT को प्रयोग भएको छ ।
३. शिक्षकहरु स्वतःस्फूर्त रुपमा प्रविधिमैत्री शिक्षणकालागि अग्रसर भएका छन् ।
४. विद्यार्थीहरुलाई सिकाइ क्रियाकलापमा थप मद्दत गर्न ICT को प्रयोग भएको छ ।
५. विपद् तथा महामारी आइपरेमा बैकल्पिक सिकाइको रुपमा भर्चुयल सिकाइ सञ्चालन गर्नसक्ने अवस्थामा अधिकांश माध्यमिक विद्यालयहरु पुगेका छन् ।
६. माध्यमिक विद्यालयहरुमा आधारभूत आइसिटी उपकरणहरु सहित भरपर्दो इन्टरनेटको सुविधा पुगेको छ ।

#### चुनौती

१. शिक्षकहरुको ठूलो संख्या अझपनि ICT सीपमा अभ्यस्त नभएकोले सिकाइलाई प्रविधिमैत्री बनाउनु ।
२. कक्षा कोठामा विषय र माध्यमका रुपमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लाीग शिक्षण संस्थाहरुमा द्रुत गतिको इन्टरनेट सेवाको बिस्तार गर्नु ।
३. विद्यालयहरुमा ICT प्रयोगशाला तथा आवश्यक पूर्वाधारको विकासका लागि आवश्यक आर्थिक तथा मानवीय स्रोत (कम्प्युटर शिक्षक) को व्यवस्थापन गर्नु ।

### ४.७.२ उद्देश्य

१. सबै विद्यालयहरुमा सूचना तथा सञ्चार प्रविधिको पहुँच पुऱ्याउने ।
२. सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार तथा प्रविधिको प्रयोग गर्ने ।

### ४.७.३ रणनीति

१. सूचना तथा सञ्चार प्रविधिको पहुँच र साधनमा वृद्धि गरिनेछ ।
    क) शैक्षिक संस्थाहरूमा निःशुल्क रूपमा उच्च गतिको इन्टरनेट सेवा विस्तारका लागि सहजीकरण गरिनेछ ।
    ख) स्थानीयस्तरमा अनलाइनमा आधारित शैक्षिक सूचना व्यवस्थापन प्रणालीको विकास गरी विद्यालयहरूको शैक्षिक तथ्याङ्क व्यवस्थित गरिनेछ ।
    ग) अनलाइन र वैकल्पिक प्रविधिका साधनहरूलाई शिक्षण सिकाइमा परिपूरकका रूपमा प्रयोग गरी सिकाइको प्रभाव वृद्धि गरिनेछ ।

२. संस्थागत क्षमताको सुदृढीकरण गरिनेछ ।

क) विद्यालयमा विद्यार्थी संख्या अनुसार कम्प्युटर, एलसिडी प्रोजेक्टर, टेलिभिजन, डिजिटल ह्वाइट बोर्ड सहितको आइसिटी प्रयोगशाला स्थापना गरिनेछ ।

ख) विद्यालयमा क्रमशः ई-पुस्तकालयको व्यवस्था गरिनेछ ।

ग) डिजिटल स्रोत सामग्रीसहितको अनलाइन शिक्षण स्रोत केन्द्र विकास गरी महानगरभित्रका सबै विद्यालयको पहुँच सुनिश्चित् गरिनेछ ।

घ) हरेक माध्यमिक विद्यालयमा एक कम्प्युटर शिक्षकको व्यवस्था गरिनेछ ।

३. सूचना तथा सञ्चार प्रविधि सम्बन्धी क्षमता विकास गरिनेछ ।

क) अभिभावकहरूका लागि सूचना तथा सञ्चार प्रविधि साक्षरतासम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

ख) शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी तालिम शिक्षकहरूलाई प्रदान गरिनेछ ।

ग) नगरभित्र कार्यरत जनशक्तिलाई अनलाइनमा आधारित पेशागत विकासका कोर्समा सहभागी हुन प्रेरित गरिनेछ ।

४. सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सामग्रीको विकास गरिनेछ ।

क) शिक्षण सिकाइ क्रियाकलापमा डिजिटल सामग्रीको प्रयोग गरी शिक्षणलाई दिगो र सहभावनात्मक बनाइने छ ।

ख) विद्यालयमा अनलाइन आधारित सामग्रीको प्रयोगका लागि सुरक्षित र सहज वातावरण बनाइने छ ।

ग) नगरपालिकामा डिजिटल प्रविधिमा आधारित शिक्षण पोर्टल विकास गरी प्रयोगमा ल्याइने छ ।

घ) सामुदायिक सिकाइ केन्द्रलाई डिजिटल साक्षरता सम्बन्धी सीप विकासका लागि उपयोग गरिनेछ ।

### ४.७.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विकास र विस्तारले प्रभावकारी ढङ्गबाट सिकाइमा सहजीकरण भएको हुनेछ ।

२. सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार आउनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजा देहाय अनुसारको हुनेछ ।

| क.सं. | सूचक (उदाहरण) | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | इन्टरनेटको जडान भएका विद्यालयको संख्या सामुदायिक मात्र) | १९ | २५ | ३५ | ४० | ४६ | ४६ |
| २ | शिक्षण सिकाइ क्रियाकलापमा कम्प्युटर लगायतको प्रविधिको उपयोग भएका विद्यालय संख्या | १० | २० | ३० | ३५ | ४० | ४६ |
| ३ | मुख्य विषयमा डिजिटल पाठ्यसामग्री प्रयोग गर्ने विद्यालय संख्या | ८ | १२ | १८ | २२ | २८ | ३० |

| क्र. सं. | सूचक (उदाहरण) | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| ४ | व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने विद्यालय संख्या | १५ | १८ | २० | २५ | ३० | ४६ |
| ५ | विद्युत्को पहुँच पुगेका विद्यालय संख्या | ४६ | ४६ | ४६ | ४६ | ४६ | ४६ |

## ४.७.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | आधार वर्ष २०८२ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा |
| १ | विद्यालयमा ICT संरचना विस्तार गरी इ लाइब्रेरी स्थापना (सामुदायिक विद्यालय) | ० | २ | ४ | ४ | ४ | ४ | १८ |
| २ | प्रत्येक विद्यालयमा Internet Connectivity को व्यवस्था | १९ | २५ | ३० | ३५ | ४० | ४६ | ४६ |
| ३ | शिक्षकको आधारभूत आइसिटी सम्बन्धी क्षमता विकास तालिम - पटक) | पटक | १ | १ | १ | १ | १ | ५ |
| ४ | प्रत्येक विद्यालय अन्तरक्रियात्मक ( संख्या)डिजिटल सामग्रीको उपलब्धता | संख्या | २ | ४ | ५ | ५ | ५ | २१ |
| ५ | IEMIS व्यवस्थापन तालिम (पटक) | पटक | १ | १ | १ | १ | १ | ५ |
| ६ | एक विद्यालय, एक कम्प्युटर शिक्षक | ० | २ | ४ | ४ | ४ | २ | १६ |

# परिच्छेद ५
# अन्य उपक्षेत्र

## ५.१ उच्च शिक्षा

शिक्षामा समतामूलक पहुँच अभिवृद्धि गर्ने, उच्च शिक्षालाई सीपसँग आवद्ध गर्ने र प्राविधिक तथा वैज्ञानिक शिक्षाका अवसरहरु वृद्धि गर्दै लैजान सरकारका साथै निजी क्षेत्र, स्थानीय निकाय एवम् समुदायलाई समेत उत्तरदायी बनाइ समग्र शैक्षिक प्रक्रिया तथा कार्यक्रमहरुलाई प्रभावकारी, सान्दर्भिक र गुणस्तरीय बनाउनु पर्ने आवश्यकता छ । उच्च शिक्षालाई व्यवस्थित गर्दै संवैधानिक व्यवस्था अनुसार उच्च शिक्षाको व्यवस्थापकीय अधिकार संघ र प्रदेश सरकारको हुने भएकाले स्थानीय तहले समन्वयकारी र सहयोगी भूमिका निर्वाह गर्नेछ । विश्वविद्यालय उक्त र उच्च शिक्षण संस्थाहरुको स्थापना, सञ्चालन र व्यवस्थापन गर्ने दायित्व संघ र प्रदेश सरकारको रहेको छ । स्थानीय तहले माध्यमिक तहको शिक्षा पूरा गरेका बेसीशहर नगरबासीहरुमा उच्च शिक्षाको पहुँच वृद्धिका लागि सहायक भूमिका निर्वाह गर्नेछ । भौतिक पूर्वाधार विकास, प्राध्यापन गर्ने जनशक्ति व्यवस्थापनमा आर्थिक सहयोग, उच्च शिक्षण संस्था स्थापना र विस्तार जस्ता कार्यमा नगरपालिकाले सहयोग र सहकार्य गर्नेछ ।

### वर्तमान अवस्था

नेपालमा उच्च शिक्षाको विकास र विस्तारमा सरकारका साथै समुदाय र निजी क्षेत्रको समेत लगानी र प्रयास रहको छ । देशको सामाजिक तथा आर्थिक विकासका लागि विभिन्न क्षेत्रहरुमा सक्षम नेतृत्व प्रदान गर्न सक्ने योग्य, दक्ष र अन्तर्राष्ट्रियस्तरमा प्रतिष्पर्धी र अनुसन्धानमुखी मानव संसाधन विकास गर्नु उच्च शिक्षाको प्रमुख उद्देश्य रहेको सन्दर्भमा बेसीशहर नगरपालिकामा उच्च शिक्षण संस्थाको रुपमा एकमात्र क्याम्पस वडा नं. ७ बेसीशहरमा मर्स्याँङ्दी क्याम्पस रहेको छ जहाँ शिक्षाशास्त्र, समाजशास्त्र, वाणिज्यशास्त्रको पठनपाठन भइरहेको छ । संकायगत विविधता आजको आवश्यकता हो । बेसीशहरको मुख्य बजार क्षेत्र र केन्द्र स्थानमा भएकाले यस क्याम्पसमा स्नातक तहको दाँजोमा स्नातकोत्तर तह अध्ययन गर्ने विद्यार्थीहरुको संख्या तुलनात्मक रुपमा ज्यादै कम छ । सीमित संकाय अन्तर्गत मात्र पढाइ हुने भएकाले नगरपालिकाभित्रका तमाम विद्यार्थीहरुको रोजाइको शैक्षिक क्षेत्र बन्न सकेको छैन साथै प्राविधिक विषयमा उच्च शिक्षा अध्ययन गर्न चाहने युवाहरुको लागि प्राविधिक उच्च शिक्षालय स्थापना हुन सकेको छैन । पर्याप्त बजेट, आवश्यक पूर्वाधार तथा मानवीय जनशक्तिको अभावका कारण खोजेअनुसार गुणस्तरीय शैक्षिक केन्द्रको रुपमा स्थापित गराउन चुनौतीहरु देखिएका छन् ।

### उद्देश्य

क) विपन्न समुदायका उपयुक्त उमेर समूहका नागरिक तथा विशेष गरी स्थानीय समुदायका विद्यार्थीहरुको पहुँच विस्तार गर्नु ।

ख) उच्च शिक्षामा अध्ययन तथा अनुसन्धानका अवसरहरु वृद्धि गरी सान्दर्भिक, उपयोगी, गुणस्तरीय एवम् अन्तर्राष्ट्रिय परिवेश अनुकूल प्रतिष्पर्धी बनाउनु ।

ग) उच्च शिक्षातर्फ प्राविधिक शिक्षाको लागि आवश्यक पूर्वाधार विकास गर्नु ।

घ) शिक्षाशास्त्र, व्यवस्थापन, सामाजिक, प्राविधिक लगायत संकायगत विविधतायुक्त शिक्षण संस्था स्थापना र सञ्चालनको लागि सहयोग उपलब्ध गराउनु ।

ङ) नगरपालिकामा उच्च शिक्षाको नियामक संयन्त्र विकास र सुदृढ गर्नु ।

**रणनीति**

बेसीशहर नगरपालिका क्षेत्रभित्र उच्च शिक्षाको विकास र विस्तारका लागि निर्धारण गरेका उद्धेश्यहरु हासिल गर्न निम्नलिखित रणनीतिहरु अवलम्बन गरिनेछ ।

क) संघीय सरकार र प्रदेश सरकारसँगको सहयोग र नगरपालिकाको साझेदारीमा उच्च शिक्षातर्फ थप पूर्वाधार विकास गर्न सहयोगी भूमिका निर्वाह गरिनेछ ।

ख) पालिका अर्न्तगत हाल सञ्चालनमा रहेको क्याम्पसलाई थप व्यवस्थित गर्न पालिकालाई नियमनकारी भूमिकामा स्थापित गरिनेछ ।

ग) प्राविधिक शिक्षातर्फ उपयुक्त विषयको सम्भाव्यता अध्ययन गरी क्याम्पसस्तरको पूर्वाधार तयार गरिनेछ ।

घ) विपन्न लक्षित समुदायका स्नातक र स्नातकोत्तर उत्तीर्ण गरेका युवतीहरुलाई प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।

ङ) अपाङ्गता भएका, दलित, पिछडिएका क्षेत्र तथा विपन्न वर्गका विद्यार्थीहरुलाई लक्षित गरी स्थानीय सरकारको प्रोत्साहन स्वरुप छात्रवृत्तिको व्यवस्था गरिनेछ ।

च) स्थानीय उच्च शैक्षिक संस्थाहरुसँगको साझेदारीमा गरी अंग्रेजी, गणित तथा विज्ञान विषयका गुणस्तरीय शिक्षक उत्पादनमा जोड दिइने छ ।

**उपलब्धि**

१. लक्षित वर्गलाई प्रदान गरिने छात्रवृत्ति तथा प्रोत्साहन कार्यक्रम मार्फत उच्च शिक्षामा विद्यार्थी भर्नादर वृद्धि भई पहुँचमा विस्तार भएको हुनेछ ।

२. उच्च शैक्षिक संस्थाहरुको सहकार्यमा आवश्यक जनशक्ति उत्पादन भई स्थानीय बजारमा आवश्यक जनशक्तिको उपलब्धता भएको हुनेछ ।

३. नगर क्षेत्रभित्र नै संकायगत विविधतायुक्त उच्च शिक्षण संस्थाहरु स्थापना भई सञ्चालन भएको हुनेछ ।

४. प्राविधिक शिक्षातर्फ माग अनुसार विषयको नगरबासीहरुले उच्च शिक्षा अध्ययन गर्ने अवसर पाउने उपलब्ध भएको हुनेछ ।

**नतिजा, प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा |
| १ | संघीय र प्रदेश सरकारसँग समन्वय र साझेदारी । | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| २ | लक्षित समूहका लागि उच्च शिक्षा छात्रवृत्ति कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ |
| ३ | प्राविधिक धारतर्फको उच्च शैक्षिक संस्था स्थापना र सञ्चालन । | संख्या | ० | ० | ० | १ | ० | १ |

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा |
| ४. | उच्च शैक्षिक संस्थाहरुसँगको साझेदारीमा दक्ष जनशक्ति उत्पादन तथा तालिम कार्यक्रम । | संख्या | १ | १ | १ | १ | १ | १ |

## ५.२. पुस्तकालय तथा वाचनालय

सन् २०१५ मा सबैका लागि शिक्षा प्रदान गर्ने नेपाल सरकारको प्रतिवद्दता रहेको छ । पुस्तकालय तथा सूचना केन्द्रको माध्यमबाट ज्ञानमा आधारित सूचना तथा शैक्षिक सामग्रीहरुको पहुँचमा सरलता ल्याई नेपाली समाजको सशक्तीकरण र सुदृढीकरण गरी सुसंस्कृत, आधुनिक एवम् प्रतिष्पर्धात्मक क्षमतायुक्त समुन्नत समाजको निर्माण गर्न सम्भव छ । शिक्षाको गुणस्तरमा अभिवृद्धि गर्न, सिर्जनशीलता र प्रविधि विकासमा सहयोग पुर्‍याउन विद्यालय तहदेखि उच्च तहसम्म शैक्षिक पुस्तकालय खोलिनु जरुरी हुन्छ । सूचनाको हकको अधिकार सुनिश्चित् गरी सूचना साक्षरताको प्रवर्द्धन र विकास गर्ने र उपलब्ध सूचना प्रविधिको उपभोग गरी ज्ञानमा आधारित समाजको निर्माण गर्ने र पठन संस्कृतिको विकास गर्न पुस्तकालय तथा वाचनालयहरुको अपरिहार्यता हुन्छ जसबाट विभिन्न जाति, वर्ग, समुदाय र व्यवसाय, सेवामा कार्यरत सबैलाई आफ्नो ज्ञान, बुद्धि र विवेकअनुसार व्यवसाय वा पेशा अवलम्बन गरी जीविकोपार्जन गर्नमा सहयोग पुग्दछ ।

### वर्तमान अवस्था

विद्यालय तथा समुदायस्तरमा पुस्तकालय तथा वाचनालय स्थापना गरी जीवनपर्यन्त अध्ययन गर्ने संस्कृतिको विकास गर्न विभिन्न प्रकारका रचनात्मक, शिक्षामूलक तथा सूचनामूलक कार्यक्रमहरु सार्वजनिक पुस्तकालयहरुको माध्यमबाट सञ्चालन गर्न सकिन्छ । बेसीशहर नगरपालिकामा प्रायः सामुदायिक माध्यमिक विद्यालयमा लघु वा व्यवस्थित रुपमा पुस्तकालय र वाचनालयहरु स्थापित छन् । नगरपालिकाभित्र रहेका १४ ओटा माध्यमिक र केही आधारभूत विद्यालयहरुमा केही वर्ष अघिदेखि पुस्तकालय स्थापना गरी प्रयोग गरिदैं आएको पाइन्छ । रुम टू रिड समेतका केही गैरसरकारी संस्थाहरुको समन्वयमा यस्ता पुस्तकालयहरुमा हार्डवयर र सफ्टवेयरको रुपमा विभिन्न विधाका पुस्तक तथा प्रकाशनहरु समावेश गरिएको पाइन्छ भने समुदायस्तरमा बेसीशहरको मुख्य बजार क्षेत्रमा सञ्चालित लक्ष्मीनारायण सामुदायिक पुस्तकालयले केही हदसम्म पुस्तकालयको माग र आवश्यकता पूरा गर्दै सबैखाले उमेर र वर्गका पाठकवर्गलाई ज्ञान सीप र दक्षता हासिल गर्नमा उल्लेख्य योगदान गरेको छ ।

### उद्देश्य

१. समुदायमा सुविधासम्पन्न पुस्तकालय तथा वाचनालयको स्थापना गरी पठन संस्कृतिको विकास गर्ने ।
२. पुस्तकालय तथा वाचनालयको माध्यमबाट समाजका डिजिटल साक्षरता, सूचना सञ्चार प्रविधिको प्रयोग तथा सामाजिक सचेतना फैलाउने ।
३. सबै वडाभित्र क्रमश सामुदायिक पुस्तकालय स्थापना गरी सामुदायिक सिकाइ केन्द्रसँग समन्वय गरी निरन्तर साक्षरता कार्यक्रम तथा व्यवहारकुशल सीप विकासमा मद्दत गर्ने ।

**रणनीति**

क) सम्पूर्ण पुस्तकालय र वाचनालयको सु-सञ्चालन, व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन गर्ने ।

ख) पुस्तकालय विकासका लागि छुट्टै बजेट विनियोजन गर्ने ।

ग) स्थानीय निकायमा मौजुदा पुस्तकालय तथा वाचनालयलाई व्यवस्थित गर्ने र नभएका स्थानमा सामुदायिक सार्वजनिक वा बाल पुस्तकालय स्थापना गर्दै जाने ।

घ) सार्वजनिक पुस्तकालय वा वाचनालयका माध्यमबाट ज्ञान र सूचनामा आधारित समाजको निर्माण गरी सूचनाको हक सबै नागरिकलाई निरन्तर रुपमा प्रवाह गर्ने ।

ङ) आधुनिक सूचना तथा सञ्चार प्रविधिको विकासलाई ध्यानमा राखी डिजिटल पुस्तकालय स्थापना र विकास गर्ने ।

च) सार्वजनिक पुस्तकालयको सञ्चालन र दिगो विकासका लागि स्थानीय समुदाय र सामाजिक संस्थाहरुलाई प्रोत्साहन गर्ने ।

छ) पुस्तकालयहरुमा समयसापेक्ष गुणस्तरीय र आवश्यक मापदण्डअनुसारको सेवा दिन शैक्षिक सामग्रीहरु, दक्ष जनशक्ति तथा आवश्यक बजेटको व्यवस्था गर्ने ।

ज) सार्वजनिक पुस्तकालयलाई समाजको अभिन्न अंगका रुपमा लिई सामाजिक शैक्षिक संस्थाका रुपमा विकास गर्न स्थानीय निकायबाट सञ्चालन तथा व्यवस्थापन गर्ने ।

**उपलब्धि, नतिजा तथा परिमाणात्मक लक्ष्य**

**उपलब्धि**

१. भाषिक तथा गणितीय सीपमा वृद्धि भएको हुनेछ ।

२. आधारभूत सुविधा सम्पन्न सामुदायिक सिकाइ केन्द्रको संख्या ११ पुगेको हुनेछ ।

३. सामुदायिक पुस्तकालयको संख्या वृद्धि भई ५ वटा पुगेको हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक (उदाहरण) | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | भाषिक तथा गणितीय साक्षरता सीप (१५ वर्षभन्दा माथि) (%) | ९१.९ | ९२.० | ९४.० | ९५.० | ९७.० | ९९.० | |
| २ | आधारभूत सुविधा सम्पन्न सामुदायिक सिकाइ केन्द्रको संख्या | ३ | ३ | २ | २ | २ | २ | ११ |
| ३ | सामुदायिक पुस्तकालयको संख्या | १ | १ | १ | १ | १ | १ | ५ |

**प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलाप | आधार वर्ष २०८२ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा |
| १ | निरक्षरहरुको तथ्याङ्क संकलन तथा खण्डीकृत डाटाबेस तयारी (पटक) | ० | १ | १ | १ | १ | १ | ५ |

| क्र.सं. | प्रमुख क्रियाकलाप | आधार वर्ष २०८२ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा |
| २ | साक्षरता तथा साक्षरोत्तर शिक्षा कार्यक्रम सञ्चालन (कक्षा) | ० | २ | ३ | ४ | ५ | ६ | २० |
| ३ | सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरण | २ | २ | २ | २ | २ | २ | १० |

### ५.३ मातृभाषामा शिक्षा

बालबालिकाले आफ्नो आधारभूत आवश्यकता पूरा गर्न घरपरिवारबाट सिकेको पहिलो भाषा नै मातृभाषा हो । नेपालको संविधानको प्रस्तावनामा नेपाललाई बहुभाषिक, बहुसांस्कृतिक र बहुजातीय राज्यका रूपमा परिभाषित गरिएको छ । मातृभाषामा शिक्षा प्राप्त गर्ने अधिकारलाई शिक्षासम्बन्धी अधिकार अन्तर्गत धारा ३१(५) अन्तर्गत मौलिक अधिकारको रूपमा उल्लेख गरिएको छ । त्यस्तै, अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ को दफा ३ (२) मा नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई मातृभाषामा शिक्षा प्राप्त गर्ने हक थप सुनिश्चित् गरिएको छ। राष्ट्रिय शिक्षा नीति, २०७६ मा आवश्यकता अनुसार आधारभूत तहसम्मको शिक्षा मातृभाषामा दिनुपर्ने उल्लेख छ । बहुभाषिक शिक्षा कार्यक्रम कार्यान्वयन निर्देशिका २०६६ को परिच्छेद -६ मा स्थानीयस्तरमै मातृभाषामा पाठ्यपुस्तक तथा पाठ्यक्रम निर्माण गरी विद्यालयले कार्यान्वयन गर्ने भनिएको छ। राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०६३ ले अध्ययन भाषा छनोट गर्ने प्राविधिक र विद्यालयलाई प्रदत्त गरेर स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम निर्माण हुनुपर्ने कार्यलाई जोड दिएको छ । शिक्षा ऐन २०२८ (संशोधन सहित २०६३) मा प्राथमिक तहसम्मको शिक्षा मातृभाषामा दिन सकिने छ भन्ने प्रावधान राखिएको छ ।

नेपालको संविधान २०७२ ले नेपालमा बोलिने सबै मातृभाषाहरुलाई राष्ट्रभाषाको मान्यता दिँदै नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानूनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने भन्ने व्यवस्था रहेको छ । बहुभाषी शिक्षणबाट विद्यार्थीको विद्यालयप्रति आकर्षण बढ्ने, बिचैमा विद्यालय छाड्ने विद्यार्थी संख्या नियन्त्रणमा सहयोग पुग्ने, विद्यालयप्रति जनअपनत्व बढ्दा जनसहभागिता अभिवृद्धि हुने, शैक्षिक उपलब्धि बढ्नेलगायत फाइदा प्राप्त गर्न सकिन्छ । शिक्षामा मातृभाषाको प्रयोगले सिकाइको व्यवधानलाई निस्तेज पार्दै विद्यार्थीमा सामाजिकीकरण विकास गर्न, विद्यार्थीको संज्ञानात्मक विकासमा मद्दत गर्न, भाषा तथा संस्कृतिको पहिचान र संरक्षण गर्न र अन्ततोगत्वा भाषिक विविधतालाई सम्बोधन गर्दै राष्ट्रिय एकतालाई समेत सुदृढ पार्न मद्दत पुग्ने देखिन्छ । पर्याप्त कानुनी तथा संस्थागत पूर्वाधार हुँदाहुँदै पनि पाठ्यपुस्तकको अभाव, मातृभाषामा पढाउने शिक्षकको व्यवस्था नहुनु, मातृभाषा पढाउन झन्झटिलो मान्ने पुरातन मानसिकता हाबी हुनुलगायत कारणले मातृभाषामा शिक्षाको प्रयासले गति लिन सकेको छैन । केही सीमित स्थानीय तहमा बाहेक मातृभाषामा शिक्षणको पूर्वाधार तयार गरी त्यसलाई लागु गर्न अधिकांश स्थानीय सरकार अनिच्छुक देखिएको यथार्थ हामीसँग छ। अंग्रेजी भाषाप्रतिको आकर्षणका कारण विद्यार्थीहरू नै मातृभाषा शिक्षामा रुची नदिने समस्याले पनि नेपालमा मातृभाषा शिक्षा कार्यक्रम बलियो हुन सकेको छैन ।

**वर्तमान अवस्था**

बेसीशहर नगरपालिकाको हालसम्म छुट्टै भाषिक नीति छैन । यो योजना लागु भएपछि नगरस्तरीय भाषिक नीति निर्माण गरी कार्यान्वयनमा ल्याइने छ । बहुमातृभाषी समुदाय भएको हुनाले बहुसङ्ख्यक विद्यालयहरुमा मातृभाषाको कक्षा सञ्चालनमा ल्याउन सकिएको छैन । तथापि गुरुङ समुदाय बढी रहेको वडा नं ४ र ५ मा आवश्यकताको आधारमा मातृभाषा शिक्षणमा जोड दिइनेछ भने सामुदायिक विद्यालयहरुमा समेत बढ्दै गएको अंग्रेजी भाषा शिक्षणको मोहलाई व्यवस्थापन गरी नगरस्तरीय भाषिक नीति निर्माण गरिनेछ ।

**उद्देश्य**

१. नगरस्तरीय भाषिक नीति निर्माण र कार्यान्वयन गर्ने ।
२. नगरभित्रका सबै विद्यालयहरुमा एकल भाषिक नीति लागु गर्ने ।
३. आवश्यकताको आधारमा मातृभाषा शिक्षणको सम्भाव्यता हेरी मातृभाषा कक्षा सञ्चालनमा ल्याउने ।

**रणनीति**

१. स्थानको मातृभाषा, लिपि, साहित्य एवं संस्कृति संरक्षण, विकास गरी सो भाषाको पठनपाठन गर्न व्यवस्था मिलाइनेछ ।
१. मातृभाषा शिक्षा कार्यक्रम मार्फत बालअधिकारको सम्मान, विद्यार्थीको संज्ञानात्मक र वौद्धिक विकासमा जोड दिइनेछ ।
३. नगरस्तरीय भाषिक नीति निर्माण गरी सबै विद्यालयहरुमा कार्यान्वयनमा ल्याइने छ ।

**उपलब्धि, नतिजा, कार्यक्रम तथा परिमाणात्मक लक्ष्य**

**उपलब्धि**

१. मातृभाषाको शिक्षणमार्फत स्थानीय भाषा, लिपि तथा संस्कृतिको संरक्षणमा टेवा पुगेको हुनेछ ।
२. कम्तीमा २ वटा विद्यालयहरुमा मातृभाषा कक्षा सञ्चालन गरिएको हुनेछ ।
३. नगरस्तरीय भाषिक नीति निर्माण गरी कार्यान्वयनमा आएको हुनेछ ।

**नतिजा, कार्यक्रम तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौंथो | पाँचौं | |
| १ | नगरस्तरीय भाषिक नीति निर्माण कार्यशाला | पटक | | १ | | १ | | २ |
| २ | मातृभाषा शिक्षण सम्बन्धी तालिम | पटक | | १ | | १ | १ | ३ |
| ३ | मातृभाषा सञ्चालन भएका विद्यालयहरु | संख्या | | २ | | | | २ |

**५.४ समावेशी शिक्षा तथा समता**

सामान्य रुपमा विद्यालयमा आइरहेका वा सेवाक्षेत्रबाट आइरहेका तथा सेवाक्षेत्रमै गएर सेवा दिनुपर्ने सबैका लागि अनुकूल हुने शिक्षा पद्धति समावेशी शिक्षा हो । औपचारिक शिक्षा पद्धतिमा समावेशीकरणले विभिन्न अवसरबाट वञ्चित बालबालिकाको अवस्थालाई सम्बोधन गर्नुपर्छ भन्ने बुझाउँछ । नेपालको संविधानले

आधारभूत तहको शिक्षालाई नागरिकको मौलिक हकको रुपमा उल्लेख गर्दै आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क हुने र अपाङ्गता भएका र आर्थिकरुपले विपन्न नागरिकले कानून बमोजिम निः शुल्क शिक्षा पाउने हक हुने र नेपालमा बसोवास गर्ने हरेक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभााषामा शिक्षा पाउने हक हुने व्यवस्था गरेको छ । राष्ट्रिय शिक्षा नीति, २०७६ ले पनि शिक्षामा समता र समावेशिता अभिवृद्धिका लागि विभिन्न नीतिहरु तय गरेको छ । अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ र नियमावली, २०७७ ले अपाङ्गता भएका व्यक्ति तथा आर्थिक, सामाजिक रुपले पछाडि परेका समुदायलाई छात्रवृत्ति तथा नेपाल सरकारले तोकिदिएबमोजिमका शैक्षिक संस्थाद्वारा निःशुल्क रुपमा विद्यालय शिक्षा, उच्च शिक्षा, प्राविधिक तथा व्यवसायिक शिक्षा उपलब्ध गराउने प्रावधान रहेको छ । विद्यालय शिक्षामा समता र समावेशीकरणका लागि सूचक सहितको एकीकृत समता रणनीति, २०७१ कार्यान्वयनबाट बञ्चितीकरणमा परेका बालबाीलकाहरुलाई थप सहयोग सहितको शैक्षिक अवसरको व्यवस्था गरिएको छ । अपाङ्गता भएका बालबालिका, छात्रा, दलित तथा जनजाति समदुायका बालबाीलकाहरुलाई छात्रवृत्ति र प्राविधिक तथा व्यवसायिक शिक्षामा प्राथमिकता एवम् आरक्षण कोटाको व्यवस्थाले यस समूहका बालबालिकाको शिक्षामा पहुँच र सहभाीगता बढेको तथ्याङ्कले देखाएतापनि पहुँचमा सुधारका साथै सहभागिता र गुणस्तर सुधारमा कार्यहरु गर्नुपर्ने देखिन्छ । बेसीशहर नगरपालिकामा विभिन्न भाषिक, साँस्कृतिक तथा जातजातिगत समुदायहरुको बसोवास रहेको छ । यही विभिन्नताका आधारमा हेर्दा ऐतिहासिक रुपमा सामाजिक विभेद र बञ्चितीकरणमा परेका समुदायहरु पनि छन् । शैक्षिक पहुँच, सहभागिता र नतिजामा सामाजिक, आर्थिक र लैंगिक भिन्नताको प्रभाव परेको देखिन्छ । कठीन परिस्थितिमा रहेका बालबालिकाहरुमा विद्यालय शिक्षाको पहुँचमा पुऱ्याई सहभागी बनाउन थप प्रयास समेत आवश्यक छ । सामाजिक न्याय स्थापित गर्न शिक्षामा सबैको पहुँच र अर्थपूर्ण सहभागिताका अधिकार सुनिश्चित् गर्न विविधता, समता र समावेशीताको प्रवर्द्धन गर्न आवश्यक छ । नेपाल सरकारको पन्ध्रौं योजना २०७६/०७७ - २०८०/०८१ ले पनि आर्थिक, सामाजिक, राजनैतिक र प्रशासनिक दृष्टिकोणले पछाडि परेका विभिन्न वर्गहरुका लागि सीपविकास तालिम, छात्रवृत्ति, शिक्षा तथा सार्वजनिक क्षेत्रको रोजगारीमा आरक्षण, शैक्षिक तथा स्वास्थ्य क्षेत्रमा देखिएको अन्तरको अन्त्य सम्बन्धी कार्यक्रमहरु सञ्चालन हुँदै आएको उल्लेख छ । दिगो विकास लक्ष्य २०१५ २०३० को लक्ष्य नं. ४ मा पनि समावेशी शिक्षा तथा समता सम्बन्धी संवैधानिक तथा नीतिगत व्यवस्थालाई उल्लेख गरेको छ ।

**वर्तमान अवस्था**

बेसीशहर नगरपालिकामा हाल जम्मा ४६ वटा सामुदायिक विद्यालय, ३ ओटा सामुदायिक सिकाइ केन्द्र र ८ ओटा समुदायमा आधारित बालविकास केन्द्र र १३ वटा संस्थागत विद्यालयहरु सञ्चालनमा रहेका छन् । त्यसै गरी यस पालिका अन्तर्गतका विद्यालयहरुमा सशर्त अनुदान अन्तर्गत दिवा खाजा, निःशुल्क पाठ्यपुस्तक वितरण, दलित, अपाङ्गता भएका तथा छात्राहरुलाई छात्रवृत्ति वितरण, बालबालिकाहरुको गुनासो र सुझावहरु सुनुवाइ, छात्राहरुको समन्वयकर्ता लैङ्गिक शिक्षक लगायतको व्यवस्था गरिएको छ । यस नगरपालिकाका वडा नं. १, २, ४, १० र ११ लाई बालमैत्री वडा घोषणा गरी बालमैत्री पूर्वाधार विकासमा जोड दिइएको छ र बाँकी वडाहरु क्रमशः घोषणा गर्दै जाने गरी पूर्व तयारीहरु गर्ने योजना भइरहेको छ । यस्ता कार्यक्रमहरुले समावेशीता र समता सम्बन्धी विषयवस्तुलाई अघि बढाएपनि विद्यालय शिक्षामा अपेक्षित उपलब्धि हुन सकेको छैन ।

बेसीशहर नगरपालिका भित्र शैक्षिक सत्र २०८१ को अनुसार प्रारम्भिक बालविकासमा कूल भर्नादर ८७.४ प्रतिशत रहेको छ भने कक्षा १ मा भर्ना भएकामध्ये कक्षा ८ पूरा नगर्नेको संख्या करिब ११.६ प्रतिशत रहेको छन् । यसलाई उपलब्धिपूर्ण बनाउन भूगोल, जनसंख्या, बस्ती, आदिलाई समेटी विद्यालय बाहिर रहेका, बीचैमा विद्यालय छाडी तह पूरा नगर्ने, अपेक्षित शैक्षिक उपलब्धि प्राप्त गर्न नसकेकाहरुलाई संबोधन गरी समता र समवेशीता अभिवृद्धि गर्नु जरुरी देखिन्छ ।

**उद्देश्य**

विद्यालय शिक्षामा सबैको पहुँच सुनिश्चित् गरी समान सहभागिता वृद्धि गर्नु यस योजनाको मुख्य उद्देश्य रहेको छ । यो उद्देश्य हासिल गर्न निम्नलिखित उद्देश्य निर्धारण गरिएको छ ।

क) विद्यालयहरुमा कुनै प्रकारको हिँसा, विभेद र दुर्व्यवहार हुन नदिने वातावरण सिर्जना गर्ने ।
ख) लक्षित समूहका बालबालिकाहरुको सिकाइमा सहभागिता वृद्धि गरी गुणस्तर सुधार गर्ने ।
ग) विविधता, समता र समावेशी शिक्षाको मूल्य, मान्यता अनुकूल गुणस्तरीय सेवा प्रवाह गर्न विद्यमान संरचनाहरुलाई जवाफदेही बनाउने ।
घ) महिला, दलित, जनजाती, लोपोन्मुख समुदाय, अपाङ्गता भएका, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थिक रूपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक कारणले बञ्चितिमा परेका व्यक्तिहरूलाई शिक्षामा पहुँच पुऱ्याउने ।

**रणनीति**

समतामूलक पहुँच र समावेशीकरणका उद्देश्यहरु हासिल गर्न निम्नलिखित रणनीतिहरु अवलम्बन गरिनेछ ।

क) घरधुरी सर्वेक्षण गरी बालबालिकाहरूको अवस्था तथा आवश्यकता पहिचान गरी सोअनुसार पहुँच र सहभागिताको प्रबन्ध मिलाइनेछ ।
ख) सबै विद्यालयमा लैङ्गिक तथा अपाङ्गमैत्री भौतिक अवस्था तथा शैक्षिक वातावरणको विकास गरी विशेष लक्षित समूहका सबै बालबालिकाहरूलाई शिक्षा उपलब्ध गराइनेछ ।
ग) विद्यालयमार्फत तथ्याङ्क संकलन गरी बालबालिकाहरुको अवस्था र आवश्यकता पहिचान गरी सो अनुसार पहुँच र सहभागिताको प्रबन्ध गरिनेछ ।
घ) सबैखाले विद्यालयमा लैंगिक र बालमैत्री भौतिक पूर्वाधार र शैक्षिक वातावरणको विकास गरी सबै बालबालिकाहरुलाई विद्यालय शिक्षाको अवसर उपलब्ध गराइनेछ ।
ङ) दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक, सिकाइ सामग्री, स्वास्थ्य तथा पोषण कार्यक्रम, सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा र किशोरी लक्षित महिनावारी स्वच्छतासम्बन्धि सेवा प्रदान गरिनेछ ।
च) विद्यालयमा अभिभावकको सक्रियता बढाइनेछ र विद्यालयका हरेक गतिविधिमा समावेशी सहभागिताको प्रबन्ध मिलाइनेछ ।
छ) आवश्यकता अनुसार पोशाक, स्टेशनरी तथा सिकाइ सामग्रीका लागि छात्रबृत्ति उपलब्ध गराइनेछ ।
ज) सिकाइ क्रियाकलापलाई सहभागितामूलक बनाई विद्यार्थीका आवश्यकतालाई सम्बोधन गरिनेछ ।
झ) समुदाय, सामुदायिक अध्ययन केन्द्र, गैरसरकारी संघसंस्था, निजी क्षेत्र र विद्यालयहरूको सहभागितामा बालबालिकाहरूको शिक्षा पाउने हक सुनिश्चित् गरिनेछ ।

**उपलब्धि, नतिजा र परिमाणत्मक लक्ष्य**

**उपलब्धि**

१. महिला, दलित, जनजाति, लोपोन्मुख समुदाय, अपाङ्गता भएका, कठीन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थिक रूपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक कारणले बञ्चितिमा परेका सबै बालबालिकाहरूले शिक्षा प्राप्त गर्ने अवसर पाएका हुनेछन् ।

२. लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि भई गुणस्तर सुधार आएको हुनेछ ।

३. विविधता, समता एवम् समावेशी शिक्षाका मूल्य, मान्यता, अनुकूल गुणस्तरीय सेवा प्रवाह गर्ने जनशक्तिको उत्पादनमा बढोत्तरी भएको हुनेछ ।

**नतिजा, प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौँथो | पाँचौं | |
| १ | बालमैत्री प्रारुप सम्बन्धी विद्यालयको प्रतिनिधिलाई तालिम | पटक | १ | १ | १ | १ | १ | ५ |
| २ | प्रस्तावनाको आधारमा बालमैत्री प्रारुप कार्यान्वयनमा सहयोग कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ |
| ३ | लैंगिक सम्पर्क व्यक्तिको छनोट तथा गुनासो सुनुवाइ सम्बन्धी क्षमता विकास तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ४ | गुनासो सुनवाइ समितिको गठन तथा परिचालन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ५ | गुनासो पेटिकाको वितरण | गोटा | ५ | ५ | ५ | ५ | ५ | २५ |
| ६ | छात्रा समावेशी सञ्जालको निर्माण र परिचालन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ७ | मनोपरामर्श तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ८ | भौतिक संरचनालाई पहुँचयुक्त बनाउन अध्ययन र सोही अनुसारको सहयोग कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ |
| ९ | प्रारम्भिक पहिचान र आवश्यक सहयोग कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ |
| १० | समावेशी शिक्षक शिक्षा तालिम | पटक | १ | १ | १ | १ | १ | ५ |
| ११ | छात्राबास सहितको विद्यालय व्यवस्थापन कार्यक्रम | गोटा | २ | २ | २ | २ | २ | १० |
| १२ | पिछडिएका वर्गका बालबालिकाहरुका लागि सिकाइ प्रोत्साहन कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ |
| १३ | बालविवाह अन्त्य तथा छोरीको शिक्षाको लागि प्रोत्साहन कार्यक्रम सञ्चालन | गोटा | १ | १ | १ | १ | १ | ५ |

**५.५. विविधता व्यवस्थापन**

शैक्षिक उद्देश्य प्राप्तिका लागि सबैलाई आफ्नो पूर्ण क्षमताको सदुपयोग गर्न सहज तुल्याउनका लागि आवश्यक वातावरणको सिर्जना गर्नु नै विद्यालयको विविधता व्यवस्थापन गर्नु हो । विद्यालयमा हुने यस्तो विविधताको सम्मानबाट समस्याको सिर्जनात्मक ढंगबाट समाधान हुने, सामाजिक उत्तरदायित्व बढ्ने,

उत्पादकत्व बढ्ने, व्यवस्थापनमा गुणस्तरीयता अभिवृद्धि हुने हुन्छ । विविधतालाई सहर्ष स्वीकार गरी समाज र मानवमा देखा पर्ने फरक विशेषतालाई महत्व दिइन्छ । विद्यालय भित्र र बाहिर रहेका सरोकारवालाहरुमा आपसी सहकार्य, सहयोग, मेलमिलाप, सहमति र एकतावद्ध भई लक्ष्य प्राप्तिका लागि सबैले आफ्नो भूमिका र उत्तरदायित्व निर्वाह गर्दछन् ।

हरेक समाज धेरैखाले विविधताको समिश्रण हो । बहुजातीय, बहुभाषिक, लामो ऐतिहासिक पृष्ठभूमि बोकेको समाजमा संस्कृतिको उत्तिकै विविधता रहन्छ । यस किसिमका विविध पक्षहरुको पहिचान र सम्मान गर्ने र कुनै विभेद नहुने अवस्थाको सिर्जना गर्नु विविधता व्यवस्थापन हो । विविधतामा एकता समग्र नेपाली समाजको विशेषता हो । विविधताको सौन्दर्यलाई राष्ट्रिय भावनामा बदल्न सकेमात्र विविधताले सकारात्मक परिणाम दिन सक्छ । कुनै पनि शासकीय संयन्त्रमा सबै वर्ग र समूहले आ आफ्नो सामर्थ्य र सम्भावना अनुरुपको भूमिका खोज्नु स्वभाविकै मानिन्छ । यो भूमिकामो प्रयोग गर्न सक्ने वातावरण निर्माण गर्नु राज्य र सरकारको दायित्वभित्र पर्ने कुरा हो ।

विविधता व्यवस्थापनले सामाजिक, सांस्कृतिक, रहनसहन, जातजाति, परम्परा आदिको बिचमा सद्भाव र सहिष्णुता खोज्नुका साथै यसबाट आर्थिक, शैक्षिक, विकासका दृष्टिले पछाडि परको वर्गहरुको पहुँच, पहिचान, प्रतिनिधित्व, सक्षमता, अस्तित्व र स्थायित्व अभिवृद्धि गर्ने गतिविधिमा जोड दिन्छ । नेपालको संविधान २०७२ ले लामो समयदेखि वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक क्षेत्रमा विद्यमान रहेका विभेदको अन्त्य गर्ने लक्ष्य दिएको छ । आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, अपांगता भएका बालबालिका, आफ्नो हेरचाह आफैँ गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिक, दलित आदिलाई लक्षित गरी स्वास्थ्य क्षेत्रमा उपचार, दिवा खाजा, छात्रवृत्ति, तालिम, रोजगारी लगायतका सामाजिक सुरक्षाका कार्यक्रमहरु सञ्चालित छन् ।

**वर्तमान अवस्था**

**उद्देश्यः**

क) बालबालिकाहरुको पृष्ठभूमिका कारणले पार्ने असरलाई कम गर्न तथा मनोवैज्ञानिक ढंगले निराकरण गरी शैक्षिकस्तर बढाउने ।

ख) सबै बालबालिकाहरुमा अरुको भाषा, धर्म, संस्कृति, परम्परा आदिको सम्मान गर्ने भावना तथा बानीको विकास गराउने ।

ग) बालबालिकाहरुको पारिवारिक, धार्मिक, आर्थिक, सामाजिक, सांस्कृतिक, भाषिक परिवेश बुझी सोको सम्मान र व्यवस्थापनमा उनीहरुलाई सहयोग गर्ने ।

घ) विभिन्न सामाजिक परिवेशबाट आएका बालबालिकाहरुबीच हुन सक्ने द्वन्द निराकरण गर्न तथा समाजका सबै पक्षहरुबीच मेलमिलाप सहित समान र सम्मानजनक व्यवहार गराउने ।

च) दृष्टिबिहीन, अपाङ्ग, बहिरा, सुस्त मनस्थिति भएकाहरुको भावना र क्षमताको कदर गर्दै तिनीहरुलाई अन्य सामान्य व्यक्ति सरहको व्यवहार गरी उनीहरुमा आत्मविश्वास बढाउने ।

छ) शिक्षकहरुलाई विद्यालय र कक्षाकोठामा हुने विविधता व्यवस्थापन सम्बन्धी तालिमको व्यवस्था गर्ने ।

**नतिजा**

**प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलाप | आधार वर्ष २०८२ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा |
| १ | विद्यालय नक्साङ्कन पुनर्वितरण तथा समायोजन (पटक) | ० | २ | २ | २ | २ | २ | ५ |
| २ | मापदण्ड अनुसार शिक्षक व्यवस्थापन (पटक) | १ | १ | १ | १ | १ | १ | ५ |
| ३ | विद्यालयको न्यूनतम् भौतिक पूर्वाधार विकास (पटक) | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | |

# परिच्छेद ६
# सुशासन तथा व्यवस्थापन

असल शासन तथा कुशल व्यवस्थापनले शिक्षालाई प्रभावकारी, सक्षम, सेवामुखी र नतिजा केन्द्रित बनाउँदछ । सुशासन तथा व्यवस्थापनले उत्तरदायित्व, पारदर्शिता, जिम्मेवारी बोध, विधिको शासन, समता, समावेशिता र व्यापक सहभागिता सुनिश्चित् गर्दै योजनाको लक्ष्य प्राप्त गर्न सहयोग पुऱ्याउँछ । विद्यालयमा सरोकारवालाहरुको सहभागितामा निर्माण गरिएको योजनालाई प्रभावकारी ढंगले सञ्चालन गर्न सहकार्य र सहमतिमा आधारित निर्णय तथा कार्यान्वयन गर्दै समतालाई प्रोत्साहन गरी विद्यार्थीलाई सिकाइप्रति जवाफदेही बनाइ सुशासनको प्रत्याभूति दिन सकिन्छ । यसका लागि संस्थागत क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी, प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नुपर्छ । शिक्षामा तीनै तहका सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारहरुको भूमिका रहने भएकाले भूमिका अनुसार सुशासन कायम गर्न यी सबैको योगदान रहन्छ । यस अध्यायमा सुशासन तथा व्यवस्थापन अन्तर्गत संस्थागत क्षमता विकास, स्थानीय शिक्षा योजनाको कार्यान्वयन व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कनका पक्षहरू समेटिएका छन् ।

## ६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

यस योजनामा नगर क्षेत्रका प्रारम्भिक बालविकास शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबै विद्यालय उमेर समूहका बालबालिकाको पहुँच र सहभागिता सुनिश्चित् गरी गुणस्तर सुधार, अनौपचारिक तथा जीवनभर सिकाइ अवसरहरूको विस्तार, समता र समावेशिताको प्रवर्द्धन गर्दै जवाफदेही शैक्षिक सुशासन कायम गर्ने लक्ष्य राखिएको छ । शिक्षामा सुधार ल्याउन सरोकारवाला सबै पक्षको क्षमता विकास आवश्यक भएकाले यस खण्डमा नगरस्तरीय शिक्षाका विकास कार्यक्रमहरू कार्यान्वयनका लागि भएका प्रयासहरूको समीक्षा गरिएको छ । विद्यालय क्षेत्रको योजनालाई प्रभावकारी र कुशल रूपमा कार्यान्वयन गर्न आवश्यक संस्थागत संरचना, क्षमता तथा प्रक्रियामा देखिएका चुनौतीहरू पहिचान गर्दै तिनको समाधानका लागि सुशासन प्रवर्द्धन गरी आवश्यक सुधारका प्रस्तावहरू प्रस्तुत गरिएको छ ।

### ६.१.१ वर्तमान अवस्था

स्थानीय सरकार सञ्चालन ऐन २०७४ जारी भएपश्चात् आधारभूत तथा माध्यमिक शिक्षाका कार्यक्रम स्थानीय तह मार्फत कार्यान्वयन भइरहेका छन् । अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षा हासिल गर्नका लागि स्थानीय तहले सङ्घीय र प्रदेश सरकारका योजनालाई आधार मानी आफ्ना आवश्यकतालाई प्राथमिकतामा राखी स्थानीय तहस्तरीय शिक्षा योजना निर्माण गर्नुपर्ने आवश्यकता रहेको छ।वर्तमान संघीय संरचना अनुसार विद्यालय शिक्षाको विकासका लागि संघ, प्रदेश तथा स्थानीय निकायको व्यवस्था गरिएको छ । प्रत्यक्ष रुपमा स्थानीय सरकारले विद्यालय तहको शिक्षाको व्यवस्थापन गर्ने वैधानिक प्रावधान भएतापनि हालसम्म संघीय शिक्षा ऐन जारी हुन नसकेकोले विद्यालय शिक्षाको सञ्चालन तथा व्यवस्थापनमा केही अन्योलताको अवस्था रहेको छ । स्थानीयस्तरमा शिक्षकहरुको तालिमको लागि तालिम प्रदान गर्ने छुट्टै संस्था नहुनु र स्रोतकेन्द्र पनि खारेज हुँदा शिक्षाको पेशागत विकासका

कार्यक्रम, पुनर्ताजगी तालिम तथा शैक्षिक तालिमका कार्यक्रम सञ्चालनमा आउन सकेका छैनन् । नगरपालिकामा रहेको शिक्षा, युवा तथा खेलकुद शाखाले नगरको शिक्षासम्बन्धी प्रशासकीय कार्य र नगर शिक्षा समितिले शिक्षा योजना निर्माण तथा सहजी्करणमा सहयोग गरेतापनि आवश्यक र दक्ष जनशक्तिको अभावमा विद्यालयको निरीक्षण, अनुगमन, परीक्षा सञ्चालन आदि कार्य गर्न चुनौती रहेको छ यद्यपि विद्यालय शिक्षाको अधिकार स्थानीय सरकारलाई दिएकाले स्थानीय आवश्यकताको आधारमा शिक्षासम्बन्धी योजना निर्माण र कार्यान्वयन गर्ने व्यवस्थालाई अवसरको रुपमा लिन सकिन्छ ।

### ६.१.२ उद्देश्य

क) विद्यालयहरुको शैक्षिक गतिविधिको अनुगमन र मूल्याङ्कन  गर्दै समन्वयका आधारमा स्थानीयस्तरको शैक्षिक संयन्त्र निर्माण गर्दै शिक्षण संस्थाहरु तथा शिक्षकहरुको संस्थागत क्षमता विकास गर्नु ।

ख) आवश्यक जनशक्तिको तथा स्रोतसाधनको व्यवस्थापन गर्नु ।

ग) योजनामा समावेश भएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु ।

घ) उपलब्ध स्रोतको आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रम कार्यान्वयन गर्नु ।

### ६.१.३ रणनीति

क) संघीय शिक्षा ऐन तथा विधिविधानसँग नबाझिने गरी नगर शिक्षा ऐनको निर्माण तथा आवश्यक संशोधन गरी कार्यान्वयनका लागि नगर शिक्षा समितिलाई प्रभावकारी बनाइनेछ ।

ख) विद्यालयका प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिको अध्यक्षलाई थप जिम्मेवार बनाई क्षमता विकास गरिनेछ । वि.व्य.स. गठन प्रक्रियालाई पारदर्शी बनाइनेछ ।

ग) स्थानीय तहमा शिक्षकको पेशागत विकास तथा संस्थागत संरचना अनुसार जनशक्तिको व्यवस्था गरिनेछ । यसका लागि नगर शिक्षा तालिम केन्द्र तथा रोष्टर प्रशिक्षकको व्यवस्था गरिनेछ ।

घ) आधारभूत तह अन्तर्गत कक्षा ३ मा सिकाइ उपलब्धि मापन, कक्षा ५ र कक्षा ८ मा पालिकास्तरीय परीक्षा बोर्डको अवधारणा विकास गरी कार्यान्वयनमा ल्याइनेछ ।

ङ) सामुदायिक विद्यालयका प्रधानाध्यापकको नियुक्ति एक कार्यविधि तयार गरी खुल्ला प्रतिस्पर्धाबाट गरिनेछ । हरेक पाँच वर्षमा प्रधानाध्यापकको कार्यसम्पादनको मूल्याङ्कन गरी सम्झौता हुने व्यवस्था गरिनेछ ।

च) नगरस्तरीय शिक्षा अनुगमन समिति गठन गरी उक्त समितिलाई विद्यालयलाई निकासा गरिएको बजेट तथा कार्यक्रमको कार्य सम्पन्न प्रगतिको स्थलगत अनुगमन गरी उक्त कार्यक्रमको मूल्याङ्कन गरिनेछ ।

छ) नगर शिक्षा समितिले एक निश्चित मापदण्ड तयार गरी वार्षिक रुपमा पालिकास्तरीय उत्कृष्ट विद्यालय, शिक्षक, प्रधानाध्यापक, वि.व्य.स. र विद्यार्थीको घोषणा गरी पुरस्कृत गरिनेछ ।

ज) सरकारले तोकेबमोजिम विद्यालय सुधार योजना, सामाजिक परीक्षण, लेखा परीक्षणलाई पूर्ण रुपमा कार्यान्वयनमा ल्याइने छ ।

### ६.१.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धि**

अ) नगरभित्र सञ्चालित शैक्षिक संस्थाहरुमा सुशासनको प्रवर्द्धन हुने ।

आ) प्र.अ, शिक्षक र वि.व्य.स.को क्षमता विकास हुने र बालबालिकाहरुको सिकाइप्रति रुची बढ्ने ।

इ) संस्थागत क्षमता अभिवृद्धि भई उत्तरदायित्व तथा जिम्मेवारीमा वृद्धि भएको हुने।

ई) आवश्यक स्रोत साधनको व्यवस्थापन भई प्रभावकारी रूपमा कार्यसम्पादन भएको हुने।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक विद्यालयमा नेतृत्व तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या | ३ | २ | ३ | ३ | ३ | १४ |
| २ | आधारभूत तहको विद्यालयमा नेतृत्व विकास तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या | | १ | १ | | | २ |
| ३ | लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गर्ने विद्यालय सङ्ख्या | ४५ | ४५ | ४५ | ४५ | ४५ | ४५ |
| ४ | विद्यालय व्यवस्थापन समिति भएका विद्यालय सङ्ख्या | ४५ | ४५ | ४५ | ४५ | ४५ | ४५ |
| ५ | प्रचलित कानुनमा व्यवस्था भएबमोजिम प्रधानाध्यापक तथा प्राचार्य नियुक्त गर्ने माध्यमिक विद्यालय सङ्ख्या | ७ | ३ | ४ | | | १४ |
| ६ | पालिकास्तरीय उत्कृष्ट विद्यालय, शिक्षक, प्र.अ., वि.व्य.स. र विद्यार्थी घोषणा गरी पुरस्कृत | ४ | ४ | ४ | ४ | ४ | २० |
| ७ | विद्यालय सुधार योजना, सामाजिक परीक्षण तथा लेखापरीक्षण तोकिएको प्रक्रिया अनुसार हुने | १७ | २५ | ३० | ३८ | ४० | ४५ |

## ६.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा |
| १. | नगर शिक्षा ऐन संशोधन तथा आवश्यक कानुनी प्रबन्ध तथा मापदण्ड विकास | पटक | १ | | १ | | १ | ३ |
| २. | संस्थागत संरचना निर्माण तथा क्षमता विकास | पटक | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित |
| ३. | वि.व्य.स. तथा प्र.अ.को क्षमता विकास कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ |

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा |
| ४. | विद्यालयको वार्षिक कार्यसम्पादन सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ५. | विद्यालयको अभिलेखीकरण तथा सुशासनको अनुगमन तथा निरीक्षण | पटक | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित |
| ६. | प्र.अ.सँग कार्यसम्पादन करार गरी नतिजाप्रति जिम्मेवार बनाउने | पटक | १ | १ | १ | १ | १ | ५ |
| ७. | सबै विद्यालयमा गुनासो सुन्ने अधिकारी र गुनासो पेटिकाको व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ८ | सबै विद्यालयमा सूचना अधिकारीको व्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ |
| ९ | कार्यविधि तयार गरी उत्कृष्ट विद्यालय, शिक्षक, प्र.अ., वि.व्य.स. र विद्यार्थी घोषणा गरी पुरस्कृत | पटक | १ | १ | १ | १ | १ | ५ |
| १० | शिक्षा समितिको नियमित बैठक | पटक | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित |

## ६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ६.२.१ वर्तमान अवस्था

स्थानीय सरकारको मातहतमा विद्यालय शिक्षाको व्यवस्थापन आएपछि नगरपालिकामा एक शिक्षा, युवा तथा खेलकुद शाखाको प्रशासनिक संरचनाको रुपमा स्थापना भएको छ । बेसीशहर नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा उपसचिव एकजना, विद्यालय निरीक्षक एकजना तथा प्रा.स.(राजपत्र अनङ्कित प्रथम श्रेणी) कर्मचारी र कार्यालय सहयोगी एक जना गरी जम्मा चार जना कर्मचारी कार्यरत छन् । कार्यको चापलाई हेर्दा यो जनशक्ति अति न्यून रहेकोले विद्यालयको नियमित अनुगमन तथा निरीक्षण गर्ने, नगरस्तरीय परीक्षा सञ्चालन गर्ने तथा विद्यालय सञ्चालन मूल्याङ्कन गर्न कठीन भएको छ । यद्यपि शिक्षा सम्बन्धी वार्षिक कार्यक्रम तर्जुमा र कार्यान्वयनको अवस्था सन्तोषजनक देखिएको छ । शिक्षा क्षेत्रको लागि जनशक्तिको कमी मात्र नभइ पर्याप्त स्रोतसाधनको अभावले योजना बमोजिमका कार्यक्रम सञ्चालनमा कठिनाइ भएको, शिक्षक तालिम तथा पेशागत विकासका कार्यक्रम गर्न चुनौती छ ।

### ६.२.२ उद्देश्य

क) शिक्षा योजना कार्यान्वयनका लागि सरोकारवाला सबैको दायित्व र भूमिका सुनिश्चित् गर्नु ।
ख) शिक्षा योजनाको प्रभावकारी कार्यान्वयन सुनिश्चित् गर्नु ।

### ६.२.३ रणनीति

क) संघीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत प्राप्त शसर्त अनुदान, अन्य अनुदान र आफ्नै स्रोतको बजेट समेटी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गरिने ।

ख) कार्यक्रम कार्यान्वयनका लागि आवश्यक कानून, कार्यविधि तथा निर्देशिका विकसित गरिने ।

ग) नियमित अनुगमन र सहजीकरण गरी विद्यालयमा कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन सुनिश्चित् गर्ने र समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गरिने ।

घ) एकीकृत शैक्षिक सूचना व्यवस्थापनमार्फत कार्यक्रम कार्यान्वयन र परिणामको विवरण तयार गर्ने, समीक्षा गरी थप सुधारमा उपयोग गरिने ।

ङ) विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक-अभिभावक संघ गठन गरी विद्यालय सुधार योजना विकास तथा कार्यान्वयनमा सहजीकरण गरिने ।

च) विद्यालय सुधार योजना (SIP) निर्माण तथा अद्यावधिक गरिने ।

छ) वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा कक्षा कोठामा शिक्षकको समय र कार्य सुनिश्चित् गर्न आवश्यक मापदण्ड तयार गरी लागु गरिने ।

ज) अभिभावक र सरोकारवालासँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठक आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाइने ।

### ६.२.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

अ) शिक्षा योजना कार्यान्वयनका लागि सरोकारवाला सबैको दायित्व र भूमिका सुनिश्चित् गरिनेछ ।

आ) शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | विद्यालयहरुद्वारा वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गरी कार्यान्वयन | ६ | १४ | २० | २८ | ३५ | ४५ |
| २ | शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्द्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणाली | १८ | २५ | ३० | ३५ | ३८ | ४५ |
| ३ | विद्यालयको नियमित अनुगमन तथा मूल्याङ्कन भई विद्यालयमा सुशासन | २५ | २८ | ३२ | ३६ | ४० | ४५ |
| ४ | विद्यालयहरुको एकीकृत शैक्षिक सूचना व्यवस्थापनको यथोचित प्रयोग | ३० | ३४ | ४० | ४३ | ४३ | ४५ |
| ५ | विद्यालयहरुको सामाजिक परीक्षणलाई प्रभावकारी | १४ | २० | २५ | ३१ | ३८ | ४५ |

## ६.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा |
| १. | वार्षिक शिक्षा बजेट तथा कार्यक्रम निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ |
| २.. | एकीकृत शैक्षिक सूचना प्रणाली सुदृढीकरण | पटक | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित |
| ३. | विद्यालयको अभिलेखीकरण तथा सुशासनको अनुगमन तथा निरीक्षण | पटक | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित |
| ४. | प्र.अ. तथा वि.व्य.स. सम्मिलित विद्यालय सुधार योजना निर्माण तथा कार्यान्वयन सम्बन्धी गोष्ठी | १ | १ | १ | १ | १ | ५ | १ |
| ५. | सामाजिक परीक्षण सम्बन्धी तालिम | पटक | १ | १ | १ | १ | १ | ५ |

# परिच्छेद ७
# लगानी र स्रोत व्यवस्थापन

समृद्ध समाज विकासका लागि बालबालिकाको शिक्षामा प्राथमिकता दिँदै लगानी गर्नु आवश्यक छ । बालबालिकामा गरिएको लगानीले व्यक्तिगत, सामाजिक र राष्ट्रको दीर्घकालीन विकासमा टेवा पुऱ्याउँछ । शिक्षामा गरिने लगानीले मुख्यतः तीन पक्षलाई सम्बोधन गर्छः सबै बालबालिका र नागरिकलाई शैक्षिक अवसरको सुनिश्चितता, सहभागीहरूलाई गुणस्तरीय शिक्षाको प्रत्याभूति र स्रोतको न्यायसंगत वितरण तथा उपयोग । संविधान र कानुनी प्रावधानअनुसार, आधारभूत शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक शिक्षा निःशुल्क प्रदान गर्ने व्यवस्था गरिएको छ । यस अनुसार विद्यालय शिक्षामा समतामूलक पहुँचसहित गुणस्तरीय शिक्षा प्रदान गर्नु सरकारको जिम्मेवारी हो । यसको लागि स्रोत खोजी, प्राथमिकता निर्धारण, उचित विनियोजन, प्रभावकारी कार्यान्वयन, अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन व्यवस्थापन आवश्यक हुन्छ ।

संवैधानिक व्यवस्थाअनुसार विद्यालय शिक्षाको वित्तीय व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तहबीच साझेदारी आवश्यक छ । नेपालको संविधानअनुसार स्थानीय तहका वित्तीय स्रोतका लागि संघीय स्रोतबाट शसर्त अनुदान, समानीकरण अनुदान, समपूरक अनुदान र विशेष अनुदानको प्रबन्ध गरिएको छ । संघीय सरकारबाट समानीकरण, विशेष र समपूरक अनुदान स्थानीय तथा प्रदेश तहमा हस्तान्तरण गरिन्छ भने शसर्त अनुदान सम्बन्धित संघीय मन्त्रालयले तोकेको मापदण्डअनुसार निर्धारित उद्देश्य वा कार्यक्रमका लागि खर्च गरिन्छ । स्थानीय तथा प्रदेश तहले संघीय सरकारबाट प्राप्त अनुदानका साथै आफ्नै स्रोत र राजस्व बाँडफाँडबाट प्राप्त बजेटमार्फत पनि शिक्षा क्षेत्रमा लगानी गर्न सक्छन् । यी अनुदानबाहेक, स्थानीय तहले आफ्नै स्रोतमा आधारित बजेट शिक्षामा विनियोजन गर्नुपर्छ । शिक्षामा राज्यको समतामूलक र न्यायसंगत लगानीले समाजिक संरचनालाई सुदृढ बनाउन सहयोग गर्छ यद्यपि संविधानले समाजवाद उन्मुख राज्यको परिकल्पना गरे पनि एकातिर सरकारी लगानी र अर्कोतिर निजी क्षेत्रको संलग्नता बढ्दै जाँदा शिक्षामा लगानी सम्बन्धी नयाँ चुनौतीहरू देखा पररिहेका छन् । यस परिच्छेदमा बेसीशहर नगरपालिकाले नगर क्षेत्रको समग्र शैक्षिक विकासको लागि आवश्यक वित्तीय स्रोत संकलन, त्यसको उचित विनियोजन, स्रोत प्रवाह र उपलब्ध स्रोतको प्रभावकारी उपयोगबारे विश्लेषण गरिएको छ ।

## ७.१ वर्तमान अवस्था

समावेशी, समतामूलक र सामाजिक न्यायमा आधारित सार्वजनिक गुणस्तरीय शिक्षाको माध्यमबाट नगरको समृद्धि सम्भव छ भन्ने ध्येयका साथ बेसीशहर नगरपालिकाले शिक्षाक्षेत्रको विकासका लागि वित्तीय लगानी र स्रोतको व्यवस्थापन गर्दै आएको छ । पछिल्लो आर्थिक वर्ष २०८१/०८२ मा यस नगरपालिकाको कुल बजेटको ३६ प्रतिशत बजेट शिक्षामा विनियोजन गरेको छ । यसमा पनि संघ, प्रदेश र स्थानीय तहबाट क्रमशः रु.२७,३५,६४,०००/-, रु.४२,२५,०००/-, र रु.१,८०,२१,०००/- बजेट यस नगरपालिकाको शिक्षामा विनियोजन गरिएको छ । शिक्षाको लागि छुट्याइएको राष्ट्रिय बजेटको अधिकांश बजेट शिक्षक तलबभत्तामा मात्र जाने र न्यून बजेट मात्र शैक्षिक गुणस्तर विकासमा रहने अवस्था छ । तसर्थ राष्ट्रिय बजेटको कम्तीमा पनि २० प्रतिशत शिक्षामा लगानी गर्नुपर्दछ भन्ने माग सबै पक्षबाट आइरहेको छ । संघ र प्रदेशबाट आउने

अनुदान र शसर्त बजेटको अतिरिक्त बेसीशहर नगरपालिकाको स्थानीय स्रोतबाट समेत शैक्षिक विकासका लागि बजेटको व्यवस्थापन गर्न सक्ने अवसर छ तथापि संघ र प्रदेशबाट आउने बजेटको ठूलो हिस्सा तलबभत्तामा मात्र खर्च हुने हुँदा बालविकासदेखि माध्यमिक तहसम्मको शिक्षाको भौतिक र शैक्षिक विकासमा आवश्यक बजेट स्थानीय तहबाट व्यवस्थापन गर्न नगरपालिकालाई चुनौती छ ।

यस नगरपालिकाको शिक्षामा लगानी र स्रोत व्यवस्थापनको वर्तमान अवस्था यस प्रकार रहेको छ ।

| **विषय क्षेत्र** | **विनियोजित रकम** |
|---|---|
| संघबाट यस नगरपालिकाको शिक्षामा भएको लगानी | २७,३५,६४,०००।०० |
| प्रदेशबाट यस नगरपालिकाको शिक्षामा भएको लगानी | ४२,२५,०००।००<br>(प्रदेश समानीकरणबाट) |
| स्थानीय तहबाट यस नगरपालिकाको शिक्षामा भएको लगानी | १,८०,२१,०००।०० |
| **जम्मा लगानी भएको रकम रु.** | **२९,५८,१०,०००।००** |

### चुनौती र अवसर

शिक्षासम्बन्धी अन्तर्राष्ट्रिय परिवेश, संवैधानिक प्रत्याभूति, राज्यले अख्तियार गरेका नीतिलाई उचित रूपमा सम्बोधन गर्न विद्यालय शिक्षा क्षेत्रमा लगानी वृद्धि र दिगो स्रोत व्यवस्थापन गर्ने, संघीय संरचनाअनुसार संघ, प्रदेश र स्थानीय तहबीचको शिक्षाको लगानी, मापदण्ड र बित्तीय स्रोत हस्तान्तरणको उपयुक्त माध्यम निर्धारण गरी तीनै तहका सरकारलाई शिक्षामा लगानीको लागि जिम्मेवार बनाउने, संवैधानिक मार्गदर्शन तथा नीतिअनुरूप निजी क्षेत्रबाट शिक्षामा गरिने लगानीको व्यवस्थापन र स्वरूप निर्धारण गरी सार्वजनिक सेवा, सामाजिक दायित्व वा सेवामूलक व्यवसायका रूपमा विकास गर्ने, प्राविधिक तथा व्यवसायिक शिक्षामा विद्यार्थी अनुपात बढाउने सरकारको प्रतिवद्धता कार्यान्वयन गर्न आवश्यक पर्ने बित्तीय स्रोत पहिचान र परिचालन पद्धति सुनिश्चित् गर्ने, आधुनिक प्रविधि विशेषगरी सूचना तथा सञ्चार प्रविधिमैत्री शिक्षण सिकाइ सञ्चालन गर्न आवश्यक स्रोतको व्यवस्था गर्नु, प्रारम्भिक बालविकास शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, उच्च शिक्षा, प्राविधिक तथा व्यवसायिक शिक्षा र अनौपचारिक तथा निरन्तर शिक्षामा सरकारी लगानीको संरचना निर्धारण गर्नु, विद्यार्थीको सिकाइ तथा कुशलतामा केन्द्रित भई गुणस्तर अभिवृद्धि गर्न आवश्यक पर्ने गरी लगानी गर्न स्रोत व्यवस्थापन गर्नु, शिक्षामा समता तथा समावेशिता सुधार गरी आर्थिक रूपले विपन्न, सुविधाविहीन, अपाङ्गता भएका बालबालिकाहरूको पहुँच, सहभागिता र गुणस्तरीय सिकाइ सुनिश्चित् गर्न पर्याप्त लगानी प्राप्त गर्नु, गैरसरकारी क्षेत्रको लगानी, सामुदायिक सहभागिता र अभिभावकको लगानीलाई अभिलेखीकरण र प्रोत्साहन गर्नु जस्ता विषयहरू अझै पनि चुनौतीको रूपमा रहेका छन् । शिक्षामा आवश्यक पर्ने स्रोत पहिचान गरी तिनलाई एकत्रित गर्नु र उपयुक्त तरिकाले वितरण गर्नु शिक्षामा लगानीको प्रबन्ध गर्दा ध्यान दिनु पर्ने महत्वपूर्ण पक्ष हुन् ।

## ७.२ उद्देश्य

१. योजना अवधिका लागि विद्यालय शिक्षामा आवश्यक स्रोतको प्रक्षेपण गर्नु ।
२. विद्यालय शिक्षा सम्बन्धी पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक बित्तीय स्रोत पहिचान गर्नु ।

३. उपलब्ध सम्भावित स्रोतका आधारमा पहिचान गरिएका कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु ।
४. खर्चको प्रक्रिया र तीनै तहका सरकारको भूमिका र दायित्व स्पष्ट गर्नु ।

## ७.३ रणनीति

१. संघीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतबाट शिक्षामा लगानी वृद्धि गर्नेछ ।
२. शिक्षामा सरकारी अनुदान खर्चको जिम्मेवारी नगरपालिकाको भएकोले आफ्नो क्षेत्रभित्रको लक्षित शैक्षिक पहुँच र सहभागिता एवम् गुणस्तर सुनिश्चित् गर्न नगरपालिकाको आन्तरिक संयन्त्रलाई जवाफदेही हुने पद्धति विकास गरिनेछ ।
३. वार्षिक रुपमा कुल बजेटको २० प्रतिशत बजेट (तलब भत्ता बाहेक) शिक्षा क्षेत्रका कार्यक्रमका लागि व्यवस्था गरिनेछ ।
४. तीनवटै तहका सरकारहरूबाट प्रदान गरिने स्रोतको उपयोग गर्ने प्रमुख एकाइ विद्यालय भएकाले लक्षित गुणस्तर र जवाफदेहिता एवम् पारदर्शिता सुनिश्चित् गर्न सबै विद्यालयमा एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) सँग जोडेर विद्यालय लेखा प्रणाली (SAS) सबै विद्यालयमा क्रमशः लागु गरिनेछ ।
५. सार्वजनिक सेवा, सामाजिक दायित्व वा सेवामूलक व्यवसायका रूपमा रहने गरी निश्चित मापदण्डका आधारमा शिक्षामा निजी तथा गैरसरकारी क्षेत्रको लगानीलाई उचित नियमनका साथ प्रोत्साहन तथा प्रवर्द्धन गरिनेछ ।
६. मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गरिनेछ ।
७. विद्यालयको वित्तीय व्यवस्थापन क्षमतामा सुधार गरी वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई थप सबल बनाइनेछ ।
८. शिक्षा क्षेत्र योजनाले अगाडि सारेका कार्यक्रमहरूलाई क्रमशः पूरा गर्नका लागि संघ र गण्डकी प्रदेश सरकारसँगको सहकार्य र समन्वयमा वार्षिक रूपमा बजेट विनियोजन गरिनेछ ।
९. लगानी साझेदारीमा आधारित कार्यक्रम सञ्चालन गरिनेछ ।

## ७.४ प्रमुख उपलब्धि

## उपलब्धि

१. शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा आवश्यक स्रोतको व्यवस्थापन भएको हुने ।
२. वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ भएको हुने ।
३. विद्यालय शिक्षाको गुणस्तर सुधारको लागि आवश्यक स्रोतको पहिचान र परिचालन हुने ।
४. विद्यालय शिक्षाका हरेक निकायमा कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व निर्वाह भएको हुने ।
५. निजी शिक्षण संस्थाहरुले सार्वजनिक सेवा, सामाजिक दायित्व र सेवामूलक व्यवसायको रुपमा विद्यालय सञ्चालन गरेको हुने ।
६. सबै शिक्षण संस्थाहरुको सामाजिक परीक्षण भएको हुने ।

## ७.५ नतिजा तथा परिमाणात्मक लक्ष्य

| क.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक विद्यालय नेतृत्व तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक संख्या | १२ | २ | ५ | ५ | ५ | ६ |
| २ | आधारभूत तहको विद्यालयमा नेतृत्व विकास तथा व्यवस्थापनसम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक संख्या | १६ | ८ | ८ | ६ | १० | १० |
| ३ | लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गर्ने विद्यालय संख्या | ४५ | ४५ | ४५ | ४५ | ४५ | ४५ |
| ४ | विद्यालय व्यवस्थापन समिति भएका विद्यालय संख्या (संस्थागत समेत) | ५९ | ५९ | ५९ | ५९ | ५९ | ५९ |
| ५ | प्रचलित कानुनमा व्यवस्था भएबमोजिम प्रधानाध्यापक तथा प्राचार्य नियुक्त गर्ने माध्यमिक विद्यालय संख्या | ७ | ९ | १२ | १४ | १४ | |

## ७.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा |
| १ | आवश्यक कानुनी प्रबन्ध तथा मापदण्ड विकास | पटक | | १ | | | १ | २ |
| २ | संस्थागत संरचना निर्माण तथा क्षमता विकास | पटक | नियमित | नियमित | नियमित | नियमित | नियमित | |
| ३ | प्रतिवेदन तथा तथ्याङ्क प्रणालीको सुदृढीकरण | पटक | नियमित | नियमित | नियमित | नियमित | नियमित | |
| ४ | कार्यसम्पादन करार गरी नतिजाप्रति जिम्मेवार बनाउने | पटक | १ | १ | १ | १ | १ | ५ |
| ५ | विद्यालय कार्यसम्पादन एवम् स्वःमूल्याङ्कन गर्ने/गराउने | पटक | नियमित | नियमित | नियमित | नियमित | नियमित | |

## ७.७ प्रस्तावित कार्यक्रम र बजेट अनुमान

यस खण्डमा योजना अवधिभर कार्यान्वयन गरिने विद्यालय शिक्षाका मुख्य कार्यक्रमहरू, सम्बन्धित विषयहरू र तिनका लागि आवश्यक बजेट अनुमान प्रस्तुत गरिएको छ । उच्च शिक्षासँग समन्वय, सहकार्य, र साझेदारीका कार्यक्रमहरू समेत समेटिएका छन् । सबैका लागि निःशुल्क र अनिवार्य आधारभूत शिक्षाको सुनिश्चिततासहित गुणस्तरीय सुधारलाई विशेष प्राथमिकता दिइएको छ । प्रारम्भिक बालविकास तथा शिक्षामा न्यूनतम् स्तरका मापदण्ड पूरा गरी गुणस्तरीय सेवा उपलब्ध गराउने गरी लागत अनुमान गरिएको छ । माध्यमिक शिक्षालाई निःशुल्क बनाउने, सान्दर्भिकता बढाउने, गुणस्तर सुधार गर्ने, भर्ना वृद्धि गर्ने, टिकाउ दर सुधार्ने, तथा व्यवसायिक सीप र विविध सिकाइ सुनिश्चित् गर्ने उद्देश्यले आवश्यक बजेट समावेश गरिएको छ । पाँच वर्षभित्र सबै आधारभूत र माध्यमिक विद्यालयमा प्राथमिकता प्राप्त न्यूनतम् स्तरका मापदण्ड (PMEC) पूरा गर्ने प्रस्ताव गरिएको छ । विद्यालयको भौतिक अवस्था सुधार, शिक्षकको पेशागत विकास, र सहायता प्रणालीका लागि बजेट व्यवस्था गरिएको छ । यसमा निःशुल्क पाठ्यपुस्तक, छात्रवृत्ति (विपन्न सूचीसहित), दिवा खाजा, मसलन्द खर्च, शिक्षण सिकाइ सामग्री, सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार, विज्ञान प्रयोगशाला, पुस्तकालय व्यवस्थापन, वैकल्पिक सिकाइ सुदृढीकरण, प्रोत्साहन भत्ता, अभिभावक शिक्षा (सचेतना), अनुगमन तथा मूल्याङ्कन, शिक्षक क्षमता विकास, योजना/कानुनी व्यवस्थापन र आपत्कालीन अवस्थामा शिक्षाको व्यवस्थापन लगायतका कार्यक्रमहरूको लागि बजेट समावेश गरिएको छ ।

### ७.८ विभिन्न उपक्षेत्र तथा विषयमा प्रस्तावित बजेट

| क्र.सं. | उपक्षेत्र | क्रियाकलाप | | ५ वर्षे बजेट (रु. हजारमा) | उपक्षेत्रको जम्मा बजेट |
|---|---|---|---|---|---|
| १. | प्रारम्भिक बालविकास र शिक्षा | क) | सहजकर्ताहरुका लागि पारिश्रमिक | ८५१८५।०० | १८,८४,८५,०००।०० |
| | | ख) | सहजकर्ताहरुको लागि क्षमता विकास तालिम | ५०००।०० | |
| | | ग) | शिक्षणसिकाइ सामग्री अनुदान (स्थानीय पाठ्यपुस्तक सहित) | २५६००।०० | |
| | | घ) | भौतिक पूर्वाधार विकास | ५००००।०० | |
| | | ङ) | डिजिटल (अडियो भिडियो) सामग्री व्यवस्था | १२४००।०० | |
| | | च) | अभिभावक शिक्षा | १५००।०० | |
| | | छ) | दिवा खाजा | ८६००।०० | |
| २. | आधारभूत शिक्षा (कक्षा १-८) | क) | शिक्षक तलब भत्ता | ८०८९५०।०० | ८९,२१,३६,२००।०० |
| | | ख) | विद्यालय शिक्षक परिचालन | ५००।०० | |
| | | ग) | निः शुल्क पाठ्यपुस्तक | १३४५२।०० | |
| | | घ) | छात्रवृत्ति | ३७००।०० | |
| | | ङ) | दिवा खाजा | १९९२०।०० | |
| | | च) | सञ्चालन तथा व्यवस्थापन मसलन्द | ८५५०।०० | |

| क्र.सं. | उपक्षेत्र | | क्रियाकलाप | ५ वर्षे बजेट (रु. हजारमा) | उपक्षेत्रको जम्मा बजेट |
|---|---|---|---|---|---|
| | | छ) | कार्यसम्पादन अनुदान | १५००।०० | |
| | | ज) | विज्ञान प्रयोगशाला | १५५०।०० | |
| | | झ) | पुस्तकालय तथा सिकाइ कर्नर | ३०००।०० | |
| | | ञ) | सूचना तथा सञ्चार प्रविधि र इन्टरनेट | १५००।०० | |
| | | ट) | शैक्षिक गुणस्तर सुदृढीकरण | १०००।०० | |
| | | ठ) | परीक्षा व्यवस्थापन | २२५०।०० | |
| | | ड) | शिक्षण सिकाइ तथा डिजिटल सामग्री व्यवस्थापन | २०००।०० | |
| | | ढ) | विद्यालय खेलकुद प्रतियोगिता | १२५०।०० | |
| | | ण) | विद्यार्थी प्रतिभा पहिचान | १२५०।०० | |
| | | त) | अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग | ३०००।०० | |
| | | थ) | निःशुल्क सेनेटरी प्याड व्यवस्थापन | २५४३।०० | |
| | | द) | एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली | १०००।०० | |
| | | ध) | सिकाइ उपलब्धि विश्लेषण र नतिजा प्रबोधीकरण | २५०।०० | |
| | | न) | विषयगत शिक्षक समूह (सञ्जाल) कार्यशाला | ५००।०० | |
| | | प) | शिक्षक तालिम (विषयगत, पाठ्यक्रम, एकीकृत पाठ्यक्रम कार्यान्वयन तथा मूल्याङ्कन) | १५००।०० | |
| | | फ) | भौतिक पूर्वाधार विकास (नमुना विद्यालय समेत) | १००००।०० | |
| | | ब) | स्वयम्सेवक शिक्षक परिचालन | १०००।०० | |
| ३. | माध्यमिक शिक्षा (कक्षा ९-१२) | क) | शिक्षक तलब भत्ता | ३०२२८५।०० | ५१,४६,५७,०००।०० |
| | | ख) | निःशुल्क पाठ्यपुस्तक | ३४७२।०० | |
| | | ग) | सञ्चालन तथा व्यवस्थापन मसलन्द | १००००।०० | |
| | | घ) | विज्ञान प्रयोगशाला | १२००।०० | |
| | | ङ) | पुस्तकालय | २०००।०० | |
| | | च) | सूचना तथा सञ्चार प्रविधि सहयोग तथा कम्प्युटर शिक्षक व्यवस्थापन | २५०००।०० | |
| | | छ) | शैक्षिक गुणस्तर सुदृढीकरण | १५०००।०० | |

| क.सं. | उपक्षेत्र | | क्रियाकलाप | ५ वर्षे बजेट (रु. हजारमा) | उपक्षेत्रको जम्मा बजेट |
|---|---|---|---|---|---|
| | | ज) | परीक्षा व्यवस्थापन | २२००।०० | |
| | | झ) | शिक्षण सिकाइ सामग्री व्यवस्थापन | ५०००।०० | |
| | | ञ) | विद्यालय खेलकुद प्रतियोगिता | ९०५०।०० | |
| | | ट) | विद्यार्थी प्रतिभा पहिचान | ८००।०० | |
| | | ठ) | अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग | ९५००।०० | |
| | | ड) | निःशुल्क सेनेटरी प्याड व्यवस्थापन | ११२००।०० | |
| | | ढ) | एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली | १०००।०० | |
| | | ण) | सिकाइ उपलब्धि विश्लेषण र नतिजा प्रबोधीकरण | ३००।०० | |
| | | त) | विषयगत शिक्षक समूह (सञ्जाल) कार्यशाला | ३५००।०० | |
| | | थ) | स्मार्ट बोर्ड व्यवस्थापन | २०००।०० | |
| | | द) | शिक्षक तालिम | १५००।०० | |
| | | ध) | भौतिक पूर्वाधार विकास (नमुना विद्यालय समेत) | २५०००।०० | |
| | | न) | स्वयम्सेवक शिक्षक परिचालन | ३०००।०० | |
| | | प) | कार्यमूलक अनुसन्धान तथा नगरस्तरीय अनुसन्धान सम्मेलन | १०००।०० | |
| ३. | उच्च शिक्षा | क) | विपन्न लक्षित छात्रवृत्ति (स्नातक र स्नातकोत्तर) | ५००।०० | १,००,००,०००।०० |
| | | ख) | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुसन्धान सम्मेलन सहयोग तथा शिक्षकहरुलाई कार्यमूलक अनुसन्धान कार्यशाला सहजीकरण | १०००।०० | |
| | | ग) | स्नातकोत्तर तहमा स्थानीय विषयमा शोधपत्र लेख्ने शोधार्थीलाई शोधअध्ययन सहयोग | ५००।०० | |
| | | | पूर्व सेवाकालीन शिक्षक सहयोग कार्यक्रम (गणित, अंग्रेजी, विज्ञान) | २०००।०० | |
| | | घ) | उच्च शिक्षण संस्थामा भौतिक तथा शैक्षिक पूर्वाधार विकास सहयोग | ६०००।०० | |

| क्र.सं. | उपक्षेत्र | | क्रियाकलाप | ५ वर्षे बजेट (रु. हजारमा) | उपक्षेत्रको जम्मा बजेट |
|---|---|---|---|---|---|
| ५. | अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ | क) | साक्षरता प्रभाव मूल्याङ्कन | ४५००।०० | १,१५,००,०००।०० |
| | | ख) | सामुदायिक सिकाइ केन्द्र स्थापना र सञ्चालन | २५००।०० | |
| | | ग) | युवा लक्षित व्यावसायिक तालिम | ३५००।०० | |
| | | घ) | पूर्व सिकाइ विधिको सीप परीक्षण र प्रमाणीकरणमा सहयोग | ५००।०० | |
| ६. | शिक्षकको पेशागत विकास र सहायता | क) | शिक्षक सहायता परिचालन | ५००।०० | १,२०,५०,०००।०० |
| | | ख) | शिक्षकहरुबाट शिक्षणसँग सम्बन्धित कार्यमूलक अनुसन्धान र प्रतिवेदन | ८००।०० | |
| | | ग) | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्मेलनमा अनुसन्धान प्रतिवेदन प्रस्तुतीकरण सहयोग | ५००।०० | |
| | | घ) | अनुभवी शिक्षक वा समकक्षी शिक्षकबाट सुपरिवेक्षण र मेन्टरिङ | १००।०० | |
| | | ङ) | नवनियुक्त शिक्षकहरुका लागि सेवा प्रवेश तालिम | २५०।०० | |
| ७. | विपद् व्यवस्थापन तथा उत्थानशील शिक्षा | क) | वैकल्पिक सिकाइ सहजीकरणका लागि शैक्षिक कार्यक्रम | १००००।०० | १,२०,००,०००।०० |
| | | ख) | उत्थानशील विद्यालय व्यवस्थापन तालिम तथा पूर्वाधार निर्माण | २०००।०० | |
| ८. | व्यवस्थापन र क्षमता विकास | क) | विभिन्न समिति तथा प्र.अ. बैठक सञ्चालन | १०००।०० | ४०,००,०००।०० |
| | | ख) | वि.व्य.स., शि.अ.संघका पदाधिकारीहरुका लागि क्षमता विकास तालिम तथा अभिभावक सचेतना | १०००।०० | |
| | | ग) | एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली सुदृढीकरण | १०००।०० | |
| | | घ) | उत्कृष्ट विद्यालयहरुमा प्रअहरुको भ्रमण तथा असल अभ्यास आदानप्रदान | १०००।०० | |
| ९. | अनुगमन तथा मूल्याङ्कन | क) | विद्यालय अनुगमन, सुपरिवेक्षण र मूल्याङ्कन | ४००।०० | ४,००,०००।०० |

**संघीय सरकारबाट विद्यालय शिक्षा क्षेत्र अन्तर्गत क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट (हजारमा)**

| क.सं. | अनुदान प्राप्त हुने उपक्षेत्र/विषय | आर्थिक वर्ष | | | | | | पाँच वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष | पञ्चवर्षीय योजनामा अनुमानित बजेट हजारमा | | | | | |
| | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | १४५९७ | १५२०० | १६००० | १७००० | १९१८८ | २१२०० | ८८,५८८ |
| २ | आधारभूत तह | १५,४५,०० | १६४००० | १७५२०० | १८९९३६ | २०८५०० | २२५५०० | ९६,३१३६ |
| ३ | माध्यमिक तह | ५,०४७० | ५६००० | ६३००० | ७५१८७ | ८२००० | ८८,००० | ३,६४,१८७ |
| ४ | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम | १२८० | १७२० | २२५० | २७८० | २९७० | ३१७५ | १२,८९५ |
| ५ | शिक्षासँग सम्बन्धित अन्य विषयका लागि बजेट | ५२७१७ | ५५००० | ६१५०० | ६५००० | ६९२८३ | ७४२०० | ३,२४,९८३ |
| **जम्मा खर्च रु हजारमा** | | **२७३५६४** | **२९१९२०** | **३१७९५०** | **३४९९०३** | **३८१९४१** | **३९२९७५** | **१७५३७८९** |

**ख) स्थानीय तहबाट शिक्षा क्षेत्र अन्तर्गत क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट (हजारमा)**

| क.सं. | अनुदान प्राप्त हुने उपक्षेत्र/विषय | आर्थिक वर्ष | | | | | | पाँच वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष | पञ्चवर्षीय योजना अनुमानित बजेट हजारमा | | | | | |
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | ९१९१ | ११००० | १२००० | १३००० | १५००० | १७००० | ६८००० |
| २ | प्रविधिमैत्री विद्यालय वातावरण विकास र मेयर शैक्षिक कार्यक्रम | २००० | ३००० | ४००० | ५००० | ६५०० | ७५०० | २६००० |
| ३ | शिक्षा सम्बद्ध अन्य क्षेत्रहरु | ६७३० | ७५०० | ८५०० | ९५०० | ११००० | १३००० | ४९५०० |
| **खर्च रु हजारमा** | | **१७९२१** | **२१,५००** | **२४,५००** | **२९,५००** | **३२,५००** | **३७,५००** | **१४३,५००** |

### ७.९ योजनाको वार्षिक बजेट तर्जुमा प्रक्रिया

| उपक्षेत्र/विषय | आर्थिक वर्षगत रुपमा बजेट अनुमान (हजारमा) | | | | | | पाँच वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | आधार वर्ष | पञ्चवर्षीय योजना अनुमानित बजेट हजारमा | | | | | |
| | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | |
| प्रारम्भिक बालविकास र शिक्षा | ३२०९७ | ३३८५७ | ३६६५७ | ३८१५७ | ४०१५७ | ४३२०० | १,९२,०२८ |
| आधारभूत तह | १६,३०,०० | १६६९२७ | १७५४२७ | १७७६२७ | १८५६२७ | २०१५०० | ९,०७,१०८ |
| माध्यमिक तह | ९,१०७० | ९४६६१ | १०१०६१ | १०१८९१ | १०५८९१ | १११२५० | ५,१४,१४६ |

| उपक्षेत्र/विषय | आर्थिक वर्षगत रुपमा बजेट अनुमान (हजारमा) | | | | | | पाँच वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | आधार वर्ष | पञ्चवर्षीय योजना अनुमानित बजेट हजारमा | | | | | |
| | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ | |
| प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, अनौपचारिक शिक्षा, उच्च शिक्षा, विपद् व्यवस्थापन, शिक्षकको पेशागत विकास, सुशासन, अनुगमन र मूल्याङ्कन लगायत शिक्षा सम्बद्ध अन्य क्षेत्रहरु | ९६४३ | १००८४ | १०७९७ | १२८८४ | १३२९२ | १५१०० | ६२,१५७ |
| **खर्च रु हजारमा** | **२,९५,८१०** | **३,०५,५२९** | **३,२३,५७२** | **३,३०,५५९** | **३,४४,९६७** | **३,७१,०५०** | **१६,७५,६७७** |

# परिच्छेद ८
# अनुगमन र मूल्याङ्कन

स्थानीय तहमा सञ्चालन हुने शैक्षिक कार्यक्रमहरूमा स्रोत साधनको विनियोजन र वितरण कसरी भइरहेको छ ? शैक्षिक क्रियाकलापहरू निर्धारित कार्यतालिका अनुसार समयमा कार्यान्वयन भई लक्षित उपलब्धि हासिल गर्न सफल भएका छन् कि छैनन् ? यस्ता पक्षहरू सुनिश्चित् गर्नका लागि एक संयन्त्र निर्माण गरी कार्यक्रम कार्यान्वयनको लक्ष्य तथा प्रगतिबारे नियमित रूपमा निरीक्षण, पर्यवेक्षण, निगरानी, पुनः निरीक्षण, रेखदेख तथा जाँचबुझ गर्ने प्रक्रिया अनुगमन हो । अनुगमनले कार्यक्रमको प्रगति तथा वर्तमान अवस्थाको जानकारी प्रदान गर्छ । त्यस्तै मूल्याङ्कन भनेको शैक्षिक कार्यक्रमहरूको प्रभावकारिता, उपयुक्तता, सान्दर्भिकता तथा उपलब्धिको लेखाजोखा गर्ने प्रक्रिया हो । यसले कार्यक्रमको नतिजा र प्रभावहरूको विस्तृत मूल्याङ्कन गर्दछ । अनुगमन सामान्यतः कार्यक्रम कार्यान्वयनको क्रममा गरिन्छ, भने मूल्याङ्कन कार्यक्रम सञ्चालनका साथै कार्यक्रम सम्पन्न भएपछि पनि गरिन्छ । स्थानीय तहमा सञ्चालित शैक्षिक कार्यक्रमहरूमा गरिएको लगानीलाई जवाफदेही, पारदर्शी, नतिजामुखी र उत्तरदायी बनाउनका लागि अनुगमन तथा मूल्याङ्कन अनिवार्य हुन्छ ।

२०औं शताब्दीमा शिक्षाको व्यापक सुधारको आवश्यकता महशुस भएपछि शिक्षा नीति, विद्यालय व्यवस्थापन, शिक्षक प्रशिक्षण र शैक्षिक पूर्वाधारको मूल्याङ्कन गर्ने प्रवृत्ति विकास भयो । सन् १९६० पछि संयुक्त राष्ट्रसंघीय निकायहरू (युनेस्को, युनीसेफ) र अन्तराष्ट्रिय संस्थाहरूले अनुगमन र मूल्याङ्कनलाई शैक्षिक योजनाको अनिवार्य भाग बनाउने अभियान थाले । नेपालमा सन् १९७१ सालको राष्ट्रिय शिक्षा प्रणाली योजना (NESP) पछि शिक्षामा अनुगमन प्रणालीलाई औपचारिक रूपमा समावेश गरियो । शिक्षा नीति २०४९ ले विद्यालय शिक्षाको नियमित मूल्याङ्कन र अनुगमनको व्यवस्था गर्‍यो । विद्यालय क्षेत्र विकास योजना (SSDP, २०१६-२०२३) ले प्रविधि-आधारित अनुगमन प्रणाली र नतिजामा आधारित मूल्याङ्कनलाई प्राथमिकता दियो । स्थानीय सरकार प्रणाली लागु भएपछि स्थानीय तहहरूले आफ्नै शिक्षा योजना निर्माण गर्ने अधिकार पाए जसमा अनुगमन तथा मूल्याङ्कन महत्वपूर्ण पाटो बन्यो । यस परिच्छेदमा बेसीशहर नगरपालिकाको शिक्षा क्षेत्रको योजनामा स्थानीयस्तरमा अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकासका लागि बनाइएको योजना प्रस्तुत गरिएको छ ।

## ८.१ वर्तमान अवस्था

बेसीशहर नगरपालिकाको शिक्षा योजनालाई चुस्त र दुरुस्त बनाउन शिक्षा शाखा, नगर शिक्षा समिति तथा निर्वाचित जनप्रतिनिधिहरुबाट समयसमयमा विद्यालयहरुको अनुगमन तथा समीक्षा हुँदै आएको छ । न्यून जनशक्तिको अभावका कारण विद्यालय निरीक्षकबाट विद्यालय तथा कक्षा अवलोकन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्न सकिएको छैन । त्यसैगरी अनुगमन र मूल्याङ्कनलाई नतिजामूलक तथा योजनाबद्ध र व्यवस्थित गर्नुपर्ने देखिन्छ । योजनाबद्ध अनुगमन संयन्त्रको व्यवस्था गर्न, अनुगमन तथा मा एकीकृत प्रतिवेदन प्रणालीको विकास गर्न, सहभागितात्मक तथा सामूहिक अनुगमन तथा मूल्याङ्कनप्रणालीको सुनिश्चितता गर्न, शिक्षक सुपरिवेक्षण र पेसागत सहयोग तथा विद्यालयहरुको कार्यसम्पादनको प्रभावकारी परीक्षण गर्न बेसीशहर नगरपालिकालाई चुनौती छ ।

## ८.२ उद्देश्य

१. अनुगमन र मूल्याङ्कन प्रणालीलाई नियमित तथा नतिजामुखी बनाउनु ।
२. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु ।
३. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु ।
४. शैक्षिक गुणस्तर विकासका लागि वार्षिक रुपमा वि.व्य.स. तथा प्र.अ.सँग नगरपालिकाको करार सम्झौता गर्नु ।

## ८.३ रणनीति

१. शिक्षा क्षेत्रको प्रगति तथा अनुगमन मूल्याङ्कनको लागि एक छुट्टै योजना तयारी गरी लागु गरिनेछ ।
२. एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सञ्चालन गर्दै अनुगमन तथा मूल्याङ्कन प्रक्रिया सुधार गरिनेछ ।
३. नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली अपनाइने छ ।
४. विद्यार्थी उपलब्धि परीक्षण र विद्यालय कार्यसम्पादन मूल्याङ्कनलाई व्यवस्थित र नियमित बनाइने छ ।
५. विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ तथा अभिभावकहरुको समय तालिका निर्माण गरी विद्यालयको शैक्षिक गतिविधिहरुको बारेमा अनुगमन गरी अभिलेख राखिने छ ।
६. कक्षा कोठामा सिकाइ अनुगमन, कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण तथा प्रतिवेदन प्रणालीलाई प्रभावकारी बनाइनेछ ।
७. विद्यालय तथा शिक्षकहरूको सुपरिवेक्षण तथा पेसागत सहयोग संयन्त्र व्यवस्थित र सुदृढ गरिनेछ ।
८. विभिन्न परियोजना तथा गतिविधिहरूको नियमित, मध्यावधि र अन्तिम मूल्याङ्कन प्रणाली विकास गरिनेछ ।
९. हरेक वर्ष विद्यालयको कार्यसम्पादन परीक्षण गरी उत्कृष्ट कार्यसम्पादन गर्ने विद्यालयलाई पुरस्कृत गरिनेछ ।
१०. शैक्षिक गुणस्तर विकासका लागि वार्षिक रुपमा वि.व्य.स. तथा प्र.अ.सँग नगरपालिकाको करार सम्झौता गरिनेछ ।

## ८.४ मुख्य उपलब्धि तथा अपेक्षित नतिजा

### उपलब्धि

१. अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक र एकीकृत प्रणालीको विकास ।
२. नतिजा-आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली कार्यान्वयन ।
३. योजना कार्यान्वयनका क्रममा आएका समस्याहरू समाधान गर्दै लक्षित उपलब्धिहरू प्राप्ति ।
४. शैक्षिक गुणस्तर विकासका लागि वार्षिक रुपमा वि.व्य.स. तथा प्र.अ. सँग नगरपालिकाको करार सम्झौता गरिएको हुने ।

**नतिजा र परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सुचक | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा |
| १. | अनुगमन तथा मूल्याङ्कन | पटक | २ | २ | २ | २ | २ | १० |
| २. | विद्यालयको कार्यसम्पादन परीक्षण | संख्या | नियमित | नियमित | नियमित | नियमित | नियमित | |
| ३. | वि.व्य.स. तथा प्र.अ.सँग करार सम्झौता | पटक | १ | १ | १ | १ | १ | ५ |
| ४ | उत्कृष्ट विद्यालयलाई कार्यसम्पादनका आधारमा पुरष्कृत | संख्या | १ | १ | १ | १ | १ | ५ |

## ८.५ प्रमुख क्रियाकलापहरु तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा |
| १. | अनुगमन तथा मूल्याङ्कन संयन्त्र निर्माण र कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ |
| २. | वि.व्य.स., शि.अ.संघ र अभिभावकबाट विद्यालयको अनुगमन तथा निरीक्षण | पटक | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित |
| ३. | विद्यालयको वार्षिक कार्यसम्पादन परीक्षण गरी उत्कृष्ट विद्यालयलाई पुरस्कृत | संख्या | २ | २ | २ | २ | २ | १० |
| ४. | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचक तयार तथा अद्यावधिक गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ |
| ५. | स्रोत विज्ञ वा विद्यालय निरीक्षकबाट अनुगमन तथा सुपरिवेक्षण | पटक | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित |
| ६. | कार्यक्रम कार्यान्वयनको चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन तयार गर्ने | पटक | ३ | ३ | ३ | ३ | ३ | ३ |
| ७. | कार्यक्रम कार्यान्वयन पुस्तिका तयारी | संख्या | १ | १ | १ | १ | १ | ५ |

## अनुसुची

आज मिति २०७७।१२।१८ गते बिहीबारका दिन बेलौरी नगर पालिका आवधिक नगर शिक्षा योजना निर्माण समितिको बैठक सो समितिका संयोजक श्री मदन ब. राना ज्यूको अध्यक्षतामा बसी निम्नानुसारका सदस्यहरुको उपस्थितिमा निम्नानुसारका निर्णयहरु गरियो ।

उपस्थिति

१. अध्यक्ष श्री मदन ब. राना
२. सदस्य श्री हिरालाल वि.क.
३. सदस्य श्री पूर्ण ब. अधिकारी
४. " श्री दिना अधिकारी
५. " सचिव श्री किसानराज चिलुवाल

आमन्त्रित

१. नगर प्रमुख श्री गुमान सिंह अर्याल
२. प्र.प्र.अ. श्री चेतनाथ अर्याल

प्रस्तावहरु

१. नगर शिक्षा योजना लेखन कार्यदल गठन गर्ने सम्बन्धमा ।

निर्णय

१. प्रस्ताव नं. १ का सम्बन्धमा छलफल गर्दा बेलौरी न.पा.को आवधिक नगर शिक्षा योजना निर्माणका लागि निम्नानुसारको चार जना सदस्य भएको लेखन कार्यदल समिति गठन गर्ने निर्णय गरियो ।

१. श्री किसानराज चिलुवाल - संयोजक
२. श्री हिरालाल वि.क. सदस्य
३. श्री विनोद चौपाने, शिक्षक जनविकास [illegible]
४. श्री पूर्ण बहादुर अधिकारी प्र.अ. जनकल्याण मावि

आज मिति २०७७।०७।२० गते मंगलबारका दिन बेलीचौर न.पा., आवधिक नगर शिक्षा योजना निर्माण लेखन कार्यदलको बैठक शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख श्री किशोर राज चिलुवालको संयोजकत्वमा/ अध्यक्षतामा तपसिलका सदस्यहरुको उपस्थितिमा निम्न प्रस्तावका निर्णयहरु गरियो।

उपस्थिति

१. अध्यक्ष : श्री किशोर राज चिलुवाल
२. सदस्य : श्री हिरालाल वि.क.
३. " : श्री सूर्य ब. अधिकारी
४. " : श्री विनोद सौपाते

आमन्त्रित

१. श्री सिर्जना पाण्डे चिलुवाल

निर्णय:

१. आजको बैठकमा आवधिक नगर शिक्षा योजना लेखनका लागि निम्नानुसारको कार्य विभाजन गर्ने निर्णय गरियो।
(क) बेलीचौर नगरस्तरीय आवधिक शिक्षा योजनाको आवश्यक तथ्यांक र विवरण संकलन र प्रविष्टिका लागि बे.न.पा., शिक्षा, युवा तथा खेलकुद शाखाको प्रा.स. श्री सिर्जना पाण्डे चिलुवाललाई तोक्ने निर्णय गरियो।
(ख) नगर शिक्षा योजना निर्माण अन्तर्गत तथ्याङ्क संकलन विश्लेषण गर्नका लागि तयार गरिएको फर्म्याट बे.न.पा. अन्तर्गतका सामुदायिक विद्यालयहरुलाई वितरण गरी संकलन गर्ने निर्णय गरियो।

मिति:-२०८१/१२/०३

आज मिति २०८१/१२/०३ गतेका दिन बेसीशहर-नगरपालिका, नगरस्तरीय शिक्षा योजना निर्माण कार्यदल-को बैठक संयोजक श्री किशानराज चिलुवालको अध्यक्ष-तामा बसी विविध विषयमा छलफल एवं निर्णय भयो।

बैठकको उपस्थिति:

| क्र.सं. | नाम, थर | पद |
|---|---|---|
| १. | श्री किशानराज चिलुवाल | अध्यक्ष |
| २. | श्री हीरालाल वि.क. | सदस्य |
| ३. | श्री सुर्यबहादुर अधिकारी | " |
| ४. | श्री विनोद न्यौपाने | " |

आमन्त्रित

| | | |
|---|---|---|
| ५. | श्री सिर्जना पाण्डे चिलुवाल | प्रा.स. |

छलफल एवं निर्णयहरु:-

निर्णय नं.१:

नगा शिक्षा योजना मस्यौदा समितिले निर्माण गरेको नगा शिक्षा योजना निर्माण समितिमा राय सुझाव संकलनका लागि मिति २०८१/११/२६ गते प्रस्तुत गरी प्राप्त राय सुझाव लाई सम्बोधन गरी आवश्यक परिमार्जन गर्ने निर्णय गरियो।

निर्णय नं.२:

यस कार्यदलले तयार गरेको मस्यौदा उपर समीक्षा र थप राय सुझाव संकलनका लागि ~~कार्यदल~~ सरोकार-वालाहरुको कार्यशाला (गोष्ठी) आयोजनाको लागि मूल समितिलाई अनुरोध गर्ने निर्णय भयो।

निर्णय नं.३:

प्रस्तावित मस्यौदाको विषय विज्ञद्वारा अन्तिम लेखाजोखा सहित आवश्यक सुझावका निम्ति शिक्षाविद् डा. बसन्त कँडेललाई आमन्त्रण गर्ने निर्णय भयो।

मिति: २०८२/०१/२१

आज मिति २०८२/०१/२१ गतेका दिन "बेसीशहर नगरपालिकाको आवधिक नगर शिक्षा योजना निर्माण" विषयक सुझाव संकलन गोष्ठी नगर शिक्षा योजना निर्माण समितिका संयोजक श्री मदन बहादुर रानाको अध्यक्षता मा बसी तपसिलका विषयमा छलफल गरी निर्णयहरू भयो।

उपस्थिति

| क्र.सं. | नाम, थर | पद | आवद्धता | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | श्री मदनबहादुर राना | संयोजक | सामाजिक विकास समिति | [signature] |
| २. | श्री गुमानसिंह अर्याल | नगर प्रमुख | बेसीशहर नगरपालिका | [signature] |
| ३. | श्री कुन्ता रिमाल | उपप्रमुख | जिल्ला समन्वय समिति | |
| ४. | श्री पद्मा गुरुङ | नगर उपप्रमुख | बेसीशहर नगरपालिका | [signature] |
| ५. | श्री चेतनाथ अर्याल | प्र.प्र.अधिकृत | बेसीशहर नगरपालिका | [signature] |
| ६. | श्री लक्ष्मी अधिकारी | पूर्व उपप्रमुख | बेसीशहर नगरपालिका | |
| ७. | श्री किशानराज चिलवाल | शाखा प्रमुख | बे.न.पा. शिक्षा शाखा | [signature] |
| ८. | श्री हरिबहादुर थापा | प्रमुख | मर्स्याङ्दी बहुमुखी क्याम्पस | [signature] |
| ९. | श्री हिरालाल बि.क. | कार्यपालिका सदस्य | बेसीशहर नगरपालिका | [signature] |
| १०. | श्री दिवाकर शर्मा | इकाई प्रमुख | शि.वि.तथा समन्वय इ. | [signature] |
| ११. | श्री गंगाबहादुर थापा | वडाध्यक्ष | बे.न.पा. वडा नं. १ | |
| १२. | श्री ईश्वर पौड्याल | सदस्य | बे.न.पा. शिक्षा समिति | [signature] |
| १३. | श्री सीता बराल | ,, | ,, ,, ,, | [signature] |
| १४. | श्री कल्पना थापा बोहरा | ,, | ,, ,, ,, | [signature] |
| १५. | श्री बुद्धिसागर बराल | ,, | ,, ,, ,, | |
| १६. | श्री सूर्यबहादुर अधिकारी | ,, | नगर शिक्षा योजना निर्माण | [signature] |
| १७. | श्री वितेन्द्र न्यौपाने | ,, | ,, ,, ,, | [signature] |
| १८. | श्री डा. बालकृष्ण बराल | बुद्धिजीवी | बेसीशहर-७, बेसीशहर | [signature] |
| १९. | श्री राजेन्द्र बोहरा | ,, | ,, -२, ,, | [signature] |
| २०. | श्री भरत भण्डारी | ,, | मर्स्याङ्दी - ९, लमजुङ | [signature] |
| २१. | श्री बेनबहादुर पुर्वेल | ,, | बेसीशहर-८ ,, | Bensuyal |
| २२. | श्री शिवप्रसाद जोशी | वडाध्यक्ष | बेसीशहर-११, चिती | |
| २३. | श्री प्रेमदत्त सेढाई | वि.व्य.स.अध्यक्ष | बालविकास मा.वि. | |
| २४. | श्री प्रकाश थापा | ,, ,, | गंगाकिरण मा.वि. | [signature] |
| २५. | श्री रुद्रदेव घिमिरे | प्र.अ. | जनविकास मा.वि. | |

| क्र.सं | नाम, थर | पद | आवद्धता | हस्ताक्षर |
|---|---|---|---|---|
| २६. | श्री टेक ब अधिकारी | प्र. अ | गंगा मिलन मा.वि | [signature] |
| २७. | श्री दिना अधिकारी | प्र. अ | जनविकास मा.वि | [signature] |
| २८. | श्री विष्णु प्र. बराल | प्र. अ | चण्डीडाँडा बालकल्याण मा.वि | [signature] |
| २९. | श्री विष्णु प्र. बस्तोला | प्र. अ | कालिकामिलन मा.वि | [signature] |
| ३०. | श्री रमेश बाबु विष्ट | प्र. अ | कुवाज्योति प्रा.वि | [signature] |
| ३१. | श्री निमल अधिकारी | प्र. अ | सुनिमर्शल स्कुल | |
| ३२. | श्री उद्धव घिमिरे | प्र. अ | डेमो अर्थली प्याराडाइज आ. मा.वि | |
| ३३. | श्री रामचन्द्र दैवकोटा | प्र. अ | विद्या विकास अं. मा. वि | [signature] |
| ३४. | श्री सृजना पौंडेल | लेखा शाखा प्रमुख | बे. न. पा | [signature] |
| ३५. | श्री दिपेश अधिकारी | प्रशासकीय अधिकृत | बे. न. पा | |
| ३६. | श्री महेन्द्र पोखरेल | कार्यक्रम अधिकृत | ,, ,, ,, | [signature] |
| ३७. | श्री विकास राज पौड्याल | कानुन सहजकर्ता | ,, ,, ,, | [signature] |
| ३८. | श्री मुकेश कुँवर | सू. प्र. अधिकृत | ,, ,, ,, | [signature] |
| ३९. | श्री नारायण कुशल | समाजसेवी | | [signature] |
| ४०. | श्री तेजनारायण अधिकारी | ,, ,, | अभिभावक | [signature] |
| ४१. | श्री मदन विश्वकर्मा | स्ववियु सभापति | प्रस्याङदी क्याम्पस | [signature] |
| ४२. | श्री कुमार अर्याल | स्वकीय सचिव | बे. न. पा | [signature] |
| ४३. | श्री कृष्ण के. सी | प्रेस सल्लाहकार | ,, ,, ,, | |
| ४४. | श्री किसान सङ्गीत | रेडियो चौतारी अध्यक्ष | | [signature] |
| ४५. | श्री रकुरी गुरुङ | संवाददाता | नै. ल. प. | [signature] |
| ४६. | समर ब. खड्का | दै. ल. पत्र राष्ट्रिय दैनिक | राष्ट्रिय दैनिक बे. न. पा. २ | [signature] |
| ४७. | श्री रामकृष्ण त्रिपाठी | नि. शाखा अधिकृत | बे. न. पा | [signature] |
| ४८ | श्री रामकुमार श्रेष्ठ | पर्यटन व्यवसायी | बेनपा. ८ | [signature] |
| ४९. | श्री ईश्वरीप्रसाद पाण्डे | शिक्षा अधिकृत | बे. न. पा शिक्षा | [signature] |
| ५० | श्री रण बहादुर खड्का | शिक्षक | जन विकास मा.वि | [signature] |
| ५१ | ~~कुमार अर्याल~~ | ~~स्वकीय सचिव~~ | ~~बे.न.पा कार्यालय~~ | |
| ५२ | राजेस बराल | का. स | बे. न. पा | [signature] |
| ५३. | मन माया थापा | | बे.न.पा | [signature] |
| ५४ | ~~कुमारी~~ प्रिया गुरुङ | का. स | बे.न.पा | [signature] |
| ५५ | प्रेम बहादुर बस्नेत | | बे. न. पा | [signature] |
| ५६ | सुनमाया गुरुङ | का.स | बे. न. पा ४ | [signature] |
| ५७ | वेल कुमारी थापा | ,, | ,, | [signature] |
| ५८ | सिर्जना पाण्डे चिलुवाल | प्रा. स | शिक्षा शाखा | [signature] |
| ५९ | पवित्रा पाण्डे अधिकारी | का. स | बे न पा | [signature] |

मिति:२०८२।०४।२६

नगरपालिका
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

आज मिति २०८२।०४।२६ गते शनिबारका दिन बेसी-शहर नगरपालिका नगर शिक्षा समितिको बैठक सो समितिका संयोजक एवम् आदरणीय नगर प्रमुख श्री गुमानसिंह अर्यालज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा बसी तपसिल बमोजिमका प्रस्तावहरुमाथि छलफल गरी निम्नानुसारका निर्णयहरु गरियो।

उपस्थिति

| | | | |
|---|---|---|---|
| १. | नगर प्रमुख | श्री गुमानसिंह अर्याल | संयोजक |
| २. | नगर उप प्रमुख | श्री पद्मा गुरुङ | उप संयोजक |
| ३. | प्र.प्र.अ | श्री सुमन अधिकारी | सदस्य |
| ४. | वडाध्यक्ष | श्री मदन ब. राना | " |
| ५. | का.पा. सदस्य | श्री हिरालाल विश्वकर्मा | " |
| ६. | " " " | श्री कल्पना थापा बोहरा | " |
| ७. | सदस्य | श्री बेन ब. सुयल | " |
| ८. | " | श्री तिलक ब. दुलाल | " |
| ९. | " | श्री दिना अधिकारी | " |
| १०. | " | श्री उद्धव घिमिरे | " |
| ११. | " | श्री सिर्जना पाण्डे चिलुवाल | सदस्य सचिव |

बेशीशहर नगर शिक्षा समितिको बैठक

मिति:२०८२/०४/२६

बैठकका प्रस्ताव/ एजेण्डाहरु

१.विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण तथा कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान(भर्चुअल शिक्षण तथा इलर्निङ पुस्तकालयका लागि सामग्री तथा उपकरण व्यवस्थापन र सञ्चालन एवम् विज्ञान प्रयोगशालाका लागि सामाग्री व्यवस्थापन) का लागि प्रस्ताव पेश गरेका विद्यालयहरु छनोट सम्वन्धमा

२.शिक्षक व्यवस्थापन सम्बन्धमा।

३.नगर शिक्षा योजनालाई अन्तिम रुप दिने सम्बन्धमा ।

४.प्रविधिमैत्री शिक्षण सिकाइ र अनुगमन कार्यक्रमको प्रगति विवरण एवम् अनुगमन सम्बन्धमा

५.विविध सम्वन्धमा ।

गुमान सिंह अर्याल
नगर प्रमुख

Date २०८२/१०/१५
Page ...........................

आज मिति २०८२/१०/१५ गते बिहिबार बिहान ६:०० बजे यस बेसीशहर नगरपालिका, शिक्षा योजना निर्माण कार्यदलको बैठक कार्यदलका संयोजक एवम् शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख श्री बिर्जना पाण्डे चिलुवालको अध्यक्षतामा बसी निम्न प्रस्तावहरुमा छलफल एवम् निर्णयहरु गर्‍यो।

उपस्थिति

| हस्ताक्षर | क्र.सं. | पद | नाम, थर |
|---|---|---|---|
| [signature] | १. | संयोजक | श्री बिर्जना पाण्डे चिलुवाल |
| [signature] | २. | सदस्य | श्री हिरालाल बि.कु. |
| [signature] | ३. | " | श्री सूर्यबहादुर अधिकारी |
| [signature] | ४. | " | श्री बिनोद न्यौपाने |

आमन्त्रित :

[signature] बे.न.पा. प्रमुख प्र. अधिकृत, श्री सुमन अधिकारी
[signature] बे.न.पा. लेखा अधिकृत, श्री बिर्जना पौडेल

प्रस्तावहरु :-

१. शिक्षा योजना संशोधन र परिमार्जन बारे।
२. अन्तिम मस्यौदा लैखनबारे।

निर्णयहरु :-

निर्णय नं. १ :

प्रस्ताव १ का सम्बन्धमा बेसीशहर न.पा. को प्रस्तावित मस्यौदा "स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धि मार्गदर्शन २०७६, परिमार्जित तथा अद्यावधिक संस्करण २०८१ को मार्गचित्र र ढाँचाको अधिनमा रही परिमार्जन गर्न आवश्यक देखिएको हुँदा पुन: परिष्कृत गर्ने विषयमा निर्णय भयो।

निर्णय नं २

प्रस्ताव २ का सम्बन्धमा प्रस्तुत शिक्षा योजना मस्यौदामा आवश्यक संशोधन र परिमार्जन गरी आगामी हप्ताभित्र अन्तिम रुपमा लैजाने समेत निर्णय भयो।

[signature]

मिति:-२०८२।१२।०७ गते

आज मिति २०८२।१२।०७ गते शनिबार बिहान ८:०० बजे बेसीशहर नगरपालिका, शिक्षा योजना निर्माण समितिको बैठक समितिका संयोजक श्री मदनबहादुर रानाको अध्यक्षतामा बसी तपसिलका प्रस्तावहरु माथि छलफल एवम् निर्णय भयो।

बैठकको उपस्थिति:

| हस्ताक्षर | क्र.सं. | पद | नाम,थर |
|---|---|---|---|
| [signature] | १. | संयोजक | श्री मदनबहादुर राना |
| [signature] | २. | सदस्य | श्री हिरालाल वि.क. |
| [signature] | ३. | " | श्री सूर्यबहादुर अधिकारी |
| [signature] | ४. | " | श्री डीना अधिकारी |
| [signature] | ५. | स. सचिव | श्री सिर्जना पाण्डे चिलुवाल |

आमन्त्रित:

| हस्ताक्षर | क्र.सं. | पद | नाम,थर |
|---|---|---|---|
| [signature] | १. | नगरप्रमुख | श्री गुमानसिंह अर्याल |
| [signature] | २. | उप.प्रमुख | श्री पद्मा गुरुङ |
| [signature] | ३. | प्र.प्रशासकीय अ. | श्री सुमन अधिकारी |
| कल्पना | ४. | सदस्य,शिक्षासमिति | श्री कल्पना थापा बोहरा |
| [signature] | ५. | " " | श्री उद्धव घिमिरे |
| [signature] | ६. | " " | श्री तिलक बहादुर दुलाल |
| Bensuyal | ७. | " " | श्री बेनबहादुर सुयँल |
| [signature] | ८. | आर्थिक प्र.शाखा प्र. | श्री सिर्जना पौडेल |
| [signature] | ९. | बाह्य विज्ञ | श्री बसन्तराज कँडेल |
| [signature] | १०. | कार्यक्रम अधिकृत | श्री महेन्द्र पोखरेल |
| [signature] | ११. | आन्तरिक विज्ञ | श्री बिनोद न्यौपाने |

प्रस्तावहरु:-

१. अन्तिम मस्यौदा प्रस्तुतीकरण सम्बन्धमा।

२. बाह्य विज्ञद्वारा मस्यौदा विश्लेषण सम्बन्धमा।

निर्णयहरु:-

निर्णय नं.१:

प्रस्ताव १ का सम्बन्धमा छलफल गर्दा बेसीशहर नगरपालिका शिक्षा योजना मस्यौदा समितिद्वारा परिमार्जन र संशोधन सहित प्रस्तावित योजना मस्यौदा नगर शिक्षा समिति, योजना निर्माण समिति, योजना मस्यौदा

[signature]

निर्माण समिति, विज्ञ समेतको संयुक्त उपस्थितिमा प्रस्तुतीकरण एवम् विचार विमर्श गरियो।

<u>निर्णय नं०२:</u>

प्रस्ताव २ का सम्बन्धमा छलफल गर्दा प्रस्तावित शिक्षा योजना मस्यौदाका अन्तर्वस्तु र योजनागत विषयहरु उपर बाह्य विज्ञद्वारा समग्र विश्लेषण, राय एवम् थप टिप्पणीहरु सहित समग्र जानकारी गराउनुभयो र बैठकमा आत्मसात् गरी योजना अन्तिमीकरण गरियो।

मिति: २०८३/०१/२४ (बिहीबार) — स्थान: बेसीशहर नगरपालिकाको सभाहल

बैठक संख्या: ७३ औं — समय : विहानः ८.३० बजे।

बेसीशहर नगरपालिका, नगर कार्यपालिकाका नगर प्रमुख श्री गुमानसिंह अर्यालज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाक ७३ औं बैठकको उपस्थिति र निर्णय निम्नानुसार छ।

**उपस्थिति:**

| क्र सं | पद | | नामथर | दस्तखत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | नगर प्रमुख | गुमानसिंह अर्याल | |
| २ | उपाध्यक्ष | नगर उपप्रमुख | पद्मा गुरुङ | |
| ३ | सचिव | प्रमुख प्रशासकीय अधिकृत | सुमन अधिकारी | |
| ४ | सदस्य | वडाध्यक्ष (वडा नं.१) | दुर्गा बहादुर बुढाथोकी | |
| ५ | सदस्य | वडाध्यक्ष (वडा नं.२) | मदन बहादुर राना | |
| ६ | सदस्य | वडाध्यक्ष (वडा नं.३) | चित्र बहादुर दनाई | |
| ७ | सदस्य | वडाध्यक्ष (वडा नं.४) | गम बहादुर गुरुङ | |
| ८ | सदस्य | वडाध्यक्ष (वडा नं.५) | इन्द्र बहादुर गुरुङ | |
| ९ | सदस्य | वडाध्यक्ष (वडा नं.६) | प्रकाश थापा | |
| १० | सदस्य | वडाध्यक्ष (वडा नं.७) | ऋषिराम बस्नेत | |
| ११ | सदस्य | वडाध्यक्ष (वडा नं.८) | पवित्रा थापा राना | |
| १२ | सदस्य | वडाध्यक्ष (वडा नं.९) | खुशीजङ गुरुङ | |
| १३ | सदस्य | वडाध्यक्ष (वडा नं.१०) | गंगा बहादुर थापा | |
| १४ | सदस्य | वडाध्यक्ष (वडा नं.११) | शिव प्रसाद जोशी | |
| १५ | सदस्य | कार्यपालिका सदस्य | हिरालाल विश्वकर्मा | |
| १६ | सदस्य | कार्यपालिका सदस्य | श्रीनाथ दुलाल | |
| १७ | सदस्य | कार्यपालिका सदस्य | कल्पना थापा बोहरा | |
| १८ | सदस्य | कार्यपालिका सदस्य | विमला न्यौपाने अधिकारी | |
| १९ | सदस्य | कार्यपालिका सदस्य | सुकमाया गुरुङ | |
| २० | सदस्य | कार्यपालिका सदस्य | सुकमाया घर्ती | |
| २१ | सदस्य | कार्यपालिका सदस्य | मनिता परियार | |
| | | **सहजकर्ता कर्मचारी** | | |
| १ | कार्यक्रम अधिकृत | | मेघेन्द्र पोखरेल | |
| २ | प्रशासकीय अधिकृत | | दिपेश अधिकारी | |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८३/०१/२४ को बैठक

बेसीशहर नगर कार्यपालिकाको कार्यालय
लमजुङ, गण्डकी प्रदेश, नेपाल

नगर कार्यपालिकाको मिति २०८३/०१/२४ गतेको बैठकका प्रस्तावहरु

१. अघिल्लो बैठकका निर्णयहरुको कार्यान्वयनको समीक्षा सम्बन्धमा ।
२. आ.व.२०८३/८४ को योजना तर्जुमा कार्यतालिका सम्बन्धमा ।
३. नगर शिक्षा योजनाको स्वीकृति सम्बन्धमा ।
४. मुआब्जा/क्षतिपूर्तिको लागि पेश भएको निवेदन सम्बन्धमा ।
५. ८ नं वडा कार्यालय रहेको भवनको सटर खाली गर्ने सम्बन्धमा ।
६. संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदनको स्वीकृति र कार्यान्वियन सम्बन्धमा ।
७. आयोजना कार्यक्रम संशोधन/परिमार्जन,रकमान्तर/श्रोतान्तर सम्बन्धमा ।
८. फुटकर कार्यक्रम/आयोजना सम्बन्धमा ।
९. शिक्षा, युवा तथा खेलकुँद र स्वास्थ्य शाखासंग सम्बन्धित विषयका सम्बन्धमा ।
   - औषधी खरिद सम्बन्धमा ।
   - स्वास्थ्य संस्था सुदृढीकरण सम्बन्धमा ।
   - शिक्षाको कार्यक्रम संशोधन सम्बन्धमा ।

१०.निर्णय अनुमोदन सम्बन्धमा
   - राजश्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति
   - अपाङ्गता समन्वय समिति, ज्येष्ठ नागरिक मञ्च, महिला सञ्जाल, बाल अधिकार समिति

११. प्रतिवेदन सम्बन्धमा ।
   - अनुगमन समिति
   - सार्वजनिक सुनुवाई

१२. बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रमको सम्बन्धमा ।
   - बालमैत्री कक्षाकोठा व्यवस्थापन र बाल उद्यान सामाग्री खरिद सम्बन्धमा ।
   - बालमैत्री वडा घोषणा सम्बन्धमा ।

१३. कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा ।
   - बेसीशहर नगरपालिकाको बालकोष(स्थापना र सञ्चालन) कार्यविधि,२०८३
   - बेसीशहर नगरपालिकाको सामुदायिक वन व्यवस्थापन कार्यविधि, २०८३
   - बेसीशहर नगरपालिकाको गुनासो व्यवस्थापन कार्यविधि, २०८३
   - बेसीशहर नगरपालिकाको शिक्षक बैङ्क (स्थापना र सञ्चालन) कार्यविधि, २०८३

१४.मापदण्ड तर्जुमाको लागि सैद्धान्तिक स्वीकृति प्रदान गर्ने सम्बन्धमा
१५. विपद्जन्य सामाग्री व्यवस्थापन सम्बन्धमा ।
१६. वडास्तरीय सञ्जाल, समिति पुनर्गठन तथा सक्रियता सम्बन्धमा ।
१७.भूमि प्रशासन सम्बन्धी सेवाहरुको सम्बन्धमा ।
१८.मौरीपालन पकेट क्षेत्र पहिचान तथा छनौट सम्बन्धमा
१९. विविध
   - पशु चिकित्सकको स्थायी नियुक्ति अनुमोदन सम्बन्धमा ।

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८३/०१/२४ को बैठक

- बालमेला सम्बन्धमा ।
- सरकारी तथा सार्वजनिक जग्गाको पहिचान र संरक्षण सम्बन्धमा ।
- लागत साझेदारी तर्फको सडक आयोजना सम्बन्धमा ।
- १० नं वडा कार्यालय भवन निर्माणको रकम माग गर्ने सम्बन्धमा ।

## बैठकबाट पारित निर्णयहरु

**निर्णय नं.१ : अघिल्लो बैठकका निर्णयहरुको कार्यान्वयनको समिक्षा सम्बन्धमा।**

मिति २०८२/१२/२३ गतेको नगर कार्यपालिका बैठकले गरेका निर्णय कार्यान्वयनको प्रगति अवस्थाका बारेमा यस बैठकमा समिक्षा गरियो।

**निर्णय नं.२ : आ.व.२०८३/८४ को योजना तर्जुमा कार्यतालिका सम्बन्धमा ।**

आगामी आर्थिक वर्ष २०८२/८३ को वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा प्रक्रिया शुरु भैसकेको सन्दर्भमा अनुसूचीमा संलग्न भए वमोजिमको योजना तर्जुमा सम्बन्धी कार्यतालिका स्वीकृत/अनुमोदन/ गर्ने निर्णय गरियो ।

**निर्णय नं.३ : नगर शिक्षा योजनाको स्वीकृति सम्बन्धमा ।**

शिक्षा योजना निर्माण समिति मार्फत तयार भई नगर शिक्षा समितिबाट समेत स्वीकृत भएको बेसीशहर नगरपालिकाको पञ्च वर्षिय शिक्षा योजना (आ.व. २०८२/८३-२०८६/८७) स्वीकृत गर्ने निर्णय गरियो ।